# विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लोकविश्वास

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय
विभागअन्तर्गत नेपाली विषयको दर्शनाचार्य तह तेस्रो सत्रको
पाठ्यांश ६०९ र ६१० को परिपूर्ति गर्ने
प्रयोजनको लागि
प्रस्तुत

## शोधप्रबन्ध


शोधार्थी

**हरिकुमार के.सी. कटवाल**

त्रि.वि. दर्ता नं. ६-१-४०-४३७-९७

क्रमाङ्क : ८/२०७४/०७५

नेपाली दर्शनाचार्य तह

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०७७

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग दर्शनाचार्य तहको विद्यार्थी श्री हरिकुमार के.सी. कटवालले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लोकविश्वास** शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँको यो शोधकार्य सन्तोषजनक भएकोले म यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग,
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ ।

मिति : २०७७/०७/२६

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली विषयको दर्शनाचार्य तहका विद्यार्थी श्री हरिकुमार के.सी. कटवालले दर्शनाचार्य तह तेस्रो सत्रका लागि निर्धारित पाठ्यांश ६०९ र ६१० को परिपूर्ति गर्ने प्रयोजनको लागि तयार पार्नु भएको प्रस्तुत **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लोकविश्वास** शीर्षकको शोधप्रबन्ध स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

(१) प्रा.डा. कृष्णप्रसाद घिमिरे ..................................

(विभागीय प्रमुख)

(२) प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल ..................................

(शोधनिर्देशक)

(३) प्रा.डा. ताराकान्त पाण्डेय ..................................

(शोधविशेषज्ञ)

(४) प्रा.डा. दयाराम श्रेष्ठ ..................................

(बाह्यविशेषज्ञ)

मिति : २०७७/०८/२४

# कृतज्ञताज्ञापन

**विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लोकविश्वास** शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्यांश नवौँ र दशौँ पत्रको प्रयोजनको लागि आदरणीय गुरु प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । यो शोधप्रबन्ध तयारीको सन्दर्भमा आफ्नो कार्य व्यस्तताको बीच पनि समय निकालेर प्रेमपूर्वक मार्गनिर्देशन, आवश्यक सुझाव एवम् विविध सल्लाह प्रदान गर्नु भएकोमा शोधनिर्देशक गुरुप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

दर्शनाचार्य तहको अध्ययनका क्रममा निरन्तर सहयोग तथा मार्गदर्शन गराउनुहुने यस विभागका आदरणीय गुरुहरू प्रा.डा. देवीप्रसाद गौतम, प्रा.डा. महादेव अवस्थी, प्रा.डा. ताराकान्त पाण्डेय, प्रा.डा. रमेशप्रसाद भट्टराई, प्रा.केशव सुवेदीप्रति कृतज्ञता ज्ञापन गर्नुलाई म आफ्नो कर्तव्य ठान्दछु ।

शोधकार्यको लागि आवश्याक सामग्री उपलब्ध गराइदिने विभागीय पुस्तकालय तथा केन्द्रीय पुस्तकालय, अन्य सहयोग गर्नुहुने यस विभागका कर्मचारीप्रति आभरी छु । अध्ययनको क्रमदेखि अहिलेसम्म सहयोग गर्नुहुने मेरा सहपाठी मित्रहरूप्रति आभारी छु ।

अन्त्यमा म त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य कार्यक्रमको तेस्रो सत्रको लागि तयार पारिएको प्रस्तुत शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष पेस गर्दछु ।

...............................

हरिकुमार के.सी. कटवाल

दर्शनाचार्य तेस्रो सत्र

शैक्षिक सत्र २०७४/०७५
त्रि.वि. दर्ता नं. ६-१-४०-४३७-९७
क्रमाङ्क : ८

मिति : २०७७/०७/२६

# विषयसूची

## पहिलो परिच्छेद
## शोधपरिचय


१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधको औचित्य र महत्त्व ८

१.६ शोधको सीमाङ्कन ८

१.७ शोधविधि ९

 १.७.१ सामग्री सङ्कलन विधि ९

 १.७.२ सामग्री विश्लेषण विधि १०

१.८ शोधप्रबन्धको रूपरेखा ११


## दोस्रो परिच्छेद
## लोकविश्वासको सैद्धान्तिक स्वरूप


२.१ विषयप्रवेश १२

२.२ लोकविश्वासको उत्पत्ति र विकास १२

२.३ लोकविश्वासको अर्थ १५

२.४ लोकविश्वासको परिभाषा १६

२.५ लोकविश्वासका प्रकार १८

२.६ निष्कर्ष ४६


## तेस्रो परिच्छेद
## विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धार्मिक लोकविश्वास


३.१ विषयप्रवेश ४९

३.२ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धर्मसम्बन्धी लोकविश्वास ४९

३.३ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा दैवीशक्तिसम्बन्धी लोकविश्वास ६४

३.४ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पाप र पुण्यसम्बन्धी लोकविश्वास ७७
३.५ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास ८६
३.६ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास ९२
३.७ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा यज्ञादिसम्बन्धी लोकविश्वास ९५
३.७.१ यज्ञ, दान, व्रत र पर्वसम्बन्धी लोकविश्वास ९५
३.७.२ वेद, पुराण र धर्मशास्त्रसम्बन्धी लोकविश्वास ९६
३.८ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा जातीय प्रथासम्बन्धी लोकविश्वास ९७
३.९ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास १००
३.१० विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा तीर्थयात्रासम्बन्धी लोकविश्वास १०२
३.११ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धामीसम्बन्धी लोकविश्वास १०३
३.१२ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा तन्त्रसम्बन्धी लोकविश्वास १०५
३.१३ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अतृप्त आत्मासम्बन्धी लोकविश्वास १०६
३.१४ निष्कर्ष १०७

**चौथो परिच्छेद**

**विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा आध्यात्मिक लोकविश्वास**

४.१ विषयप्रवेश १०९
४.२ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा भाग्यसम्बन्धी लोकविश्वास १०९
४.३ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा वहुलोकसम्बन्धी लोकविश्वास ११९
४.४ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा आशीर्वादसम्बन्धी लोकविश्वास १२५
४.५ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा श्रापसम्बन्धी लोकविश्वास १२९
४.६ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा शकुनसम्बन्धी लोकविश्वास १३१
४.७ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा भविष्यवाणीसम्बन्धी लोकविश्वास १३३
४.८ निष्कर्ष १३४

**पाँचौँ परिच्छेद**

**सारांश तथा निष्कर्ष**

५.१ सारांश १३५
५.२ निष्कर्ष १३६
**सन्दर्भसामग्री सूची** **१४३-१४४**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) नेपाली उपान्यास क्षेत्रका परिचित उपन्यासकार हुन् । कोइराला वैचारिक उपन्यासकारका रूपमा आधुनिक नेपाली साहित्यको इतिहासमा स्थापित छन् । उनी नेपाली प्रजातान्त्रिक समाजवादी राजनीतिक चिन्तकका रूपमा पनि आधुनिक नेपाली राजनीतिक इतिहासमा परिचित छन् । उनले कथा, कविता, निबन्ध तथा उपन्यास जस्ता साहित्यका सबै विधामा आफूलाई चिनाएका छन् । उनलाई चिनाउने महत्त्वपूर्ण विधा भने उपान्यास नै हो । उनले ६ वटा उपान्यासहरू लेखेका छन् । प्रकाशनका दृष्टिले उनको पहिलो उपन्यास **तीन घुम्ती** (२०२५) हो भने पछिल्लो उपन्यास **बाबु, आमा र छोरा** (२०४५) हो । उनका अन्य उपन्यासहरू **नरेन्द्र दाइ** (२०२६), **सुम्निमा** (२०२७), **मोदीआइन** (२०३६) र **हिटलर र यहुदी** (२०४०) हुन् । उनका **तीन घुम्ती**, **सुम्निमा** र **नरेन्द्र दाइ** तीन सामाजिक-सांस्कृतिक पृष्ठभूमि भएका उपन्यासहरू हुन् । यसै गरी **मोदीआइन** तथा **हिटलर र यहुदी**मा गीतादर्शनको पृष्ठभूमि रहेको छ । कोइरालका उपन्यासमा धार्मिक तथा सांस्कृतिक विषयवस्तु समेटिएका छन् । धार्मिक तथा सांस्कृतिक विषयवस्तुमा लोकविश्वास पाइन्छ ।

लोकमा अनेक प्रकारका विश्वास प्रचलित हुन्छन् । सामान्यतः यिनै लोकसमाजले विश्वास गरेका महत्त्वपूर्ण अंश तथा परम्परादेखि लोकमा प्रचलित रूढतत्त्वहरू नै लोकविश्वास हुन् । लोकविश्वासको उत्पत्ति मानव जीवनजत्तिकै आदिम भएको मानिन्छ । वेदको समयदेखि मानिसमा विभिन्न विचार जसमा उनीहरूले विश्वास पाए, तिनै विश्वासका धरातलमा टेकेर लोकविश्वासको जन्म भएको विश्वास छ । संसारको प्राचीनतम ग्रन्थ ऋग्वेदमा यसप्रकारका अनेक विश्वासहरू पाइन्छन् । अर्थवेदको तन्त्रमन्त्र, जादू, टुनामुना लोकविश्वास हुन् । कुनै लोकविश्वास शास्त्रीय प्रमाणीकताको अभावमा रहेका छन् जसलाई अन्धविश्वासको श्रेणीमा राखिन्छ । लोकसमुदायले मानसिक तहदेखि नै आस्था र श्रद्धाका साथ स्वीकार गरेका भावानात्मक विश्वासलाई लोकविश्वास भनिन्छ । आफ्नो समाजमा परम्परादेखि पत्यार गर्दै र भनिदै आएको चालचलन, रीतिरिवाज वा कामकुरो आदिप्रति हुने दृढ निश्चित वा पत्यार नै लोकविश्वास हो । लोकले कतिपय कुराहरू

सामूहिक सत्यका रूपमा स्वीकार गरेको हुन्छ जुन परम्परागत हुन्छ । लोकले परम्परादेखि जुन कुरामा विश्वास गर्दै आएको छ तिनै कुराहरू लोकविश्वास अन्तर्गत पर्दछन् । लोकविश्वास देश, काल र परिस्थिति अनुसार फरक-फरक हुन्छन् । लोकमा चलिआएको भाषा, लोकमा प्रचलित लोकको भावना, लोकमा गरिदै आएका विश्वास नै लोकविश्वास हुन् । लोकमा प्रचलित धर्म, कर्म, पुराण, संस्कार, चाल चलन र रहनरहन आदिको यसमा अभिव्यक्ति  हुन्छ । धर्म, कर्म, पुराण, संस्कार, चाल चलान, रहन सहन आदि सबैमा कुनैनकुनै प्रकारको विश्वास रहिआएको हुन्छ, जहाँ लोकको विश्वास रहेको हुन्छ त्यो नै लोकविश्वास हो ।

नेपाली समाजमा पनि विभिन्न लोकविश्वास पाइन्छन् । नेपाली समाजमा प्रचलित लोकविश्वासभित्र स्वैरकल्पनाप्रतिका विश्वासहरू, धर्मअनुष्ठानप्रतिका विश्वासहरू, जादु, टुनामुना तथा योगप्रतिका विश्वासहरू, आत्मशीलताप्रतिका विश्वासहरू तथा विविध लोकविश्वासहरू पर्दछन् । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धार्मिक तथा सांस्कृतिक विषयवस्तु समेटिएका छन् । धर्म र संस्कृतिसँग लोकविश्वासको निकटको सम्बन्ध रहेको पाइन्छ । कोइरालाका उपन्यासमा धार्मिक तथा आध्यात्मिक लोकविश्वास पाइन्छन् । कोइरालाका उपन्यासका विषयवस्तु धार्मिक तथा सांस्कृतिक हुनु, धर्म तथा संस्कृतिसँग लोकविश्वासको सम्बन्ध रहनु अनि कोइरालाका उपन्यासमा लोकविश्वास पाइनु जस्ता सन्दर्भले लोकविश्वासका कोणबाट पनि कोइरालाका उपन्यासको अध्ययनको आवश्यकता रहेको छ भन्ने देखिन्छ ।

## १.२ समयस्याकथन

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू प्राज्ञिक अध्ययनका दृष्टिले विवेच्य एवम् अनुसन्धेय उपन्यासहरू हुन् । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूको शोधपरक अध्ययन गरी यी उपन्यासाहरूमा निहित लोकविश्वाससम्बन्धी नवीन ज्ञानको उद्घाटन गर्नु नै प्रस्तुत शोधकार्यको समाधेय समस्या रहेको छ । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा लोकविश्वास समेटिएकोले यसको अध्ययन गर्नु उपयुक्त देखिन्छ । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूको अध्ययन तथा विश्लेषण विभिन्न कोणबाट गर्न सकिने भए तापनि प्रस्तुत शोधकार्यको लागि लोकविश्वासलाई मुख्य आधार बनाइएको छ । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा अन्तर्निहित लोकविश्वासको खोजी गर्नु नै यस

शोधकार्यको मूल समस्या हो । यही मूल समस्यामा आधारित भएर निम्नलिखित प्रश्नहरू तयार गरिएका छन् :

(१) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा केकस्ता धार्मिक लोकविश्वास केकसरी अभिव्यक्त भएका छन् ?

(२) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा केकस्ता आध्यात्मिक लोकविश्वास केकसरी अभिव्यक्त भएका छन् ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा अन्तर्निहित लोकविश्वासको अध्ययन गर्नु हो । यस उद्देश्यलाई तलका बुँदाहरूबाट अझ स्पष्ट पारिएको छ :

(१) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अन्तर्निहित धार्मिक लोकविश्वासको विश्लेषण गर्नु,

(२) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अन्तर्निहित आध्यात्मिक लोकविश्वासको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

विश्वेश्वरप्रसाद कोइराला नेपाली उपन्यासको विधामा विशेष व्यक्तित्व भएकाले उनका उपन्यासको बारेमा थुप्रै समीक्षा भएको पाइन्छ । विभिन्न ठाँउमा कोइरालालाई विभिन्न नामले चर्चा तथा परिचर्चा गरेको पाइन्छ । यहाँ उनका उपन्यासलाई सन्दर्भ बनाई गरिएका जे जति अध्ययन  छन् तिनको कालक्रमिक समीक्षात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** (२०४३) नामक कृतिमा कोइरालाका उपन्यासमा समाजभित्रका मर्यादा, नैतिकता, आदर्श तथा त्यससँग जोडिएका सांस्कृतिक कुराहरू पाइन्छन् भनेर चर्चा गरेका छन् । प्रधानका अनुसार सदाचार, नैतिकता, चरित्र जस्ता आचरणसम्बन्धी गुणहरू सुसंस्कृत समाज र मानसिकताको सभ्यतापूर्ण द्योतन हुन् । उदात्तता, सत्यानुयायी, इमान्दारी, सहयोगात्मक भावना जस्ता मानवीय तथा आदर्शोचित आचरण सबल नैतिकताको समुज्जल स्वरूप हो । यस्ता चारित्रिक गुणको

सम्बन्ध प्रत्यक्ष समाजसित जोडिएको हुन्छ र यस्ता गुणहरू कोइरालाका उपन्यासमा पाइन्छन् भनेर प्रधानले भनेका छन् ।

प्रधानको उक्त कथनबाट कोइरालाका उपन्यासमा समाजभित्रका मर्यादा, नैतिकता, आदर्श तथा त्यससँग जोडिएका सांस्कृतिक कुराहरू पाइन्छन् भन्ने जानकारी प्राप्त हुन्छ । सांस्कृतिक कुराहरू समाजमा रहेका विश्वाससँग जोडिएका हुन्छन् भन्ने कुरालाई यसले सङ्केत गर्दछ । त्यसैले प्रस्तुत कृति कोइरालाका उपन्यासमा रहेका सांस्कृतिक लोकविश्वासको अध्ययनको लागि सहयोगी रहेको छ ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृति** (२०५३) नामक कुतिमा कोइरालाका उपन्यासमा समाजले खर्चा गरेको युगौंको मिहिनेत, संस्कृतिले प्रदान गरेका मान्यता र परम्पराले आत्मासात् गरेका जीवनचर्यालाई प्रस्तुत गरेका छन् । सुवेदीका अनुसार कोइरालाका उपन्यासमा सामाजिक संरचना तथा सांस्कृतिक संरचनाभित्र रहेको जीवनको मुल्य खोज्ने काम गरिएको छ । कोइरालाका उपन्यासमा समाज तथा यसभित्रको सांस्कृतिक विश्वासहरूको बारेमा चर्चा गरिएको छ ।

सुवेदीको उक्त विचारको प्राप्ति भनेको कोइरालाका उपन्यासमा सांस्कृतिक विश्वासहरूको समेत उल्लेख भएको छ भन्नु नै हो । यसले कोइरालाका उपन्यासमा समाज तथा यसभित्रका सांस्कृतिक विश्वासहरू पाइने कुराको सङ्केत गर्दछ । त्यसैले प्रस्तुत कृति कोइरालाका उपन्यासमा अर्न्तनिहित सांस्कृतिक लोकविश्वासको अध्ययनको लागि उपयोगी रहेको छ ।

हंसपुरे सुवेदीको **नेपाली लोकजीवन : लोकविश्वास** (२०५५) लोकविश्वाससम्बन्धी सैद्धान्तिक कृति हो । यसमा नेपाली जनजीवनमा प्रचलित लोकविश्वासको बारेमा अध्ययन गरिएको छ । यहाँ सुवेदीले नेपाली लोकविश्वासलाई धार्मिक, सांस्कृतिक, आभिचारिक, व्यावहारिक तथा अन्धविश्वास गरी पाँच प्रकारमा चर्चा गरेका छन् ।

सुवेदीले उक्त कृतिमा परिच्छेद किटान नगरी पहिलो शीर्षकमा नेपाली लोकजीवनः परम्परा र मौलिकता, दोस्रोमा विश्वास-लोकविश्वास तथा शकुन-अपशकुन, तेस्रोमा पुण्यपाप तथा स्वर्ग नरक, चौथोमा श्राद्धकर्म र कुलायन पूजा, पाँचौमा लागो भागो र जोखना, छैटौंमा नजर लाग्नु वा आँखा लाग्नु, सातौंमा टुनामनतर वा मोहनी, आठौंमा धामी

पतुर्नु तथा देवता चढ्नु, नवौंमा डाइनी बोक्सी र बोक्सेरोप्रतिको लोकधारणा, दसौंमा लोकजीवन प्राप्त किच्कन्नी तथा भयाप्नी, एघारौंमा राक्षस पूजा क्रममा लाखे-लाखेनाच, बाह्रौंमा हिन्दू परम्परामा भूतप्रतिको लोकविश्वास, तेह्रौंमा मसान, मुर्कट्टा र ख्याक, चौधौंमा इन्द्रजाल र जादु, पन्धौंमा हाम्रा पुरुष वर्ग प्रचलित नाम-हिजो र आजको सन्दर्भमा दिइएको छ । यसरी यो कृतिका धेरै अंशमा लोकविश्वासका सामग्री समेटिएकाले लोकविश्वासको सैद्धान्तिक अध्ययनको लागि उपयोगी देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेलले **नेपाली उपन्यासको इतिहास** (२०६९) नामक कृतिमा विश्वेश्वरप्रसाद कोइरालाका सबै उपन्यासको चर्चा गर्दै मनोविश्लेषणातमकता, चरित्रप्रधानता, वैचारिकता, सामाजिकता, दार्शनिकता, मिथकीयता तथा भाषाशैलीय विन्यासगत सरलता कोइरालाका औपन्यासिक प्रवृति हुन् भनेका छन् । लुइटेलले कोइरालाका उपन्यासमा सर्वाधिक चर्चित उपान्यास **सुम्निमा** हो र यसमा किराँतजातीय संस्कृति र आर्य संस्कृतिको समन्वयात्मक प्रस्तुति पाइन्छ भनेका छन् । लुइटेलका अनुसार आर्य र किराँत दुई संस्कृतिका बीचमा मिलन गराई सांस्कृतिक तथा जातीय एकतामा जोड दिइएको छ । सुम्निमाले जनजातीय संस्कृतिको तथा सोमदत्त र पुलोमाले आर्य संस्कृतिको प्रतिनिधित्व गरेका छन् भनेर लुइटेलले आफ्नो कृतिमा भनेका छन् ।

लुइटेलको उक्त विचारबाट कोइरालाका उपन्यासमा दर्शन तथा मिथक पाइन्छ भन्ने जानकारी प्राप्त हुन्छ । लुइटेलले उक्त कथनमा सुम्निमा उपन्यासमा किराँत संस्कृति र आर्य संस्कृतिको समन्वयात्मक प्रस्तुति पाइन्छ समेत भनेका छन् । यी सन्दर्भहरूले कोइरालाका उपन्यासमा सांस्कृतिक लोकविश्वास पाइने कुराको सङ्केत गर्दछ । त्यसैले प्रस्तुत कृति कोइरालाका उपन्यासमा रहेका सांस्कृतिक लोकविश्वासको अध्ययनको लागिसहयोगी रहेको छ ।

नारायण चालिसेले **पूर्वीय दार्शनिक मान्यतामा : कोइरालाका उपन्यास** (२०६९) नामक अनुसन्धानत्मक कृतिमा कोइरालाका उपन्यासमा पूर्वीय दर्शन, धर्म र संस्कृतिप्रति गहन विचार पाइन्छ भनेका छन् । चालिसेका अनुसार कोइरालाका उपन्यासमा पूर्वीय दर्शनको गहिरो प्रभाव परेको छ । पूर्वीय दर्शन आध्यात्मवादी र भौतिकवादी गरी दुई प्रकारका रहेका छन् । कोइरालाको जीवन दर्शन आध्यात्मीक तथा भौतिक दुबै दर्शनसँग मिल्दछ । चालिसेले आध्यात्मिक र भौतिक तथा इहलौकिक र परालौकिक जस्ता लोकले

विश्वास गर्ने विषयवस्तुहरू कोइरालाका उपन्यासमा पाइन्छन् भन्ने कुराको चर्चा गरका छन् ।

चालिसेको उक्त कथनबाट कोइरालाका उपन्यासमा पूर्वीय दर्शनको गहिरो चिन्तन रहेको त्यसमा पनि आध्यात्मिक, इहलौकिक र पारालौकिक जस्ता लोकले विश्वास गर्ने विषयवस्तुहरू पाइन्छन् भन्ने जानकारी प्राप्त हुन्छ । यसले कोइरालाका उपन्यासमा आध्यात्मिक लोकविश्वास पाइने कुराको सङ्केत गर्दछ । त्यसैले प्रस्तुत कृति कोइरालाका उपन्यासमा अर्न्तनिहित आध्यात्मिक लोकविश्वासको अध्ययनको लागि उपयोगी रहेको छ ।

ज्ञानु पाण्डेले **आख्यानकार विश्वेश्वरप्रसाद कोइराला : पुनर्पाठ** (२०७०) नामक कृतिमा विश्वेश्वरप्रसाद कोइरालालाई सामाजिक, सांस्कृतिक र पौराणिक विषयवस्तुमा उपन्यास लेख्ने उपन्यासकार हुन् भनेकी छिन् । पाण्डेका अनुसार कोइरालाका उपन्यासमा नेपाली समाजप्रतिको अगाध आस्था र नेपाली समाजलाई समयको गति अनुरूप परिवर्तन गर्ने अन्तरआकाङ्क्षा प्रतिबिम्बित भएको पाइन्छ । पाण्डेले जीवनप्रति अनन्त आस्थाभाव प्रकट गर्नु र कर्म नै जीवन हो भन्ने कुराको समथर्न गर्नु कोइरालाको उपन्यासकारिताको प्रमुख विशेषता हो भनेकी छिन् ।

ज्ञानु पाण्डेको उक्त विचारबाट विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा सामाजिक, सांस्कृतिक र पौराणिक विषयवस्तु समेटिएका छन् भन्ने जानकारी प्राप्त हुन्छ । यसले कोइरालाका उपन्यासमा संस्कृति तथा पुराणसम्बन्धी लोकविश्वास पाइने कुराको सङ्केत गर्दछ । त्यसैले प्रस्तुत कृति कोइरालाका उपन्यासमा अर्न्तनिहित धार्मिक तथा आध्यात्मिक लोकविश्वासको अध्ययनको लागि सहयोगी रहेको छ ।

मोतीलाल पराजुलीले **नेपाली लोककथा : सिद्धान्त र विश्लेषण** (२०७१) नामक कृतिमा लोकविश्वासलाई चिनाउने काम गरेका छन् । पराजुलीले लोकसमुदायले मानसिक तहदेखि नै आस्था र श्रद्धाका साथ स्वीकार गरेका भावानात्मक विश्वासलाई लोकविश्वास भनिन्छ भनेका छन् । पराजुलीका अनुसार आफ्नो समाजमा परम्परादेखि पत्यार गर्दै र भनिदै आएको चालचलन, रीतिरिवाज वा कामकुरो आदिप्रति हुने दृढ निश्चित वा पत्यार नै लोकविश्वास हो । लोकले कतिपय कुराहरू सामूहिक सत्यका रूपमा स्वीकार गरेको हुन्छ जुन परम्परागत हुन्छ । लोकले परम्परादेखि जुन कुरामा विश्वास गर्दै आएको छ तिनै

कुराहरू लोकविश्वास हुन् । लोकविश्वास देश, काल र परिस्थिति अनुसार फरक-फरक हुन्छन् भनेर पराजुलीले भनेका छन् ।

पराजुलीले उक्त कृतिमा नेपाली समाजमा स्वैरकल्पनासम्बन्धी लोकविश्वास, धर्मअनुष्ठानसम्बन्धी लोकविश्वास, जादु, टुनामुना तथा योगसँग सम्बन्धित लोकविश्वास, आत्मशीलतासम्बन्धी लोकविश्वास तथा विविध लोकविश्वास गरी पाँच प्रकारका लोकविश्वास रहेका छन् भनेर लोकविश्वासको वर्गीकरण समेत गरेका छन् । यसरी यो कृतिमा लोकविश्वासको परिभाषा तथा वर्गीकरण समेटिएकोले लोकविश्वासको सैद्धान्तिक अध्ययनको लागि उपयोगी देखिन्छ ।

द्रोणकुमार उपाध्याय पौडेलले **लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ** (२०७४) नामक कृतिमा लोकमा प्राचीन कालदेखि प्रचलित रहिआएका विश्वासलाई नै लोकविश्वास भनिन्छ भनेका छन् । यसको निर्माण प्रक्रिया अद्यापि निरन्तर छ । जीवनको विकास र विकासशील अग्रगमनको प्रत्येक नवीन पाइलाका चालमा नयाँ लोकविश्वासको उदय हुनु शाश्वत प्रक्रिया हो र लोकविश्वास समयअनुसार रूपान्तारित हुन्छन् भन्ने पौडेलको तर्क रहेको छ ।

पौडेलले उक्त कृतिमा लोकमा प्राचीन कालदेखि प्रचलित रहिआएका विश्वासलाई लोकविश्वास भनिन्छ भनेर लोकविश्वासलाई चिनाएका छन् । यसरी यो कृतिमा थोरै अंशमा भएपनि लोकविश्वासका सामग्री समेटिएकोले अध्ययनको लागि उपयोगी देखिन्छ ।

हरिप्रसाद शर्माले **बी.पी.का उपन्यास** (२०७४) नामक कृतिमा कोइरालालाई सामाजिक, सांस्कृतिक तथा गीतादर्शनको पृष्ठभूमिमा उपन्यास लेख्ने उपन्यासकारको रूपमा परिचित गराएका छन् । शर्माका अनुसार कोइरालाका उपन्यासमा दार्शनिक, सामाजिक, सांस्कृतिक र कलात्मक मूल्य र मान्यता पाइन्छ । आध्यात्मिक र भौतिक तत्त्वको सहअस्तित्वमै मानव जीवनको पूर्णता र सफलता निर्भर रहेको छ भन्ने कुराको स्थापित कोइरालाले उपन्यासमा प्रस्तुत गरेका छन् भन्ने विचार शर्माको रहेको छ ।

शर्माको उक्त कथनको प्राप्ति भनेको कोइरालाका उपन्यासमा सांस्कृतिक तथा धार्मिक रीतिथिति, चालचलन र रहनसहन रहेको छ भन्नु नै हो । कोइरालाका उपन्यासमा रहेका यस्ता सांस्कृतिक तथा धार्मिक रीतिथिति, चालचलन र रहनसहनको सम्बन्ध

लोकविश्वाससँग जोडिएको उक्त कृति कोइरालाका उपन्यासमा अर्न्तनिहित धार्मिक तथा आध्यात्मिक लोकविश्वासको अध्ययनको लागि सहयोगी रहेको छ ।

उपर्युक्त पूर्व अध्ययनहरूमा कोइरालाका उपन्यासको बारेमा अध्ययन विश्लेषण गरेको पाइन्छ तर उनका उपन्यासमा अन्तर्निहित लोकविश्वासलाई लिएर कुनै पनि उपन्यासको अध्ययन गरिएको पाइदैन । मोतीलाल पराजुलीको अध्ययनले भने लोकविश्वासको सैद्धान्तिक अध्ययनको लागि सहयोग पुऱ्याएको पाइन्छ । त्यसैले लोकविश्वासको कोणबाट विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अन्तर्निहित लोकविश्वासको अध्ययन गर्नु आवश्यक भएको कुरा पूर्वकार्यको समीक्षाबाट प्रष्ट हुन्छ । तसर्थ प्रस्तुत शोधकार्यमा लोकविश्वासको सैद्धान्तिक स्वरूप र विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अन्तर्निहित लोकविश्वासको विश्लेषण मूल्याङ्कन गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

विश्वेश्वरप्रसाद कोइराला वैचारिक उपन्यासकारका रूपमा आधुनिक नेपाली साहित्यको इतिहासमा स्थापित छन् । कोइरालाले सामाजिक-सांस्कृतिक तथा गीतादर्शनको पृष्ठभूमि भएका उपन्यास लेखेका छन् । कोइराला उपन्यासामा लोकविश्वास प्रयोग गर्ने उपन्यासकार हुन् । उनका उपन्यासमा धर्मसम्बन्धी तथा अध्यात्मसम्बन्धी लोकविश्वास पाइन्छन् । कोइरालाका उपन्यासमा अन्तर्निहित लोकविश्वासको पहिचान साहित्यमा अझै अनुसन्धेय विषयका रूपमा रहेको छ । उनका बारेमा भएका पूर्व अध्ययनहरू कुनै जीवनी केन्द्रित, कुनै व्यक्तित्व र कुनै निश्चित उपन्यास र कथामा केन्द्रित रहेका छन् तथापि उनका उपन्यासमा अन्तर्निहित लोकविश्वासको अध्ययन तथा अनुसन्धन भने भएको पाइँदैन । त्यसैले यस अध्ययनबाट कोइरालाका उपन्यासमा लोकविश्वाससम्बन्धी जानकारी राख्न चाहने पछिल्ला अनुसन्धानकर्ताहरूलाई आधारभूमि प्राप्त हुने देखिन्छ । यसै सन्दर्भमा प्रस्तुत **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लोकविश्वास** शीर्षकको शोध औचित्यपूर्ण छ ।

## १.६ शोधको सीमाङ्कन

विश्वेश्वरप्रसाद कोइरालाले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनको मुख्य परिचय आख्यानकारका रूपमा रहेको छ । कोइराला उपन्यासकारका रूपमा पनि परिचित छन् । उनले **तीन घुम्ती**, **बाबु, आमा र छोरा**, **नरेन्द्र दाइ**, **सुम्निमा**, **मोदीआइन** र

**हिटलर र यहुदी** गरी छ वटा उपन्यास लेखेका छन् । लोकविश्वासका सैद्धान्तिक आधार स्वैरकल्पनासम्बन्धी लोकविश्वास, धर्म र अनुष्ठानसम्बन्धी लोकविश्वास, जादु, टुनामुना तथा योगसम्बन्धी लोकविश्वास, आत्मशीलतासम्बन्धी लोकविश्वास र विविध लोकविश्वास हुन् । उनका उपन्यासमा धार्मिक तथा आध्यात्मिक लोकविश्वास रहेका छन् । कोइरालाका उपन्यासमा निहित लोकविश्वाससम्बन्धी अध्ययनमा मात्र यो शोध केन्द्रित रहेको छ । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धार्मिक तथा आध्यात्मिक लोकविश्वास रहेका छन् भनेर विश्लेषण तथा मूल्याङ्कन गर्नु मात्रमा यो शोधकार्य केन्द्रित रहेको छ । यो नै यस शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरूको सङ्कलन र अध्ययनको लागि प्रयोग गरिने सामग्री विश्लेषण विधिको छुट्टाछुट्टै तल चर्चा गरिएको छ :

### १.७.१ साम्रगी सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू प्राथामिक र द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । प्रस्तुत शोध साहित्यिक शोध भएको हुँदा यसका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाका **तीन घुम्ती**, **बाबु, आमा र छोरा, नरेन्द्र दाइ, सुम्निमा**, **मोदीआइन** र **हिटलर र यहुदी** उपन्यास प्राथामिक र मूल सामग्री हुन् । कोइराला र उनका उपन्यासका बारेमा विद्वान्, विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेख, रचना, भूमिका, उपन्याससम्बन्धी तथ्य, सूचना र उनका कृतिबारे गरिएका शोधप्रबन्ध जस्ता पूर्वकार्यलाई द्वितीयक सामग्रीको रूपमा समावेश गरी आवश्यकतानुसार उपयोग गरिएको छ । कोइरालाका उपन्यासमा रहेका लोकविश्वासलाई केन्द्र बनाई अध्ययन गरिएको छ । उपन्यासमा रहेका लोकविश्वासको विश्लेषणको अवधारणा निमार्णको लागि सामग्री सङ्कलन लोकविश्वाससम्बन्धी सैद्धान्तिक पुस्तकहरू र लेखहरूबाट गरिएको छ । साम्रगीहरूको विश्लेषणको लागि समष्टि विधि उपयोग गरिएको छ । कोइराला र उनका उपन्यासका बारेमा विद्वान्, विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेख तथा रचनालाई सन्दर्भ सामग्रीको रूपमा उपयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

लोकमा प्राचीन कालदेखि प्रचलित रहिआएका विश्वासहरूलाई लोकविश्वास भनिन्छ । लोकमा प्रचलित धर्म, कर्म, पुराण, संस्कार, चाल चलन, रहन सहन आदि सबैमा कुनैनकुनै प्रकारको लोकविश्वास रहिआएको हुन्छ । प्रस्तुत शोधमा उठाइएका समस्याको प्राज्ञिक समाधानका लागि लोकविश्वासको सैद्धान्तिक आधारमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधका सङ्कलित सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा शोध प्रश्नकमअनुसार यस प्रकार रहेको छ :

शोधप्रश्न (१) मा उल्लिखित विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा केकस्ता धार्मिक लोकविश्वास केकसरी अभिव्यक्त भएका छन् भन्ने प्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण गर्दा धार्मिक लोकविश्वासका सिद्धान्तका आधारमा उपन्यास अध्ययन गरिएका छन् । धार्मिक लोकविश्वाससँगै उपशीर्षकका रूपमा धर्मसम्बन्धी लोकविश्वास, दैवीशक्तिसम्बन्धी लोकविश्वास, पाप र पुण्यसम्बन्धी लोकविश्वास, पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास, अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास, यज्ञादिसम्बन्धी लोकविश्वास, जातीय प्रथासम्बन्धी लोकविश्वास, तीर्थयात्रासम्बन्धी लोकविश्वास, धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास, धामीसम्बन्धी लोकविश्वास, तन्त्रसम्बन्धी लोकविश्वास, अतृप्त आत्मासम्बन्धी लोकविश्वास जस्ता लोकविश्वासका मान्यताका आधारमा सामग्री विश्लेषण तथा पाठविश्लेषण विधिको आधारमा उपन्यासको विश्लेषण गरिएको छ ।

शोधप्रश्न (२) मा उल्लिखित विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा केकस्ता आध्यात्मिक लोकविश्वास केकसरी अभिव्यक्त भएका छन् भन्ने प्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण गर्दा आध्यात्मिक लोकविश्वासका सिद्धान्तका आधारमा उपन्यासहरू अध्ययन गरिएका छन् । आध्यात्मिक लोकविश्वाससँगै उपशीर्षकका रूपमा भाग्यसम्बन्धी लोकविश्वास, वहुलोकसम्बन्धी लोकविश्वास, आशीर्वादसम्बन्धी लोकविश्वास, श्रापसम्बन्धी लोकविश्वास, शकुनसम्बन्धी लोकविश्वास भविष्यवाणीसम्बन्धी लोकविश्वास जस्ता लोकविश्वासका मान्यताका आधारमा सामग्री विश्लेषण गरिएको छ । पाठविश्लेषण विधिको आधारमा उपन्यासको विश्लेषण गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

यस शोधप्रबन्धको संरचनालाई सुव्यवस्थित बनाउन निम्नलिखित परिच्छेदमा सङ्गठित गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : लोकविश्वासको सैद्धान्तिक स्वरूप

तेस्रो परिच्छेद : विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धार्मिक लोकविश्वास

चौथो परिच्छेद : विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा आध्यात्मिक लोकविश्वास

पाँचौ परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भसामग्री सूची

# दोस्रो परिच्छेद

# लोकविश्वासको सैद्धान्तिक स्वरूप

## २.१ विषयप्रवेश

यो लोकविश्वासको सैद्धान्तिक परिच्छेद हो । यस परिच्छेदमा लोकविश्वासको उत्पत्ति र विकास, लोकविश्वास उत्पत्तिका कारणहरू तथा लोकविश्वासको अर्थको बारेमा चर्चा गरिएको छ । लोकविश्वासका बारेमा विभिन्न विद्वान्हरूले दिएका परिभाषाहरू यसै परिच्छेदमा समेटिएका छन् । विभिन्न विद्वान्हरूले लोकविश्वासलाई विभिन्न आधारबाट वर्गीकरण गरेका छन् । लोकविश्वासको बारेमा उनीहरूले गरेको वर्गीकरण पनि यसै परिच्छेदमा गरिएको छ । विभिन्न विद्वान्हरूले विभिन्न आधारबाट वर्गीकरण गरे पनि लोकविश्वासलाई धार्मिक लोकविश्वास तथा आध्यात्मिक लोकविश्वास गरी दुई कोणबाट अध्ययन गर्न सकिन्छ भन्ने निष्कर्ष समेत निकालिएको छ ।

## २.२ लोकविश्वासको उत्पत्ति र विकास

लोकविश्वासको उद्‌भव वा स्रोतको सम्बन्धमा एकमत देखिँदैन तर पनि धेरैले आदिम संस्कारलाई महत्त्व दिएका छन् । अनि कोहीको मतमा आदिम मानव समाजमा भएको भय र अज्ञानता नै उत्तरवर्ती समाजगत लोकविश्वासको आधार हो भनिएको पाइन्छ (सुवेदी २७) । मानव जातिको आदिम संस्कार लोकविश्वासको जनक हुनु स्वाभाविक हो । सुरूमा मानिसले अदृश्य शक्तिका विविध रूप कल्पना गऱ्यो होला र तिनलाई देवताको रूप मान्दै आयो होला, अनि यी कल्पनाहरूलाई कालान्तरमा मानव समाजले परम्परागत विश्वास र श्रद्धाजनित विधिविधान वा चालचलनको आधारमा बिना सङ्कोच संस्कारको रूपले ग्रहण गर्न पुग्यो होला । यसरी संस्कारगत स्रोतको सोचाइ गर्न थाल्दा यहाँ सुरू-सुरूको मानव जातिमा भएको भय, अज्ञानता, अन्धविश्वासको सहजता जस्ता स्थितिले नै लोकविश्वासको आधार भूमिको रूप लिएको पाइन्छ । यसरी मानव जीवनको तह-तहमा लोकविश्वासको आधार बन्दै र बढ्दै गएका हुन् । त्यसैले विश्वास मानव जीवनको शक्तिशाली र उन्नतिको प्रेरक महान् विषय हो (सुवेदी २८) । अतः लोकविश्वास मानव जीवनको जीवन पद्धतिप्रतिको दृढता र स्वाबलम्बनको प्रबल आधार हो ।

मानव जीवन जति प्राचीन छ, त्यत्तिकै प्राचीन लोकविश्वास रहेको पाइन्छ । जब मानिसले यस धर्तीमा जन्म लियो तब उसलाई अनेकौं प्राकृतिक दृश्य देख्ने अवसर मिल्यो । त्यतिबेलादेखि नै मानिसले आकाशमा कालो-कालो बादलको भयङ्कार गड्गडाउट आवाज सुन्यो । आकाश गड्गडाएर, बिजुली चम्केर वेगसँग हावाहुरी आई घनघोर अन्धकार भएको अनुभव गर्‍यो । यस्तो अद्भुत तथा भयंकर प्राकृतिक दृश्य देखेर मानिसको मन भय र आतंकित भयो । आदिम मन यस्ता भयंकर दृश्य देखेर पनि यसको कारण जान्न नितान्त असमर्थ रह्यो । यस्ता प्राकुतिक विपत्ति आउँदा मानिसलाई आफ्नो जीवन कसरी जोगाउने भन्ने चिन्ता हुन थाल्यो । यस्ता प्राकुतिक विपत्ति दैवी शक्तिका कारणले भएको हो भन्ने कुरामा विश्वास हुन थाल्यो, जसले पछि गएर लोकविश्वासको रूप धारण गर्‍यो (उपाध्याय १) । यसरी लोकविश्वासको उत्पत्तिका पछाडि  विविध कारणहरू रहेको विद्वान्हरू बताउँछन् ।

## २.२.१ ज्ञानको अभाव

प्राचीनकालमा मानिस भूकम्प आउनु, आकाशमा कालो बादल लागेर गड्गडाउनु, बिजुली चम्कनु आदिका बारेमा मानव अनविज्ञ थियो । यही अज्ञानताका कारण लोकविश्वासले जन्म लिएको पाइन्छ (उपाध्याय १) । अज्ञानताको वातावरणमा नै लोकविश्वासले जन्म लिएको कुरालाई यसले थप पुष्टि गर्दछ ।

## २.२.२ भयको विद्यमानता

लोकविश्वास उत्पत्तिको दोस्रो कारण आदिम मानवमा रहेको भय वा डर हो । आकाश गड्गडाउनु, बिजुली चम्केर वेगसँग हावाहुरी आउनु, भूकम्पले तरङ्गित हुनु, सूर्य ग्रहण लाग्दा अन्धकार हुनु जस्ता प्राकुतिक विपत्तिका दृश्यले मानव मन भयभित भयो । भूकम्प, बाढी, आँधी, विद्युत्पात, धूमकेतु, उल्कपात, सूर्य तथा चन्द्र ग्रहण आदि भयंकर प्राकृतिक दृश्यहरूले नै मानव हृदयमा प्रत्यक्ष रूपमा भय उत्पन्न गराउँछ (उपाध्याय १) । यस्ता भय वा डरले नै लोकविश्वासलाई जन्माएको पाइन्छ । अतः भयको विद्यमानता नै लोकविश्वास उत्पत्तिको अर्को कारण हो ।

### २.२.३ आत्मरक्षाको प्रवृति

आनन्दका साथ जीवन बिताउने प्रत्येक मानवको इच्छा हुन्छ । मानव दीर्घकालसम्म सुखसयदका साथ जीवन भोग गर्न चहान्छ । आत्मारक्षा गर्नु मानवीय चहाना पनि हो । आत्मारक्षाको प्रवृत्ति जन्मजात रूपमै मानवमा आएको पाइन्छ । जसरी मनुष्य मनमा भयको जन्म भयो, त्यसैगरी उसको हृदयमा आफ्नालाई सुरिक्षत साथ राख्ने प्रवृत्ति जन्मसिद्ध रूपमा रहेको हुन्छ (उपाध्याय २) । यसरी आत्मारक्षा कै प्रवृतिबाट लोकविश्वासको जन्म भएको पाइन्छ ।

### २.२.४ दैवीशक्तिमा विश्वास

मानिस आत्मारक्षाको निम्ति सदैव लागिरहन्छ । यसका लागि दैवी शक्तिमा अटुट आस्था राख्दछ । आत्मारक्षार्थ ईश्वरीय शक्तिमा विश्वास गर्दछ । आफ्नो मनको शान्तिको लागि दैवी शक्तिको उपसान गर्दछ । आजको यस वैज्ञानिक युगमा चिकित्सकहरू समेत आफ्नो उपचार पद्दति असफल भएपछि अब त भगवानकै भरोस भनेर ईश्वरीय शक्तिमाथि विश्वास गर्छन् । त्यसपछि शिक्षित मानिसहरू पनि देवी-देवतालाई खुसी  पार्न विभिन्न भाकल तथा पूजापाठमा  विश्वास गर्छन् । यसबाट पनि दैवी शक्तिप्रति गरिने आस्थाबाट नै लोकविश्वासको जन्म भएको हो भन्ने कुरामा थप बल पुग्छ ।

लोकविश्वासको विकास कसरी भयो भन्ने विषयमा विभिन्न विद्वान्ले आ-आफ्ना विचार व्यक्त गरेको पाइन्छ । फोकलर डब्लु जी सुमनेरका अनुसार ‘लोकविश्वासका निर्माण अकास्मात अथवा मिथ्य ज्ञानमा आश्रित  असङ्गत्  तथा विवेकहीन  कियाका भएको  हो (उपाध्याय २) । संसारमा मानिसले केही नयाँ काम गर्दा असफल भयो वा कसैको मृत्य अथवा केही नसोचेको दुर्घटना भयो भने यसो नगरेको भए हुन्थ्यो, केही अशुभ भएकोले यस्तो भएको हो भन्ने लोकविश्वासले मानिसमा जन्म लिन्छ । यसरी लोकविश्वासको विकास भएको पाइन्छ ।

लोकविश्वास निर्माणको दोस्रो कारण मिथ्य अनुमान प्रवृति हो । कुनै मानिसले कुनै पशु वा पंक्षीको व्यापार गऱ्यो अनि केही दुर्घटना भयो भने मानिसमा अशुभ कुराको जन्म हुन्छ (उपाध्याय २) । यही पशु वा पंक्षी बेचेर यस्तो भएको हो, अबदेखि यसरी बेच्नु हुँदैन भन्ने मिथ्य अनुमानको जन्म हुन्छ । यसरी मिथ्य अनुमान प्रवृतिबाट पनि लोकविश्वासको जन्म हुन्छ ।

लोकविश्वास निर्माणको तेस्रो प्रक्रिया मिथ्य दृश्य हो । सुन्दर, स्वस्थ तथा वैभवशाली पुरुषले शुभशकुनको प्राप्तिलाई बुझाउँछ । यात्राको समयमा बिरामी, एकाक्ष तथा कालो वर्णको व्यक्तिको दर्शनले यात्रा अशुभ हुन्छ । सफा आकाशमा कुनै व्यवधान नभई देखिने चन्द्रमाले शुभफल दिन्छ भने व्यवधान भएको आकाशमा देखिने चन्द्रमाले अशुभफल दिन्छ (उपाध्याय २) । यसरी मिथ्य सादृश्यका योगले पनि लोकविश्वासको निर्माण गर्दछ ।

लोकमा अनेक प्रकारका विश्वास प्रचलित हुन्छन् । सामान्यतः यिनै विश्वासलाई लोकविश्वासका नामले चिनिन्छ । लोकविश्वासको उत्पत्ति मानव जीवन जत्तिकै आदिम भएको मानिन्छ । वेदको समयदेखि मानिसमा विभिन्न विचार जुनमा उनीहरूले विश्वास पाए तिनै विश्वासका धरातलमा टेकेर लोकविश्वासको जन्म भएको विश्वास छ । संसारको प्राचीनतम् ग्रन्थ ऋग्वेदमा यसप्रकारका अनेक विश्वासहरू पाइन्छन् । अर्थवेदको तन्त्र–मन्त्र, जादू, टुनामुना लोकविश्वास हुन् (कुरियान १०९) । कुनै लोकविश्वास शास्त्रीय प्रमाणीकताको अभावमा रहेका छन् जसलाई अन्धविश्वासको श्रेणीमा राखिन्छ ।

## २.३ लोकविश्वासको अर्थ

लोकविश्वास शब्द लोक र विश्वास दुई शब्दहरूको संयोगबाट बनेको छ । लोकको अर्थ समाज र विश्वासको कुनै काम, कुरो, व्यक्ति, मत, नीति आदिप्रति हुने सत्यताको धारणा, दृढ आस्था वा पत्यर भन्ने हुन्छ । संस्कृतको 'लोकदर्शने' धातुमा 'घञ्' प्रत्यय लागेर 'लोक' शब्द बन्दछ । 'लोकन्ते जनाः अस्मिन् इति लोकः' बाट 'लोक' शब्दले जनसमुदायको बोध हुन्छ । ऋग्वेदमा 'लोक' को अर्थ स्थानको रूपमा प्रयोग भएको पाइन्छ । तर कहीँ स्थानको बदलमा 'जन' शब्दको पनि प्रयोग गरिएको हुन्छ (उपाध्याय १०) । लोकसमाजले विश्वास गरेका महत्त्वपूर्ण अंश वा परम्परादेखि लोकमा प्रचलित रूढतत्त्वहरू नै लोकविश्वास हुन् । लोकमा चलिआएको भाषा, लोकमा प्रचलित लोकको भावना, लोकमा गरिदै आएका विश्वास नै लोकविश्वास हुन् । लोकमा प्रचलित धर्म, कर्म, पुराण, संस्कार, चाल चलन र रहनरहन आदिको यसमा अभिव्यक्ति हुन्छ । धर्म, कर्म, पुराण, संस्कार, चाल चलान, रहन सहन आदि सबैमा कुनैनकुनै प्रकारको विश्वास रहिआएको हुन्छ, जहाँ लोकको विश्वास रहेको हुन्छ त्यो नै लोकविश्वास हो ।

लोकले आफ्नै ढङ्गले गर्ने पत्यार वा विश्वास नै लोकविश्वास हो (सुवेदी २८) । मानसिक सतहमा जीवनको सुरूदेखि नै घोकाई टाँस्सिदै आएको हुन्छ, यो स्वाभाविक तहको

लोकको विश्वास हो । अन्धो सुरमा बिना विचार गरिने विश्वास अन्धविश्वास हो । हाम्रो धर्म, संस्कृति आदिको आड बुद्धि-विवेक र तर्कभन्दा विश्वासमा नै आधारित छ । त्यसैले विश्वासको महिमा ठूलो हुन्छ । समाजमा प्रचलित अन्धविश्वास, रूढिवादी, लोकविश्वास आदि हाराहारीका शब्दहरू हुन् । अतः लोक र विश्वास दुई शब्दबाट बनेको लोकविश्वास शब्दको अर्थ लोकले मान्दै आएको परम्परागत विश्वास नै हो, जुन विश्वास लोकद्वारा स्वीकृत र लोकमा प्रचलित रहेको छ । यसमा लोकमा प्रचलित धर्म, कर्म, पुराण, संस्कार, चाल चलन र रहनरहन आदिको अभिव्यक्ति हुन्छ ।

## २.४ लोकविश्वासको परिभाषा

विभिन्न कालखण्डमा विभिन्न विद्वान्हरूले लोकविश्वासलाई आ-आफ्नै तरिकाले परिभाषित गरेका छन् जसलाई निन्नानुसार प्रस्तुत गरिएको छ ।

हंसपुरे सुवेदीका अनुसार लोकविश्वास भनेको लोकको मानसिक भावनाको प्रतिक हो । श्रद्धा र विश्वासबाट जन्मिएको मानसिक सोचाइको परिणाम नै भावना हो । एकप्रकारले यसलाई रूढि परम्पराको तहमा लिन सकिन्छ । यस अन्तर्गत लोकमा प्रचलित चालचलन-रीतिरिवाज, टुनामुना, तन्त्र-मन्त्र, भूतप्रेत, डाइनी बोक्सी, जादु इत्यादि विषयहरू आउँन सक्छन् (सुवेदी २१) ।

मोतीलाल पराजुलीले लोकविश्वासलाई लोकसमुदायले मानसिक तहदेखि नै आस्था र श्रद्धाका साथ स्वीकार गरेका भावानात्मक विश्वास हो भनेर परिभाषित गरेका छन् (पराजुली १६५) ।

द्रोणकुमार पौडेलका अनुसार सामान्यतः लोकमा प्राचीन कालदेखि प्रचलित रहिआएका संस्कार वा विश्वासहरूलाई लोकविश्वास भनिन्छ तथापि यसको निर्माण प्रक्रिया निरन्तर रहेको छ (पौडेल १२२) ।

गोविन्द आचार्यले जनसमुदायमा रहेका जनविश्वासहरू नै लोकविश्वास हुन् भनेर लोकविश्वासलाई परिभाषित गरेका छन् । धेरैजसो लोकविश्वासहरू हिन्दूहरूका विशेष चाडपर्वसँग पनि गाँसिएका हुन्छन् (आचार्य १०७) । लोकविश्वास मानिसहरूले मान्ने हिन्दू धर्मलाई प्रणयन गर्ने धर्मग्रन्थहरूमा आधारित हुन्छन् । रामायण, महाभारत र पुराणहरूमा पृथ्वी, आकाश, नदी, पानी, कैलाश, गाई, नाग आदिलाई पवित्र र देवताको अंशको रूपमा मानिन्छ ।

नर्मदाप्रसाद गुप्ताका अनुसार लोकविश्वास भनेको लोकमान्य विश्वास हो जो लोकद्वारा स्वीकृत तथा लोकमा प्रचलित हुन्छ (गुप्त १) ।

सीना कुरियानका अनुसार लोकविश्वास भनेको लोकको सामूहिक अनुभवको परिणाम हो । यो परम्परागत हुन्छ । लोकमा अनेक प्रकारका विश्वास प्रचलित हुन्छन् । सामान्यतः यिनै विश्वासलाई लोकविश्वासका नामले चिनिन्छ (कुरियान १०९) । कुनै लोकविश्वास शास्त्रीय प्रमाणीकताको अभावमा रहेका छन् जसलाई अन्धविश्वासको श्रेणीमा राखिन्छ ।

शारदा ढुङ्गानाले लोकसमुदायले आफ्नो परम्परित पद्धति, रीतिथिति, चालचलन र संस्कृतिमाथि अन्तस्करणदेखि स्वीकार गरेका विश्वास नै लोकविश्वास हुन् भनेर परिभाषित गरेकी छिन् (ढुङ्गाना ४६) ।

कृष्णदेव उपाध्यायका अनुसार लोकविश्वास भनेको अज्ञानता वा ज्ञानको अभाव, भयको विद्यमानता, आत्मारक्षार्थ तथा दैवी शक्तिकाप्रति जनमानसमा परम्परादेखि रही आएको विश्वास हो (उपाध्याय २) । यो मानव जीवन जत्तिकै प्राचीन रहेको छ । यस धर्तीमा मानवले पाइताला राखेदेखि नै लोकविश्वासको जन्म भएको हो ।

श्रीधर मिश्रले लोकमान्य विश्वास नै लोकविश्वास हुन् भनेर परिभाषित गरेका छन् । लोकमा परम्परादेखि प्रचलित रहदै आएका अनि लोकले स्वीकृत गरेका कुराहरू लोकविश्वासमा पर्दछन् (मिश्र २२८) । यस अन्तर्गत भाग्यवाद, कर्मवाद, पुनर्जन्मवाद, अवतारवाद, ज्योतिष, शकुन-अपशकुन, भुतप्रेत, जादु-मन्त्र, लगना तथा उपचार आदि पर्दछन् ।

राजकुमार क्षेत्रीका अनुसार लोकमा परम्परादेखि मान्दै र गर्दै ल्याइएका सामाजिक विश्वास, जन-जीवनका रीतिथिति, चलन-चाँजो, लोक-व्यवहार, लोकभाषा, लोकसंस्कार-लोकसंस्कृति तथा लोकमान्यतालाई लोकविश्वास भनिन्छ (छेत्री ३) ।

यसरी लोकविश्वाससम्बन्धी विभिन्न विद्वान्हरूका विभिन्न मत भए पनि लोकले प्राचीन कालदेखि विश्वास गर्दै आएका र लोकको श्रद्धा र विश्वासबाट जन्मिएको मानसिक सोचाइको परिणाम नै लोकविश्वास हो भन्ने निष्कर्षमा धेरै विद्वान्हरू सहमत छन् । निचोडमा लोकविश्वास भन्नाले परापूर्वकालदेखि लोकले आफ्नो अन्तरआत्मादेखि पत्याउँदै आएको पराम्परित पद्धति, रीति-थीति, चालचलन तथा लोकसंस्कृतिसम्बन्धी विश्वास हो

भनेर परिभाषित गर्न सकिन्छ । यस अन्तर्गत भाग्य, कर्म, पुनर्जन्म, अवतार, ज्योतिष, भविष्य, शकुन-अपशकुन, भुतप्रेत, जादु-मन्त्र, लगना तथा उपचार, सामाजिक विश्वास, जन-जीवनका रीतिथिति, चलन-चाँजो, लोक-व्यवहार, लोकभाषा, लोकसंस्कार-लोकसंस्कृति आदिसम्बन्धी विश्वासहरू पर्दछन् ।

## २.५ लोकविश्वासको वर्गीकरण

विभिन्न कालखण्डमा विभिन्न विद्वान्हरूले लोकविश्वासलाई फरक-फरक आधारबाट वर्गीकरण र विश्लेषण गरेको पाइन्छ, जसलाई निम्नअनुसार चर्चा गरिएको छ ।

नेपाली लोकजीवनमा प्रचलनमा रहेका लोकविश्वासको बारेमा हंसपुरे सुवेदीले अध्ययन गरेका छन् । उनले लोकविश्वासको बारेमा अध्यायन गरेका छन् । उनका अनुसार नेपाली लोकविश्वास पाँच प्रकारका रहेका छन् (सुवेदी २८) ।

### १. धार्मिक लोकविश्वास

धर्म मानव मनमा रहेको आस्थाहरूको पुञ्ज हो । मानिसले ईश्वर, देवीदेवता, पितृहरू, अतृप्त आत्मा, यज्ञ,पापपुण्य, तीर्थ, पुनर्जन्म आदि लोकआस्थालाई विश्वास गर्दै आएको छ । धर्मसम्बन्धी लोकविश्वासहरू यस अन्तर्गत पर्दछन्, जो यस प्रकार रहेका छन् (सुवेदी २८) । यस अन्तर्गत मन्दिर तथा देवीदेवतासम्बन्धी, दर्शन, स्पर्शन र पूजापाठसम्बन्धी तथा दानपुण्य र धर्मकर्मसम्बन्धी लोकविश्वास पर्दछन् ।

### २. सांस्कृतिक लोकविश्वास

संस्कृति परम्परागत हुन्छ । परम्परादेखि विभिन्न चाल चलनहरू लोकमा चलिआएका हुन्छन् । यिनीहरूमा एक प्रकारको विश्वास रहेको हुन्छ । यस अन्तर्गत परम्परागत लौकिक चाल चलनहरूसम्बन्धी तथा जात्रा-मात्रा, पर्वउत्सव र आचार विचारसम्बन्धी लोकविश्वासहरू पर्दछन् (सुवेदी २८) ।

### ३. आभिचारिक लोकविश्वास

आभिचारिक लोकविश्वास अन्तर्गत लागो, भागो, हेरकोर, जादुटुना, तन्तर-मन्तर, भूतप्रेत, डाइनी-बोक्सी, धामी-झाक्री आदि लोकविश्वासहरू पर्दछन् (सुवेदी २८) ।

**४. व्यावहारिक लोकविश्वास**

दैनिक मानव जीवनमा आइपर्ने विभिन्न लोकविश्वासहरू यस लोकविश्वास अन्तर्गत पर्दछन् । दैनिक जीवनमा गरिने लेनदेन, कुराकानी, आवत-जावत, घर व्यावहार, भनसुन इत्यादि लोकविश्वासहरू यसमा पदर्छन् (सुवेदी २८) ।

**५. अन्धविश्वाससम्बन्धी लोकविश्वास**

यस अन्तर्गत लोकमा प्रचलित शकुन्-अपशकुन्, फाप-अपाप, जुर-बिजोर, गतिपरिने-राम्रो हुने विषय वा वस्तु इत्यादि रहेका छन् । कतै बाटो हिँडदाको समयमा बिरालोले बाटो काट्यो भने त्यसलाई अशुभ शकुन मानिन्छ । यस्तै जलपूरा घडा, बिना शोकको मृत लाश, दमाई आदि देखिए शुभ शकुन मानिन्छ । हिन्दू परम्परामा शकुनप्रति व्यापक विश्वास छ र यस विषयको अलग्गै शास्त्र समेत बनेको छ (सुवेदी २८) ।

मोतीलाल पराजुलीले नेपाली लोकसाहित्यको अध्ययन गरेका छन् । उनले आफ्नो अध्ययनमा लोकविश्वासलाई पनि समेटेका छन् । पराजुलीले लोकविश्वासलाई पाँच प्रकारमा वर्गीकरण गरेका छन् (पराजुली १६५) ।

**१. स्वैरकल्पनाप्रतिका विश्वासहरू**

लोक मानसले सृष्टिको प्राचीनकालदेखि नै सपना र कल्पनाका माध्यमद्वारा अद्बितिय लोकहरू, असाधारण मानव तथा राक्षसहरू, देवीदेवताहरू, सांस्कृतिक नायक जस्तै– विष्णु, राम, कृष्ण, बुद्ध आदि प्रति, असाधारण सामर्थ्य र स्वरूप भएका वस्तुप्रति, असाधारण प्रकृति वा मौसमप्रति अतिकल्पना वा स्वैरकल्पनाको माभ्यमबाट विश्वासहरू गर्दै आएको छ । अतिकल्पनाको माध्यमद्वारा निर्मित यी प्राणी र वस्तुहरूले लोकमानसमा स्थायी स्वरूप प्राप्त गरेका छन् । यिनै अतिकल्पना वा स्वैरकल्पनाबाट लोकमानसमा स्थापित विश्वासहरू नै लोकविश्वास हुन् । यसरी अतिकल्पनाको माध्यमबाट लोकविश्वास बन्न पुगेका यी लोकविश्वासलाई निम्नलिखित नौ उपशीर्षकमा चर्चा गरिन्छ (पराजुली १६८) ।

**(१) बहुलोकसम्बन्धी लोकविश्वास**

लोकसमाज ज्यादै आस्तिक देखिन्छ । यसले तीन त्रिलोक र चौध भुवनमाथि विश्वास गर्दछ । नेपाली लोककथाहरूमा पृथ्वी, स्वर्ग, पातल आदिको चर्चा गरेको पाइन्छ

(पराजुली १७३) । लोककथाका पात्रहरू यिनै अलौकिक लोकमा बस्दछन् । कतिपय लोककथाहरूमा यिनै अलौकिक लोकको प्रयोग र प्रभाव पाइन्छ । यस्ता लोकसम्बन्धी विश्वासहरू लोकविश्वास हुन् ।

**(२) दैवीशक्तिप्रति विश्वास**

दैवीशक्ति अन्तर्गत ईश्वर, देवीदेवता, पितृ र कुलदेवता पर्दछन् । लोकसमाजमा जुन धर्म रहिआएको छ त्यसमा ईश्वर तथा अन्य देवदेवी, अप्सरा, नाग, किन्नर, किन्नरीप्रति श्रद्धाभाव राखिन्छ । यी सबै देवोयोनि अन्तर्गत पर्दछन् । आफ्ना धर्ममा कटिबद्ध यस्ता दैविक पात्रको अस्तित्वलाई जस्ताको तस्तै स्वीकार गर्नु र उनीहरूका कथा श्रवण गर्नु लोकसमाजको परम्परागत प्रवृति नै बनेको छ (पराजुली १८२) ।

**(३) अर्द्धदैविक शक्तिप्रति  विश्वास**

ऋर्द्धदैविक शक्ति अन्तर्गत भूत, राक्षस, ख्याक, लाखे, भयाम्नी, बोक्सी, बोक्सेरो पर्दछन् । हिन्दू धर्मका अनुसार अगतिपरी मरेर आत्मा भड्किएका अतृप्त योनीहरूमा राक्षस, भूत–प्रेत आदिको अस्तित्वलाई स्वीकार गरिएको हुन्छ । यस्ता प्रेतात्माले बेला, कुबेला, कुठाउँ पारी दुर्बल मानिसलाई तर्साउने, सताउने, लाग्ने आदि गर्दछन् । राक्षस भन्नाले एक प्रकारको निम्न योगी र विशेष जातको भन्ने बुझिन्छ । पुराणमा राक्षस र दानवलाई एकै अर्थमा लिइएको पाइन्छ । राक्षेसलाई देवयोनीको रूपमा लिइने भएकोले शुभकार्यमा राक्षसको भाग छुट्याउनु पर्ने प्रचलन रहिआएको छ (पराजुली १८३) ।

**(४) सांस्कृतिक नायकसम्बन्धी विश्वास**

प्रत्येक जातिमा आफ्नो सभ्यता हुन्छ । मानव समाजले आफ्नो सभ्यतालाई बोकेर हिँडने क्रममा आफ्नो विशेष प्रभावले व्यक्ति, समाज, राष्ट र सिङ्गो विश्वलाई नेतृत्वदायी भूमिका दिन सक्ने महान् व्यक्तिलाई सांस्कृतिक नायक मानेको पाइन्छ । मानव समाजमा आफ्नो विशेष भूमिकाले गर्दा उनीहरूले भगवानकै दर्जा पाएका हुन्छन् । कृष्ण, राम, हरि, विष्णु, बुद्ध, अल्लाह, युधिष्टिर आदि यस्तै प्रकारका नायकका रूपमा पर्दछन् । यस्ता सांस्कृतिक नायकप्रतिको अगाध विश्वास लोकसमाजमा पाउन सकिन्छ (पराजुली १७४) ।

### (५) अद्भूत पराक्रमी मानवसम्बन्धी विश्वास

प्राचीन मानव विवेकपूर्वी अवस्थामा थियो । त्यसबेला उसमा यथार्थ र कल्पना बीचमा भेद हुन्छ भन्ने कुराको ज्ञान थिएन । उसले यस्ता कुराहरूमा भेदभाव गर्दैनथ्यो । सपनामा देखेका कुरालाई पनि सत्य मानेर उसले आफ्नो धारणा बनाउँथ्यो । त्यसबेला उसले अद्भूत पराक्रम भएका मानवको कल्पना गरी त्यसलाई लोकसाहित्यमा अभिव्यक्त गऱ्यो (पराजुली १७५) । धार्मिक ग्रन्थ, पुराण र शास्त्रमा वर्णित घटना र व्यक्तिको प्रसङ्गलाई लिएर आफ्नो मनमा स्थायी धारणा बनायो । यस्ता धारणाप्रतिको विश्वास पनि लोककथामा पाउन सकिन्छ ।

### (६) अतिकाल्पानिक ठाउँसम्बन्धी विश्वास

प्राचीन समयका मानव यथार्थमा भन्दा बढी कल्पनामा रमाउँथे । हाम्रा पुराणमा वर्णित अतिशयोक्तिपूर्ण लाग्ने स्थानहरूको सादृश्यमा लोकमानसले असाधारण ठाँउको कल्पना गरी लोकसाहित्यमा आफ्नो भावना पोखेको हुन्छ (पराजुली १७९) । यस्ता प्रसङ्गको वर्णन पनि लोककथामा प्रसस्त मात्रमा पाइन्छ ।

### (७) असाधारण शक्ति भएका जीवसम्बन्धी विश्वास

लोकविश्वास लोकमानसको अवचेतन मनमा गढेर रहेको हुन्छ । यसै आधारमा लोकमानसले सामान्य जीवनबीच पनि अनौठो शक्तिको कल्पना गर्छ अनि त्यसैसम्बन्धी आफ्नो धारणा बनाउँछ । यसैमा रमाइलो गर्ने, डराउँने तथा तर्सने समेत गर्दछ । यसैका आधारमा विभिन्न कथाकुथुङ्गीहरू रच्न पुग्छन् जसबाट विभिन्न लोककथाहरूको जन्म पनि हुन्छ (पराजुली १७६) ।

### (८) असाधारण पदार्थसम्बन्धी विश्वास

प्राचीन मानवले प्रत्येक जड वस्तुमा पनि आत्मा हुन्छ भन्ने कुरामा विश्वास गरेको हुन्थ्यो । त्यहीकुराको अनुकरण गर्दै आजको लोकसमाजले त्यही कुराप्रति विश्वास लिएको हुन्छ (पराजुली १७९) । असाधारण अवस्था र असाधारण ठाउँमा जड वस्तुमा पनि चेतना हुन सक्छ भन्ने लोकविश्वास रहेको पाइन्छ ।

### (९) असाधारण मौसम र प्रकृतिसम्बन्धी विश्वास

लोकमानसमा प्रकृतिप्रति पनि विश्वास रहेको हुन्छ । प्रकृतिमा आउँने सबै प्रक्रियामा देवीतत्त्व लुकेको हुन्छ त्यसैले तिनलाई दैवी शक्तिको रूपमा लिनुपर्छ भन्ने लोकमानसले विश्वास लिएको हुन्छ । सूर्य, अग्नि, तेज, वायु, आकाश, नदी, वृक्ष, वनस्पति आदि सबैमा अलौकिक गुण रहेको हुन्छ । त्यसैले तिनलाई सबैले श्रद्धा भावले हेर्छन् अनि पूजा पनि गर्छन (पराजुली १७६) । त्यसैले मानस जीवन सुखमय हुन्छ भन्ने विश्वास लोकसमाजले लिएको हुन्छ । प्रकृतिको सन्तुलित रूपलाई माधुर्य र भयानक अवस्थालाई रौद्र रूपका लिइन्छ ।

## २. धर्म र अनुष्ठानप्रतिका विश्वासहरू

धर्म मानवमा रहेको आस्थाको पुञ्ज हो भने अनुष्ठान आस्थाको निष्ठा वा कार्यरूप हो । असल र हितकारी भनिएको कर्मविधान नै धर्म हो भनी लोकले पनि भनेको छ । परापूर्वकाल देखि नै मानिसले पाप-पुण्य, स्वर्ग-नरक, पितृ-देवता, दान-धर्म र अनुष्ठानमाथि विश्वास गर्दै आएको छ । यिनीहरू लोकसमुदाय बाँच्न पनि सक्दैन । त्यसैले यी कुराहरू अतीतको मात्र नभएर आजका मानिसका पनि पर्याय बनेका छन् (पराजुली १८०) । त्यसैले यी धर्म-अनुष्ठानसम्बन्धी विश्वास पनि लोकविश्वास हुन् । यसरी धर्म र अनुष्ठानका माध्यमबाट लोकविश्वास बन्न पुगेका यी लोकविश्वासलाई निम्नलिखित बाह्र उपशीर्षकमा चर्चा गर्न सकिन्छ ।

### (१) धर्मप्रति विश्वास

असल र हितकारी कर्म नै धर्म हो । धर्ममा नैतिकता हुन्छ । यो नैतिक जीवनको मार्गदर्शक हो । लोकले जे धारण गर्छ त्यो नै धर्म हो । अर्काको भलाइ गर्नु, अर्कालाई दुःख नदिनु, चित्ता शुद्धि गर्नु, दान-पुण्य गर्नु, तीर्थ-वर्त गर्नु आदि कुरा धर्मका क्षेत्रभित्र पर्दछन् (पराजुली १८१) ।  यस्ता धार्मिक आस्थाप्रति लोकसमाजको अगाध आस्था रहेको हुन्छ ।

### (२) दैवीशक्तिप्रति विश्वास

धर्ममा ईश्वरप्रति विश्वास गरिन्छ । जीव र जगत्को परम्पर सम्बन्ध गराउने र जीव जगत्को रेखदेख गर्ने तत्त्वका रूपमा धर्मले ईश्वरलाई मानेको हुन्छ । ३३ थरीका देवीदेवतालाई लोकसमाजले स्वीकार गर्छ । लोकले महादेवलाई आराध्य देव मान्नुका साथै विष्णु, राम, कृष्णलाई पनि भगवान् विष्णुकै रूप मानेको छ । त्यस्तै भगावतीमा आदिरूप

दुर्गालाई मानिन्छ । त्यस्तै मरेका आफ्ना अग्रजलाई पितृ भनिन्छ भने आफ्ना कुल (वंश) अनुसारका देवतालाई कुलदेवता भन्निछ । देवताले दिए पनि पितृ रिसाए भने खोस्छन् भन्ने मान्यताअनुसार लोकसमाजले पितृलाई शुद्ध मनले श्रद्धा गर्दछन् । त्यस्तै आफ्नो कुलको परम्पराअनुसार कुलदेवताको पूजा पनि लोकसमाजले गर्ने गर्छ । यसरी देवी, देवता, पितृ र कुलदेवताप्रतिको विश्वास नेपाली लोकसमाजमा प्रतिविम्बित भएको हुन्छ (पराजुली १८२) ।

### (३) अर्द्धदैविक शक्तिप्रति विश्वास

हिन्दू धर्मशास्त्रले भूतलाई देवीयोनीअर्न्तगत राखेको छ र एक विशेष शिवगण भनी बताइएको छ । 'भूत' मानव विश्वासमा भएको दुष्तत्त्मध्ये एक मानिन्छ । देव पूजा र पितृ पूजामा भूत मन्साएने गरिन्छ । 'ख्याक' नेवारी भाषामा भूत हो । लाखे भनेको पनि राक्षस नै हो । काठमाडौँको लोकसंस्कृतिमा लाखेको रूपमा नाच्ने परम्परा छ । मानिसलाई रातविरात तर्साएरु बिरामी बनाएने दुष्तत्त्वलाई नै भयाम्नी भनिएको पाइन्छ । यो वायू रूपको भूत हो । बोक्सो तन्त्र मन्त्रका आधारमा कसैमाथि लागेर तर्साउने र अस्वस्थ बनाउँने स्वास्नी हो । यसका तत्त्वहरूलाई छौँडा भनिन्छ । बोक्सीले छौँडी खेलाएर अरूमाथि दुष्प्रयास छोड्छन् भन्ने विश्वास गरिन्छ । बोक्सेरो भनेकै बोक्सीको पुलिङ्ग हो । यसरी यिनै तत्त्वमाथिको विश्वासमा लोकसमाज बाँचेको छ (पराजुली १८३) ।

### (४) अतृप्त आत्मासम्बन्धी विश्वास

प्रेतलाई पनि समाजमा आत्माको रूपमा विश्वास गरिन्छ । विविध कारणले अल्पआयुमा मरेका र मरेपछि विधिपूर्वक काजकिया सम्पन्न नभएका मानव जीवत्माको सूक्ष्म रूपलाई प्रेत भनिन्छ । यसले सूक्ष्म रूप लिएर भूतको सहयोगीको रूपमा काम गरी मानिसलाई दुःख दिने गर्छ भन्ने लोकविश्वास रही आएको छ । सुत्केरी हुन नसकेर मरेका महिलाहरू, अगति परेका वा दुःख पाएर मरेका महिलाहरू वा केटीहरू किच्कन्ने हुन सक्छन भन्ने विश्वास गरिन्छ । यस्ता महिला रूपका किच्कन्नेहरू सुन्दर त हुन्छन् तर खुट्टाका पैताल पछाडि फर्किएका हुन्छन् । त्यस्तै टाउको काटिएर दुर्गति परेका, राम्ररी सत्गत् नभएका व्यक्तिबाट उत्पन्न हुने विशेष भूतप्रेत मुर्कटो हो । मसान भन्नाले मुर्दा पोल्ने वा गाड्ने निश्चित ठाउँलाई भन्ने बुझिन्छ । यस्ता ठाउँमा अगति परेका मृतात्माहरू घुमिरहन्छन् । मसान मानिसमा लागेर दुःख दिन्छ भन्ने विश्वास गरिन्छ । मसान सन्त्रासमय ठाउँ हो भन्ने कुरामा लोकसमाज विश्वास गर्दछ (पराजुली १८४) ।

**(५) धार्मिक व्यक्तित्वप्रति विश्वास**

यमराज, चित्रगुप्त, यमदूत, भावी आदिलाई देवदूतका रूपमा लिइन्छ । यमराज यमलोकको अधिपति मानिन्छन् । चित्रगुप्त यमराजका सहयोगी हुन् । यमदूतहरूले प्राणीहरूको आयु सकिएपछि अन्य लोकबाट यमलोकमा लैजान्छन् भन्ने विश्वास रहेको पाइन्छ । यस्तै पुजारी धार्मिक विधिसहित देवीदेवताको पूजा गर्ने व्यक्तिका रूपमा रहन्छन् । धामी, विजुवा, झाक्री पनि पुजारीकै विशेषता भएका अर्द्धदैविक शक्तियुक्त पुरुष मानिन्छन् (पराजुली १८४) ।

**(६) जातीय संस्कारप्रति विश्वास**

कुनै अशुद्ध वस्तुलाई निश्चित विधिद्वारा शुद्ध गर्नेलाई संस्कार भनिन्छ । लोकजीवनमा संसारका सबै पदार्थहरू अपवित्र हुन्छन् भन्ने विश्वास गरिन्छ । यिनीहरूलाई संस्कारद्वारा शुद्धीकरण गरेपछि मात्र व्यवहार योग्य हुन्छन् भन्ने लोकविश्वास रहेको पाइन्छ । प्रायः धार्मिक प्रयोगमा आउने पदार्थहरूको शुद्धीकरण गर्ने चलन छ । यज्ञ लगाउने ठाउँको ढुङ्गामाटो र यज्ञमा प्रयोग गरिने द्रव्यहरूलाई शुद्धीकरणद्वारा पवित्र बनाउने प्रचलन रहेको पाइन्छ (पराजुली १८५) ।

**(७) पाप–पुण्यप्रति विश्वास**

जुनसुकै मानिसहरू कुनै न कुनै धर्मप्रति आस्थावान हुन्छन् । उनीहरू आ-आफ्नो धर्मप्रति गहिरो विश्वास गर्दछन् । नराम्रो काम गरे पाप लाग्ने र राम्रो काम गरे पुण्य हुने विश्वासले गर्दा लोकसमाज धार्मिक र नैतिकवान् बन्न सकेको छ । धर्म गरे स्वर्ग प्राप्ति हुने र पाप गरे नरकको यातना भोग्नुपर्ने कुरामा लोकसमाज विश्वास गर्दछ (पराजुली १८७) । यिनै लोकविश्वास लोकसमाजमा रहेका छन् ।

**(८) यज्ञ, दान, व्रत र पर्वसम्बन्धी विश्वास**

लोकसमाजमा विभिन्न प्रकारका यज्ञ, दान, व्रत र पर्वसम्बन्धी विश्वासहरू पाइन्छन् । लोकसमाज यस्तै विश्वासहरूले अभिप्ररित भएको पाइन्छ । यज्ञ गर्‍यो भने चिताएको पाइन्छ भन्ने लोकविश्वास रहिआएको पाइन्छ । दान गर्‍यो भने अब आउँने जन्ममा सम्पन्नता हासिल गर्न सकिन्छ । त्यस्तै व्रत बस्यो भने देवीदेवतालाई खुसी पारी मनले चिताएको फल

प्राप्त गर्न सकिन्छ (पराजुली १८८) । त्यस्तै पर्व विशेष प्रकारले मनाउनुपर्छ र पर्वअनुसारको व्रत बस्नुपर्छ भन्ने विश्वास लोकसमाजमा पाइन्छ ।

### (९) वेद, पुराण, धर्मशास्त्र र व्रतकथासम्बन्धी विश्वास

लोकसमामा आ-आफ्नै प्रकारका धर्महरूप्रति विश्वास गरिन्छ । लोकसमाजले वेद, पुराण र धर्मशास्त्रलाई पवित्र ठानेर श्रवण गर्दछ । यसो गर्नले आफ्नो जीवन धनधान्य भएको ठान्दछ । वेदलाई आदिग्रन्थ र औपरुषेय ग्रन्थ मान्ने नेपाली लोकसमाजले पुराण तथा धर्मशास्त्रलाई देववाणीलाई ठान्दछ । उदाहरणको रूपमा स्वस्थानी व्रतकथालाई लिन सकिन्छ । यसको नेपाली लोकसमाजमा आफ्नै किसिमको महत्त्व छ । यसरी वेद, पुराण तथा धर्मशास्त्रद्वारा निर्देशित नेपाली समाज तिनै ग्रन्थप्रति गहिरो विश्वास एवम् श्रद्धाभाव राख्दछ (पराजुली १८९) ।

### (१०) तीर्थयात्रामा विश्वास

लोकसमाजमा तीर्थयात्रामा पनि विश्वास गर्ने चलन रहिआएको छ । तीर्थयात्राबाट प्राप्त हुने धर्मले मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने जनविश्वास लोकसमाजमा रहेको छ । निश्चित उमेर पार गरेका व्यक्तिहरू तीर्थटनमा घुमी आफूलाई पवित्र पार्नुपर्छ भन्ने जनविश्वास रहिआएको छ । सबै तीर्थहरू घुमेर मुक्तिनाथको दर्शन गर्नाले मुक्ति पाइन्छ भनिन्छ । नेपालका पशुपतिनाथ, मुक्तिनाथ, बराहक्षेत्र, भारतका गया, काशी, बद्रीनाथ आदिलाई पवित्र तीर्थ मानिन्छ । तीर्थयात्रुले तीर्थ जाँदा आफू गृहस्थबाट मुक्त भएको अनुभवका साथै पवित्र भएको पनि अनुभव गर्छ (पराजुली १८९) । त्यसैले तीर्थयात्राप्रति नेपाली लोकसमाजको गहिरो विश्वास रहेको पाइन्छ ।

### (११) जातीय प्रथासम्बन्धी लोकविश्वास

कुनै पनि धर्ममा विभिन्न प्रकारका प्रथा र विश्वासहरू रहेका हुन्छन् । धर्म प्राप्तिको लागि देवीदेवतालाई पशुको बलि दिनुलाई बलि प्रथा भनिन्छ । पुराणमा कतै मानिसको बलि दिएको पनि पाइन्छ । लोग्ने मरेपछि त्यही लोग्नेको लाशसँगै जिउँदै एउटै चितामा जलेर मर्नु सतीप्रथा हो । सतीप्रथालाई चन्द्रशमसेरको पालादेखि उन्मूलन गरियो भने बलिप्रथा अहिलेसम्म पनि विद्यमान छ तर देश, काल, परिस्थितिअनुसार जातीय प्रथाको पनि उन्मूलन हुन्छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ (पराजुली १९१) । अझै पनि हाम्रो समाजमा

बालविवाह, बहुविवाह, बलिप्रथाप्रति विश्वास कायमै छ । रजस्वला नभएकी कन्यालाई दियो भने सात जन्मसम्म तरिन्छ भन्ने विश्वास अहिले पनि लोकसमाजमा कायमै छ ।

### (१२) पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास

लोकसमाजमा विभिन्न प्रकारका विश्वासहरू रहेका हुन्छन् । मानिसले आफ्नो जीवनकालमा जेजस्ता कार्य गर्दछ, त्यसैका आधारमा अर्को जन्म (पुनर्जन्म) लिन्छ र अघिल्लो जन्मको धर्मअनुसारको फल प्राप्त गर्दछ भन्ने विश्वासलाई पुनर्जन्मसम्बन्धी विश्वास भनिन्छ । पृथ्वीमा ८४ लाख जीवहरू रहेका छन् भन्ने विश्वास गरिन्छ । यहाँ रहेका प्रत्येक जीवले आफ्नो धर्मकर्मअनुसार प्राणीको जीवन प्राप्त गर्दछ । यस जन्ममा जस्तो काम गऱ्यो अर्को जन्ममा त्यस्तैअनुसारको जीवका रूपमा जन्म लिन्छन् भन्ने विश्वास रहेको पाइन्छ । नराम्रो काम गरेमा कीट, पतङ्ग आदि नराम्रो जीवमा र राम्रो काम वाधर्म गरेमा राम्रो प्राणी भएर जन्म लिन्छ भन्ने विश्वास पाइन्छ । मानिसले आफ्नो जीवनमा गरेका राम्रा, नराम्रा कार्यको प्रभावस्वरूप चरो, सर्प, भ्यागुतो, जनवार, रूख, किरो आदिको जुनीमा जन्म लिइएका विभिन्न प्रसङ्गहरू पाइन्छ । आफूले जानेको ज्ञान नदिँदा सुन्तला भएर जन्मिएको, अर्काको समान पैँचो लिइएकोमा फिर्ता नगरेको दोषमा गोरु भएको, धार्मिक कार्य पूरा नगरी अकाल मरण भएमा पिशाच, दोख, किच्कन्या, मुर्कुटो भई जन्मेको तथा मानिस फूल, रूख, बाँस आदिमा रूपान्तरण भएको आदि प्रसङ्गहरू विभिन्न लोककथाहरूमा पनि चित्रण गरिइको पाइन्छ (पराजुली १९२) । यस्ता विश्वासहरू मानिसभित्रको चेतन तत्त्व जागृत भएपछि अनुभूत गर्न सकिन्छ ।

## ३. जादु, टुनामुना तथा योगसम्बन्धी विश्वासहरू

मानिसले विभिन्न साधनाका माध्यमद्वारा अलौकिक शक्ति आर्जन गर्न सक्छ अनि त्यसका माध्यमबाट विभिन्न चमत्कारहरू देखाउन सक्छ भन्ने आदिम भावनामा रहेका जादु, टुनामुना र योगसँग सम्बन्धित विश्वासहरू पनि लोकविश्वास हुन् (पराजुली १६८) । यस अन्तर्गत इन्द्रजाल, जादुसिद्धि र योगसिद्धिहरू, रूपान्तरण, तान्त्रिक बन्धन र मुक्ति, लोकविश्वासहरू पर्दछन् । नेपाली लोककथामा प्राप्त जादु, टुनामुना र योगसँग सम्बन्धित लोकविश्वासहरू आठ प्रकारका रहेका छन् जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**(१) जादुगरी शक्तिसँग सम्बन्धित विश्वासहरू**

स्वर्गका देवता इन्द्रको जाललाई इन्द्रजाल भनिन्छ । उनमा योगका आठ सिद्धिहरू र तन्त्रका छवटा सिद्धिहरू प्राप्त छन् । यस्ता सिद्धिहरू प्रयोग गरेर माया, मोह र भ्रम सिर्जना गरी राक्षसहरूमाथि विजय प्राप्त गरेका थिए (पराजुली १७६) । यी इन्द्रजाल वा तान्त्रिक चमत्कारका विभिन्न पक्षहरू लोकसमाजमा प्रशस्तमात्रमा पाइन्छन् । पोखरीको पानीमा विभिन्न टुनामुना गरेर त्यसलाई पिएमा मोहनी लाग्ने बनाइने लोकविश्वास समाजमा पाइन्छ ।

**(२) तन्त्र, योग र जादुसम्बन्धी विश्वास**

ज्ञानको विस्तार गर्ने शास्त्रलाई तन्त्र भनिन्छ । यो साधनामूलक विद्या हो । तन्त्रको प्रयोगद्वारा अनुचित कार्य गर्नु वा लोकविनाशकारी कार्य गर्नु अभिचारक्रिया हो । तन्त्र, मन्त्र र यन्त्रका माध्यमबाट अभिष्ट पूरा गर्न गरिने कार्यलाई तान्त्रिक कार्य भनिन्छ (पराजुली १७७) । नेपाली लोकजीवनमा यस्ता तन्त्रमन्त्रको प्रयोग भएका विभिन्न कथाहरू पाइन्छन्, जहाँ यससँग सम्बन्धित लोकविश्वासहरू रहेका हुन्छन् ।

**(३) रूपान्तरणसम्बन्धी विश्वासहरू**

जादु र इन्द्रजालद्वारा सिद्धि प्राप्त व्यक्तिले एक मानिसलाई अर्को मानिसमा, पशुलाई मानिसमा, मानिसलाई वस्तुमा, एक वस्तुलाई विविध वस्तुमा रूपान्तरण गर्न सक्छ । यसरी रूपान्तरण हुन्छन् भन्ने कुरामा लोकमा विश्वास रहेको हुन्छ (पराजुली १७९) । यस्ता विश्वासमा नै लोकविश्वास अन्तरनिहित रहेको हुन्छ ।

**(४) जादुका वस्तुसम्बन्धी विश्वासहरू**

जादुका वस्तुहरू शक्तिशाली हुन्छन् । यिनमा अतिरिक्त शक्ति हुन्छ भन्ने विश्वास पाइन्छ । मानिसले गर्न नसकेको कामहरू पनि यस्ता वस्तुले गर्न सक्छन् भन्ने विश्वास रहेको छ । मानिसलाई मार्न र ब्युँताउन सक्ने जादुको चमर, भूत-वर्तमान र भविष्य देखाउन सक्ने सुनौला पिँजरा, जति सामान राखे पनि अटाउने डोको, चिताएको चिज दिनसक्ने मनचिन्ते झोली जादुका वस्तुहरू हुन् (पराजुली १७८) ।

**(५) जादुको बन्धन र मुक्तिसम्बन्धी विश्वासहरू**

जादुको प्रयोग गरेर कुनै पनि व्यक्तिलाई बन्धनमा राख्ने र जादुकै प्रयोग गरेर उसलाई मुक्त गर्ने सम्बन्धी लोकविश्वास यस अन्तर्गत पर्दछन् (पराजुली १८०) । जादुद्वारा बन्धन र मुक्ति दुबै प्राप्त गर्न सकिन्छ भन्ने लोकविश्वास समाजमा पाइन्छ ।

**(६) मोहनी, वशीकरण, मारण र टुनामुना आदिसँग सम्बन्धित विश्वासहरू**

जादुद्वारा मोहनी लगाउनु, वशीकरण गर्नु, मार्नु, टुनामुना लगाउनु, आकाशमा उडनु, विस्तारित हुनु आदि कार्य गर्न सकिन्छ भन्ने विश्वास लोकप्रचलित छ (पराजुली १८०) ।

**(७) तन्त्रमन्त्र र झारफुकसम्बन्धी विश्वास**

तन्त्रमन्त्र टुनामुना कै एक रूप हो भने झारफुक औषधोपचार गर्ने एक विधि पनि हो । तन्त्र भनेको विशेष पद्धति हो भने मन्त्र एकनिष्ठ भावनाले कुनै कार्यको सिद्धिका निम्ति गरिने साधना हो । तन्त्रमन्त्रले आफ्नो सूक्ष्म विधिद्वारा कुनै क्रिया गरिरहेको हुन्छ भन्ने लोकमा विश्वास रहेको हुन्छ । तन्त्रमन्त्र र झारफुकमा पनि वैज्ञानिकता रहेको विश्वास गरिन्छ (पराजुली १८०) । यसलाई आधुनिक चिकित्सा पद्धतिको रूपमा पनि लिइएको पाइन्छ । अतः तन्त्रमन्त्र र झारफुकलाई पनि जादुसम्बन्धी लोकविश्वास कै रूपमा लिइएको पाइन्छ ।

**(८) इन्द्रजालसम्बन्धी विश्वास**

मायारूपी विद्यालाई इन्द्रजाल भनिन्छ । यसद्वारा मायावी दृश्य देखाइनुको साथै यसले समस्या पनि समाधान गरेका कारण लोकमा यसप्रति गहिरो लोकविश्वास रही आएको पाइन्छ (पराजुली १८२) । एक वस्तुलाई अर्को वस्तु बनाइदिनु, कुनै समस्यालाई छुमन्तार गरेर समाधान गरिदिनुले मानिसको मनमष्तिकमा समेत भ्रम सिर्जना गरिदिन्छ । मानिसले यस्तो कार्यलाई सत्य नै ठानेर साधारणीकरण गरेर अनुभव गर्छ ।

**४. आत्मशीलताप्रति विश्वास**

हरेक प्राणी र पदार्थमा चेतना हुन्छ, विवेक हुन्छ सबै प्राणी पदार्थको मानवको जस्तै स्वभाव हुन्छ र यी जीव पदार्थहरू मानवले झैँ बोल्न अनुभव गर्न सक्छन् भन्ने विश्वासलाई आत्मशीलता भनिन्छ । यस्ता आत्मशील भावनाहरू लोकमानसका आदिम चिन्तन हुन् (पराजुली १७०) । यिनीहरूमा पनि लोकविश्वास रहेको पाइन्छ, जुन दुई प्रकारका रहेका छन् ।

**(१) मानवेतर प्राणीहरूमा आत्माशीलताको विश्वास**

कतिपय कथाहरूमा मानवेतर प्राणीहरूलाई आत्माशील मान्ने प्रचलन रहेको छ । पशु, पक्षी, सरीसृप आदि मानवेतर प्राणी हुन् । यिनीहरू मानिसले झैँ गरी बोल्न, काम गर्न, विचार-विवेक गर्न र संवेदना ग्रहण गर्न सक्छन् भन्ने लोकविश्वास रहेको पाइन्छ (पराजुली १९२) । त्यसैले पशु, पक्षी र सरीसृपहरू पनि मानिसजस्तै भएर क्रियाशिल पात्रका रूपमा काम गर्दछन् ।

**(२) वृक्षवनस्पति र पदार्थमामा आत्माशीलताको विश्वास**

वृक्षवनस्पतिहरू र हावा , माटो, ढुङ्गा, पानी एवम् अन्य पदार्थहरू आत्मशील हुन्छन् । यिनीहरू पनि मानिसजस्तै गरेर बोल्न, हिँडन, काम गर्न, विचार विवेक गर्न तथा संवेदना ग्रहण गर्न सक्छन् भन्ने लोकविश्वास रहेको पाइन्छ । पात्रहरू पनि मानिसजस्तै क्रियाशिल हुन्छन् । मानिसका हरेक कार्यमा सहयोग गर्दछन् । वृक्षवनस्पति तथा पदार्थसँग विवाह गर्ने प्रचलन अहिले पनि रहेको पाइन्छ । तुलसी, वरपिपल, मृतसञ्जीवनी बुटी, कल्पवृक्ष, पारिजात, रूद्राक्ष, बेलपत्र, शालीग्राम, अमरफल, सूर्य, चन्द्र, वायु आदिमा दिव्यशक्ति भएको मानिन्छ (पराजुली १९३) । यिनीहरूको प्रयोगबाट मानिसले आफ्नो अभिष्ट पूरा गर्न सक्दछ भन्ने लोकविश्वास रहिआएको छ ।

**५. विविध लोकविश्वास**

लोकमा अतिकल्पना वा स्वैरकल्पनाप्रतिका विश्वासहरू, धर्मअनुष्ठानप्रतिका विश्वासहरू, जादु, टुनामुना तथा योगप्रतिका विश्वासहरू, आत्मशीलताप्रतिका विश्वासहरूका साथै अन्य विविध विश्वासहरू पनि रहेका छन् जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ (पराजुली १९३) ।

**(१) भविष्यवाणीप्रति विश्वास**

लोकमा विभिन्न प्रकारका विश्वासहरू रहेका छन् । लोकले भविष्यवाणीप्रति पनि विश्वास गर्दछ । भविष्यमा हुने कामको बारेमा पहिले नै थाहा हुनुलाई भविष्यवाणी भनिन्छ । नेपाली समाजमा देवीदेवता तथा सिद्धहरूले गर्ने भविष्यवाणीमा धेरै विश्वास रहेको पाइन्छ । उनीहरूले बताएका भविष्यवाणी अकाट्य हुन्छन् भन्ने लोकविश्वास

समाजमा रहदै आएको पाइन्छ । आकाशवाणीलाई पनि भविष्यवाणीकै रूपमा लिइन्छ । यसको बारेमा हाम्रा पुराण तथा धर्मशास्त्रमा पनि उल्लेख गरिएको पाइन्छ (पराजुली १९३) । यो आध्यात्मिक हुन्छ । यसमा आफूभित्रको चेतन तत्त्वको अनुभूत  गरिन्छ । यसअन्तर्गत चार प्रकारका विश्वासहरू रहेका छन् ।

**(क) देवीदेवता तथा सिद्धहरूले बताएका भविष्यवाणीहरू**

देवी, देवता तथा सिद्धहरूमा विशेष शक्ति रहेको हुन्छ जसलाई दिव्यशक्ति भनिन्छ । यस्तो शक्ति त्रिकालदर्शी हुन्छ भन्ने लोकविश्वास रहेको छ । यिनीहरूले गरेको भविष्यवाणी सत्य हुन्छ भन्ने विश्वास समाजमा रहेको पाइन्छ (पराजुली १७९) ।

**(ख) ज्योतिषशास्त्रले बताउने फल र भविष्यवाणीसम्बन्धी विश्वास**

लोकजीवनमा ज्योतिषशास्त्रप्रति निकै विश्वास गरिन्छ । ज्योतिषशास्त्र आफैँमा गणितशास्त्र भएकोले यो विज्ञान पनि हो । यसमा ग्रह नक्षत्रहरूको गति, स्थिति र मानिसको जीवनमा ग्रह-नक्षत्रले पार्ने प्रभावको विवेचना गरिएको शास्त्रलाई ज्योतिषशास्त्र भनिन्छ । यसलाई धर्मले साथै विज्ञानले समेत प्रमाणित गरिसकेको छ । ज्योतिषशास्त्रप्रति विश्वास गर्नु, ज्योतिषले बताएअनुसार जीवनका प्रत्येक संस्कारहरूको सम्पादन गर्नु, ज्योतिषले बताएको भविष्यमा विश्वास राख्नु आदि कारणले लोकजीवनमा यस विषयप्रति आस्था रहेको पाइन्छ । नेपाली लोकसमाजमा त झन ज्योतिषप्रति अगाध श्रद्धा रहेको पाइन्छ । उसले भविष्यका बारेमा व्यक्त गरेका भनाइलाई लोकले अकाट्य मान्दछ र केही समस्या पऱ्यो भने ऊ ज्योतिषकै शरणमा जान्छ । आपत् परेको अवस्थामा र अन्य अवस्थामा ज्योतिषकै शरणलाई नै लोकसमाजले पत्यर गर्छ (पराजुली १९५) । लोकसमाज भाग्य र भविष्यप्रति अति नै आस्थावान् हुनाले ज्योतिषशास्त्रको महत्त्व सर्वोपरि रहेको छ ।

**(ग) शकुन अपशकुनका माध्यमद्वारा दिइने सङ्केत स्वरूप भविष्यवाणीहरू**

लोकमा कुनै कार्यको थालनी गर्दा, शुभ साइत गर्दा वा विशेष काम गर्दा त्यसको बारेमा सुरू नै  लक्षण विचार गर्ने लोकप्रचलन रहेको पाइन्छ । कुनै वस्तु, व्यक्ति र वातावरण देख्दा राम्रो हुन्छ भन्ने विश्वास शकुन हो । यस्तो शकुनगत धारणले समाजमा गहिरो प्रभाव पारेको हुन्छ । शुभ शकुन देखिएमा कार्य सिद्धि हुने र यात्रा मङ्गलदायक हुने र अपशकुन देखिएमा कार्यमा बिध्न आइपर्ने वा यात्रा कष्टप्रद हुने विश्वास गरिन्छ । लोकले

शकुनसम्बन्धी विश्वासलाई पाइला पाइलामा पच्छयाइका हुन्छन् (पराजुली १९७) । यसै परिपेच्क्षमा शुभ-अशुभ, फाप-अफाप आदि कुराको निक्यौल त्यसको प्रारम्भबाट नै हुन्छ भन्ने कुरामा लोकसमाज विश्वास गर्दछ ।

### (घ) सु-स्वप्न र दु:स्वप्नका रूपमा विश्वास गरिने भविष्यवाणीहरू

मानिसले निदाएको समयमा मानसिक रूपमा देखिने दृष्य, घटना वा मनमा खेल्ने कुरालाई सपना भनिन्छ । मनोविश्लेषकहरू मानिसको अवचेतन मनमा रहेका जुगुप्सित भावनाहरूले कुनै दृष्यबिम्बको स्वरूप लिएर प्रकट हुन खोज्दा सपना देखिन्छ भन्ने विचार राख्दछन् । दर्शनशास्त्रीहरूको सपनासम्बन्धी भिन्न विचार रहेको छ । उनीहरू सपनालाई जीवहरूको मानसिक क्रियाकलपको दृश्य ठान्दछन् । चेतन अवस्थामा आत्मा र जीव सक्रिया रहेका हुन्छन् भन्ने उनीहरूको भनाइ रहेको छ (पराजुली १९९) । लोकसमाजमा सपनालाई सपना देखेकै आधारमा त्यसको फलबारे भविष्यवाणी गर्ने चलन रहिआएको छ । राम्रो सपनालाई राम्रो भविष्यवाणी र नराम्रो सपनालाई नराम्रो भविष्यवाणीको रूपमा लिइन्छ । यी सपनाहरू रातको प्रथम प्रहरमा देखिएमा एक वर्षमा फल दिने, दोस्रो प्रहरमा देखिएमा आठ महिनामा फल दिने, तेस्रो प्रहरमा देखिएमा तीन महिनामा फल दिने, चौथो प्रहरमा देखिएमा दस दिनमा फल दिने अरूणोदयमा देखिएमा तत्काल फल दिने विश्वास गरिन्छ । अशुभ सपना देखेर पूनः निदाएमा तथा दिसा बस्दा सपना सम्झेमा सपनाको फल निष्क्रिय हुने विश्वास गरिन्छ भने शुभ सपना देखेर निदाउन हुदैन भन्ने विश्वास गरिन्छ । यसरी सुस्वप्न तथा दुस्वप्नका आधारमा भविष्यवाणी गरिनु पनि लोकविश्वास नै हो ।

### (२) वरदानसम्बन्धी लोकविश्वास

उत्तम वा श्रेष्ठ आशीर्वादले वरदानलाई बुझाउँछ । कठिन तपस्या, साधना वा अत्यन्त राम्रो काम गरेबाट सन्तुष्ट भएर दिव्यशक्ति भएका व्यक्ति (देवीदेवता, ऋषि, पितृ, गुरु, अप्सरा, बाबुआमा, सिद्ध आदि) ले आराधकलाई दिने उत्तम वा श्रेष्ठ आशीर्वादलाई वरदान भनिन्छ । वरदान एक प्रकारको आध्यात्मिक विश्वास नै हो । यस्तो वरदान स्थिर, पूर्ण र कार्यसिद्ध हुने प्रकृतिको हुन्छ भन्ने गरिन्छ । लोकविश्वास भएका लोककथाहरूमा यस्ता वरदान दिएका र ती वरदानहरू क्रियाशील धेरै प्रसङ्गहरू भेटिन्छन् । यसमा प्रायः देवीदेवता, ऋषि, सिद्धमहात्मा, अप्सरा तथा बाबुआमाले दिएका वरदानहरू प्रत्यक्ष फलदायी भएको चित्रण पाइन्छ (पराजुली २०२) । अतिथि सत्कारबाट प्रसन्न भएका शिवपार्वतीले भक्तलाई

वरदान दिनु, हराएको सम्पत्ति र राज्य देवीदेवताको वरदानले फिर्ता पाउनु, अदृष्य हुने वरदान, योगीले सन्तान हुने वरदान दिनु, भावीले किसानपुत्रलाई राजा बन्ने वरदान दिनु जस्ता विभिन्न प्रकारका वरदानहरू पाइन्छ । यस्तो वरदान पाउने व्यक्तिहरू कुशल, निरोगी र शक्तिशाली भएर वरदानको चमत्कार देखाउन सफल भएको चित्रण गरिन्छ ।

**(३) आशीर्वादसम्बन्धी लोकविश्वास**

मन्यजनद्वारा वात्साल्यका कारण साना व्यक्तिहरूलाई इष्ट वस्तु प्राप्त गर्न दिइने मङ्गलकामनालाई आशीर्वाद भनिन्छ । यो आध्यात्मिक हुन्छ । यसमा आफूभित्रको चेतन तत्त्वको अनुभूत गरेर अरूको मङ्गलकामना गरिन्छ । आशीर्वाद कहिले पूरा हुन्छ भने कहिले पूरा नहुन पनि सक्छ । कुनै यात्रामा निस्किदा वा कुनै शुभकार्यको थालनीमा, कार्य समाप्तिपछि कार्यसिद्धि होस् भन्ने कामना गर्दा वा कुनै कामबाट मान्यजनहरू खुसी भएमा आशीर्वाद दिने प्रचलन रहेको पाइन्छ (पराजुली २०३) । यस्तो आशीर्वाद कहीँ फलदायी भएको र कहीँ फलहीन भएको पाइन्छ ।

**(४) श्रापसम्बन्धी लोकविश्वास**

कसैको अनिष्ट चिताएर बोलिने वचनलाई श्राप भनिन्छ । यसलाई शाप र सराप पनि भनिन्छ । काम गर्ने कर्ताले जानेर वा नजानेर अनुचित कार्य गरेबापत देवता, ऋषि, गुरु, अप्सरा, बाबुआमा (दिव्यशक्ति भएका व्यक्ति वा सिद्ध) द्वारा दिइने अनिष्टकारक वचनलाई श्राप भनिन्छ । श्राप एक किसिमको दण्ड हो । यो अध्यात्ममा आधारित हुन्छ । श्राप आध्यात्मिक दण्ड भएकोले मानसिक, भौतिक र जैविक सबै तहमा लागु हुन्छ भन्ने विश्वास गरिन्छ । सिद्धदेवताको श्रापबाट मानिस ढुङ्गमा परिणत हुनु, देवताको अनादर गर्नाले श्राप, ऋषिहरूको अनादर श्राप, झुटो बोल्नले श्राप, मित्रसँग विश्वासघात गर्नाले श्राप, बोक्सी वा राक्षसनीको गर्भबाट जन्म लिने श्राप आदि विभिन्न श्रापहरूको चित्रण लोककथामा पाइन्छ (पराजुली २०३) । यस्ता श्रापहरू कुनै मानिसले दिदैमा क्रियाशील हुदैँनन् तर देवता, कुलदेवता, पितृहरू तथा सिद्धि प्राप्त गरेका मानिसहरूले दिएको श्राप प्रत्यक्ष लागू हुन्छ भन्ने लोकविश्वास रहिआएको छ ।

**(५) श्रापमुक्तिसम्बन्धी लोकविश्वास**

श्रापहरू दिइने मात्र हैन त्यस्ता श्रापहरूबाट मुक्त भएका प्रसङ्गहरू पनि पौराणिक कथाहरूमा चित्रण भएको पाइन्छ । धर्मकर्म गर्नाले श्राप मुक्त हुनु, जादु-टुनामुनाबाट श्राप मुक्त हुनु, अभिमन्त्रित पानी वा रगत चढाउनले श्राप मुक्त हुनु, देवीदेवताको बली दिनले श्राप मुक्त हुनु, तोकिएको व्यक्तिको स्पर्शद्वारा श्राप मुक्त हुनु जस्ता विभिन्न प्रकृतिका श्राप मुक्तिका प्रसङ्गहरू हुन्छन् (पराजुली २०३) । वरदान, आशीर्वाद, श्राप र श्राप मुक्तिसम्बन्धी लोकविश्वास रहेका छन् ।

**(६) भाग्यप्रति विश्वास**

मानिसको जन्म हुँदा उसको निधारमा विधाताले कर्मरेखा लेखिदिन्छन् र उसले जन्मभर कर्मरेखाअनुसारकै काम र फल प्राप्त गर्दछ भन्ने पौराणिक मान्यता रहेको हुन्छ । लोकविश्वासअनुसार मानिस जन्मेको छैटौँ दिनमा साँझ भाग्यविधाता 'भावी' आएर बालकको निधारमा भाग्य लेख्छन् भन्ने विश्वास रहेको छ (पराजुली २०४) । यस्ता विश्वासमा पनि लोकको विश्वास रहेको हुन्छ ।

**(७) भाग्य र कर्मसम्बन्धी विश्वास**

प्रारब्धमा जे छ, त्यहीमात्र जीवनमा भोग्नुपर्छ । पूर्वजन्ममा आर्जन गरेको कर्मको फल यस जन्ममा प्राप्त गरिन्छ भन्ने सिद्धान्तलाई भाग्यवाद भनिन्छ । भाग्यवादी चिन्तनप्रति गरिने विश्वासलाई भाग्यसम्बन्धी लोकविश्वास भनिन्छ (पराजुली २०५) ।

**(८) निषेधसम्बन्धी विश्वास**

समाजका सदस्यहरूलाई कुनै पनि का मगर्न  निषेध गरिएको हुन्छ । समाज, परिवार र धर्मलाई व्यवस्थित तुल्याउन, रक्षा गर्न र नियमहरूको पालना गर्न निषेधसम्बन्धी नीति लोकसमाजमा प्रचलनमा रहेको पाइन्छ । यस अन्तर्गत धर्म र संस्कारसँग सम्बन्धित निषेध, पराप्रकृतिसँग सम्बन्धित निषेध, यौन निषेध, खानपानमा निषेध, दृष्ट्रि निषेध, बोलाइसँग सम्बन्धित निषेध, स्पर्श निषेध पर्दछन् (पराजुली २०५) ।

**(९) परीक्षासँग सम्बन्धित विश्वासहरू**

प्राचीन समयदेखि नै समाजका पारखीहरूले मानिसको स्वभाव, बुद्धि, चतुऱ्याइँ, सामर्थ्य, कुलघराना तथा धर्म आदिको परीक्षा गरी परीक्षामा खरो तथा सफल ठानिएका व्यक्तिहरूसँग उचित व्यवहार गर्ने गरेको पाइन्छ । यस्ता परीक्षासम्बन्धी विश्वासहरू धेरै रहेका छन् (पराजुली २०५) ।

**(१०) राजा, मन्त्री, कर्मचारी र ठूला व्यक्तिहरुसँग सम्बन्धित विश्वासहरू**

राजामा दिव्यशक्ति हुन्छ र राजाले त्यही शक्तिको प्रयोग गरेर राज्यमा सुखशान्ति ल्याउन सक्छन् भन्ने विश्वास रहेको छ । राजालाई न्यायप्रेमी, सिकार प्रेमी, जनताको कष्ट बुझ्ने, जनताको बीचमा गएर सुखदुःख बाँडने, देश र जनताको लागि परिवारलाई त्याग्ने, वीर, धार्मिक स्वभावको जस्ता गुणहरू हुनुपर्ने विश्वास लोकमा पाइन्छ । राजकुमार निडर, चतुर, साहसी, सहृदयी, शत्रु तथा नरसंहार गर्ने हिंसक प्राणीमाथि अधिकार जमाउने न्यायप्रिय हुनुपर्छ । मन्त्री राजालाई सल्लाह दिने सहायक व्यक्ति हो । ऊ तर्कशील, क्षमतावान् र सहयोगी तथा आज्ञापालक हुनुपर्छ । न्यायधीश न्याय विभागको उत्तरदायित्व बोक्ने राजकर्मचारीको रूपमा हुनुपर्छ भन्ने विश्वास लोकमा पाइन्छ (पराजुली २०६) ।

**(११) परिवार र नातागोतासँग सम्बन्धित विश्वासहरू**

सामाजिक संस्कृति, सभ्यता र चालचलनको संवाहक र व्यवस्थापक पक्ष परिवार हो । पतिपत्नी बीचको प्रेम र मिलनको सात जन्मसम्म सम्बन्ध हुन्छ भन्ने लोकविश्वास रहेको पाइन्छ । आर्दश पति, सती पत्नी, आज्ञाकारी पत्नी आर्दश पतिपत्नी हुनु भन्ने लोकविश्वास रहेको छ । आमा-छोराछोरी, पिता-छोराछोरी बीचको सम्बन्ध प्राकृतिक र प्रेममूलक मानिन्छ । दिदीभाइ, मामाभान्जा र सालाभिनाजुको सम्बन्धलाई घनिष्ट र प्रेमपूर्ण मानिन्छ । मितेरी साइनोलाई प्रेम र सदभावको साइनो मानिन्छ (पराजुली २०८) ।

**(१२) नीति, आचरण र शिक्षासँग सम्बन्धित लोकविश्वासहरू**

गुरु, बुबा र योगीहरूले दिएका उपदेशहरू नीतिसम्मत हुन्छन् । यस्ता उपदेशहरू पालना गर्नले कार्य सिद्ध हुन्छ भन्ने विश्वास रहेको छ । सुख भयो भने नहास्नु, दुःख भयो भने नरुनु, रिन लागे नडराउनु दिन लागे डराउनु, रिस खा आफू बुद्धि खा अर्को, बीउ

गुनाको अन्न आमा गुनकी छारी, लोग्ने स्वास्नीको झगडा परालको आगो, मुलको पानी कुलकी छारी जस्ता उखानहरूमा नीति, आचरण र शिक्षासम्बन्धी लोकविश्वासको चित्रण पाइन्छ (पराजुली २१०) ।

**(१३) शरीरका विभिन्न अङ्गहरू सम्बन्धित लोकविश्वासहरू**

शरीर मानिसको व्यत्तित्त्वको पहिचान हो । मानिसको व्यक्तित्त्व झल्काउने पहिलो स्वरूप नै शरीर भएकोले यो सुन्दर र आकर्षण हुनुपर्दछ भन्ने लोकविश्वास रहेको छ । शरीरका विभिन्न अङ्गहरूको बारेमा शुभ र अशुभ लोकविश्वासहरू रहेका हुन्छन् । कुनै पुरुष वा स्त्रीका कपालका रौँ काला, चिल्ला र लामा छन् भने त्यसको मन कमलो हुन्छ, त्यस्ता मानिसहरू धर्मात्मा हुन्छन् । बाडुल्की लागेमा आफ्ताले सम्झन्छन् भन्ने विश्वास रहेको पाइन्छ । शरीरका अङ्गहरूसँग सम्बन्धित यस्ता लोकविश्वासहरू धेरै रहेका छन् (पराजुली २१२) ।

गोविन्द आचार्यले नेपाली लोकविश्वासको बारेमा अध्ययन गरेका छन् । उनले आफ्नो अध्ययनमा लोकविश्वासलाई सात भागमा विभाजन गरेका छन् जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ (आचार्य १०६) ।

**१. प्रकृति एवं प्राकृतिक गतिविधिसँग सम्बन्ध**

यस अन्तर्गत प्रकृतिका विविध स्वरूप र प्राकृतिक गतिविधिहरूसँग सम्बन्धित अनेक प्रकारका लोकविश्वास पर्दछन् । यसअन्तर्गत तीन प्रकारका विश्वासहरू रहेका छन् ।

**(१) पृथ्वी र आकाशसम्बन्धी**

जनतामा आकाश र पाताललाई देवलोकको रूपमा विश्वास गर्ने धार्मिक प्रचलन पाइन्छ । आकाश र पाताललाई देवीको गाँउ र देशको रूपमा चित्रण गरिन्छ (आचार्य १०६) ।

**(२) नदी र जलसम्बन्धी**

लोकमा पवित्र वस्तुलाई नदीमा सेलाउनु, मठ-मन्दिरमा गङ्गाजल सेलाउनु र जलाशयहरूमा स्नान गर्नुलाई धार्मिक महत्त्व दिने प्रचलन रहेको छ । हिन्दू धर्ममा आस्थावान महिलाहरूले तीज पर्वको भोलिपल्ट बिहान शिव-पार्वती पूजामा प्रयोग गरिएका

सामग्रीहरू र शिव-पार्वतीको प्रतिमा सेलाउने चलन रहेको छ (आचार्य १०९) । लोकमा हरेक खोलानाला र नलीलाई गङ्गाको रूपमा सम्मान गर्ने धार्मिक परम्पराले पानीलाई 'गङ्गाजल' भन्ने गरेको पाइन्छ ।

**(३) कैलाशसम्बन्धी**

लोकमा हिमाल-पहाडलाई देवस्थलको रूपमा विश्वास गरिन्छ । कैलाश पर्वतमा भगवानको बास हुन्छ भन्ने विश्वास छ । कैलाश पर्वतलाई भगवान शिवको बासस्थानको रूपमा लिइन्छ । लोकमा हिमालय पर्वत पार्वतीको माइती घर हो भन्ने विश्वास छ । कैलाश पर्वत, हिमालय पर्वत आदिप्रति जनतामा धार्मिक विश्वास रहेको पाइन्छ (आचार्य ११०) । गाउँघरमा झाक्रीले आफूलाई भूत, प्रेत, बोक्सी आदिबाट सुरक्षित गरी आफ्नो कार्य नदीनाला पहाड  पर्वतको साथमा कैलाशको पनि स्मरण गरेको पाइन्छ ।

## २. पशुपक्षी र वनस्पतिसम्बन्धी विश्वास

लोकमा पशुपक्षी र वनस्पतिसम्बन्धी विश्वास पनि रहेको पाइन्छ । यिनीहरू तीन प्रकारका छन् जसलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

**(१) पशु**

लोकमा पशुसम्बन्धी पनि विभिन्न लोकविश्वास रहेको पाइन्छ । यिनीहरू निम्नअनुसार छन ।

**(क) गाईगोरु**

हिन्दू धर्मावलम्बीहरू गाईलाई लक्ष्मीको अवतार मान्दछन् । श्रीकृष्ण र गाईको सम्बन्धको कारणले श्रीकृष्णलाई गोपाल भनेको पाइन्छ । यमपञ्चकमा लक्ष्मीको पूजाको परम्परा रहेको छ । यसमा भैलो खेल्ने पनि गरिन्छ । भैलेनी गीतमा गाईलाई लक्ष्मीको रूपमा पूजा गर्नेदेखि गाईको दूध, गोबार, मूत्र आदिलाई समेत पवित्र वस्तुको रूपमा प्रयोग गरिने विश्वास गरिन्छ । तिहारको लक्ष्मी पूजामा बिहानै गाईका किला-दाम्ला फेर्ने, त्यसका सीङ र खुरमा तेल लगाइदिने, शरीरका विभिन्न भागमा राता-पहेँला रङको छाप लगाई श्रृङ्गार गर्ने गरेर नून-पिँढो ख्वाउने चलन रहेको छ । गोरुतिहारको दिन गोरुको पनि पूजा गरिन्छ (आचार्य १११) । अन्य देवी-देवताको पूजा एवं धार्मिक अनुष्ठानहरूमा गाईको दूध,

दही, मूत्र धार्मिक महत्त्वका साथ प्रयोग गर्ने चलन रहेको छ । सपनामा गाई, बाच्छा, बाच्छी आदि देखिएमा त्यसलाई शुभ सङ्केतका रूपमा लिइन्छ ।

**(ख) बाँदर**

रामायणमा पाइने आख्यान अनुसार वानरलाई रामको भक्त हनुमानको सन्तानका रूपमा धार्मिक महत्त्वका साथ लिइन्छ । हनुमानले रावणद्वारा अपहरित सीताजीलाई खोजी गरी राम समक्ष ल्याएको उल्लेख छ (आचार्य ११२) । त्यसैले हनुमानलाई एक रामभक्त, वीर र इमान्दार पात्रका रूपमा प्रसिद्ध भएको हुँदा हनुमानका सन्तान बाँदरप्रति पनि त्यस प्रकारको विश्वास पाइन्छ ।

**(ग) नाग**

लोकमा नागप्रति विश्वास रहेको छ । नागको पूजा गर्नको लागि नागपञ्चमी मनाइन्छ । भगवान् शिवले नागलाई गलामा धारण गरेको पाइन्छ । भारतमा मार्ग महिनामा कुनै नाग देखिएमा अपशकुन मानिन्छ (आचार्य ११२) । वर्षा मौसममा नाग देखिएमा पानी पर्ने विश्वास गरिन्छ भने नाग पञ्चमीपछि नाग देखिएमा अशुभ मानिन्छ ।

**(२) पक्षीसम्बन्धी विश्वास**

लोकविश्वासहरू विभिन्न पक्षीसँग सम्बन्धित पनि रहेका छन् (आचार्य ११३) ।

**(क) कौवा**

लोकमा कागलाई सन्देशवाहक पक्षीका रूपमा उल्लेख गरिएको छ । त्यस्तै सुगालाई पनि सन्देशवाहक पक्षीकै रूपमा लिइन्छ । बिहान सबेरै आँगनको छेउमा रहेको रूखको हाँगामा बसेर कराउने कागलाई 'शुभ-बाले शुभ-बोल' भन्ने समग्र ग्रामीण नेपालीको परम्परा व्यक्त भएको छ । बिहानै आँगनमा काग कराएमा त्यस दिन कुनै पनि नयाँ सन्देश सुन्न पाइने विश्वास रहेको छ (आचार्य ११३) ।

**(ख) कुखुरा**

कुखुराको भालेलाई पनि लोकविश्वासको रूपमा लिइन्छ । भाले बासे पछि बिहान भएको विश्वास गरिन्छ अनि उठेर आफ्नो काममा लाग्ने चलन रहेको छ । पोथी बास्नुलाई भने अशुभको रूपमा लिइन्छ । पाथी बास्यो भने घरमा अलक्षिन हुन्छ भन्ने लोकविश्वास रहेको पाइन्छ (आचार्य ११४) ।

**(ग) न्याउली**

न्याउलीलाई प्रायः एकान्तप्रेमी पक्षीको रूपमा लिइन्छ । न्याउली वनको छेउमा, खोलाको किनारमा वा यस्तै एकान्त-निर्जन स्थलमा बस्ने पक्षी हो भने लोकविश्वास अनुसार यो पक्षी लेख्य साहित्यमा समेत विरहिणी पात्रको रूपमा विश्वास गरिन्छ (आचार्य ११४) ।

**(३) वनस्पतिसम्बन्धी विश्वास**

लोकमा विभिन्न वनस्पतिसम्बन्धी लोकविश्वासहरू रहेको पाइन्छ ।

**(क) बाँस**

बाँस तन्त्र-मन्त्रसँग सम्बन्धित रहेको पाइन्छ । घरमा बाँसको लौरो राखेमा डाइनी-बोक्सी, भूत-प्रेतले आक्रमण गर्न नसक्ने लोकविश्वास छ । त्यसैगरी चोर निर्क्यौल गर्नुपर्दा वा डाइनी, बोक्सी, भूत-प्रेतलाई धपाउने प्रयोजनका लागि धनु लगाउन बाँसको लौरो नै प्रयोग गर्ने चलन छ । श्रीकृष्णले बाँस काटेर मुराली बजाएको प्रसङ्गले पनि बाँसमा लोकविश्वास रहेको पाइन्छ (आचार्य ११५) ।

**(ख) जममिते**

जममिते राप्ती अञ्चलमा पाइने एक प्रकारको वनस्पति हो । यसको सन्दर्भमा पनि आफ्नै विश्वास रहेको पाइन्छ । तिहारमा दाजुभाइलाई दिदीबहिनीले टीका लगाउँदा जममितेको मुन्टो पीपलको पातमा बाँधिएको फूलको गुच्छा शिरमा लगाइदिने प्रचलन रहेको छ । यसबाट दाजुभाइ र दिदीबहिनी दुबैजना यमदुष्टिबाट सुरक्षित रहन्छन् भन्ने विश्वास रहेको छ (आचार्य ११५) ।

**३. मानव-शरीरसम्बन्धी**

लोकमा मानिसको शरीरका क्रियाकलाप र शारीरिक अवस्थासँग सम्बन्धित अनेक प्रकारका विश्वास रहेका छन् । विवाहित महिलालाई बढी निद्रा लाग्नु र अल्छी लाग्नु ऊ गर्भिणी भएको लक्षण हो भनेर विश्वास गरिन्छ । प्रचलित धार्मिक अनुष्ठान गरिएको दिन निदाएमा पुण्य प्राप्त नहुने र जाग्राम बसी कीर्तन गर्ने बेला बढी निद्रा लाग्ने व्यक्ति पापी हुन्छ भन्ने विश्वास छ । 'बाडुली' लाग्नुलाई पनि विश्वासका रूपमा लिइन्छ । बाडुली लाग्दा

आफूलाई कसैले सम्भिएको विश्वास गरिन्छ (आचार्य ११६) । अरू बेलाभन्दा बिहानको समयमा बाडुली लाग्दा बढी सम्भिएको भन्ने विश्वास गरिन्छ ।

अतः निद्रा लाग्नु, कुनै वस्तुप्रति रुचि हुनु वा नहुनु र बाडुली लाग्ने जस्ता मानिसका शारीरिक क्रिया सम्बन्धमा पनि अनेक लोकविश्वास रहेको पाइन्छ ।

**४. शकुन-अपशकुनसम्बन्धी**

लोकमा कुनै कार्यको सुरू गर्दा, शुभ साइत गर्दा वा विशेष काम गर्दा त्यसको बारेमा सुरू नै  लक्षण विचार गर्ने लोकप्रचलन रहेको पाइन्छ । कुनै वस्तु, व्यक्ति र वातावरण देख्दा राम्रो हुन्छ भन्ने विश्वास शकुन हो । यस्तो शकुनगत धारणले समाजमा गहिरो प्रभाव पारेको हुन्छ । शुभ शकुन देखिएमा कार्य सिद्धि हुने र यात्रा मङ्गलदायक हुने र अपशकुन देखिएमा कार्यमा बिघ्न आइपर्ने वा यात्रा कष्टप्रद हुने विश्वास गरिन्छ । लोकले शकुनसम्बन्धी विश्वासलाई पाइला पाइलामा पच्छयाइका हुन्छन् । कुनै पनि शुभकार्य गर्दा बाटोमा निःसन्तान महिला भेट्न नपरोस् भन्ने जनविश्वास पाइन्छ । निःसन्तान महिलालाई अपशकुनको रूपमा लिइन्छ । निःसन्तान महिलाले दिएको भिक्षा योगीहरूले लिदैनन् । अक्षता, कलश, पञ्चैबाजा, सिँदूर-पोते, रातो डोलीजस्ता वस्तुहरू शुभसङ्केत वा शकुनका रूपमा विश्वास गरिन्छ । 'रातो डोली' ले विवाह गरेर घर ल्याउँदा दुलही चढ्ने डोली र सेतो डोली ले मृतकलाई अन्तिम संस्कारका लागि खोला वा घाटमा लग्दा चढाउँने डोली भन्ने लोकविश्वास रहेको छ (आचार्य ११८) । शङ्ख, घण्ट र मुरली शकुनका सङ्केत हुन् ।

**५. तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास**

लोकमा तन्त्र-मन्त्रसम्बन्धी विश्वास रहेको पाइन्छ । यसलाई असल र खराब गरी दुई शक्तिका रूपमा लिइन्छ । खराब शक्तिले प्राणीलाई दुःख दिने र असल शक्तिले खराब शक्तिलाई परास्त गरी दुःखबाट बचाउँने विश्वास गरिन्छ । लोकमा भारफुक र धामीभाँक्रीमा विश्वास गरिन्छ । यात्रा गर्दा होस् वा खराब शक्तिलाई भारफुकबाट लखेट्दा होस् धामी-भाँक्रीहरूले अक्षता हेर्दा प्रायः यस्ता काम बिजोडी बार र बिजोडी पटक नै गर्ने चलन रहेको छ । मन परेकी युवतीलाई आफूतिर आकर्षित गर्न मोहनी लगाउने र मन परेन भने छुटाउने टुना हुन्छ भन्ने विश्वास लोकमा पाइन्छ (आचार्य १२०) । रामायणमा सीतालाई हुन सक्ने सम्भाव्य खतराबाट सुरक्षित पार्न लक्ष्मणले रेखा हालेका थिए, जसलाई

लक्ष्मण रेखा भनिन्छ परन्तु लक्ष्मण रेखा काटेर एउटा खुट्टा बाहिर राख्नले रावणले अपहरण गरेको थियो । यो रेखा सामान्य रेखा नभई तन्त्र-मन्त्रद्वारा शक्तिशाली बनाइएको विश्वास प्रचलित छ (आचार्य १२२) । बिरामीलाई डाइनी-बोक्सी आदि खराब दृष्टिबाट सुरक्षित राख्न शरीरका विभिन्न भागमा मन्त्रले सबल तुल्याइको खरानी घसिदिने र खरानीको रेखा हाल्ने चलन लोकमा पाइन्छ ।

### ६. सृष्टिसम्बन्धी लोकविश्वास

लोकमा जनतामा पृथ्वी, मानिस, अन्य प्राणी एवं परम्पराको सृष्टि र आरम्भिक अवस्थाको धारणा व्यक्त भएको पाइन्छ । यो ब्रम्हाण्ड शून्य रहेको र सर्वप्रथम ब्रम्हा, विष्णु र महेश्वर सृष्टि भए भन्ने विश्वास रहेको छ । पृथ्वीमा मनुष्य, पशुपक्षी, सात प्रकारका अन्नबाली र खेतीका सामग्री सृष्टि भएको उल्लेख पाइन्छ (आचार्य १२३) । लोकगीतमा प्रचलित वाद्यसामग्रीको सृष्टिका सम्बन्धमा पनि लोकमा विश्वास रहेको  पाइन्छ । मादल र झ्याली महादेवले सृष्टि गरेको विश्वास रहेको छ ।

### ७. धर्मसम्बन्धी लोकविश्वास

धर्म नै जनसाहित्यको सम्बल हो, यसकै प्रेरणबाट लोकसाहित्यको सृष्टि भएको छ । लोकले धर्मलाई समाज सञ्चालन गर्ने नियमको रूपमा ग्रहण गरेको पाइन्छ । त्यसैले लोकले सम्पन्न गर्ने हरेक क्रियाकलापहरूमा कुनै न कुनै किसिमले धर्म आएको हुन्छ । लोकमा हिन्दू धर्म र यसबाट प्रभावित जनविश्वास व्यक्त भएका छन् । स्वर्गलोक, नर्कलोक, इन्द्रलोक, बैकुण्ठजस्ता बहुलोकवादी विश्वास, भाग्यवादी विश्वास र पाप-धर्मसम्बन्धी अनेक विश्वास पाइन्छन् (आचार्य १२४) । यसअन्तर्गत तीन उपशीर्षकहरू रहेका छन् ।

#### (१) भाग्यसम्बन्धी विश्वास

लोकमा धर्मसम्बन्धी विभिन्न विश्वासहरू पनि रहेको पाइन्छ । लोकमा जन्मदेखि मृत्युपर्यन्त घटित हुने राम्रा-नराम्रा, सुखद-दुखद घटनाहरूलाई भाग्यको लेखा वा कर्मको फल ठान्ने विश्वास रहेको छ । भाग्यकै आधारमा मानिस गरिब-धनी, सुन्दर-कुरूप, रोगी-निरोगी हुन्छ भन्ने विश्वास लोकमा पाइन्छ (आचार्य १२५) । लोकमा भाग्यवादी विश्वासको आधारमा एकजना भाग्य वितरक अलौकिक पात्रको कल्पना गरिएको छ । लोकले यसलाई 'भावी' भनेको पाइन्छ । जन्म संस्कारको छैटौँ दिन छैटी संस्कार गर्ने र साँझ नवजात

शिशुको सिराननेर कापी, कलम र रातो मसी राखी रातभरि बत्ती बाली जाग्राम गर्ने प्रचलन छ । यस दिन साँझ भाग्यविधाता 'भावी' आएर बालकको निधारमा भाग्य लेख्छन् भन्ने विश्वास रहेको छ (आचार्य १२५) । तीज पर्वमा विवाहित महिलाहरू निराहर व्रत बस्छन् । यस अवसरमा पानी खाएमा पतिको रगत खाएसमान र अन्य खाद्यवस्तु खाएमा पतिको मासु खाए समानको अपराध हुने जनविश्वास रहेको छ । यहाँ कतैकतै पतिको खुट्टा पखालेको पानी खान दिएमा यस्तो दोष नलाग्ने लोकविश्वास रहेको पाइन्छ ।

**(२) बहुलोकसम्बन्धी**

पुराणहरूमा यमलोक, देवलोक, गन्र्धवलोक, ब्रम्हलोक, पितृलोक, विष्णुलोक, स्वर्गलोक-नर्कलोक आदि लोकहरूको उल्लेख पाइन्छ । अनैतिक र असामाजिक कार्य गर्ने मानिस मृत्युपछि नर्कलोकमा जानुपर्ने र असल कार्य गर्ने मानिस स्वर्गलोकमा जान्छन् भन्ने विश्वास रहेको छ (आचार्य १२७) । लोकमा धर्म गर्ने मानिसले वैकुण्ठको बास र पापीले यामलोकमा हुने दण्ड पाउँछ भन्ने  विश्वास रहेको पाइन्छ ।

**(३) पाप–धर्मसम्बन्धी**

लोकमा पाप र धर्मलाई राम्रा-नराम्रा कर्मका आधारमा परिभाषित गरी धार्मिक कर्म र पाप कर्मका रूपमा विश्वास गरेको पाइन्छ ।

**(क) धार्मिक कर्मको फलप्राप्तिसम्बन्धी**

लोकमा पूजा, व्रत, दान, तपस्या, बली, स्नान, सरसफाइ र सेवा आदि धार्मिक कर्म हुन् भन्ने लोकविश्वास व्यक्त भएको पाइन्छ (आचार्य १२७) । यहाँ देवी-देवताको स्तुति वा पूजा गर्दा देवी-देवता प्रसन्न हुन्छन् र भक्तको मनोकाङ्क्षा पूर्ण गर्छन् भन्ने धार्मिक विश्वास छ । तिहार पर्वमा लक्ष्मीपूजा गरेमा लक्ष्मी प्रसन्न भई भक्तजनको धनदौलत बढेर सुखैश्वर्य भोग्न पाउने विश्वास रहेको छ । त्यसैले लक्ष्मीपूजाको दिन रातभरि दीपावली गरी लक्ष्मीको स्वागत गर्ने परम्परा रहेको पाइन्छ । व्रत बसेपछि भगवान खुसी  हुन्छन् र आफूले चिताएको कुरा प्राप्त हुन्छ भन्ने धार्मिक लोकविश्वास रही आएको  छ । विशेष गरी व्रतहरू तीन प्रकारका हुन्छन् -निराहर, जलाहार र फलाहार । यिनीहरूमध्ये निराहर व्रतप्रति विशेष धार्मिक विश्वास रहेको पाइन्छ (आचार्य १३०) । लिपपोत र स्नान गर्नुलाई पनि धार्मिक कर्मका रूपमा लिइन्छ । वर-पीपल लगाउनु, चौतारी निर्माण गर्नु, पोखरी बनाउनु, बाटो

बनाउनुजस्ता जनसेवा सम्बन्धी काम पनि धार्मिक कार्य हुन् भन्ने विश्वास रहेको पाइन्छ । लक्ष्मीपूजाको दिन गरिने गाईको सेवा र गोवर्धन पूजाको दिनमा गरिने गोरुको सेवालाई धार्मिक कर्मका रूपमा लिइएको पाइन्छ । अतः लोकमा निर्माण, सेवा, स्तुति सरसफाइ आदि धार्मिक कर्म हन् र यसको उल्टो ध्वंस, असहयोग, फोहर अर्थात् मानवताहीन व्यवहार र कार्य पाप कर्म हुन् भन्ने लोकविश्वास रहेको पाइन्छ ।

भारतीय लोकसाहित्यमा कृष्णदेव उपाध्याय परिचित नाम हो । उनले भारतीय लोकविश्वासको बारेमा अध्ययन गरेका छन् । उनले लोकविश्वासलाई दस भागमा विभाजन गरेका छन् (उपाध्याय ८) ।

**१. आकाशीय पिण्डसम्बन्धी लोकविश्वास**

आकाशमा रहेका अनेक ग्रह तथा उपग्रह तथा नक्षत्र आदिका बारेमा विभिन्न शकुन तथा अपशकुन विश्वास रहेका छन् । सूर्यलाई देवता ठान्ने विश्वास, सूर्य ग्रहण तथा चन्द्र ग्रहणसँग सम्बन्धित विश्वासहरू यस अन्तर्गत पर्दछन् (उपाध्याय ३३) ।

**२. जीवजन्तुसम्बन्धी लोकविश्वास**

संसारमा रहेका जीवजन्तु सम्बन्धी अनेक प्रकारका लोकविश्वास पाइन्छन् । पृथ्वीमा रहने थलचर गाई, भैँसी, घोडा, हात्ती आदि, आकाशमा उड्ने नभचर काग, कोइली, बाज आदि, पानीमा बस्ने माछा, कछुवा तथा उभयचर र सरिसृपसँग सम्बन्धित विश्वासहरू यस अन्तर्गत पर्दछन् (उपाध्याय ६७) ।

**३. विभिन्न शारीरिक अङ्गसम्बन्धी लोकविश्वास**

शरीरका विभिन्न प्रकारका अङ्गहरूका विषयमा अनेक लोकविश्वास रहेका छन् । शिरदेखि पैतालासम्मका अङ्गहरूमा केही न केही विश्वास रहेको हुन्छ । कपाल, निधार, कान, नाक, आँखा, गर्दन, छाती, आदिसँग सम्बन्धित विश्वासहरू यस अन्तर्गत पर्दछन् (उपाध्याय १४७) ।

**४. संस्कारसम्बन्धी लोकविश्वास**

हिन्दू धर्ममा विभिन्न संस्कारहरू उल्लेख गरिएका छन् । जन्मदेखि मृत्यु पर्यन्तसम्म विभिन्न संस्कारहरू गरिन्छ । यस्ता संस्कारसँग सम्बन्धित विभिन्न लोकविश्वासहरू रहेका

छन् । जन्म, मुण्डन, यज्ञोपवीत, विवाह, गवना तथा मृत्य संस्कारसँग सम्बन्धित विभिन्न लोकविश्वासहरू यस अन्तर्गत पर्दछन् (उपाध्याय १७२) ।

**५. यात्रासम्बन्धी लोकविश्वास**

मानिसले यात्रा गर्दा त्यस सम्बन्धी विभिन्न लोकविश्वासहरू रहेको पाइन्छ । घरदेखि नजिकै यात्रा गर्नु पर्दा खासै शुभसाइत हेरिदैन तर टाढा जानु छ भने दिन, तिथि, ग्रह, योगिनी, काल, दिशा सबै विचार गरेर मात्र यात्रा गर्नुपर्छ नत्र अशुभ हुन्छ भन्ने जनविश्वास रहेको छ (उपाध्याय २१७) । रबिबार पूर्व, उत्तर, दक्षिण दिशामा यात्रा गरे शुभ हुन्छ भन्ने विश्वास रहेको छ । यात्रा गर्दा माछा, मृग देखिएमा त्यसलाई शुभशकुनको रूपमा लिइन्छ ।

**६. सङ्ख्यासम्बन्धी लोकविश्वास**

सङ्ख्याका सम्बन्धमा लोकमा अनेक प्रकारका लोकविश्वासहरू प्रचलित रहेका छन् । यो परम्परा प्राचीन कालदेखि चलिरहेको छ । सङ्ख्यामा पनि कुनैलाई शुभ र कुनैलाई अशुभका रूपमा लिइएको पाइन्छ । १, ३, ५, ७, ९ लाई विषम सङ्ख्याका रूपमा मानिन्छ । ३ लाई छोडेर बाँकी विषम सङ्ख्यालाई शुभ मानिन्छ । लोकविश्वासको क्षेत्रमा शुन्यलाई नितान्त अशुभको रूप मानिन्छ (उपाध्याय २२७) । संस्कृत साहित्यमा एकलाई ब्रम्हाको प्रतिकको रूपमा लिइन्छ ।

**७. दिन, महिना तथा वर्षसम्बन्धी लोकविश्वास**

दिन, महिना तथा वर्ष सम्बन्धी विभिन्न प्रकारका लोकविश्वासहरू प्रचलित रहेको पाइन्छ । भारतमा चैत शुक्ल पक्षको दिन शुभ मानिन्छ । यस दिन कुनै कामको श्रीगणेश गर्ने चलन रहेको पाइन्छ । ईसाई धर्मलम्बीले भने जनवरी एकलाई शुभ दिनको रूपमा मान्दछन् (उपाध्याय २४६) । श्रीपञ्चमीको दिनलाई शुभ दिन मानिन्छ । यस दिन विवाह तथा ब्रतबन्ध जस्ता शुभकार्य गर्न साइत हेर्नु पर्दैन भन्ने लोकविश्वास परापूर्वकालदेखि रहिआएको छ ।

**८. देवी-देवतासम्बन्धी लोकविश्वास**

देवी-देवतासँग सम्बन्धित विभिन्न लोकविश्वासहरू रहिआएको पाइन्छ । हिन्दू देवता मण्डलको प्रधानतमा देवतालाई बैदिक, पौराणिक र लौकिक गरी तीन भागमा बाँडेको

पाइन्छ । वेदमा वर्णन गरिएका ईन्द्र, अग्नि, वरुण आदिसँग सम्बन्धित लोकविश्वासहरू यस अन्तर्गत पर्दछन् । पुराणसँग सम्बन्धित शिव, राम, कृष्ण तथा दुर्गा आदिका बारेका लोकविश्वासहरू पौराणिक देवता अन्तर्गतका लोकविश्वासहरू हुन् । यस लोकका देवता गणेश, हनुमान, भैरव आदिसँग सम्बन्धित लोकविश्वासहरू लौकिक देवता अन्तर्गत पर्दछन् (उपाध्याय २७७) । विशेषतः आपत-विपत पर्दा देवीदेवताको पुकार गर्नाले त्यसबाट छुटकार पाइन्छ भन्ने लोकविश्वास अहिले पनि रही आउको छ ।

### ९. तन्त्रमन्त्र, जादु, टुना-मुनासम्बन्धी लोकविश्वास

ग्रामीण अशिक्षित समाजमा अहिले पनि तन्त्र-मन्त्र, जादु-टुनासँग सम्बन्धित विश्वास रहेको पाइन्छ । प्रेतआत्मामा विश्वास गर्नेको सङ्ख्या जतासुकै पाइन्छ । प्रेतआत्मा लागेपछि त्यसबाट छुट्कार पाउँनको लागि तन्त्र-मन्त्र गर्नुपर्छ भन्ने विश्वास रहिआएको छ (उपाध्याय ३१५) । जादु गरेर लिङ्ग परिवर्तन गर्ने, टुना-मुना गरेर मोहनी लगाउँने आदि विश्वास पनि यसै अन्तर्गत पर्दछन् ।

### १०. वनस्पति-जगतसम्बन्धी लोकविश्वास

समाजमा विभिन्न वनस्पतिसँग सम्बन्धित थरी-थरीका विश्वासहरू पाइन्छन् । शनिबार पीपलको पूजा गऱ्यो भने विष्णु भगवानको दर्शन पाइन्छ भन्ने लोकविश्वास रहेको छ । बाँसमा श्रीकृष्ण भगवानको सम्बन्ध रहेको विश्वास गरिन्छ । श्रीकृष्ण बाँसको बासुरी बजाएर गोपीनीहरूलाई आफ्नो बनाएको लोकविश्वास रही आएको छ (उपाध्याय ३८३) । विभिन्न वृक्ष, घाँस, फूल आदि सम्बन्धी लोकविश्वासहरू यस अन्तर्गत पर्दछन् ।

हिन्दी साहित्यमा सीना कुरियनले लोकतत्त्वको बारेमा अध्ययन गरेका छन् । उनले लोकविश्वासलाई लोकतत्त्व अन्तर्गत उल्लेख गरेका छन् । उनले लोकविश्वासलाई चार भागमा विभाजन गरेका छन् (कुरियन १११) ।

### १. अनुष्ठानसम्बन्धी लोकविश्वास

साधारण जन सामान्यतः कुनै पनि शुभ फलको प्राप्तिका आशामा धार्मिक कार्यहरू गरिन्छ, जसको कारण देवता खुसी भएर भक्तको मनोकामना पूरा गर्नुहुन्छ । यिनै लोकआस्था र लोकनिष्ठालाई धर्म र अनुष्ठान भनिन्छ । यस्ता अनुष्ठानप्रति जन मानसमा

विश्वास रहेको हुन्छ (कुरियन १११) । शुभफल प्राप्तिको तथा परिवार र पुत्रको मङ्गल कामनाको लागि साँझमा दीप जलाइन्छ । परिवारको कल्याणको लागि पीपलमा जल चढाउने लोकविश्वास रहेको छ ।

### २. उपचारसम्बन्धी लोकविश्वास

लोकमा उपचारसम्बन्धी विभिन्न विश्वासहरू रहेको पाइन्छ । ग्रामीणलोकमा बिरामी परेको बेला आफ्नो मङ्गल कामनाको लागि विभिन्न प्राचिन उपचार विधिहरू अप्नाइन्छ, जसमा लोकको गहिरो विश्वास रहेको हुन्छ । यद्यपि यसलाई अन्धविश्वासको कोटीमा राखिन्छ । सभ्य तथा शिक्षित व्यक्तिहरू यसलाई नमान्न सक्छन् तथापि सांस्कृतिक जीवनको यथार्थ चित्रणमा यस्ता विश्वासहरूको उपेक्षा गर्न भने सकिदैन (कुरियन ११२) । तन्त्रमन्त्र र झारफुक गरेर गरिने उपचारहरू यस लोकविश्वास अन्तर्गत पर्दछन् ।

### ३. शकुन अपशकुनसम्बन्धी लोकविश्वास

लोकविश्वासमा शकुन अपशकुनको आफ्नै महत्त्व रहेको पाइन्छ । राति उल्लु बोल्नु, कुकुर रुनु, घरको आँगनमा गिद्ध बारम्बर बस्नु, कालो बिरालोले बाटो काट्नु लोकजीवनमा घातक तथा अपशकुन मानिन्छ । आँगनमा काग कराएर उडी गयो भने प्रियतमको आगमनको अभिव्यञ्जकको रूपमा लिइन्छ । बिहान बिहानै कुनै राम्रो मान्छेको मुख देखियो भने त्यसलाई शकुनको रूपमा लिइन्छ भने झगडालु वा कन्जुस मान्छेको मुख देखियो भने अपशकुन हुन्छ भन्ने लोकविश्वास रहेको छ (कुरियन ११२) । त्यस्तै शनिबार तेल माग्नु हुँदैन, आफ्नो बाटोमा तेल बोक्ने मानिस भेटिए अशुभ मानिन्छ ।

### ४. पशुपक्षीसम्बन्धी लोकविश्वास

पशुपक्षीसम्बन्धी विभिन्न लोकविश्वासहरू रहेका छन् । पुतलीको रुवाई, माउसुली सिरमा आएर बस्नु आदि अनिष्टको सङ्केतको रूपमा लिइन्छ । जन मानसको धेरै विश्वास पक्षी जगतमा पनि रहेको पाइन्छ । डाक वा तार तथा आवागमनका साधन आउँनु अघि ग्रामीण जनजीवनमा पक्षीको पहुच प्रत्येक स्थानमा रहेको थियो । कागलाई परदेशमा रहेका आफन्ताको खबर ल्याउने पक्षीको रूपमा लोकमा विश्वास रहेको पाइन्छ (कुरियन ११३) । आँगनमा आएर कागले कराएर पाहुन आउँने समाचार दिन्छ भन्ने लोकविश्वास लोकमा बहुप्रचलित रहेको छ ।

## २.६ निष्कर्ष

लोकसमाजले विश्वास गरेका महत्त्वपूर्ण अंश वा परम्परादेखि लोकमा प्रचलित रूढतत्त्वहरू नै लोकविश्वास हुन् । लोकविश्वासमा लोकमा प्रचलित धर्म, कर्म, पुराण, संस्कार, चालचलन-रीतिरिवाज, रहनसहन, टुनामुना, तन्त्र-मन्त्र, भूतप्रेत, डाइनी बोक्सी, जादु  आदिको अभिव्यक्ति हुन्छ । धर्म, कर्म, पुराण, संस्कार, चाल चलान, रहन सहन आदि सबैमा कुनैनकुनै प्रकारको विश्वास रहिआएको हुन्छ । लोकविश्वासको उत्पत्ति मानव जीवन जत्तिकै आदिम रहेको छ । मानव जातिमा संस्कारगत स्रोतको सोचाइ गर्न थाल्दा यहाँ सुरू-सुरूमा भएको अज्ञानता वा ज्ञानको अभाव, भयको विद्यमानता, आत्मरक्षाको लागि तथा दैवी शक्तिमा विश्वास नै लोकविश्वास विकास क्रमका आधार हुन् । लोकविश्वासका निर्माण मिथ्य ज्ञानमा आश्रित असङ्गत् तथा विवेकहीन क्रिया, मिथ्य अनुमान प्रवृति तथा मिथ्यास दृश्यका कारणले भएको हो । लोकविश्वासको सम्बन्ध सामाजिक क्षेत्रअन्तर्गतका विभिन्न तह ज्ञान-विज्ञान, पुरातत्त्व, इतिहास आदि चिन्तनहरूसँग गहिरो किसिमले रहेको पाइन्छ । लोकविश्वासहरू केही विशेष धर्मका धर्मग्रन्थसँग सम्बन्धित र विकसित भएको पनि पाइन्छ । केही लोकविश्वासहरू वैज्ञानिक पनि छन् भने धेरै जसो अन्धविश्वासका रूपमा पनि रहेका छन् ।

विभिन्न समयमा विभिन्न लोकविद्वान्हरूले लोकविश्वासलाई आ-आफ्नै तरिकाले वर्गीकरण र विश्लेषण गरको छन् । हंसपुरे सुवेदीले लोकविश्वासलाई धार्मिक लोकविश्वास, साँस्कृतिक लोकविश्वास, आभिचारिक लोकविश्वास, व्यावहारिक लोकविश्वास तथा अन्धविश्वाससम्बन्धी लोकविश्वास गरी पाँच भागमा वर्गीकरण गरेका छन् । मोतीलाल पराजुलीले लोकविश्वासलाई स्वैरकल्पनाप्रतिका विश्वासहरू, धर्म र अनुष्ठानसम्बन्धी लोकविश्वास, जादु, टुनामुना तथा योगसम्बन्धी विश्वासहरू, आत्मशीलतासम्बन्धी लोकविश्वास तथा विविध लोकविश्वास गरी पाँच भागमा वर्गीकरण गरेका छन् । गोविन्द आचार्यले लोकविश्वासलाई प्रकृति एवं प्राकृतिक गतिविधिसँग सम्बन्ध, पशुपक्षी र वनस्पतिसम्बन्धी विश्वास, मानव-शरीरसम्बन्धी, शकुन-अपशकुनसम्बन्धी, तन्त्र-मन्त्रसम्बन्धी लोकविश्वास, सृष्टिसम्बन्धी लोकविश्वास र धर्मसम्बन्धी लोकविश्वास गरी सात भागमा वर्गीकरण गरेका छन् । भारतीय लोकसाहित्यका कृष्णदेव उपाध्यायले लोकविश्वासलाई दस भागमा वर्गीकरण गरेका छन्- आकाशीय पिण्डसम्बन्धी लोकविश्वास, जीवजन्तुसम्बन्धी लोकविश्वास, विभिन्न शारीरिक अङ्गसम्बन्धी लोकविश्वास, संस्कारसँगसम्बन्धी लोकविश्वास

यात्रासम्बन्धी लोकविश्वास, सङ्ख्यासम्बन्धी लोकविश्वास, दिन, महिना तथा वर्षसम्बन्धी लोकविश्वास, देवी-देवतासम्बन्धी लोकविश्वास, तन्त्र-मन्त्र, जादु, टुना-मुनासम्बन्धी लोकविश्वास, वनस्पति-जगतसम्बन्धी लोकविश्वास । सीना कुरियनले लोकतत्त्वको एउटा तत्त्वको रूपमा लोकविश्वासलाई चिनाएका छन् र यस अन्तर्गत अनुष्ठानसम्बन्धी लोकविश्वास, उपचारसम्बन्धी लोकविश्वास, शकुन-अपशकुनसम्बन्धी लोकविश्वास, तथा पशुपक्षीसम्बन्धी लोकविश्वास गरी चार भागमा वर्गीकरण गरेका छन् ।

मोतीलाल पराजुलीले लोकविश्वासलाई कतै लोकविश्वास त कतै विश्वास मात्र भनेका छन् । गोविन्द आचार्यले गरेको लोकविश्वासको वर्गीकरण मोतीलाल पराजुलीको भन्दा भिन्न पाइँदैन । यसरी सबै विद्वानहरूले लोकविश्वासको वर्गीकरण आआफ्नै तरिकाले गरे पनि समग्रमा लोकविश्वासलाई धार्मिक तथा आध्यात्मिक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । धार्मिक लोकविश्वासअन्तर्गत धर्मसम्बन्धी लोकविश्वास, दैवीशक्तिसम्बन्धी लोकविश्वास, पाप र पुण्यसम्बन्धी लोकविश्वास, पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास, अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास, यज्ञादिसम्बन्धी लोकविश्वास, जातीय प्रथासम्बन्धी लोकविश्वास, तीर्थयात्रासम्बन्धी लोकविश्वास, धार्मिक व्यक्तित्त्वसम्बन्धी लोकविश्वास, धामीसम्बन्धी लोकविश्वास, तन्त्रसम्बन्धी लोकविश्वास, अतृप्त आत्मासम्बन्धी लोकविश्वास लोकविश्वास पर्दछन् । आध्यात्मिक लोकविश्वास अन्तर्गत भाग्यसम्बन्धी लोकविश्वास, वहुलोकसम्बन्धी लोकविश्वास, आशीर्वादसम्बन्धी लोकविश्वास श्रापसम्बन्धी लोकविश्वास, शकुनसम्बन्धी लोकविश्वास तथा भविष्यवाणीसम्बन्धी लोकविश्वास पर्दछन् । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा रहेका लोकविश्वासलाई पनि धार्मिक तथा आध्यात्मिक गरी दुई भागमा वर्गीकरण गरेर विश्लेषण तथा मूल्याङ्कन गर्न सकिन्छ । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा रहेका धार्मिक लोकविश्वासको विश्लेषण तथा मूल्याङ्कन तेस्रो परिच्छेदमा तथा आध्यात्मिक लोकविश्वासको विश्लेषण तथा मूल्याङ्कन चौथो परिच्छेदमा गरिएको छ ।

## तेस्रो परिच्छेद

# विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धार्मिक लोकविश्वास

### ३.१ विषयप्रवेश

विश्वेश्वरप्रसाद कोइरालाकाले सामाजिक, मनोवैज्ञानिक तथा आध्यात्मिक उपन्यास लेखेका छन् । उनका उपन्यासमा धर्मसँग जोडिएका विभिन्न लोकविश्वास पाइन्छन् । मानवमा परापूर्वकालदेखि रहिआएको विश्वास धर्म हो । असल र हितकारी कर्म नै धर्म हो भन्ने कुरालाई लोकले पनि विश्वास गरेको छ । लोकले परापूर्वकालदेखि नै विश्वास गर्दै आएका र धर्मसँग जोडिएका विश्वासलाई धार्मिक लोकविश्वास भनिन्छ । यसअन्तर्गत धर्मसम्बन्धी, दैवीशक्तिसम्बन्धी, अर्द्धदैविक शक्तिसम्बन्धी, अतृप्तआत्मासम्बन्धी, पाप र पुण्यसम्बन्धी, पुनर्जन्म र पुनर्जीवनसम्बन्धी, यज्ञादीसम्बन्धी, जातीय प्रथासम्बन्धी तथा तीर्थयात्रासम्बन्धी, सांस्कृतिक नायकसम्बन्धी, धामीसम्बन्धी, तन्त्रसम्बन्धी अतृप्तआत्मासम्बन्धी लोकविश्वास पर्दछन् । विश्वेश्वरप्रसाद कोइरालाका **सुम्निमा**, **मोदीआइन**, **तीन घुम्ती**, **बाबु आमा र छोरा**, **नरेन्द्र दाइ**, **हिटलर र याहुदी** उपन्यासमा रहेका धार्मिक लोकविश्वासको विश्लेषण यस परिच्छेदमा गरिएको छ र अन्त्यमा निष्कर्ष समेत समेटिएको छ ।

### ३.२ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धर्मसम्बन्धी लोकविश्वास

अरूको हितमा कर्म गर्नु धर्म हो । अर्काको भलाइ गर्नु, अर्कालाई दुःख नदिनु, चित्ता शुद्धि गर्नु, दानपुण्य गर्नु, तीर्थवर्त गर्नु धार्मिक कार्यहरू हुन् । धर्ममा नैतिकता हुन्छ । यो नैतिक शक्तिले जीवनलाई असल मार्गमा डोऱ्योउँछ । लोकले जे धारण गर्छ त्यो नै धर्म हो । यस्ता धार्मिक आस्थाप्रति लोकसमाजको अगाध विश्वास रहेको हुन्छ । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धर्मसम्बन्धी विभिन्न लोकविश्वास रहेको पाइन्छ, जसलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

**सुम्निमा** उपन्यास आर्य संस्कृति र किराँती संस्कृतिको पृष्ठभूमिमा लेखिएको सांस्कृतिक उपन्यास हो । यस उपन्यासमा हिन्दू धर्म र किराँत धर्ममा प्रचलित धार्मिक लोकविश्वास रहेका छन् । **सुम्निमा** उपन्यासमा रहेका धार्मिक लोकविश्वास र तिनको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

आमा र बुबाको सन्दर्भमा आर्या र किराँती धर्ममा फरक-फरक विश्वास हुन्छ । पिताकै कारणले पुत्रदानको रूपमा आफूलाई परिवारले प्राप्त गरेको हो भन्ने विश्वास सोमदत्तमा हुन्छ । यस प्रसङ्गमा सुम्निामाको विचार फरक हुन्छ । आमाले जन्म दिएको हुनाले आमाको मान गर्नुपर्छ, बा त आमाले देखाएको मानिस पो हो भन्ने कुरासँग सुम्निमा सहमत हुन्छे । किराँतीहरू पहिले आमालाई चिन्छन् अनि मात्र बालाई चिन्छन् भन्ने सुम्निमाको विचारले किराँती धर्ममा रहेको लोकविश्वासलाई बुझाउँछ । त्यसैले किराँतीहरू आफ्नो धर्ममा बालाई भन्दा आमालाई महान् मान्दछन् भनेर सुम्निमाले सोमदत्तलाई सम्झाएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> सुम्निमाले अझ उत्सुक हुँदै भनी 'ल झन् तिमै भनाइले पनि त आमाले जन्माएको हुँदा आमाको मान गर्नुपथ्यो, हैन र ? त्यसैले हामी किराँती पैले आमालाई चिन्छौँ, र उनले देखाएको मानिस हाम्रो बा हुन्छ (६) ।'

माथिको उदाहरणमा किराँती धर्मसम्बन्धी लोकविश्वास आएको छ । हिन्दू धर्म र संस्कृतिमा विश्वास राख्ने सोमदत्त पितालाई महान ठान्दछ जुन उसको धर्म पनि हो । सुम्निमा किराँती धर्ममा विश्वास राख्ने भएकीले किराँती धर्मअनुसार ऊ आमालाई जन्म दिने व्यक्तिको पहिलो श्रेय ठान्दछे । बाबु भनेको त आमाले चिनाएपछि मात्र चिनिने व्यक्ति हो भनेर बाबुलाई आमा पछिको दोस्रो व्यक्तिको दर्जामा राख्छे । यो किराँती धर्ममा रहेको लोकविश्वासकै कारणले भएको हो । अतः पितालाई महान ठान्ने सोमदत्तले हिन्दू धर्ममा र मातालाई महान् ठान्ने सुम्निमाले किराँती धर्ममा विश्वास गरेको पाइन्छ । यो धर्मसम्बन्धी लोकविश्वास हो ।

सोमत्तदतको विचारमा आर्याका सन्ततिहरू सुसंस्कृत र सभ्य हुन्छन् । उनीहरूको आफ्नै धर्म र संस्कृति हुन्छ । उनीहरूका विचारहरू पृथक र उच्च हुन्छन् । सोमदत्तका अनुसार माता क्षेत्र हुन्, ऊ अबोध हुन्छे तर पिता क्षेत्रपति हुन् । त्यसैले पिता महान् हुन्छन् । माता र पिताका बारेमा सोमदत्तको विचार फरक हुन्छ । सोमदत्त माताबाट

परिचालित हुने संस्कृतिलाई पाशविक व्यवहार ठान्दछ उसका अनुसार पशुहरूमा सतीत्व र पतिव्रत्य धर्म शुन्य हुन्छ, त्यसैले पशुहरूमा सन्तानको परिचय माताको नामबाट हुन्छ । सोमदत्तका अनुसार आर्याहरू देवधर्मी हुन्, त्यसैले पितालाई महान् ठान्दछन् । किराँतीहरू अनार्य हुन्, उनीहरू पशुधर्मावलम्बी हुन्, त्यसैले मातालाई महान् ठान्दछन् । यसरी माता नै महान् हुन् भन्ने सुम्निमालाई सोमदत्तले सम्झाएको उदाहरण यहाँ तल प्रस्तुत गरिन्छ :

> माताबाट परिचालित हुने प्रणाली पाशावीक हो । पशुहरूमा सतीत्व एवं पातिव्रत्य धर्मको शून्यताले सन्तानको परिचय माताबाट हुन्छ (७) ।

माथिको उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । मातालाई क्षेत्र मात्र भएकाले ऊ अबोध हुन्छे तर पिता क्षेत्रपति भएकोले उनी महान हुन्छन् भन्ने सोमदत्तको विचारमा आर्य धर्ममा रहेको लोकविश्वास पाइन्छ । यही लोकविश्वासका कारणले सोमदत्तले आर्या जातिलाई किराँती जातिभन्दा सभ्य र उत्कृष्ट मानेको छ भने किराँती जातिलाई असभ्य र संस्कृतबिहिन जातिको रूपमा राखेको छ । उसको यो विचार किराँती धर्मप्रति आर्या जातिमा रहेको लोकविश्वास हो । अतः सोमदत्तले क्षेत्रपति भएकोले पिता महान् छन भन्नु हिन्दू धर्मसम्बन्धी लोकविश्वास हो । सुम्निमाले माताले चिनाएपछि मात्र चिनिने हुँदा पिताभन्दा माता महान् छन् भन्नु किराँती धर्मसम्बन्धी लोकविश्वास हो ।

आर्याहरू आफूलाई सभ्य र सुसंस्कृत जातिका मानिसको रूपमा चिनाउँन चाहान्छन् र परम्परादेखि यही प्रक्रिया चल्दै आएको छ भन्ने कुरामा सोमदत्त दृढ छ । आर्याहरूमा किराँतीहरू बोध नभएको अबोधबालिका जस्तै हुन्छन् भन्ने विश्वास छ । किराँतीमा बोधगम्य क्षमता हुँदैन । उनीहरू हिंसा र अहिंसाको मर्म नबुझ्ने कुसंस्कारी हुन्छन् । के-के गरेमा हिंसा हुन्छ र के-के गरेमा अहिंसा हुन्छ भन्ने कुराको सामान्य ज्ञान समेत किराँतीहरूमा हुदैंन भन्ने विश्वास आर्याहरूमा रहेको पाइन्छ । किराँतीहरूले धर्मले स्वीकार गरेको हिंस्रक मर्मलाई बुझ्न सक्दैनन् अनि त्यसको निन्दा गर्छन । पाशविक उद्देश्यले प्रेरित भएर गरिएको हिंस्रक पशुहरूको व्यवहारलाई निन्दनीय ठान्दैनन् अनि गाईको हत्यालाई उचित ठान्दछन् । आफू आर्या भएकोले सभ्य र सुसंस्कृत अनि सुम्निमा किराँती भएकोले असभ्य र संस्कृतिबिहिन छ भनेर सोमदत्तले सुम्निमालाई सम्झाएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

सोमदत्तले भन्यो- "हामीहरू आर्यका सन्तति हौँ, सुसंस्कृत छौँ । तिमीहरू संस्कृतिबिहिन बर्बर जातिका किराँत हौ । त्यसकारण हाम्रा विचार तिम्रा विचारभन्दा पृथक छन् (६) ।"

प्रस्तुत उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । सोमदत्त सभ्य र सुसंस्कृत जातिका मानिसको रूपमा आफूलाई चिनाउन चाहान्छ । परम्परादेखि यही धर्ममा चल्दै आएको हो भन्ने दृढ विश्वास सोमदत्तलाई छ । किराँतीहरू बोध नभएको अबोधबालिका जस्तै हुन्छन् भन्ने विश्वास आर्यहरूमा रहेको छ । किराँतीहरूमा बोधगम्य क्षमता हुँदैन। त्यसैले उनीहरू हिंसा र अहिंसाको मर्म नबुझ्ने कुसंस्कारी हुन्छन् । के-के गरेमा हिंसा हुन्छ र के-के गरेमा अहिंसा हुन्छ भन्ने कुराको सामान्य ज्ञान समेत किराँतीहरूमा हुदैंन भन्ने विश्वास आर्याहरूमा रहेको छ । अतः आर्यका सन्तान भएकोले नै सोमदत्तले आफूलाई संस्कारी ठान्नु अनि किराँतकी सन्तान भएकीले नै सुम्निमा संस्कृतिबिहिन र बर्बर भएकी हो भन्ने ठान्नु धार्मिक लोकविश्वासले गर्दा नै हो । तसर्थ यो धार्मिक लोकविश्वास हो ।

सुम्निमा उपन्यासको मुख्य चरित्र सोमदत्त ब्राहमण कूलको सदस्य हो । ब्राहमण भएकोले सोमदत्तले गाई पालेको छ । ऊ तपस्या गर्नको लागि कुटीमा बसेको छ । कुटीमा बसेर तपस्या गरेपछि पूर्ण हुन्छ भन्ने विश्वास सोमदत्तमा रहेको छ । ब्राहमण भएकोले सोमदत्तले गाई पाल्नु अनि कुटीमा बसेर तपस्या गर्नु धार्मिक विश्वास हो । सोमदत्त दिउँसो गाई चराउँन जान्छ तर भिल्लाहरूले उसलाई अवरोध गर्छन । सोमदत्त ब्रामहण भएकोले उसले बिना अवरोध गाई चराउँन पाउँनुपर्छ भन्ने विश्वास राजकुमारमा रहेको छ । दिउँसो गाई चराउँन जाँदा सोमदत्तलाई किराँत र भिल्लहरूले बाधा उत्पन्न गराएको थाहा पाएपछि राजकुमार आएर आफूबाट राजपुत्रानुकुल सेवा ग्रहण गर्न आग्रह गर्छन, ब्राह्मणको वरिपरि गाईको हिंसा भएको थाहा पाउँछन् जुन कुरा ब्राह्मणलाई स्वीकार हुदैन, राजाकुमारले नजिकैका किराँत र भिल्ल जातिका प्रमुखलाई बोलाएर राजाको आज्ञा सुनाउँछन् जसलाई सबैले मान्नु पर्ने हुन्छ । यसरी आफू क्षेत्रीयभएकोले ब्राह्मणको सेवा गर्नु आफ्नो धर्म हो र त्यसको पालना हुनेछ भन्दै राजकुमारले सोमदत्तको परिवारलाई सम्झाएको उदाहरण यहाँ तल प्रस्तुत गरिन्छ :

> ब्राह्मण दम्पत्तीलाई विनम्र अनुरोध गर्दै राजकुमारले भने, 'ब्राह्मणदेव ! क्षत्रियको धर्म हो ब्राह्मणको सेवा गर्नु, त्यसको प्रतिपालन अवश्य हुनेछ (९) ।'

प्रस्तुत उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास रहेको छ । परापूर्वकालदेखि नै ब्राहमणहरूले गाई पाल्ने चलन रही आएको छ । परापूर्वकालदेखि नै कुटीमा बसेर तपस्या गर्ने तपस्वीहरू पुण्यात्मा हुन्छन् भन्ने विश्वास रहेको छ । ब्राहमण भएकोले सोमदत्तको परिवारले कुटी बनाएर बस्न पाउँनुपर्छ, गाई पाल्नु उनीहरूको धर्म हो । त्यस्तै ब्राहमणको रक्षा गर्नु क्षेत्रियहरूको धर्म हो । सबैजना आफ्नो धर्मअनुसार चल्नुपर्छ । त्यसैले भिल्लाहरू र किराँतीहरूको आतंकबाट ब्राहमणको रक्षा गर्नुलाई राजकुमारले आफ्नो धर्म सम्भन्छ । अतः ब्राहमणको रक्षा गर्नु र उनीहरूको वरिपरि हिंसा गर्न नदिनु जस्ता उदाहरणमा धार्मिक लोकविश्वास रहेको पाइन्छ ।

सोमदत्तको परिवार ब्राहमण भएकोले उनीहरू धर्ममा विश्वास गर्छन् । ब्राहमणको लागि गाईको गोबार, कोशीको जल, कुश पवित्र मानिन्छ । उनीहरू गोबार र कोशीको लेसिलो माटोले लिपेको स्निग्ध प्राङ्गणमा बनाइएको यज्ञवेदी नजिकैको कुशासनमा बसेका छन् । पूजा गर्दा ब्राह्मणहरू गाईको गोबर र कुशासनलाई चोखो र उत्तम मान्दछन्, तपस्या गर्दा गाईको गोबरले लिपेको ठाउँ माथि कुशासन राखेर बस्दछन् । यसरी तपस्या गर्दा तपस्या पूर्ण भएर धर्म प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास ब्राहमणमा रहेको छ भन्ने सन्दर्भलाई पुष्टि गर्न उपन्यासमा आएको तलको उदाहरण उपन्यासकार कोइराला स्वयम्को हो :

> गोबर र कोशीको लेसिलो माटोले लिपेको स्निग्ध प्राङ्गणका मध्यमा स्थिायी यज्ञवेदीसमीप कुशासनमा सूर्यदत्तको परिवार बसेको थियो (१०) ।

माथिको उदाहरणमा ब्राहमणहरू तपस्या गर्दा चोखो र पवित्र ठाउँमा बसेर गर्छन भन्ने लोकविश्वास आएको छ । गाईको गोबारलाई पनि पवित्र वस्तुको रूपमा लिइन्छ । गाईलाई लक्ष्मीको रूपमा पूजा गर्नेदेखि गाईको दूध, गोबार, मूत्र आदिलाई समेत पवित्र वस्तुको रूपमा प्रयोग गरिने विश्वास गरिन्छ । सोमदत्तको परिवार ब्राहमण हुनु, ब्राहमण भएकोले तपस्या गर्नु, तपस्याको लागि गोबार र कोशीको लेसिलो माटोले लिपेको प्राङ्गण नजिकैको यज्ञवेदीसमिप कुशासनमा बस्नु धर्मसम्बन्धी लोकविश्वासले नै हो । अतः प्रस्तुत उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास पाइन्छ ।

सुम्निमा किराँत परिवारकी सदस्य हुन्छे । उसलाई किराँती धर्ममा ज्यादै विश्वास हुन्छ । किराँती जातिमा आफ्नो देवतालाई खुसी पारेर धर्म प्राप्तिको लागि गाईको हिंसा गरिन्छ । यस्तो विश्वासलाई सोमदत्तले किराँतीहरूमा रहेको अज्ञानता र घोर अन्धाकार हो भनेको छ । किराँतहरू एकदमै अपठित हुन्छन् भन्ने विश्वास आर्य जातिमा रहेको हुन्छ । किराँतीहरू ज्ञानशून्य हुन्छन्, अज्ञानी हुन्छन्, उनीहरूको जीवन घोर अन्धकारमा हुन्छ । उनीहरू भ्रमजालमा रूमलिएका छन् । हिंसा गरेपछि मात्र धर्म पाइन्छ भन्ने भ्रमले माछा जालमा बेरिएझैं बेरिएका छन् भन्ने विश्वास सोमदत्तमा रहेको पाइन्छ । अहिंसा संसारको ठूलो धर्म हो भन्ने कुराको ज्ञान किराँतीहरूमा छैन भन्ने विश्वास आर्यहरूमा रहेको पाइन्छ । यसरी गाईको हिंसा गरेर ईश्वर खुसी  हुन्छन् भन्ने किराँतीहरूको यस्तो अज्ञानता र घोर अन्धाकारको बारेमा सोमदत्तले सुम्निमालाई सम्झाएको उदाहरण यहाँ तल प्रस्तुत गरिन्छ :

> सोमदत्तले यही बुझ्यो कि किराँतवाला एकदम अपठित छ, ज्ञानशून्य छ र घोर अज्ञानान्धकारमा छ । उसमा दयाको भाव जाग्रत भयो, -'अबोधबालिके ! तिमीहरू ठूलो भ्रमजालमा फसेका छौ । सांसारिकताको मछुवाले तिमीहरूलाई शारीरिकी जालमा माछा फसाएजस्तै फसाएर राखेको छ । अहिंसाभन्दा ठूलो धर्म केही छैन-अहिंसा परोम धर्म र धर्म सर्वोपरि छ, मानवोपरि पनि (१५) ।'

यस उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । सुँगुरका पाठाहरू आफ्ना देवतालाई चढाएपछि देवता खुसी  हुन्छन् भन्ने विश्वास सुम्निमामा रहेको छ । 'मेरा बा बिजुवा हुनुहुन्छ । वहाँले भोलि अर्को ठाउँ देखाउँने हुनुभएको छ :  सुँगुरपाठा चढाउँने ठाउँ (पृ.१४) ।' आफ्ना बा बिजुवा भएको र वहाँले भनेअनुसार सुँगुरका पाठाहरू चढाएपछि देवता खुसी  हुन्छन् भन्नु सुम्निमामा रहेको धर्मसम्बन्धी लोकविश्वास हो । सोमदत्तमलाई भने संसारमा अहिंसा नै परम् धर्म हो भन्ने लाग्छ, अहिंसाबाट नै ज्ञानको ढोका खुल्छ, यस्तो धर्म नै सर्वोपरी तथा मानवपरी हुन्छ भन्ने धार्मिक विश्वास सोमदत्तमा हुन्छ । यो आर्यहरूमा रहेको धर्मसम्बन्धी लोकविश्वास हो  ।

सुम्निमा किराँती धर्ममा विश्वास गर्छे । उसलाई बाजले आफ्नो पेट भर्नको लागि कसैको प्राण लिन्छ तर त्यो हिंसा हैन भन्ने लाग्छ । सुम्निमालाई बाज आफैं हिंसा गर्दैन, ऊ आफ्नो भोको पेट भर्नको लागि मात्र हिंसा गर्छ भन्ने कुरामा विश्वास छ । गाईलाई काट्नु

पनि हिंसा होइन यो त किराँतीहरूको परम्परादेखि चलिआएको चलन हो भन्ने कुरामा सुम्निमा विश्वास गर्छे । गाईलाई काटेर चढाएपछि किराँतीहरूका देवता खुसी हुन्छन् भन्ने धार्मिक विश्वास सुम्निमामा रहेको पाइन्छ । सुम्निमालाई आर्यहरूका राजकुमारहरूले शिकार खेल्नु चाहिँ साँच्चैको हिँसा हो भन्ने लाग्छ, राजकुमारहरूले शिकार खेल्दा विभिन्न जनावारलाई असर पुग्छ, उनीहरूलाई चोट लाग्न सक्छ, कतिपय अवस्थामा उनीहरूको मृत्यु पनि हुन सक्छ, जुन जनवारमाथिको हिंसा हो । आर्या जातिका राजकुमारहरूले शिकार खेलेर विभिन्न जनावारलाई असर पुऱ्याई उनीहरूलाई चोट लगाउनु र कतिपय अवस्थामा उनीहरूको मृत्यु पनि हुनलाई सुम्निमाले आर्या जातिमा रहेको अधर्म हो भनेर सोमदत्तलाई सम्झाएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> सुम्निमाले गुत्थ परेर भनी,- 'बाज हिंसा गर्दैन, हामीले गाई काटेको पनि हिंसा होइन । तिम्रा राजकुमारहरूले शिकार खेल्नुचांहि साँच्चैको हिंसा हो, तिम्रा धर्मका पोस्तक-पुराणहरूले ठीक ठहराएको महाभारतचांहि साँच्चैको हिंसा हो । तिम्रो धर्मले प्रकृतिको बनौटलाई खल्बलाएको छ (१७) ।'

प्रस्तुत उदाहरणमा हिन्दू धर्म र किराँत धर्मसम्बन्धी छुट्टाछुट्टै लोकविश्वास आएका छन् । सुम्निमालाई आर्यहरूका धर्मग्रन्थ पुस्तक-पुराणहरूले ठीक ठहराएको महाभारत चाहिँ हिंसा हो, यसमा काटमार र हिंसाका थुप्रै घटनाहरू आएका छन् । आर्यहरूका यस्ता कियाकलपले प्रकृतिको बनौटलाई खल्बलाइदिएको विश्वास किराँतीहरूमा रहेको छ । आर्यहरूले विश्वास गरेका धर्मग्रन्थहरूकै कारणले संसारमा हिंसा भएको हो भन्ने विश्वास किराँतीहरूमा पाइन्छ । अतः गाई काटेर आफ्ना भगवानलाई चढाउँनु किराँती धर्मसँग सम्बन्धित धार्मिक विश्वास हो भने राजकुमारहरूले शिकार खेल्नु, गाई लक्ष्मीको स्वरूप भएकोले पूजा गर्नु, पुराण तथा महाभारत जस्ता धर्मग्रन्थप्रति विश्वास हुनु धार्मिक लोकविश्वास हुन् ।

ब्राहमण भएकोले सोमदत्तले वेद, उपनिषत् र धर्मग्रन्थहरूको राम्रो अध्ययन गरेको हुन्छ । ऊ आफूलाई धर्मका धेरै कुराहरूको बारेमा अवगत भएको ठान्दछ । धर्म र ज्ञानगुणका कुराहरू सुम्निमालाई भने थाहा छैन भन्ने सोम्दत्तलाई लाग्दछ । किराँतबाला एकदम अपठित, ज्ञानशून्य र घोरअन्धकारमा छन् भन्ने विश्वास सोमदत्तमा हुन्छ । सोमदत्तको विश्वासलाई थप वल पुग्नेगरी *सुम्निमा सजिलैसँग आफ्नो अज्ञानता स्वीकार*

*गर्थी र भन्थी,-'तिमी असाध्य बुद्धि भएका छौ, पढेका छौ, कत्तिका कुरा जान्दछौ (पृ.१५) ।'* जब बाजले आफ्नो प्राण रक्षाको लागि परेवालाई आहार बनाउँन झम्टिन खोज्छ तर सोमदत्तले हाहा गरेर त्यसलाई उडाउँछ अनि परेवाको जीवन रक्षा गर्नु आफ्नो धर्म सम्झन्छ । बाझको झम्टाइबाट परेवालाई बचाएर सोमदत्त आफूले असल र हितकारी काम गरेकोमा गर्व गर्छ । यस्तो कार्यलाई सोमदत्तले आफ्नो धर्म सम्झन्छ । सुम्निमालाई भने परेवाको प्राण बाँचेको भन्दा बाज भोकै रहेकोमा चिन्ता हुन्छ । यसरी सोमदत्तले परेवाको प्राण बचाएर भन्दा पनि बाजले आहार नपाएर उसको प्राण बच्न नपाउनु पाप हो भनेर सुम्निमाले सोमदत्तलाई सम्झाएको सन्दर्भलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

> सोमदत्तले परेवालाई त्यसरी सुमसुमाएको देखेर सुम्निमाले आङ् बङ्ग्याएर कर्के आँखाले सोमदत्तलाई हेरी अनि कौतुक चाञ्चल्यका साथ भनी,-'तर कठै ! बाजको प्राणरच्छे हुने भएन (१६) ।'

प्रस्तुत उदाहरणमा आर्य र किराँती धर्मसम्बन्धी लोकविश्वास आएको छ । बाज भाकै रहँदा उसप्रति अधर्म हुन्छ भन्ने धार्मिक विश्वास सुम्निमामा पाइन्छ । आफ्नै आँखा अगाडि बाजको झम्टाईबाट झन्डै प्राण गएको परेवाको प्राणरक्षा गर्न सकेकोमा धर्म प्राप्ति भयो भन्ने विश्वास सोमदत्तमा हुन्छ, यो सोमदत्तमा रहेको धर्मसम्बन्धी लोकविश्वास हो । अरूको प्राणरक्षा गर्दा धर्म हुन्छ भन्ने धार्मिक लोकविश्वास सोमदत्तमा रहेको पाइन्छ । अतः सोमदत्तले बाजको पन्जाबाट परेवाको प्राण बचाउँनु आर्यहरूमा रहेको धार्मिक लोकविश्वास हो भने बाज भोकै रहेमा अधर्म हुन्छ भन्नु किराँतीहरूमा रहेको धार्मिक लोकविश्वास हो ।

सुम्निमा आफ्नो शरीरलाई ढाक्दिन, शरीर क्षणीक र नाशवान छ, त्यसैले यसको सुन्दरतालाई छोप्नु हुँदैन भन्छे । किराँती धर्मअनुसार पनि यसको सुन्दरतालाई आश्वादन गर्नुपर्छ भन्ने धार्मिक विश्वास सुम्निमामा रहेको छ । सुम्निमा आत्मालाई हिमालजस्तै अटल र स्थायी छ, यो कहिल्यै ननिभ्ने सहस्र सूर्य हो भन्छे, उसलाई शरीरचाहिँ अँध्यारोमा निभिरहने दियो जस्तो लाग्छ । आत्मा कहिल्यै नाश हुँदैनतर शरीर नाशवान र क्षणीक छ भन्ने दृढ विश्वास सुम्निमामा हुन्छ । शरीर फूलजस्तो राम्रो छ, एकछिन बास्न छरेर झर्छ । यस्तो सुन्दर शरीरको आनन्द लिनु पर्छ, आत्माको आनन्द टुङ्गिन्छ, त्यसैले अनन्त आनन्दको प्राप्ति जीवनको लक्ष्य हो । त्यसैले शरीरको सुन्दरता सकिनुभन्दा अघि नै

भोगिहाल्नुपर्छ । मानव शरीर फूलजस्तो राम्रो छ तर क्षणिक भएकोले सबैमा बास्न छरेर झर्छ । सुम्निमाको नाङ्गो शरीरलाई सोमदत्तले आत्माको विकासको बाधक भनेपछि त्यसको प्रतिउत्तरमा सुम्निमाले सोमदत्तलाई सम्झाएको सन्दर्भलाई यहाँ तल प्रस्तुत गरिन्छ :

> सुम्निमाले प्रतिउत्तरमा भनी,-'आत्मा नित्य छ, शरीर क्षणभङ्गर छ, त्यसैले नित्यको सेवा गर्नुपर्छ र अनित्यको त्याग । आत्मा हिमालजस्तो अटल छ, सदा स्थायी । शरीर फूलजस्तो राम्रो छ, एकछिन बास छरेर झर्ने । आत्मा कहिल्यै ननिभ्ने सहस्र सूर्य हो । शरीरचाहिँ अँध्यारोमा निभिरहने दियो हो (२५) ।'

माथिका उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । सुम्निमा मानव शरीर नाशवान र क्षणीक भएकोले यसको सुन्दरतालाई छोप्नुहुन्न बरू खुल्ला देखाउँनुपर्छ अनि मात्र शरीरको सुन्दरताको बास्न लिन सकिन्छ भन्ने कुरामा विश्वास गर्छे । सोमदत्तलाई भने शरीर ढाकिनुपर्छ अनि शारीरिक अङ्गहरू खुल्ला छोड्नु हुँदैन, यसरी अरूको अगाडि शरीर खुल्ला राख्नु धर्मको विपरित हुन्छ भन्ने विश्वास सोमदत्तमा रहेको छ । यो धर्मसम्बन्धी लोकविश्वास हो ।

विवाहको सम्बन्ध धर्मसँग गाँसिएको हुन्छ, विवाह सृष्टिको एउटा प्रक्रिया हो, यसमा सबैले सामेल हुनुपर्छ, नभए आफ्नो वंश परम्परा अगाडि बढ्न सक्दैन भन्ने विश्वास सूर्यदत्तमा रहेको छ जुन धर्मसम्बन्धी लोकविश्वास हो । आफ्नो छारो सोमदत्तले विवाह नगरेकोले बुबा सूर्यदत्तका परिवार चिन्तित छ । सोमदत्तपछि हाम्रो कुल निर्मूल हुने भयो भन्ने चिन्ताले सूर्यदत्तलाई पिरोलिरहेको थियो । आफ्नो वंश चलाउनको लागि सन्तान अपरिहार्य हुन्छ, यसको लागि विवाह अनिवार्य हुनुपर्छ । विवाह भएन भने सन्तानउत्पति हुँदैन र सन्तानबिना वंश परम्परा अगाडि बढ्दैन भनेर सोमदत्तलाई पिता सूर्यदत्तले सम्झाएको सन्दर्भलाई उपन्यासमा यसरी भनिएको छ :

> सूर्यदत्तले भने,- 'सन्तानउत्पत्तिका लागि विवाह धर्म-अनुष्ठान हो, पुत्र (३३) !'

माथिका उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । सोमदत्तले विवाह नगरिदिँदा सोमदत्तपछि हाम्रो कुल निर्मूल हुने भयो भन्ने चिन्ताले सूर्यदत्तलाई पिरोलिरहेको थियो । मरेपछि पितृलाई खुसी  पार्नको लागि कुलदेवताको पूजा गर्नुपर्छ, यो कार्य पुत्रले मात्र गर्न सक्छ । त्यसैले पनि जीवनमा सन्तान उत्पत्तिको लागि विवाह अनिवार्य छ जुन

धर्मसँग जोडिएको विश्वास हो । मरेपछि पितृहरूले आफ्नो भाग खोज्छन् । तिनीहरूलाई तर्पण दिएर तार्नु पर्छ नभए नर्कमा परिन्छ, प्रेतयोनी र पूतनर्कबाट पितृकुललाई केवल पुत्रले मात्र उद्धार गर्न सक्छ भन्ने विश्वास सोमदत्तकी आमामा हुन्छ । त्यसैले पिता सूर्यदत्तले सोमदत्तलाई विवाह गरी सन्तान जन्माउनुपर्छ भन्छन् । सन्तान उत्पत्तिका लागि विवाह धर्म-अनुष्ठान हो भन्ने धार्मिक विश्वास सूर्यदत्तमा हुन्छ । अतः मरेपछि पितृहरूले आफ्नो भाग खोज्नु, त्यसलाई तर्पण दिएर तार्न छोरा चाहिनु त्यसैले सोमदत्तले विवाह गर्नुपर्ने उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास रहेको पाइन्छ । यो धर्मसम्बन्धी लोकविश्वास हो ।

जीवनमा विवाह नगरी धार्मिक नियमहरूलाई कठोरतापूर्वक पालना गरी बस्नुलाई ब्रह्मचर्य भनिन्छ । ब्रह्मचर्य धर्म प्राप्तिको लागि गरिने कठोर तपस्या पनि हो । सोमदत्तलाई ब्रह्मचर्य धर्ममा विश्वास रहेको हुन्छ । आफूले चिताएको कुरा प्राप्त गर्नको लागि सोमदत्त ब्रह्मचर्य जस्तो कठोर व्रत बस्छ । सोमदत्त आफ्नो शरीरलाई ठाँउठाँउमा काटेर मासपिण्डले अग्निमा आहुति दिन पनि तयार हुन्छ । पिता सूर्यदत्तले विवाह गर्नुपर्छ भन्दा सोमदत्त जीवनमा ब्रह्मचारी नै रहने विचार छ भन्छ जुन सोमदत्तमा ब्रह्मचर्य धर्मप्रति रहेको विश्वास हो । यसरी पिता सूर्यदत्तले सोमदत्तलाई विवाह गर्नुपर्छ भन्दा सोमदत्तले आफू आजीवन विवाह नगरी बस्ने भनेर उत्तर दिएको सन्दर्भलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

सोमदत्तले भन्यो,- 'मैले त आजीवन ब्रह्मचारी रहने विचार गरेको छु (३४) ।'

माथिको उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । व्रत बस्यो भने देवीदेवतालाई खुसी पारी मनले चिताएको फल प्राप्त गर्न सकिन्छ भन्ने विश्वास सोमदत्तमा रहेको पाइन्छ । ब्रह्मचर्य धर्म प्राप्तिको लागि कठोर तपस्या गर्नुपर्ने, यही धर्म प्राप्तिको लागि सोमदत्तले आफ्नो शरीरलाई ठाँउठाँउमा काटेर मासपिण्डले अग्निमा आहुति दिनु पनि धार्मिक विश्वासकै कारणले हो । अतः आफूले चिताएको कुरा प्राप्त गर्नको लागि सोमदत्तले कठोर व्रत बस्नु, मातापिताको धेरै जोडबल र सन्तान प्राप्तिपछि मात्र मातापितालाई स्वर्गलोकको बाटो खुल्ने विश्वास हुनु, धार्मिक विश्वास रहेको कारणले गर्दा नै सोमदत्तले विवाह गर्नु धर्मसम्बन्धी लोकविश्वास हो ।

सोमदत्तकी ब्राह्मणी पुलोमा रजोदर्शन भएपछि धार्मिक विधिअनुसार गुप्तवासमा बस्छे । रजोदशर्न हुँदाखेरि हिन्दू नारीहरू विधिपूर्वक गुप्तवासमा बस्नुपर्छ, अरूलाई छुनु

हुँदैन, छोयो भने त्यसको दोष लाग्छ भन्ने धार्मिक विश्वास हिन्दू धर्ममा रहेको छ । मलोद्धासा भएको तीन रातपछि तिमी शुद्ध भयौ भनेर सोमदत्तले ब्राह्मणीलाई भन्छ । अब तिमीले पुत्र प्राप्तिको लागि गुरुजनहरूको आज्ञा शिरोधार्य गरेर विशेष याज्ञिक अनुष्ठान सम्पन्न गरी विशेषविधिद्वारा पकाइएको भोजन ग्रहण गर्नुपर्छ अनि मात्र पुत्रप्राप्तिको मार्ग खुल्छ भनेर सोमदत्तले ब्राह्मणीलाई सम्झाएको सन्दर्भलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

> सोमदत्तले खीरको भोजन गर्दै भन्यो,-'जुन पुरुष विमल वर्ण, वेदाध्ययी तथा पूर्णवान् पुत्रको कामना गर्छ त्यसले यस्तै पाकविधिद्वारा प्रस्तुत पायसको भोजन गर्नुपर्छ (३८) ।'

माथिका उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । ब्राह्मणीहरू  रजोदर्शन भएपछि धार्मिक विधिअनुसार गुप्तवासमा बस्नुपर्छ । विशेष विधिद्वारा पकाइएको खीर खाएपछि मात्र असल, विमल वर्णको तथा पूर्णवान् पुत्र प्राप्त हुन्छ भन्ने विश्वास रहेको पाइन्छ । अतः ब्राह्मणीहरू रजोदशर्न हुँदा तीन रातसम्म विधिपूर्वक गुप्तवास बस्नु, पुत्रप्राप्तिको लागि गुरुजनहरूको आज्ञा शिरोधार्य गर्नु, पुत्रप्राप्ति गर्न विशेष खाना खानु हिन्दू धर्मसँग जोडिएको धार्मिक लोकविश्वास हो ।

लोकमा मातापितालाई देवताको रूपमा मानिन्छ । मातापिताका आज्ञा र धर्मशास्त्रको आदेश बाध्यात्मक हुन्छन् । यस्ता आज्ञा र आदेशलाई सबैले मान्नुपर्छ भन्ने विश्वास रहेको पाइन्छ । पुत्रप्राप्तिमा बाधा उत्पन्न हुन थालेपछि सोमदत्तमा संन्यासी बन्ने रहर बढ्न थाल्छ तर मातापिताको आज्ञा र धर्मशास्त्रको आदेश विपरित हुने भएकोले ऊ त्यसो गर्न सक्दैन । उसमा पनि लोकप्रतिको विश्वास हुन्छ अनि लोकले के भन्ला भन्ने डर पनि रहेको हुन्छ । पुलोमामा पनि धर्मोपदेशको बाध्यतात्मक अवस्था रहेको हुन्छ । कुनै पनि काम र कुरा गर्न धर्म र उपदेशको डर र भर दुबै रहेको हुन्छ । मानिसले खराब काम गर्न लाग्दा धर्म र उपदेशका कुराहरू बाध्यात्मक रूपमा उपस्थित हुन्छन् र ऊ त्यसो गर्नबाट डराउँछ । यो लोकमा रहेको विश्वासकै कारणले भएको हो यदि यस्तो नहुँदो हो त मानिस मन परि गर्थ्यो । यसरी मातापिताका आज्ञा र धर्मशास्त्रको आदेश बाध्यात्मक भएकोले यस्ता आज्ञा र आदेशलाई सबैले मान्नुपर्छ भन्ने सन्दर्भलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

> कहिलेकाहीं अत्यन्त विरक्तिका साथ सोमदत्त भन्थ्यो,- 'यदि पितामाताको आज्ञा र धर्मशास्त्रको आदेशको बाध्यता नभएको भए म उहिल्यै संन्यासी भइसक्ने थिएँ (४१) ।'

> पुलोमा पनि भन्थी,- 'म पनि धर्मोपदेशको बाध्यताले यो वैवाहिक जीवनमा अडिरहेकी छु नत्र उहिल्यै तपस्वी भएर वनभित्र पसिसक्थेँ (४२) ।'

प्रस्तुत उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । लोकमा मातापितालाई भगवानका रूप मानिन्छ । उनीहरूमा ईश्वरको बास हुन्छ, त्यसैले उनीहरूका आज्ञा शिरोपर गर्नुपर्छ, मातापिताका वचन र धर्मशास्त्रका आदेश बाध्यात्मक हुन्छन् । पतिपत्नीमा आपसी खटपट भएपनि वैवाहिक जीवनमा अडिनुपर्छ, त्यसबाट छुट्टिनुहुदैन यदि छुट्टियो भने त्यो धर्म विपरीत हुन्छ भन्नु धर्मसम्बन्धी लोकविश्वास हो । त्यसैले आपसी मनमुटाव भएर पनि पुलोमा वैवाहिक जीवनमा अडिक रहेकी छे नभए उहिल्यै तपस्वी भएर वनभित्र पसिसक्थी । अतः सोमदत्त र पुलोमामा आपसी मनमुटाव भएर पनि सोमदत्त संन्यासी र पुलोमा तपस्वी भएर वन पस्न नसक्नु धर्मसम्बन्धी लोकविश्वास नै हो ।

सोमदत्त र पुलोमाको मृत्युपछि उनीहरूको छोरो एक्लो भएको हुन्छ, ऊ आमाबुबाको आश्रममा जान डराउँछ, कहिलेकाही गए पनि डराएर आश्रमको ढोकैबाट फर्किएर आउँछ, त्यत्तिकै टोलाएर एक्लै बसिरहन्छ, सुम्निमाकी छोरीसँग खेल्दा पनि खेल्दैन, ऊ बाहुनको छोरो भएको र उसका बुबा ठुला तपस्वी भएकोले उसका मनमा नानाथरी कुरा खेल्दा हुन् भन्ने विश्वास सुम्निमाकी छोरीमा हुन्छ । सोमदत्त ठूला तपस्वी भएका, बाबुको जस्तै तपस्या गरेपछि ईश्वर खुसी हुन्छन् र फल पाइन्छ भन्ने विश्वास सोमदत्तको छोरामा हुन्छ । यसरी बाहुनहरूले तपस्या गरेपछि ईश्वर खुसी हुन्छन् र फल पाइन्छ भनेर सोमदत्तको छोराको बारेमा सुम्निमाले आफ्नी छोरीलाई सम्झाएको सन्दर्भलाई उपन्यासमा आएको तलको उदाहरणले यसलाई थप पुष्टि गर्छ :

> सुम्मिनाले छोरीलाई सम्झाई,- 'तेरो यावा बाहुनको छोरो हो । उसका बा ठूला तपस्वी बाहुन थिए । त्यसो हुनाले उसको मनमा नानावली कुरा खेलिरहँदो हो, त्यसैले टोलाउँदो हो (९१) ।'

माथिका उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । ब्रह्मणहरू पूजापाठ र तपस्या गर्नुलाई आफ्नो धर्म सम्झन्छन् र यसो गर्नले धर्मको पालन हुन्छ भन्ने विश्वास उनीहरूमा हुन्छ । यज्ञ गऱ्यो भने चिताएको पाइन्छ भन्ने लोकविश्वास रहिआएको छ । दान गऱ्यो भने अब आउँने जन्ममा सम्पन्नता हासिल गर्न सकिन्छ । बाहुनहरू तपस्वी हुन्छन्, तपस्या गर्नु उनीहरूको धर्म हो । यही तपस्याकै कारणले उनीहरूका मनमा अनेकथरी कुराहरू खेल्दछन् जसका कारण उनीहरू टोलाएर बस्छन् भन्ने कुरा पहिलेदेखि चलिआएको छ जुन धर्मसँग सम्बन्धित लोकविश्वास हो ।

**बाबु, आमा र छोरा** उपन्यासमा नेपाली समाजभित्रका घटना, चरित्र तथा तिनीहरूसँग जोडिएर आएका धर्मसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

बस्नेतकी जेठी श्रीमती पहाडी गरीब गाउँकी केटी हुन्छे । उसले पढेलेखेकी छैन । उसको शहरमा बस्नेतको घरमा विवाह भएको हुन्छ । उसले माया गर्ने श्रीमान पाएकी हुन्छे । ऊ सुखले ओतप्रोत भएकी हुन्छे । उसले पतिलाई आफू यति ठूलो शहरको घरमा कसरी तिम्री पत्नी हुन आइपुगेकी छु भन्ने कुरा पतिले नसोचे पनि आफूले सोचेकी छु भन्ने गर्छे । ऊ सानै केटाकेटीदेखि नै पूजाआजा गर्छे । उसलाई पूजाआजमा खुब विश्वास हुन्छ । आमासँग जहिले पनि रहर मानी-मानी माथि डाँडाको शिवमन्दिर जान्छे, ऊ भगवानसँग मनमनै वर माग्छे, व्रत बसी मन्दिरमा गएर भगवानसँग आफूले चिताएको कुरा माग्यो भने पाइन्छ भन्ने विश्वास उसमा हुन्छ । आमाले भगवानसँग के वर मागिस् भनेर सोध्दा ऊ बोल्दिन तर मनमनमा अरू केटीहरूले जे वर माग्छन् ऊ पनि त्यही वर माग्छे । ठूली भएपछि उसले आफूले भगवानसँग मागे अनुसारकै वर पाएकोले ऊ खुसी हुन्छे । यसरी जेठीले सानोमा शिवजीसँग मलाई असल वर देऊ भनेर मागेको वर अहिले पूरा भएको र आफ्नो पति पूर्वजन्मको प्राप्ति हो भन्ने कुरा पतिलाई सुनाउदै जेठीले भनेको सन्दर्भलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

> त्यसैले त भन्छु - तिमी मेरा पूर्वजन्मका आर्जन हौ । यस जन्ममा पनि म सानै केटाकेटीदेखि पूजाआजा गर्थें । आमासँग जहिले पनि रहर मानी-मानी माथि डाँडाको शिवमन्दिरमा जान्थें । एक दिन आमाले भन्नुभयो- छोरी के वर माग्छेस् देवतासँग ? मैले केही भनिन आमालाई, तर

मनमनमा त्यै वर माग्थें, जुन वर सबै केटी हृदयले माग्छन्- शिवजी !
मलाई असल वर दिए । लाग्छ, शिवजीले मेरो पुकारा सुनेका थिए ।
त्यसैले त तिमीजस्तो वर मलाई दिए (३) ।

प्रस्तुत उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । सानै उमेरदेखि जेठी धर्मकर्ममा रमाउँछे, आमासँग माथि डाँडाको मन्दिरमा जान्छे, पूजा गर्छे, आफूले मागेको वर भगवानले दिनुहुन्छ भन्ने कुरामा उसलाई विश्वास हुन्छ । सानोमा व्रत बसेर धर्म गरेकोले नै अहिले आफूले बस्नेत जस्तो असल र राम्रो पति पाएको विश्वास जेठीमा हुन्छ । व्रत बस्यो भने देवीदेवतालाई खुसी पारी मनले चिताएको फल प्राप्त गर्न सकिन्छ भन्ने विश्वास जेठीमा पाइन्छ । अतः जेठीले सानै उमेरदेखि पूजाआजा गरेर शिवसँग असल वर माग्नु अनि आफूले सोचे जस्तै पति पाउँनु, व्रत बसेपछि चिताएको कुरा भगवानले दिनुहुन्छ भन्नु धार्मिक कर्मको फलप्राप्तिसम्बन्धी लोकविश्वास हो ।

**मोदिआइन** उपन्यासमा धर्मसम्बन्धी विभिन्न लोकविश्वास पाइन्छन् । तिनको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

भारतवर्षभरिका नारीहरूको कण्ठबाट उठेका पुकारलाई कुनै पनि ईश्वरले सुन्न सक्दैनन् । अन्ततः कौरव र पाण्डवबीच युद्ध हुने तय हुन्छ । युद्धको धुमधाम तयारी हुन्छ । एकएक गरेर दुबै पक्षमा सेना सुसज्जित हुन्छन् । मृत्युको भव्य तयारी आयोजना भएको दैख्दादेख्दै पनि सास रहेसम्म आश रहन्छ भनेझैं मोदिआइनलाई भने सानासाना कुरामा पनि आश लाग्न थाल्छ । उनका दुलहा र देवार कौरव पक्षका सेनामा हुन्छन् भने बा र भाइ पाण्डव सेनामा, कसले कसको वध गर्ने, यो स्वजातीय हत्याकाण्डले कसको जय कसको पराजय हुने हो, हे परमात्मा भनेर मादिआइन चिन्तित हुन्छे । मोदिआइनलाई उनका राजा दुर्योधनबाट त आश हुदैन, किनकि उनी भयानक हठी र अभिमानी व्यक्ति हुन्छन्, जो आफ्नो हठमा सारा संसारलाई अग्निमा होम्न सक्थे । उनीहरूलाई पाण्डवहरूबाट भने बेलाबेलामा आशाको सञ्चार भइरहन्छ । यसरी महाभारतको युद्धमा कृष्णले धर्मयुद्धको व्याख्या गर्दा युधिष्ठिरले युद्ध धर्ममय हुँदैन भनेर दिएको उत्तर मोदिआइनले म पात्रलाई सुनाएको सन्दर्भ उपन्यासमा आएको उदाहरण यहाँ तल प्रस्तुत गरिन्छ :

> कृष्णले धर्मयुद्धको व्याख्या गर्दा युधिष्ठिरले भने रे- "कुनै अवस्थामा पनि युद्ध धर्ममय हुँदैन, हे केशव !" एक चोटि त उग्र स्वभावका भीमले पनि कृष्णसँग शान्तिको पक्ष लिएर तर्क गरे रे (३२) ।

प्रस्तुत उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । भगवान कृष्णले धर्मयुद्धको व्याख्या गर्दा युधिष्ठिरले युद्ध धर्ममय हुँदैन भनेर भनेका भन्छन् । युद्धमा पाप र धर्मको भन्दा पनि जीत र हारमा आफ्नो प्रतिष्ठा जोडिएको हुन्छ । जतिसुकै मान्छे मारेर पनि जित्नु पर्ने युद्धको स्वरूप हुन्छ भन्नु धर्मसम्बन्धी लोकविश्वास हो ।

आफ्नै स्वजन समुदायलाई मारेर आफूले विजय प्राप्त गर्नु छैन, कुनै राज्य वा कुनै सुखको भोगमा म आफ्नैलाई हत्या गर्न सक्दिन भन्ने अर्जुनलाई धेरै सम्झाए । कृष्ण भगवानले अर्जुनलाई आफ्नो गाण्डीव उठाएर युद्धमा प्रविष्ठ हौ भन्छन् । यहाँ सबैले आ-आफ्नो कर्तव्य पालना गर्नुपर्छ, त्यसैले तिमीले पनि आफ्नो कर्तव्य पूरा गर्नुपर्छ, यसमा कुनै पनि कुरामा आसक्त हुनुहुँदैन, कुनै पनि फलको आशा नगरी वा निस्वार्थी भएर गरिएको कर्मले पाप लाग्दैन, त्यसैले तिमीले यस युद्धमा वैरीको बध गर्नुपर्छ भनेर कृष्णले अर्जुनलाई सम्झाएका छन् । यसरी महाभारतको युद्धमा कृष्णले धर्मयुद्धको व्याख्या गर्दै कुनै पनि फलको आशा नगरी वा निस्वार्थी भएर गरिएको कर्मले पाप लाग्दैन भनेर अजुर्नलाई सम्झाएको सन्दर्भलाई उपन्यासमा आएको उदाहरणले थप पुष्टि गर्दछ :

> कृष्णले अर्जुनलाईलाई सम्झाउँदै भने- "हे कौन्तेय, तिमीले आफ्नो कर्तव्य गर्नुपर्छ निष्पृह भएर, अनासक्त भएर । निष्काम कर्मले पाप लाग्दैन । स्थितप्रज्ञ भएर मार सबै वैरीलाई (३८) ।"

माथिका उदाहरणमा धर्मसँग जोडिएको लोकविश्वास आएको छ । सबैले आ-आफ्नो कतर्व्य पूरा गर्नुपर्छ । महाभारतको युद्धमा कृष्णले कुनै स्वार्थ नलिइकन शत्रुको वध गर्नुलाई अर्जुनले धर्म हुने काम हो भनेका छन् । निस्वार्थी भएर  गरिएको कामबाट पाप हुदैंन भनेर अर्जुनले कृष्णलाई सम्झाएको सन्दर्भले निस्वार्थी भएर गरिने काम नै सबैभन्दा पनि ठूलो धर्म हो भन्ने कुरालाई पुष्टि गर्छ । स्वार्थरहित भएर कुनै पनि काम गर्दा पाप लाग्दैन भन्नु धार्मिक कर्मको फलसम्बन्धी लोकविश्वास हो ।

**नरेन्द्र दाइ** उपन्यासमा रहेका धर्मसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल दिइएको छ ।

गौरीलाई सफा सुग्गर भएर बस्न मनपर्छ । उनको हिँडाइ बिस्तारै-बिस्तारै हुन्छ, उनी सुत्ने ओछ्यानको सिरानतिर मुरलीधर कृष्णको मूर्ति हुन्छ, उनको कोठामा केटाकेटी हत्तपत्त जादैनन् । सान्नानीलाई उनको कोठा तुलसीको मठ लिपेर राखे जस्तो सफा र सुग्गर लाग्छ । सान्नानीले गौरीको कोठालाई तुलसीको मठजस्तो ठान्छे । गौरी भाउजूलाई सान्नानीले देवीजस्तै सिङ्गारिएर बसेको देख्छे । यसलाई थप पुष्टि गर्दै उपन्यासमा सान्नानीले यसो भनेकी छे :

> सान्नानीले भनिन्- "राम्री त मलाई पनि लाग्नुहुन्छ नि । तर हेर न कस्तो तुलसीको मठजस्तो लिपेर राखेको कोठा, गोसाईथानजस्तो, र आफु पनि देवीजस्ती सिनित्त सिँगारिएर बस्नुपर्छ उहाँलाई (१६) ।"

माथिको उदाहरणमा धर्मसम्बन्धी लोकविश्वास आएको छ । हिन्दु धर्ममा तुलसीलाई विष्णु भगवानको प्रतिकको रूपमा लिइन्छ । घरको आँगनमा मठ बनाएर यसको पूजा गरिन्छ । सान्नानीलाई तुलसीको मठ, गोसाईथान तथा देवीप्रति विश्वास रहेको छ । सान्नानीले गौरीलाई देवी जस्तै भन्छे अनि उनको कोठा तुलसीको मठजस्तै सफा छ भन्नुले तुलसीजस्तो वनस्पतिलाई देवताको रूपमा गरिने लोकविश्वासलाई बुझाउँछ । गोसाईथान र देवीमा विश्वास रहेको पाइन्छ । यो वनस्पति-जगतसम्बन्धी लोकविश्वास हो । अतः सान्नानीले गौरी भाउजूलाई देवी ठान्नु, तुलसीको मठजस्तै सफा ठाउँमा बस्छे भन्नु धर्मसम्बन्धी लोकविश्वास हो ।

## ३.३ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा दैवीशक्तिसम्बन्धी लोकविश्वास

धर्ममा ईश्वरप्रति विश्वास गरिन्छ । देवी, देवता, पितृ र कुलदेवताप्रतिको विश्वास नेपाली लोकसमाजमा प्रतिविम्बित भएको छ । जीव र जगत्को परस्पर सम्बन्ध गराउने र जीव जगत्को रेखदेख गर्ने तत्त्वका रूपमा धर्मले ईश्वरलाई मानेको हुन्छ । लोकले महादेवलाई आराध्य देव मान्नुका साथै विष्णु, राम, कृष्णलाई पनि भगवान् विष्णुकै रूप मानेको छ । त्यस्तै मरेका आफ्ना अग्रजलाई पितृ भनिन्छ भने आफ्ना कुल अनुसारका देवतालाई कुलदेवता भन्निछ । देवताले दिए पनि पितृ रिसाए भने खोस्छन् भन्ने विश्वास छ । नेपाली समाजमा देवी, देवता, पितृ र कुलदेवतासम्बन्धी लोकविश्वास रहेको पाइन्छ ।

**सुम्निमा** उपन्यास आर्य संस्कृति र किंरात संस्कृतिको पृष्ठभूमिमा लेखिएको सांस्कृतिक उपन्यास हो । यस उपन्यासमा हिन्दू धर्म र किराँत धर्ममा प्रचलित देवीदेवतासँग सम्बन्धित लोकविश्वास रहेका छन् । सुम्निमा उपन्यासमा रहेका दैवीशक्तिसम्बन्धी लोकविश्वास र यिनको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

सुम्निमालाई किराँतीहरूले सुँगुरका पाठा आफ्नो देवतालाई चढाउँनु, गाई काटेर भोज खानु, जाँड पिउँनु अनि अतिथिको स्वागतमा यस्ता वस्तुहरूको प्रयोग गर्नु आफ्नो धर्मअनुसार हो भन्ने लाग्दछ । सुम्निमा किराँती हो त्यसैले उसलाई किराँतीहरू परम्परादेखि मानिआएका देवताप्रतिको विश्वासमा अडिग छन् लाग्दछ । उनीहरू देवता रिसाए भने सुँगुरका पाठ चढाएर खुसी पार्दछन् । देवतालाई किराँतीहरू आफूजस्तै ठान्दछन् । देवताहरू पनि आफ्नो भागको आशा गर्दछन्, त्यो भाग हामीले दिनुपर्छ । देवताहरू पनि आफ्नो भाग पाएपछि खुसी हुन्छन् र हामीलाई कुनै प्रकारको दुःख दिदैँनन् । देवतालाई खुसी पार्न यो भन्दा बढी हामीले केही गर्नु पर्दैन र उनीहरूले पनि यो भन्दा बढी केही खोज्न हुदैँन भन्ने विश्वास किराँतीहरूमा पाइन्छ । यसरी सुँगुरका पाठ चढाएर देवता खुसी  हुँदैनन् भन्ने सोमदत्तको प्रश्नको उत्तरमा सुम्निमाले देवताहरू पनि आफ्नो भागको आशा गर्दछन् र त्यो पाएपछि खुसी हुन्छन् भनेर उत्तर दिएको सन्दर्भलाई उसन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

> उनीहरू पनि हामीजस्तै हुन् नि ! द्यौताहरू रिसाए भने सुँगुरपाठा पाएर खुसी  हुन्छन् । त्यसैले त सुँगुरपाठा दिएर रिझाइन्छ नि तिनीहरूलाई । उनीहरूले पनि आफ्नो भाग पाएपछि सन्तोष गर्नुपर्छ । पनि हामीलाई कुनै किसिमको दुःख हुदैँन । त्योभन्दा बढ्ता हामीले अरू केही गर्नुपर्दैन उनलाई, र उनीहरूले पनि त्योभन्दा बढ्ता खोज्न हुदैँन । त्यत्ति हो तिनीहरूको भाग (१५) ।

प्रस्तुत उदाहरणमा किराँती धर्मसँग आस्था राख्ने धर्मलम्बीहरूका देवीदेवतासम्बन्धी लोकविश्वास आएको छ । किराँतीहरूमा आफ्नो धर्मप्रति विश्वास रहेको छ । उनीहरू सुँगुरका पाठा आफ्नो देवतालाई चढाउँछन्, गाई काटेर भोज खान्छन्, जाँड पिउँछन् अनि अतिथिको स्वागतमा यस्ता वस्तुहरूको प्रयोग गर्नुलाई आफ्नो धर्म ठान्दछन् । धर्ममा ईश्वरप्रति विश्वास  गरिन्छ । जीव र जगत्को परम्पर सम्बन्ध गराउने र जीव जगत्को

रेखदेख गर्ने तत्त्वका रूपमा धर्मले ईश्वरलाई मानेको हुन्छ । त्यसैले उनीहरू परपूर्वकालदेखि मानिआएका देवतालाई विश्वास गर्छन् । अतः किराँतीहरूले आफ्ना देवताप्रति विश्वास भएकै कारण सुँगुरका पाठ देवतालाई चढाउनु अनि गाई काटेर भोज खानु दैवीशक्तिसम्बन्धी लोकविश्वास हो ।

सुम्निमा किराँतीहरूका देवतामा विश्वास गर्छे । सुम्निमाका अनुसार देवताको सम्बन्धमा किराँतीहरूमा भिन्न विश्वास पाइन्छ । मानिसभित्र आत्मा हैन कि मनुवा पो बस्दछ, देवताहरू आफ्ना-आफ्ना ठाँउमा बस्दछन् । विभिन्न प्रकारका देवताहरू विभिन्न प्रकारका ठाँउहरूमा बस्दछन् । कोही देवताको बास पहाडको चुचुरोमा, कोहीको खोलामा, कोही भिरको ढुङ्गमा, कोही वनमा, कोही खेतबारीमा बस्दछन् । हामीभित्र त मनुवा बस्दछ । मनुवा र देवता दुबै एकै खालका हैनन्, यी फरक-फरक हुन्, यिनीहरूलाई एकैठाउँमा मिस्नुहुदैंन । यिनीहरूको भिन्न भिन्नै अस्तित्व रहेको छ त्यसैले भिन्न भिन्न काम गर्दछन् भन्ने विश्वास किराँतीहरूमा रहेको पाइन्छ । देवताको सत्य रूप हाम्रो हृदयभित्र निवास गर्छ भनेर सोमदत्तले भनेपछि हाम्रो हृदयभित्र त मनुवा बस्दछ, ईश्वर त जगतभरि नै छन् भनेर सुम्निमाले सोमदत्तलाई दिएको उत्तरको सन्दर्भलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

> सुम्निमाले पटक्कै बुझिन । अन्यौलमा परेर यतिमात्र भनी, 'मानिसभित्र त मनुवा पो बस्छ, बाले भनेको । द्यौताहरू त आफ्ना आफ्ना ठाउँमा बस्छन्- कोही पहाडको चुचुरामा, कोही खोलामा, कोही भिरको ढुङ्गमा, कोही वनमा, कोही खेतबारीमा । हामीभित्र त मनुवा बस्छ । बा भन्नुहुन्छ, यी दुबै एउटै खालका हैनन् रे, यिनीहरूलाई छासमिस गर्न हुन्न रे । यिनीहरूको भिन्नभिन्नै थान्को छ, यिनीहरू भिन्नभिन्नै बाँच्छन्, भिन्नभिन्नै काम गर्दछन् (१५) ।'

माथिको उदाहरणमा किराँतीहरूमा रहेका देवतासम्बन्धी लोकविश्वास आएको छ । किराँतीहरूमा देवताप्रति विश्वास रहेको पाइन्छ । उनीहरू देवतालाई फरक रूपमा विश्वास गर्छन । देवताको वास मानिसभित्र नै हुन्छ भन्ने विश्वास किराँतीहरूमा पाइन्छ । देवताहरू थरीथरीका हुन्छन् र फरक-फरक ठाँउमा बस्छन्, कोही पहाडको चुचुरोमा, कोही खोलामा, कोही भिरको ढुङ्गमा, कोही वनमा, कोही खेतबारीमा बस्दछन् भन्ने विश्वास रहेको छ ।

हामीभित्र त मनुवा बस्दछ । मनुवा र देवता दुबै फरक-फरक हुन्, यिनीहरूलाई एकैठाउँमा बस्दैनन् । यिनीहरूको आ-आफ्नै अस्तित्व रहेको छ त्यसैले भिन्न भिन्न काम गर्दछन् भन्ने विश्वास किराँतीहरूमा रहेको पाइन्छ । अतः किराँतीहरूले कोही देवता पहाडको चुचुरोमा, कोही देवता खोलामा, कोही देवता ढुङ्गमा, कोही वनमा, कोही खेतबारीमा  बस्छन् भन्नुले देवतासम्बन्धी लोकविश्वासलाई पुष्टि गरेको छ ।

सूर्यदत्तलाई विवाह सृष्टिको एउटा प्रक्रिया भएकोले यसमा सबैले सामेल हुनुपर्छ, नभए आफ्नो वंश परम्परा अगाडि बढ्न सक्दैन भन्ने कुरामा विश्वास हुन्छ । सोमदत्तले विवाह नगरेकोले उनको परिवार चिन्तित हुन्छ । सोमदत्तपछि हाम्रो कुल निर्मूल हुने भयो भन्ने चिन्ताले सूर्यदत्तलाई पिरोलिरहेको हुन्छ । मरेपछि पितृहरूले आफ्नो भाग खोज्छन् । तिनीहरूलाई तर्पण दिएर तार्नु पर्छ नभए नर्कमा परिन्छ, प्रेतयोनी र पूतनर्कबाट पितृकुललाई केवल पुत्रले मात्र उद्धार गर्न सक्छ भन्ने विश्वास सोमदत्तकी आमामा हुन्छ । त्यसैले पिता सूर्यदत्तले सोमदत्तलाई विवाह गरी सन्तान जन्माउनुपर्छ भन्छन् । सोमदत्तले पनि मातापिताको आग्रहलाई स्वीकार गर्छ । यसरी विवाह गरी सन्तान जन्माउनुपर्छ भन्ने मातापिताको आग्रहलाई सोमदत्तले स्वीकार गरेपछि  सोमदत्तले हाम्रो समस्त कुललाई सहजै तर्पण दिने भयो भनेर सूर्यदत्त र उनकी पत्नीबीच भएको कुराका बारे उपन्यासमा यसो भनिएको छ :

> उनीहरू मुखामुख गरेर भन्थे,-'पुत्र सोमदत्तले हाम्रो समस्त कुललाई सहजै तारण गर्ने भयो (३३) ।'
>
> आमाले पनि थपिन्,- 'प्रेतयोनी र पूतनर्कबाट पितृकुललाई केवल पुत्रले मात्र उद्धार गर्न सक्छ (३४) ।'

माथिको उदाहरणमा देवतासम्बन्धी लोकविश्वास आएको छ । सूर्यदत्तलाई विवाह सृष्टिको एउटा प्रक्रिया भएकोले यसमा सबैले सामेल हुनुपर्छ, नभए आफ्नो वंश परम्परा अगाडि बढ्न सक्दैन भन्ने कुरामा विश्वास हुन्छ । मातापिताको आज्ञालाई सोमदत्तले शिरोधार्य गर्छ । सोमदत्तको विवाह पछि पुत्र जन्मने छ  र उसले तर्पण दिएपछि पितृले पार पाउने छन् भनेर उसका मातापिता खुसी  हुन्छन् । सन्तान उत्पत्तिका लागि विवाह धर्म-अनुष्ठान हो भन्ने धार्मिक विश्वास छ । मरेका आफ्ना अग्रजलाई पितृ भनिन्छ भने आफ्ना कुल अनुसारका देवतालाई कुलदेवता भन्निछ । देवताले दिए पनि पितृ रिसाए भने खोस्छन्

भन्ने मान्यताअनुसार लोकसमाजले पितृलाई शुद्ध मनले श्रद्धा गर्दछन् । अतः मरेपछि पितृहरूलाई तर्पण दिएर आफ्नो पुत्रले मात्र तार्न सक्छन् नभए नर्कमा परिन्छ त्यसैले विवाह गरेर पुत्र जन्माउँनु पर्छ भन्नु देवी, देवता, पितृ र कुलदेवतासम्बन्धी लोकविश्वास हो ।

दिवङ्गत भएका आफन्ता जो सनातनी विश्वासअनुसार पितृलोकको निवासी भएका छन् तिनलाई पितृ भनिन्छ । पुत्र भएपछि मात्र मुक्ति पाइने ऋणलाई पितृऋण भनिन्छ । जीवनमा पित्रृऋण लाग्छ । छोराले मात्र पितृको उद्वार गर्न सक्छ भन्ने विश्वास समाजमा परम्परादेखि रही आएको छ । सोमदत्तले पनि पुत्रको आशा गर्दछ तर उसलाई पुत्रप्राप्ति हुदैंन । पुत्रप्राप्ति हुने आशा लिएर सोमदत्त बिजुवाको घरमा पुग्दछ । सोमदत्तलाई तिमी छोरा किन चाहन्छौ भनेर बिजुवाले सोध्दा सोमदत्तले पितृहरूको उद्धारको निम्ति पुत्र नभई नहुने हुनाले छोरो चाहिन्छ भनेर जवाफ दिन्छ । सन्तान भएनन् भने आफूले प्राप्त गरेको धर्म सबै निष्फल हुन्छ भन्ने विश्वास सोमदत्तमा रहेको हुन्छ । यसरी सोमदत्तले पुत्र भएनन् भने आफूले प्राप्त गरेको ज्ञानको कुनै महत्त्व हुँदैनजुन कुरा शास्त्रमा पनि लेखिएको छ भनेर ब्राह्मणीलाई सम्झाएको सन्दर्भलाई उपन्यासमा आएको तलको उदाहरणले थप प्रष्ट पार्छ :

> नलिपेको कुटीको प्रङ्गणमा उभिएर चिन्तित हुँदै सोमदत्तले भन्यो,-'ब्राह्मणी ! पितृऋण चुकाउन अझ बाँकी रहेछ (३९) ।'
>
> बिजुवाले आफ्नो व्यावसायिक अधिकारको स्वरमा सोध्यो, - 'एउटा वैद्यले रोगीलाई सोधेजस्तो,- तिमी छोरो किन चाहन्छौ ?' सोमदत्तले भन्यो,- 'धर्मनिर्वाहका लागि सन्तान भएन भने पितृहरूको उद्धार हुँदैन। सन्तानबिना मनुष्यलोकमा आर्जन गरेको धर्म सबै निष्फल हुन्छ यस्तो हाम्रो शास्त्रको आदेश छ (४५) ।'

प्रस्तुत उदाहरणमा जीवनमा धर्म कमाउँन पितृऋण चुकाउँनुपर्छ भन्ने कुलदेवतासम्बन्धी लोकविश्वास आएको छ । मरेका अग्रजहरूलाई पितृ भनिने र पितृऋणलाई पुत्रले मात्र मोचन गर्न सक्ने विश्वास छ । सोमदत्त धर्ममा विश्वास गर्दछ । ब्राह्मण भएको तथा वेदको पनि ज्ञान भएकोले सोमदत्तलाई पितृऋणबाट मुक्ति प्राप्त गर्न पुत्र नै चाहिन्छ भन्ने विश्वास रहेको छ । आफ्नो मृत्यु पछि तर्पण दिने पुत्र भएनन् भने आफूले गरेको धर्म निष्फल हुन्छ भन्ने विश्वास सोमदत्तमा रहेको छ । अतः आफ्नो मृत्यु पश्चात् आफ्नो पुत्रले तर्पण दिएन भने आफूले प्राप्त गरेको धर्म सबै निष्फल हुन्छ भन्ने

विश्वास सोमदत्तमा हुनु, पुत्र प्राप्तिको लागि बिजुवाकोमा सम्म पुग्नु देवी, देवता, पितृ र कुलदेवतासम्बन्धी लोकविश्वास हो ।

सोमदत्त पुत्र प्राप्तिको आशा लिएर सुम्निमाको बुबाकोमा पुग्दछ । उसलाई सुम्निमाका बुबाले मनुवादहमा लगेर नुहाउँन भन्छन्, सोमदत्तलाई मनुवादहमा लगेर नुहाउँनको लागि सुम्निमाले वनभित्रको देवीस्थानको बाटो हुँदै लिएर जान्छे, उसमा देवीप्रति विश्वास रहेको छ । मनुवादहमा पसेपछि सोमदत्तलाई सुम्निमाले ठूलो ढुङ्गामा बसेर मनुवादहको शोभा हेर्न लगाउँछे, सोमदत्त भोको हुन्छ, ब्राह्माणहरूको जस्तो देवता रिझाउँन भोको बसेर तपस्या गर्नु पर्दैन बरू खाएर शरीरलाई तीप्ति पारेपछि शरीर खुसाउँछ अनि देवता रिझाउँछन् भन्ने विश्वास सुम्निमामा हुन्छ, त्यसैले सोमदत्तलाई भोजन गर्न आग्रह गर्छे । त्यसको लागि सुम्निमाले घरैबाट ढुङ्गोमा दूध र मह लगिदिन्छे । सुम्निमाको बुबाले मनुवादहमा रहेको देव कडा छ त्यसैले सुम्निमालाई सोमदत्तको धर्ममा असर पर्ने कुनै काम गर्न हुदैन भनेर सम्झाएका हुन्छन् । धर्ममा असर हुने काम गऱ्यो भने देवता रिसाउँछन् भनेर सुम्निमाले सोमदत्तलाई देवीथानमा रात बिताउँन हुँदैन भनेर सम्झाउँछे । अनि सोमदत्त मनुवादहबाट फर्किन्छ । यसरी सुम्निमाले मनुवादहको देवता अत्यन्त बलियो र कडा भएकोले धेरैबेर पानीमा बस्नुहुन्न भनेर सोमदत्तलाई मनुवादहबाट फर्किन लगाएको सन्दर्भलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्दछ :

> सुम्निमाले सोमदत्तलाई उठाँउदै भनी,- 'सोमदत्त ! अब तिमीले यहाँ धेरैबेर बस्ने होइन । देवा असाध्य बलियो र कडा पनि छ यहाँको ......मनुवादहको......बाले भनेको तिमीलाई जोगाएर ल्याउनू रे......(५५) ।'

माथिका उदाहरणमा देवतासम्बन्धी लोकविश्वास आएको छ । सोमदत्तलाई सुम्निमाका बुबाले मनुवादहमा लगेर नुहाउँन पठाउँदा सुम्निमाले वनभित्रको देवीस्थानको बाटो हुँदै लिएर जानु देवीसम्बन्धी लोकविश्वास हो । सोमदत्त मनुवादहमा पसेपछि ढुङ्गामा बसेर मनुवादहको शोभा हेर्दा ब्राह्माणहरूको जस्तो देवता रिझाउँन भोको बसेर तपस्या गर्नु नपर्ने बरू खाएर शरीरलाई तीप्ति पारेपछि शरीर खुसाउँछ अनि देवता रिझाउँछन् भन्ने विश्वास सुम्निमामा हुन्छ । मनुवादहमा रहेको देव कडा भएकोले सोमदत्तको धर्ममा असर पर्ने कुनै काम गर्नु हुँदैन भन्ने विश्वास सुम्निमाका बुबामा रहेको छ । धर्ममा असर हुने काम गऱ्यो भने देवता रिसाउँछन् भन्नु देवताप्रतिको विश्वास हो । मनुवादहमा राति बस्यो

भने सोमदत्तको धर्म जान्छ भन्नु पनि देवताप्रतिको विश्वासकै कारणले हो । बिजुवाले पठाएको विशेष प्रकारको तेल सुम्निमाले सोमदत्तको जिउमा लगाइदिनु, यसले सोमदत्तलाई कोमल, सुखदायी र तृप्तिकर बनाउँछ भन्नु, सोमदत्तलाई मनुवादहको देवता अत्यन्त बलियो र कडा भएकोले धेरैबेर पानीमा बस्नुहुन्न भनेर सुम्निमाले मनुवादहबाट फर्किन लगाउँनु देवताप्रति विश्वास रहेकाले नै हो । अत : सोमदत्त वनभित्रको देवीस्थानको बाटो हुँदै मनुवादहमा नुहुवाउन जानु, नखाई नुहाउँदा देवता रिसाउँछन् भनेर सुम्निमाले खाना आग्रह गर्नु, सोमदत्तलाई चोखो खाना आफै लगिदिनु, धर्ममा असर पुग्ने काम गर्न हुन्न भन्ने कुरामा सुम्निमा सचेत हुनु, धेरैबेर बस्न हुन्न भनेर सोमदत्तलाई मनुवादहबाट फर्किन लगाउनु देवतासम्बन्धी लोकविश्वास हो ।

पुलोमा गर्भवती हुन्छे । उसले आफू गर्भवती भएको कुरा सोमदत्तलाई सुनाउँछे । यस्तो कुरा सुनाउँदा सोमदत्तले राम्रो भयो भन्छ । सोमदत्तले पुलोमालाई अब तिमी पुत्रको कल्पना गर किनकि यसले हाम्रो कुललाई तार्नेछ भन्छ । समाजमा पुत्रले मात्रै कुललाई तारण दिन सक्छ, पितृहरूलाई पिण्ड दिएर पार लगाउँन सक्छ अनि मात्र पितृहरूले प्रेतलोकबाट स्वर्गलोकमा जान पाउँछन् भन्ने विश्वास सोमदत्तमा हुन्छ । सोमदत्तकी पत्नी पुलोमाले आफू गर्भवती भएको खबर सुनाउँदा सोमदत्त खुसी हुन्छ । यसरी आफ्नी पत्नी पुलोमा गर्भवती भएको थाहा पाएपछि सोमदत्तले पुलोमालाई पुत्रको कामना गर भनेर पुत्र पाउँनको लागि गरेको आग्रहको सन्दर्भलाई उपन्यासमा यसरी भनिएको छ :

> पुलोमाले चुनौतीको स्वरमा भनी,- 'म गर्भवती भएँ ।' सोमदत्तले उस्तै नीरस स्वरमा उत्तर दियो,- 'बेस भयो । अब तिमी पुत्रको कामना गर, जसले हाम्रो कुललाई तार्नेछ (८२) ।'

माथिको उदाहरणमा कुलधर्मसम्बन्धी लोकविश्वास आएको छ । सोमदत्तलाई पुत्रको इच्छा छ, त्यसैले ऊ आफ्नी पत्नी गर्भवती भएपछि पुत्रको कामना गर्न लगाउँछ, पुत्रले मात्र पितृऋण तिर्न सक्छन् भन्ने लोकविश्वास सोमदत्तमा हुन्छ । मरेका आफ्ना अग्रजलाई पितृ भनिन्छ भने आफ्ना कुलअनुसारका देवतालाई कुलदेवता भनिन्छ । देवताले दिए पनि पितृ रिसाए भने खोस्छन् भन्ने मान्यताअनुसार लोकसमाजले पितृलाई शुद्ध मनले श्रद्धा गर्दछन् । त्यस्तै आफ्नो कुलको परम्पराअनुसार कुलदेवताको पूजा पनि लोकसमाजले गर्ने गर्छ । यसरी देवी, देवता, पितृ र कुलदेवताप्रतिको विश्वास नेपाली लोकसमाजमा प्रतिविम्बित भएको

हुन्छ । अतः आफ्नो पुत्र भएपछि उसले सोमदत्तको मृत्यु पश्चात् तर्पण दिएर पितृलाई ऋणबाट मुक्त गर्नेछ भन्ने विश्वास सोमदत्तमा हुनु देवी, देवता, पितृ र कुलदेवतासम्बन्धी लोकविश्वास हो ।

पुलोमाको मृत्युपछि सोमदत्त थला पर्छ । उसको छोरो दिनभर गाई चराउँन जान्छ । बेलुका फर्किएर पिताको सेवा-शुश्रषा गर्नु, दुध तताएर पितालाई खुवाउँनु उसको दैनिकी हुन्छ । मानवीय दैनिक जीवनमा पुत्रले पिताको सेवा शुश्रषा यसरी नै गरिरहनुपर्छ । कहिलेकाही सुम्निमाकी छोरी खानेकुरा लिएर आउँछे । सोमदत्तलाई सुम्निमाकी छोरी खाना लिएर आउँदा आफू किराँती भएकोले पोलेको मासु छुट्टै पातमा ल्याएर खान्छे । तर सोमदत्त बाहुन भएकोले खानुहुन्न भनेर उसलाई आमाले सम्झाएकी हुन्छे । त्यसैले सोमदत्त बाहुन भएकोले मासु खानु नहुने भनेर सुम्निमाले छोरीलाई सम्झाएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> सोमदत्तको छोरो भन्थ्यो,- 'तिमीलाई खोई नि ?'
>
> ऊ भन्थी,- 'मेरो त पोलेको मासु छ, अर्कै पातमा ल्याएकी छु । आमाले भनेको, तिमी खाना हुन्न रे मासु । तिमी बाहुन हामी किराँती .......त्यसैले (८८) ।'

माथिका उदाहरणमा देवोयोनिसम्बन्धी लोकविश्वास आएको छ । आर्यहरू मासु खादैनन् । त्यसैले सोमदत्त मासु खादैन । मासु खायो भने अधर्म हुन्छ भन्ने संस्कृति आर्यमा रहेको छ । किराँतीहरू भने मासु खान्छन् यो किरांतीहरूमा उहिलेदेखि चलिआएको संस्कृति हो र खायो भने देवीदेवता रिसाउँछन् भन्ने स्वैरकल्पनासम्बन्धी लोकविश्वास गरिएको छ । अतः आर्य भएकोले सोमदत्तले मासु खानु नहुने तर किराँती भएकोले सुम्निमाले मासु खान हुने संस्कृतिसँग गाँसिएका लोकविश्वास हुन् जुन सांस्कृतिक लोकविश्वासका रूपमा रहेको छन् ।

**मोदिआइन** उपन्यासमा रहेका दैवीशक्तिसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

म पात्र मिसिरजीसँग पहिलो चोटी दरभङ्ग जान्छ । त्यहाँ उसको भेट मोदिआइनसँग हुन्छ । मोदिआइनले ऊसँग बडो आत्मीयताको व्यवहार गर्छे । मिसिरजी गुन्टाबाट धोती झिकेर नुहाउन जान ठिक्क पर्छ । मोदिआइनले उसलाई पनि मिसिरजीसँग तलको हडाहा

तलावमा नुहाउन जान आग्रह गर्छ । मोदिआइनले त्यस तलाउमा पानी निर्मल र ठण्डा भएको तर किनारमा बसेर नुहाउनुपर्ने करा मोदिआइनले म पात्रलाई बताउँछे । उसका अनुसार तलाव बडो गहिरो हुन्छ । म पात्रले आफूलाई पौडिन आउने कुरा बताउँछ । मोदिआइनले पौडिन जान्दछु भन्ने घमण्ड तलाउ, वापी, रह दहसँग कहिले नगर्नु भन्दै उसलाई त्यहाँ नजानू भन्छे । यसरी त्यस तलाउमा देवता बसेका छन्, गर्वका बोली सुने भने मन पराउँदैनन् र कति मै हूँ भन्ने पनि गएपछि फर्किएर आएका छैनन् त्यसैले त्यहाँ नजानू भनेर मोदिआइनले म पात्रलाई सम्झाएको सन्दर्भका बारे उपन्यासमा यसो भनिएको छ :

> उसले भनी- "पौडिन जान्दछु भन्ने घमन्ड, तलाउ, वापी, रह दहसामु नगर्नू । देवता बसेका हुन्छन् यिनमा र गर्वका बोली सुने भने मन पराउँदैनन् (८) ।"

माथिको उदाहरणमा देवतासम्बन्धी लोकविश्वास आएको छ । म पात्र तलावमा गएर नुहाउन खोज्छ तर मोदिआइनले त्यस तलावमा जानु हुँदैन भनेर सम्झाउँछे । तलाव, नदी, पोखरी जस्ता जलाशय ठाउँमा देवता बसेका हुन्छन भन्ने विश्वास रहेको कुरालाई मोदिआइनले म पात्रलाई तलावमा नजानू भनी सम्झाएको सन्दर्भले पुष्टि गर्छ । लोकमा पवित्र वस्तुलाई नदीमा सेलाउनु, मठ-मन्दिरमा गङ्गाजल सेलाउनु र जलाशयहरूमा स्नान गर्नुलाई धार्मिक महत्त्व दिने प्रचलन रहेको छ । अतः तलाउमा देवताको वास हुन्छ त्यसैले त्यहाँ जानुहुदैंन, गएमा देवता रिसाएर मृत्युसम्म हुन सक्छ भनेर मोदिआइनले म पात्रलाई सम्झाउँनु देवतासम्बन्धी लोकविश्वास हो ।

नुहाउँनको लागि म पात्र तलाउको तटमा पुगेर लुगा फुकाल्छ, त्यसैबेला म पात्रलाई नुहाउन जानु अघि मोदिआइनले दिएको चेतावनीको सम्झना हुन्छ । त्यहाँ धेरै मानिसहरू पौडिन सिपालु भएपनि डुबेर मरेका छन् भन्ने कुराको इसारा समेत उसलाई मोदिआइनले गरेकी हुन्छे । त्यसैले यो बिरानो ठाँउमा किनारैमा बसेर नुहाउँन उचित ठान्छ । त्यसबखत आकाशमा एउटा सानो बादल उडदै तलाउको माथि छहारी पार्दै जान्छ । त्यसपछि तलाउको पानी कालो हुन्छ अनि तलाउमा डरलाग्दो रूप देखिन्छ । यो देखेर उसलाई डर लाग्छ । किनारसँग टाँसिएर र छिटोछिटो नुहाएर ऊ मोदिआइन कहाँ आउँछ । मोदिआइनले तलाउको बारेमा भनेको कुरालाई म पात्रको माध्यमबाट स्वयम् उपन्यासकारले भनेको सन्दर्भ उपन्यासमा यसरी आएरको छ :

> एकचोटी आकाशमा एउटा सानो बादल उड्दै तलाउको माथि छहारी पार्दै गयो । तलाउको पानी हठ्त कालो भयो (९) ।

प्रस्तुत उदाहरणमा दैवीशक्तिसम्बन्धी लोकविश्वास आएको छ । नदीनाल, ताल तलाव जस्ता जलाशयसम्बन्धी विभिन्न विश्वासहरू रहेको पाइन्छ । मोदिआइनले देवता हुन्छ भन्दा नपत्ताएको म पात्रले तलावमा आफैँले देखेपछि भने उसलाई विश्वास लाग्छ । अनि छिटो-छिटो नुहाएर फर्किहाल्छ । त्यस तलाउमा देवताको निवास रहेको हुनाले नै बादलको छाँया परेपछि पानी कालो भएको हो भन्ने कुरामा उसलाई विश्वास लाग्छ । यसरी तलाउ नजिक पुगेपछि मोदिआइनका कुरा सम्झिनु, तलाउभित्र पस्न डर लाग्नु, आकाशमा बादल देखेपछि तलाउको पानी कालो हुनु, त्यसपछि डर लागेर किनारमै बसेर छिटो-छिटो नुहाएर म पात्र फर्किनु जस्ता सन्दर्भमा दैवीशक्तिसम्बन्धी लोकविश्वास रहेको पाइन्छ जुन देवतासम्बन्धी लोकविश्वास हो ।

**नरेन्द्र दाइ** उपन्यासमा रहेका दैवीशक्तिसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

सान्नानीले सेमलवन बजारमा साहुनीकी छोरी बहुला बनेर हिंडेको देख्छे, पछि मात्र थाहा हुन्छ उसलाई त देवी पो चढेका रहेछन । एक पटक दोलतपुरकी बुहारी लोप हुन्छे, ऊसँग सुनको काँइयो हुन्छ, पछि खोज्दै जाँदा उसको सुनको काइयो जङ्गलमा भेटिन्छ । फागुणीलाई देवी चढेका आइमाई बाझी हुन्छन भन्ने कुरामा विश्वास हुन्छ, देवी लागेका आइमाई बाझी हुन्छन् र उनीहरूलाई डाक्टर र वैद्यको औषधीले छुदैन, दिवानजीकी बुहारीलाई पनि यस्तै भएको हुन्छ, उसको उपचार गर्न राधोपुरबाट मिसिर-वैद्य आँउछन्, अङ्ग्रेजी डाक्टर पनि आँउछन् तर ठीक हुँदैन, यहाँ सन्तान हुनको लागि डाक्टर तथा वैद्य जस्ता आधुनिक पद्दतीमा भन्दा बढी विश्वास देवीदेवताको भाकल गर्नुमा रहेको हुन्छ । यसरी फगुनीले सान्नानीलाई सुनाएका कथाबारे सान्नानीले उपन्यासमा यसो भनेकी छे :

> अनि सान्नानी फेरि भन्न थाल्थिन्-"कथाहरूमा देवीदेवताहरू मानिसको चोला लिएर आउँथे पृथ्वीमा । सेमलवन बजारमा साहुनीकी छोरीलाई पहिले त बहुलाही भने, तर पछि थाहा पाए, उसमा देवी चढ्दी रहिछिन् । दौलतपुरको जमिनदारकी बुहारी एक दिन त्यसै लोप भइन्, खोज्दाखोज्दा उनले कपालमा लाउँने गरेको सुनको काइँयो जङ्गलमा

> भेटियो तर उनी भने पलेला परिनन् । पूर्णिमापूर्णिमाको मध्यरातमा काइँयो खोज्दै उनी अझै जङ्गलमा आउँछिन् रे । फागुनीलाई यस्ता अरू पनि धेरै कथा आउँछ । ऊ भन्थी- जसमा देवी आउँछिन् त्यस्ता आइमाई बाँझी हुन्छन् । डाक्टर बैद्यले पनि केही गर्न सक्दैनन् यसमा । दिवानजीकी बुहारीलाई पनि त्यस्तै हुन्थ्यो । कति ओखती भयो, निकै भएन । दुब्लाएर काँडा भैसकी । अस्ति पनि यस्तै भयो राधोपुरबाट मिसिर-वैद्य आए, अङ्गजी डाक्टर आए, केही गर्न सकेनन् बिचरी कल्पिन्छे- "मलाई सन्तान भएन" भन्छे । कति देवीदेवताको भाकल गरी । के हुन्थ्यो र देवी आएपछि । हो नानी, देवी चढेका आइमाई बाँझी हुन्छन् (१६) ।"

माथिका उदाहरणमा देवीदेवतासम्बन्धी लोकविश्वास आएको छ । समाजमा देवीदेवतामा धेरै विश्वास रहेको हुन्छ । यहाँ देवी-देवताको स्तुति वा पूजा गर्दा देवी-देवता प्रसन्न हुन्छन् र भक्तको मनोकाङ्क्षा पूर्ण गर्छन् भन्ने धार्मिक लोकविश्वास छ । लोकमा पूजा, व्रत, दान, तपस्या, बली, स्नान, सरसफाइ र सेवा आदि धार्मिक कर्म हुन् भन्ने लोकविश्वास व्यक्त भएको पाइन्छ । अतः सान्ननीले सेमलवन बजारमा साहुनीकी छोरीलाई देवी चढेको देख्नु, दोलतपुरकी बुहारी लोप हुनु, खोज्दै जाँदा उनको सुनको काइयो जङ्गलमा भेटिनु, देवी चढेका आइमाई बाझी हुनु, उनीहरूलाई डाक्टर र वैद्यको औषधीले नछुनु, सन्तान हुनको लागि देवीदेवताको भाकल गर्नु जस्ता कुराले समाजमा देवीदेवतामा विश्वास रहेको देखिन्छ । यो देवीदेवतासम्बन्धी लोकविश्वास हो ।

**हिटलर र यहूदी** उपन्यासमा रहेका दैवीशक्तिसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

म पात्रलाई क्यान्सार भएको हुन्छ । ऊ उपचार गर्न दिल्ली जान्छ, त्यहाँको डाक्टरले थप उपचारको लागि उसलाई अमेरिका जान सल्लाह दिन्छ । नेपाल फर्किएपछि म पात्र पत्नी लक्ष्मीसँग आफूलाई डाक्टरले खासै केही नभनेको भनेर ढाट्न खोज्छ तर लक्ष्मीलाई सबै थाहा हुन्छ । पतिलाई उपचारको लागि अमेरिका पठाउन लक्ष्मीले आफ्ना गहनाहरू बेचेर सबै व्यवस्था मिलाउँछे । गहना बन्धक राखेर रुपियाँ जोडेकोले म पात्र मर्माहत हुन्छ तर पत्नी लक्ष्मी भने पतिको खाँचो टार्न आफ्नो शरीर बन्धक मात्र हैन बेच्न पनि सक्छु

भन्छे । लक्ष्मीको वचनमा बनावटी व्यङ्ग्य हुँदैन, उसले आफ्नो हृदयको सोझो कुरा भनेकी हुन्छे । दिउँसोको कुराले राति सुत्ने बेलामा म पात्र झन भावुक बन्छ । सँगै सुतेकी लक्ष्मीको शरीरको गन्धले म पात्रलाई मादक बनाउँछ अनि म पात्रले लक्ष्मीलाई बलपूर्वक समातेर प्रेम विह्वल कण्ठले भनेको सन्दर्भलाई उपन्यासमा यसरी भनिएको छ :

> प्यारी । लक्ष्मी...
>
> म उसको शरीरलाई कहिल्यै पनि छाड्दिन् । टाँसिराख्छु-सतीदेवीको शरीरलाई महादेवले नछाडेको जस्तो...लक्ष्मी, प्यारी...। लक्ष्मीको शरीर पूर्ण सजग भयो, तरङ्गित हुँदै मसँग टाँसिन पुग्यो (१५) ।

माथिको उदाहरणमा देवीदेवतासम्बन्धी लोकविश्वास आएको छ । म पात्रले लक्ष्मीलाई असाध्यै माया गर्छ । सतीदेवीलाई श्रीमहादेवले गरे जसरी नै आफूले पनि लक्ष्मीलाई माया गरेको छु भन्ने विश्वास म पात्रमा हुन्छ । श्रीमहादेव सतीदेवीलाई धेरै माया गर्छन् । सतीदेवीको मृत्युपछि पनि श्रीमहादेवले उनको मृत शरीरलाई कयौँ दिनसम्म आफैँले बाकेर हिँडेका, आफ्नो शरीरसँग टाँसेर राखेका अनि सतीदेवीको मृत्युमा पागलजस्तो भएर हिँडेको विश्वास श्रीस्वस्थानी धर्मग्रन्थमा पाइन्छ । अतः श्रीमहादेवले सतीदेवीलाई असाध्यै माया गर्नु, म पात्रले पनि लक्ष्मीलाई महादेवले सतीदेवीलाई गरेको जस्तै माया गर्छु भन्नु श्रीमहादेव र सतीदेवीजस्ता देवीदेवतासम्बन्धी लोकविश्वास हो ।

यात्राको क्रममा खाना खाने समयमा गोल्डवर्ग र म पात्रको बीचमा खानाको बारेमा कुरा हुन्छ । गोल्डवर्ग याहुदी जातिको हुन्छ, ऊ याहुदी धर्ममा विश्वास गर्दछ । याहुदी धर्मअनुसार सुँगुरको मासु निषेध हुन्छ । त्यसैले ऊ पनि सुँगुरको मासु खादैन । म पात्र भने हिन्दू धर्मलम्बी हुन्छ । हिन्दू धर्ममा गाईको मासु वर्जित हुन्छ । ऊ आफूले पनि गाईको मासु नखाने कुरा बताउँछ । आफू हिन्दू भएकोले गाईको मासु खाने चलन नभएको बारे म पात्रले गोल्डवर्गलाई भनेको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> मैले भनेँ- नेपालमा गाईको मासु खाने चलन छैन । एकदम निषेध छ हिन्दूलाई गोभक्षण । गोल्डवर्गले भन्यो-त्यस्तै हाम्रो धर्ममा पनि सुँगुर खान एकदम निषेध छ (३७) ।

माथिको उदाहरणमा देवतासम्बन्धी लोकविश्वास आएको छ । म पात्र हिन्दू धर्म मान्दछ । त्यसैले ऊ हिन्दू धर्मप्रति आस्था राख्दछ । हिन्दू धर्ममा गाईलाई लक्ष्मी माताको रूपमा पूजा गरिन्छ । त्यसैले गाईको मासु निषेध छ । त्यस्तै गोल्डवर्ग याहुदी हो र ऊ याहुदी धर्ममा प्रतिवद्ध छ । उसको धर्ममा पनि सुँगुरको मासु निषेध छ । यहाँ म पात्र हिन्दू धर्मप्रति र गोल्डवर्ग याहुदी धर्मप्रति विश्वास गर्दछन् । यो धर्मप्रतिको विश्वास हो । अतः हिन्दूधर्मलम्बी भएकोले म पात्रले गाईको मासु नखानु अनि याहुदी भएकोले गोल्डवर्गले सुँगुरको मासु नखानु आ-आफ्नो धर्मका देवतासम्बन्धी लोकविश्वास हो ।

म पात्र यात्राको छैटौँ दिन बर्लिनमा पुग्छ । हिटलरको शाहीमहानगरबाट ऊ पत्नी लक्ष्मीलाई चिठी लेख्छ । उसलाई त्यस नगर घुमाउने जिम्मा थियोडोराको हुन्छ । उसले आफ्नो प्रेमीलाई युद्धमा गुमाएकी हुन्छे । युद्धमा रुसी सेनालाई हराएर आउँछु भनेको थियोडोराको भाइ पनि युद्धबाट फर्किन पाउँदैन । उसको परिवारमा ऊ एक्लै बाँचिरहेकी हुन्छे । म पात्र लण्डनको अस्पतालमा हुँदा पत्नी लक्ष्मीले पठाइदिएको पशुपतिनाथको फूल र चन्दन म पात्रको कोटको देब्रेपट्टिको खल्तीमा हुन्छ । यो देवताको प्रसाद हो, यसले तिम्रो कल्याण गर्छ भनेर म पात्रले थियोडोरालाई दिन्छ । थियोडोराले पनि म पात्रलाई विल्हेल्म चर्जको भग्नावशेष देखाउँदै यही हो हाम्रो भग्नदेवस्थल जहाँ देवशून्य संसार छ भन्छे । म पात्रले पनि नेपालमा एकचोटि भूकम्प आएको, हजारौँ मानिसहरू मरेका, सयकडौँ घर नष्ट भएका तर पशुपतिनाथको मन्दिर जस्ताको त्यस्तै रहेकोबारे वृतान्त सुनाउँदै गरेको सन्दर्भलाई थप पुष्टि गर्दै उपन्यासमा यसो भनिएको छ :

> लक्ष्मी, तिमीलाई सम्झना छ, तिमीले म लण्डनको अस्पतालमा छँदा पशुपतिनाथको फूल र चन्दन पठाइलिएकी थियौ । त्यो सुकेको प्रसादी म जहिले पनि कोटको देब्रेपट्टिको माथिल्लो राखेर हिँडथेँ । प्रसादीलाई झिकेर मैले थियोडोरालाई दिदै भनेँ- थियोडोरा, यो हाम्रो देवताको प्रसादी हो-तिम्रो कल्याण होला (८४) ।
>
> मैले भनेँ-हाम्रो मुलुकमा एकचोटी ठूलो भूकम्प आयो-हजारौँ मानिसहरू मरे । सयकडौँ घर नष्ट भए तर पशुपतिनाथको मन्दिर जस्ताको तस्तै रह्यो (८५) ।

माथिका उदारहणमा देवततासम्बन्धी लोकविश्वास आएको छ । हिटलरले युद्धमा मानिस, घर अनि याहुदीहरूका देवता बस्ने चर्ज मात्र हैन चर्जका समेतलाई ध्वाँस गरी

देवशून्य गरे भन्ने विश्वास थियोरोडामा छ । म पात्रलाई भने भूकम्प जाँदा हजारौँ मानिस मरेका, सयकडौँ घर नष्ट भएका तर पशुपतिनाथको मन्दिर जस्ताको तस्तै रहनु देवशक्ति कै कारणले हो भन्ने विश्वास छ । देवी-देवतासँग सम्बन्धित विभिन्न लोकविश्वास रहिआएको पाइन्छ । हिन्दू देवता मण्डलको प्रधानतमा देवतालाई बैदिक, पौराणिक र लौकिक गरी तीन भागमा बाँडेको पाइन्छ । वेदमा वर्णन गरिएका ईन्द्र, अग्नि, वरुण आदिसँग सम्बन्धित लोकविश्वासहरू यस अन्तर्गत पर्दछन् । पुराणसँग सम्बन्धित शिव, राम, कृष्ण तथा दुर्गा आदिका बारेका लोकविश्वासहरू पौराणिक देवता अन्तर्गतका लोकविश्वासहरू हुन् । यस लोकका देवता गणेश, हनुमान, भैरव आदिसँग सम्बन्धित लोकविश्वासहरू लौकिक देवता अन्तर्गत पर्दछन् । अतः नेपालमा भूकम्प जाँदा घर नष्ट हुनु, मानिसहरू मारिनु तर पशुपतिनाथको मन्दिर जस्ताको तस्तै रहनु देविशक्तिकै कारणले हो भन्ने विश्वास म पात्रमा हुनु नै दैविशक्तिसम्बन्धी लोकविश्वास हो ।

## ३.४ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पाप र पुण्यसम्बन्धी लोकविश्वास

सबै मानिसहरूले कुनै न कुनै धर्मप्रति आस्था राखेका हुन्छन् । उनीहरूलाई आ-आफ्नो धर्मप्रति गहिरो विश्वास हुन्छ । आफूले गर्ने कर्मको आधारमा पाप र धर्म हुन्छ, खराब काम गरे पाप लाग्छ अनि राम्रो काम गरे पुण्य हुन्छ भन्ने विश्वास लोकसमाज रहेको पाइन्छ । धर्म गरे स्वर्ग प्राप्ति हुने र पाप गरे नरकको यातना भोग्नुपर्ने कुरामा लोकले विश्वास गर्दछ ।

**सुम्निमा** उपन्यास रहेका पाप र पुण्यसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

सोमदत्तले सुम्निमालाई आफ्नो परिचय दिँदा 'म आर्यवंशी ब्राहमण सूर्यदत्तको पुत्र सोमदत्त हुँ' (पृ.६) भन्छ । सुम्निमालाई सोमदत्तले आफ्नो परिचय दिँदा बाबुको नाम भनेको मन पर्दैन । तिमीले आफ्नो नाम बताउँदा बाउको नाम किन बतायौ भन्ने सुम्निमाको प्रश्नको उत्तरमा सोमदत्तले पुत्रले पिताबाट जीवनदान गरेको हुन्छ त्यसैले बोलाएको भन्छ । पुत्रको जीवन पिताकै कृपाले भएको हो, बिना पिता पुत्र कल्पना गर्न सकिदैन त्यसैले यो महान जीवनदानको निम्ति पिताको नाम लिनै पर्छ, यो पिताप्रति गरिएको सम्मान हो, नत्र यसलाई दानवीय सम्बन्धको रूपमा लिइन्छ र पापको भारी बोक्नुपर्छ भनेर सोमदत्तले सुम्निमालाई सम्झाउँछ । यसरी पुत्रको जीवन पिताकै कृपाले भएको हुन्छ त्यसैले यसलाई

अपमान गरियो भने पाप लाग्छ भनेर सोमदत्तले सुम्निमालाई सम्झाएको सन्दर्भलाई थप पुष्टि गर्दै उपन्यासमा यसो भनिएको छ :

> पुत्र पिताबाट जीवनदान ग्रहण गर्छ तसर्थ त्यो उदात्त दानमय सम्बन्धको विस्मृतिको पाप हामीबाट कदापि हुन सक्दैन । यो कृतज्ञता हो, बालिके ! (६) ।

प्रस्तुत उदाहरणमा पापसम्बन्धी लोकविश्वास आएको छ । सोमदत्तलाई पिताकै जीवनदानबाट आफूले नयाँ जीवन पाएको भन्ने कुरामा विश्वास छ । हिन्दू धर्ममा पितालाई जीवनदान गर्ने भगवानको रूपमा लिइन्छ । सोमदत्तले पनि पितालाई देवताको रूपमा विश्वास गरेको छ । पिताको नाम लिएन भने पाप लाग्छ, आफ्नो परिचयसँग पिताको नाम जोडिएको हुन्छ । त्यसैले आफूलाई चिनाउँदा पिताको पुत्र भनेर चिनाउँनु पर्छ भन्नु सोमदत्तमा रहेको पिताप्रतिको श्रद्धा र विश्वास दुबै हो । सोमदत्तलाई आफ्नो धर्मप्रति गहिरो विश्वास रहेको छ । नराम्रो काम गरे पाप लाग्ने र राम्रो काम गरे पुण्य हुन्छ अनि धर्म गरे स्वर्ग प्राप्ति हुने र पाप गरे नरकको यातना भोग्नुपर्ने कुरामा सोमदत्त विश्वास गर्दछ । अतः सुम्निमाले सोमदत्तलाई पिताको नाम किन लिएको भन्नु अनि सोमदत्तले पिताको नाम लिएन भने पाप लाग्छ भनेर उत्तर दिनु नै पापसम्बन्धी लोकविश्वास हो ।

ब्राह्मणहरूलाई भिल्ला र किराँतीहरूले पूजाआजा तथा तपस्या गर्न अवरोध उत्पन्न गर्छन् । हिन्दू धर्ममा गौहत्या अनुसार निषेध मानिन्छ । आफूहरूले सुँगुरका पाठ र गाई काटेर देवतालाई चढाउँन पाउँनुपर्ने कुरामा किराँतीहरू दृढ छन्, यसमा उनीहरूलाई भिल्लाहरूले पनि सहयोग गरेका छन् । भिल्ला र किराँतहरूको यस्तो कुरा राजकुमारलाई उचीत लाग्दैन । ब्राह्मणहरूको रक्षा गर्नु क्षेत्रीयहरूको धर्म भएकोले राजकुमारले किराँतीहरूलाई गौहत्या तथा  ब्राह्मणहरूको तपस्यालाई अवरोध हुने कुनै पनि काम नगर्न आदेश दिन्छन्, जसलाई उनीहरूले पालना गर्नुपर्ने हुन्छ तर भिल्लाहरू त्यसलाई पालना गर्न तयार हुँदैनन् बरू आफू मर्न तयार रहेको बताउँछन् । यसरी ब्राह्मणसँग युद्ध गरेर मरियो भने धर्म हुन्छ भन्ने विश्वास भिल्लाहरूमा रहेको छ भन्ने सन्दर्भलाई थप पुष्टि गर्दै उपन्यासमा यसो भनिएको छ :

> भिल्ल आवेगमै थियो । उसले झोकिएर भन्यो, 'मरे पनि के त, धर्म नै हुन्छ, पुण्य नै हुन्छ (१३) ।

माथिको उदाहरणमा राम्रो काम गरेर मऱ्यो भने धर्म हुन्छ भन्ने पुण्यसम्बन्धी लोकविश्वास आएको छ । आर्य जातिमा गाईलाई माताको रूपमा लिइन्छ, त्यसैले यसको हिंसा र हत्यालाई पाप मानिन्छ । गाईमा भगवानको रूप हुन्छ त्यसैले गाईको सेवा गर्नुलाई आर्यहरू आफ्नो धर्म सम्झन्छन् । हिन्दू धर्मावलम्बीहरू गाईलाई लक्ष्मीको अवतार मान्दछन् । श्रीकृष्ण र गाईको सम्बन्धको कारणले श्रीकृष्णलाई गोपाल भनेको पाइन्छ । यमपञ्चकमा लक्ष्मीको पूजाको परम्परा रहेको छ । यसमा भैलो खेल्ने पनि गरिन्छ । भैलेनी गीतमा गाईलाई लक्ष्मीको रूपमा पूजा गर्नेदेखि गाईको दूध, गोबार, मूत्र आदिलाई समेत पवित्र वस्तुको रूपमा प्रयोग गरिने विश्वास गरिन्छ । गाईको सम्बन्धमा किराँतीहरूमा भने आर्यहरूको भन्दा पृथक विश्वास रहेको पाइन्छ । उनीहरू गाईको हिंसा गर्नुलाई आफ्नो धर्म ठान्दछन्, गाई काट्न पाएनन् भने आफै काटिन तयार हुन्छन् । आर्यहरूको साँधभन्दा बाहिर गएर भए पनि गाई काट्न पाउँनु पर्ने कुरामा उनीहरू अडिक हुन्छन् । यो किराँतीहरूको धर्मप्रतिको विश्वास हो, जसलाई उनीहरूले मान्नैपर्छ । आफू मरेर भने पनि गाई काट्न पाउँनुपर्ने, गाई काटेर मर्न पाइयो भने धर्म हुन्छ भन्ने विश्वास किराँतीहरूमा रहेको पाइन्छ । अतः गाई लक्ष्मीको रूप भएकोले पूजा गर्नुपर्ने, पूजा गरेन भने पाप लाग्नु पाप-पुण्यसम्बन्धी लोकविश्वास हो ।

सुम्निमालाई आफ्नो शरीर राम्रो भएकोमा गर्व छ । आफ्ना शारीरिक अवयवहरूको वर्णनले ऊ आफैँ खुसी हुन्छे । आमाले आफूलाई औधी राम्री छस् भनेको कुरा सुम्निमा सोमदत्तलाई सुनाउँछे । आफ्नो जिउ भरिलो भएको, पेट सुलुक्क परेको अनि आफ्ना स्तन पनि ठिक्क ठाउँमा मिलेर बसेका छन् भनेर सोमदत्तको अघि सुम्निमाले आफ्नो बयान गर्छे । शरीरलाई ढाक्नुपर्छ, कतिपय शारीरिक अङ्गहरू अरूलाई देखाउनुहुँदैन, यसरी देखाइयो भने पाप लाग्छ । यस्ता अङ्गहरूको बारेमा वर्णन गर्नु पनि पापवचनहरू हुन् । त्यसैले सोमदत्त सुम्निामालाई पापवचनहरू नबोल भनेर सम्झाउँछ । यसरी आफ्नो शरीर राम्रो छ भन्ने सुम्निमालाई यस्तो भन्नु पाप हो भनेर सम्झाउँदै सोमदत्तले उपन्यासमा यसो भनेको छ :

> कुरैकुरामा सुम्निमाले भनी,-आमा भन्नुहुन्थ्यो, 'म औधी राम्री छु रे, मेरो जीउ भरिलो छ रे, पेट सुलुक्क पऱ्या, स्तन पनि ठिक्क ठाँउमा छन् रे होइन त सोमदत्त ?' उत्तरमा सोमदत्तले भन्यो- यस्तो कुरा गर्नुहुन्न तिमीले सुम्निमा ! यी पापवचनहरू हुन् (१८) ।

प्रस्तुत उदाहरणमा पापसम्बन्धी लोकविश्वास आएको छ । सुम्निमालाई आमाले छोरीका शारीरिक अङ्गहरूको बारेमा प्रशंसा गर्नुलाई आफ्नो धर्म सम्झन्छे । सोमदत्तलाई भने यस्ता वचनहरू पापवचन हुन भन्ने लाग्छ । त्यसैले हामीले यस्ता वचनहरू भन्नु हुँदैन, भन्यो भने पाप लाग्छ भन्ने विश्वास सोमदत्तमा रहेको पाइन्छ । किराँतीहरूको लागि यी सामान्य कुराहरू लागे पनि आर्यहरूलाई भने यस्तो वर्णन पापवचन हुन्छन्, त्यही भएर यस्ता वचनहरू भनिदैनन् भन्ने विश्वास सोमदत्तमा रहेको छ । शरीर पापको खाडल हो, त्यसैले यसको प्रशंसा गर्नुहुदैँन भन्ने विश्वास सोमदत्तमा छ । आर्यहरू जेमा पनि पाप मात्र देख्छन्, हिंसामा, गाईको मासुमा, एकाबिहानै नुहाउँनुमा, जप नगर्दामा अनि राम्रो जीउ हुनु सबैमा । यसरी आर्यहरू चारैतिरबाट पापैपापले घेरिएर बस्नुपर्ने कस्तो बाध्यता हो भन्ने विचार सुम्निमामा रहेको छ । यस्ता कुराहरू किराँतहरूमा भने हुदैँनन् । यो पापसम्बन्धी लोकविश्वास हो ।

सोमदत्त जप, ध्यान र तपस्यालाई आफ्नो धर्म सम्झन्छ, आर्यको सन्तान भएकोले पनि ऊ जप र ध्यान गर्नुपर्छ भन्ने कुरामा विश्वास गर्दछ । ध्यान गर्दा आफ्ना इन्द्रियालाई नियन्त्रणमा राख्न सक्नुपर्छ नत्र ध्यानबाट फल प्राप्त गर्न सकिदैन भन्ने विश्वासमा ऊ दृढ छ । तपस्याको बेला सुम्निमाको नग्न र सुन्दर शरीर आफ्नो अगाडि देख्दा ध्यान भङ्ग हुन्छ र फल प्राप्त गर्न सकिदैन भन्ने विश्वास सोमदत्तमा रहेको छ तर पनि ऊ आफ्नो लक्ष्यबाट शिथिल हुँदैन बरू संयमीत भएर सुम्निमालाई सम्झाउँछ । त्यसैले सोमदत्त सुम्निमालाई आफ्ना आँखा अगाडिबाट अदृष्य हुन अनुरोध गर्छ । यसरी सोमदत्तले तपस्या गरेको बेला सुम्निमाको नग्न र सुन्दर शरीर आफ्नो अगाडि देखेपछि सोमदत्तले सुम्निमालाई आफ्ना आँखा अगाडिबाट अदृष्य हुन अनुरोध गर्दै उपन्यासमा यसो भनेको छ :

> सोमदत्तले सङ्कल्पका साथ मुठठी बाँध्यो र मनमनै सङ्कल्प गऱ्यो -'म आफ्ना लक्ष्यलाई शिथिल हुन दिन्नँ । उसले संयत भएर भन्यो - जाऊ-जाऊ सुम्निमा ! तिमी मेरो आँखाअगाडि नपर , -जाऊ, तिमी अदृष्य होऊ मेरो दृष्टिबाट । तिम्रो शरीर मेरो आत्माको विकासमा बाधक छ (२५) ।'

माथिको उदाहरणमा पापसम्बन्धी लोकविश्वास आएको छ । ब्राह्मण जप, ध्यान र तपस्यालाई आफ्नो धर्म सम्झन्छन् । सोमदत्तलाई पनि जप, ध्यान र तपस्या गरेर धर्म प्राप्त गर्न सकिन्छ भन्ने विश्वास हुन्छ । आफ्ना इन्द्रियालाई नियन्त्रणमा राखेर गरिने ध्यानबाट

मात्र फल प्राप्त गर्न सकिन्छ भन्ने विश्वास सोमदत्तमा रहेको छ । तपस्वीको ध्यानलाई नारीको नग्न र सुन्दर रूपले सजिलै आफूतिर आकर्षण गर्छ अनि ध्यान भङ्ग  हुन्छ । आफ्ना इन्द्रियालाई समेत वशमा राख्न सकिदैन, यिनीहरू आत्माको विकासका बाधक हुन् भन्ने विश्वास सोमदत्तमा पाइन्छ । आत्मा नित्य छ, शरीर क्षणभङ्गुर छ । त्यसैले नित्यको सेवन गर्नुपर्दछ र अनित्यको त्याग भन्ने विश्वास सुम्निमामा रहेको छ । अतः सोमदत्त ध्यानमा बस्नु, त्यसबेला सुम्निमाको नग्न र सुन्दर शरीर सोमदत्तले आफ्नो अगाडि देख्नु, त्यसले आफ्नो ध्यान भङ्गा हुने ठान्नु, ध्यान भङ्गा भए पाप हुनु पापसम्बन्धी लोकविश्वास हो ।

पुलोमाले जीवनमा सधैं जप, ध्यान, तपस्या गरिरहन्छे तर उसका सन्तान हुँदैनन् । सन्तानबिनाको जीवन पीडादायी हुन्छ । एकपटक त महाभारतको पुस्तकको ठेली झिकेर पढ्न खोज्छे तर एक-दुई पाना पढेपछि अरू पढ्न सक्दिन । आफ्नो शरीर देखेर ऊ आफैंलाई खिन्न लाग्छ । राम्रोसँग जीउ लाग्न नसकेको, सुकेको, चाउरिदै गएको शरीर, उक्सिन नसकेको चिसो अगेनो जस्तो पेट, अरू सबैले कत्ति सजिलै गर्भधारण गर्छन तर आफू बाँधी हुनुले पुलोमालाई पीडाको अनुभूत हुन्छ । पुलोमालाई आफ्नो धर्मप्रति पूर्ण विश्वास रहेको हुन्छ । आफूलाई गर्भधारण नहुनको कारण शरीरले कुनै पाप बोक्नु परेकोले हो भन्ने विश्वास पुलोमामा रहेको छ । एक पटक सोमदत्तले धर्मग्रन्थमा नारीले पाप गरे भने बाँधी भएर जन्मन्छन् भनेर देखाएको कुराले पुलोमाको विश्वासलाई थप बल पुऱ्याउँछ । सोमदत्तले नारीले पाप गरे भने बाँधी भएर जन्मन्छन् भनेर धर्मग्रन्थमा रहेको छ भनी पुलोमालाई सम्झाएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> एकपटक सोमदत्तले एउटा ग्रन्थमा देखाएको थियो,- 'पापी नारी बन्ध्या भएर जन्मिन्छे (६१) ।

प्रस्तुत उदाहरणमा पापसँगसम्बन्धी लोकविश्वास आएको छ । ब्राह्मणीहरूले गर्भधारण गर्न सकेनन् भने उनीहरू त्यसलाई आफ्नो शरीरले पाप बोकेकोले  यस्तो भएको हो भन्ने कुरामा विश्वास गर्छन् । पुलोमालाई पनि आफ्नो धर्मप्रति पूर्ण विश्वास रहेको हुन्छ । एक पटक सोमदत्तले धर्मग्रन्थमा नारीले पाप गरे भने बाँधी भएर जन्मन्छन् भनेर देखाएको कुराले पुलोमालाई सताउँछ, उसलाई त्यस कुराप्रति पूरा विश्वास हुन्छ  र ऊ आफू पापी भएकोले नै गर्भधारण गर्न नसकेको कुरामा विश्वास गर्छे, उसलाई नराम्रो काम गरे पाप लाग्ने र राम्रो गरे पुण्य हुन्छ भन्ने विश्वास हुन्छ । अतः नराम्रो काम गरेकाले

पुलोमालाई पाप लागेको र पापी भएपछि बाँझी भएर सन्तान नजन्मेको भन्ने कुरामा पुलोमालाई विश्वास रहनु पापसम्बन्धी विश्वास कै कारणले भएको हो । यो पापसम्बन्धी लोकविश्वास हो ।

सोमदत्त मनुवादहबाट फर्किएको रात पुलोमालाई नै सुम्निमा सम्झेर पुलोमाको साथमा रात बिताउँछ । यो कुरा पुलोमाले थाहा पाएपछि सोमदत्त र पुलोमा बीचको सम्बन्धमा चिसोपन आउँछ । एकदिन पुलोमाले सोमदत्तलाई खुसी पार्न, प्रेमको भावनामा डुबाउँन आफू राम्री हुन्छे, धोती फेर्छे, मुख पुच्छे, जीवनमा पहिलो चोटी केशप्रसाधनमा उसको ध्यान जान्छ, कपालमा तेल लगाएर मेरो हृदयमा प्रेमको अनौठो भावना उम्रेको छ भनेर देखाउँन खोज्छे, प्राङ्गण छेउको रक्तकरबीरको बोटबाट एउटा फूल टिपेर कपलामा घुसार्छे अनि सोमदत्तको कोठामा पस्छे तर सोमदत्तलाई यो मन पर्दैन, पुलोमाको बृद्ध शरीरमा पाप भावना जन्मिएको विश्वास सोमदत्तमा पर्छ । आफ्ना पतिप्रतिको सतीत्व नभएको, ऊ अनार्य भएकी, सम्पूर्ण आर्यसंस्कृति, शास्त्रशिक्षा, धर्मदेश पुलोमाबाट लोप भएको त्यसैले उसलाई ईश्वरले छाडिसकेका छन् भनेर सोमदत्तले पुलोमालाई भन्छ । सोमदत्तलाई खुसी पार्न पुलोमाले आफ्नो बृद्ध शरीर सिङ्गारपटार गरेपछि सोमदत्तले यसलाई पाप हो भनेर पुलोमालाई सम्झाएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> सोमदत्तले भन्यो,- 'तिमी अनार्य भएकी छ्यौ आफ्नो वृत्तिमा, स्वभावमा, शरीरको चेष्टामा । सम्पूर्ण आर्यसंस्कृति, शास्त्रशिक्षा, धर्मदेश तिमीबाट लोप भएको छ । ईश्वरले तिमीलाई छाडिसकेका छन्, त्यागिसकेका छन् ....(८१) ।'

यस उदाहरणमा पापसम्बन्धी लोकविश्वास आएको छ । सोमदत्त आफ्नी पत्नी पुलोमा राम्री भएर आफ्नो अगाडि आएको मन पराउँदैन । पुलोमाको बृद्ध शरीरमा पापको भावना जन्मिएको विश्वास सोमदत्तमा पर्छ । प्रेमको भावनामा डुबाउँने, राम्री हुने, धोती फेर्ने, मुख पुच्छने, कपालमा तेल लगाउने, प्रेमको अनौठो भावना उम्रेको छ भानेर देखाउँन खोज्ने प्राङ्गण छेउको रक्तकरबीरको बोटबाट एउटा फूल टिपेर कपलामा घुसार्ने पुलोमाको इच्छा उसको उमेर अनुसार सुहाउँदैन बरू यो त धर्म विपरित हुन्छ । त्यसैले सोमदत्तलाई यो मन पर्दैन, पुलोमाको बृद्ध शरीरमा पाप भावना जन्मिएको विश्वास सोमदत्तमा हुन्छ । आफ्ना पतिप्रतिको सतीत्व नभएको, ऊ अनार्य भएकी, सम्पूर्ण आर्यसंस्कृति, शास्त्रशिक्षा, धर्मदेश पुलोमाबाट लोप भएको त्यसैले उसलाई ईश्वरले छाडिसकेका छन् भनेर सोमदत्तले

भन्नु धार्मिक विश्वासकै कारणले हो । अतः बृद्ध अवस्थामा नारीले सिङ्गारपटार गर्नु धर्मका दृष्टिले अपवित्र मानिन्छ र जीवनभरि पापको भारी बोक्नुपर्छ भन्ने विश्वास लोकमा रहेको छ र यो पापसम्बन्धी लोकविश्वास हो ।

**तीनघुम्ती** उपन्यासमा रहेका पाप र पुण्यसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

मानिस सचेत प्राणी हो । के गर्ने ? के नगर्ने ? उसलाई राम्रोसँग अनुभूत हुन्छ । रमेशसँगको सहबास अनि सामाजिक मर्यादा विपरितको सम्बन्ध इन्द्रमायालाई असहज लाग्छ । कताकता उसलाई आफूले नगर्ने काम गरेको अनुभुत हुन्छ । उसलाई रमेशसँग रही-रही आफू दोषी छु भन्ने भाव पैदा हुन्छ । उसको मनमा पापको भावना जागृत हुन्छ । पापको बोधलाई उसले आफ्नो स्व को विरुद्ध गरिने कारबाहीको रूपमा लिएकी हुन्छे । यसले उसभित्र आफूले गर्न नहुने काम गरेको पापको भाव पैदा हुन्छ । आफ्नो पति पीताम्बर हुदाँहुदै परापुरुष रमेशसँग भएको सम्बन्धले इन्द्रमायाको हृदयमा पापको भाव जागृत गरेको हुन्छ तर उसले यसलाई स्व विरुद्धको लडाइँ हो भनेको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> त्यसो त निर्दोषले पनि दण्ड भोग्नु पर्दछ । तर रमेशको सन्दर्भमा भने रही-रही दोषको भाव जागृत हुन्थ्यो । पापबोध ! त्यसो हुनाले ईन्द्रमायालाई लाग्यो कि पाप भनेको ‘स्व’ को विरुद्ध गरिने कारवाहीमा उठ्ने भावना हो जुन कारवाही गर्न जीवनले मानिसलाई बारबार बाध्य गर्छ (२५) ।

प्रस्तुत उदाहरणमा मानिसले सामाजिक मर्यादाभन्दा बाहिर गएर कर्म गरेपछि स्वयम् आफैँभित्र पापको भाव जागृत हुन्छ भन्ने पापसम्बन्धी लोकविश्वास आएको छ । समाज धर्मको परिधिमा बाँधिएको हुन्छ । धर्म विपरीतका कामहरू गरिए भने ती पाप कर्मका रूपमा गनिन्छन् भन्ने विश्वास लोकमा रहेको छ । आफ्नो पति हुदाँहुदै परापुरुषमा लाग्नुलाई पाप कर्मको रूपमा लिने विश्वास रहेको पाइन्छ । इन्द्रमायाले पाप कर्म गरेका ऊ स्वयम्लाई अनुभूत भएको छ । नराम्रो काम गरे पाप लाग्छ, राम्रो काम गरे पुण्य हुन्छ, धर्म गरे स्वर्ग प्राप्ति हुन्छ र पाप गरे नरकको यातना भोग्नुपर्छ भन्ने विश्वास इन्द्रमायामा रहेको छ । अतः सामाजिक मर्यादा विपरित काम गरियो भने स्वयम् आफैँभित्र पापको भाव जागृत गर्छ भन्नु पापसम्बन्धी लोकविश्वास हो ।

आफ्नो श्रीमान्‌बाट नपाएको सुखद् अनुभूति इन्द्रमायाले परपुरुष रमेशसँगको निर्बाध रमाइलो सहबासमा पाएको अनुभुत गर्छे । रमेशले प्रेमको उच्च सिंहासानमा इन्द्रमायालाई राज गर्न लगाएको हुन्छ । त्यसबेला उसलाई आफू अरू कसैकी श्रीमती हुँ, मेरो श्रीमान् छ भन्ने कुराको ज्ञान हुन्न । रमेशसँगको सुखद अनुभूति र आनन्दलाई इन्द्रमायाले धेरैबेरसम्म चोखो छ भनेर साँच्न सक्दिन । भोलिपल्ट बिहानै पशुपतिनाथको दर्शन गरेर इन्द्रमायाले आफ्नो पाप मोचन भएको महसुस गर्छे । उसमा पापमोचनको भावना आउँनु नै ईन्द्रमायाबाट पाप कर्म भयो भन्ने कुराको प्रमाण हो किनाकि पाप कर्म नगरी पाप मोचन नै हुँदैन । त्यसैले ईन्द्रमायामा पापको भाव जागृत भएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> पापबोध किन ? के शरीरदान भयो भनेर ? तर के शरीरदान दिनुभन्दा पहिलो अरू यावत् कुरा मैले रमेशलाई दिईसकेकी थिइनँ र ? केवल शरीर दिइनँ भन्दैमा आफूलाई चोखी भनेर किन सम्झनु (४७) ?

माथिको उदाहरणमा पापसम्बन्धी लोकविश्वास आएको छ । समाजमा परपुरुषसँगको सहबासलाई पापको रूपमा लिइन्छ भन्ने विचार ईन्द्रमायामा पनि रहेको पाइन्छ । यो धर्म विपरीतको कार्य हो । यसबाट मुक्त हुनलाई इन्द्रमाया पशुपतिनाथ जान्छे, शरीरदान दिनुभन्दा पहिले अरू यावत् कुराहरू रमेशलाई दिएको उसलाई महसुस हुन्छ, ईन्द्रमायालाई आफूले तन मात्र हैन मन र वचन पनि दिई सकेको अनुभुत हुन्छ । नराम्रो काम गरे पाप लाग्ने र राम्रो काम गरे पुण्य हुने विश्वासले गर्दा लोकसमाज धार्मिक र नैतिकवान् बन्न सकेको छ । धर्म गरे स्वर्ग प्राप्ति हुने र पाप गरे नरकको यातना भोग्नुपर्ने कुरामा लोकसमाज विश्वास गर्दछ । अतः यसरी परापुरुषसँगको सहबासलाई पाप कर्म हो भनेर स्वयंम इन्द्रमायाले महसुस गर्छे अनि पाप कर्मबाट मुक्ति पाउँनको लागि ईन्द्रमाया पशुपतिमा गएर दर्शन गर्छे, यो पापसम्बन्धी लोकविश्वास हो ।

**नरेन्द्र दाइ** उपन्यासमा रहेका पाप र पुण्यसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

गौरी नरेन्द्रकी जेठी पत्नी हुन्छे । ऊ शिल स्वभावकी हुन्छे । पतिलाई खुब माया गर्छे । नरेन्द्र भने गोरीलाई भन्दा ज्यादा प्रेम मुनरियासँग गर्छ । आफ्नै पत्नी गौरीसँग भने राम्रो व्यवहार गर्दैन, इनारको काण्डमा घरै छोडेर ग्वाली घरमा रात बिताउँछ, ग्वालीमै

गएर आमाले धेरै सम्झाउँछिन्, समाजका प्रति र समाजले जोरेको सम्बन्धका प्रति उसले गरेको कार्यले पाप हुने त्यसैले यस्तो पाप हुने काम गर्न नहुने भनेर आमाले नरेन्द्रलाई सम्झाएको सन्दर्भले पाप सम्बन्धी विश्वासलाई जनाउँछ । त्यसैले नरेन्द्रले गौरीलाई भन्दा ज्यादा प्रेम मुनरियासँग गरी आफ्नै पत्नी गौरीसँग राम्रो व्यवहार नगरेकोले नरेन्द्रलाई पाप लाग्छ भनी आमाले सम्झाएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> उनलाई कर्तव्यको कुरा सम्झाउँनुभयो, समाज प्रति र समाजले जोरेको सम्बन्धका प्रति । पाप-पुण्यका कुरा गर्नुभयो र भन्नुभयो- "नरेन्द्र, पापप्रतिको मोहलाई त्याग (३३) ।"
>
> अनि एकछिनपछि फेरि भनिन्- "बाबू, मैले गर्दा यस्तो बिध्न परिआये परिवारमा, हगि ? पाप-काम नगरे पनि पाप-भोग किन मानिसले सहनुपर्छ, भन न (३३) ।"

माथिका उदाहरणमा पापसम्बन्धी लोकविश्वास आएको छ । घरमा पत्नी हुँदाहुदै अरूलाई मन पराउँनु धर्म विपरीत हुन्छ । यस्तो कर्म गर्नेलाई पाप लाग्छ । आफूले जस्तो कर्म गऱ्यो फल पनि उस्तै पाइन्छ । नरेन्द्रले आफ्नो कर्म बिर्सिएको छ, परिवारसँगको सम्बन्ध, समाजप्रतिको उत्तरदायित्त्व पनि बिर्सिएकोले धर्मअनुसार कर्म गर्नुपर्छ नभए त पाप लाग्छ भनेर आमाले सम्झाउँछिन् । यो पाप र पुण्यप्रतिको रहेको विश्वास हो। मानिस परिवारसँग अनि परिवार धर्मसँग गाँसिएको हुन्छ । राम्रा काम गरे राम्रो फल पाइन्छ जसलाई पुण्य भनिन्छ । नराम्रो काम गरे नराम्रै फल पाइन्छ जसलाई पाप भनिन्छ । धर्मले मानिसलाई राम्रो काम गर्न प्रेरणा दिन्छ । यो पापसम्बन्धी लोकविश्वास हो ।

## ३.५ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास

परापूर्वकालदेखि नै लोकसमाजमा थरी-थरीका विश्वासहरू रहेका छन् । आफ्नो जीवनकालमा मानिसले जेजस्ता कार्य गर्दछ, त्यसैका आधारमा पुनर्जन्म लिन्छ । अघिल्लो जन्म धर्म गरेको छ भने राम्रो र अधर्म गरेको छ भने अधर्मअनुसारको फल प्राप्त गर्दछ भन्ने विश्वास लोकसमाजमा रहेको छ । लोकले गर्ने यस्तो विश्वासलाई पुनर्जन्म सम्बन्धी लोकविश्वास भनिन्छ । यहाँ रहेका प्रत्येक जीवले आफ्नो धर्मकर्मअनुसार प्राणीको जीवन

प्राप्त गर्दछ । अघिल्लो जन्ममा जस्तो कर्म गऱ्यो अर्को जन्ममा त्यस्तै अनुसारको जीवका रूपमा जन्म लिन्छन् भन्ने लोकविश्वास लोकसमाजमा रहेको पाइन्छ ।

**सुम्निमा** उपन्यासमा रहेका पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास तथा तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

पुलोमा पूजाआजा, जापताप र ध्यान-आराधनाका गर्नका लागि लिप्त रहन्छे । सन्तान प्राप्तिका लागि अझै समय बढाएर पुलोमा पुजाआजा, जापताप र ध्यान-आराधना लागिरहन्छे । समय बढाएर सबै विधिविधान गर्दा पनि प्रतिमास सबै उपाए विफल भएको प्रमाण पुलोमाले सोमदत्तलाई दिन्छे । यसले सोमदत्त खिन्न हुन्छ । पुलोमालाई आफूमाथि कुनै दैवीश्राप त परेको हैन भनेर आशांक लाग्छ । कुनै पनि दैवीश्राप पऱ्यो भने सन्तान प्राप्ति हुँदैन भन्ने विश्वास सोमदत्तमा पनि रहेको छ । पुलोमाले सन्तान प्राप्तिका लागि गरेका पुजाआजा, जापताप र ध्यान-आराधना सबै बिफल भएपछि दैवीश्रापको आशांकले यसो भएको हो भनेर पुलोमाले भनेको सन्दर्भलाई उपन्यासमा यसरी भनिएको छ :

> पुलोमा पनि शरीर र मनले थकीत भएर सोच्न लाग्थी,- 'ब्राह्मणलाई पूर्वजन्मको कुनै दोषले पुत्रप्राप्ति लेखेको छैन क्यार (४०) !'

प्रस्तुत उदाहरणमा पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास आएको छ । पुलोमा सन्तान प्राप्तिका लागि पुजाआजा, जापताप र ध्यान-आराधना लागिरहनु, सबै विधिविधानले पूजा-आज गर्दा पनि प्रतिमास सबै उपाए विफल हुनुले पुलोमालाई आफूमाथि कुनै दैवीश्राप त परेको हैन भनेर आशांक जन्मन्छ । कुनै पनि दैवीश्राप पऱ्यो भने सन्तान प्राप्ति हुँदैन भन्ने विश्वास सोमदत्तमा पनि रहेको छ । ब्राह्मणलाई पूर्वजन्मको कुनै दोषले पुत्रप्राप्ति लेखेको छैन क्यार भन्ने विश्वास पुलोमाको मनमा पनि हुन्छ । मानिसले आफ्नो जीवनकालमा जेजस्ता कार्य गर्दछ, त्यसैका आधारमा अर्को जन्म लिन्छ र अघिल्लो जन्मको धर्मअनुसारको फल प्राप्त गर्दछ भन्ने विश्वासलाई पुनर्जन्म सम्बन्धी विश्वास भनिन्छ । पूर्वजन्ममा जस्तो कर्म गऱ्यो उस्तै फल पाइन्छ भन्ने विश्वास यहाँ उल्लेख भएको पाइन्छ । अतः पुलोमाले सन्तान प्राप्तिको लागि पुजाआजा, जापताप, ध्यान सबै गर्नु तर सन्तान नहुनु, पूर्वजन्ममा आफूले नराम्रो गरेकोले त्यसको फलस्वरूप यस जन्ममा सन्तान प्राप्ति नभएको हो भन्नु पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास हो ।

सोमदत्त सधैँ ध्यान, तपस्या, जापमा लागिरहन्छ । कहिले, कहीँ कत्तै कसैको नराम्रो गर्दैन, तर पनि उसलाई पुत्र प्राप्ति हुँदैन । पुत्रप्राप्ति नभएपछि सोमदत्तले आफूले आफ्नो पूर्वजन्मको फलस्वरूप यो डण्ड भोग्नु परेको हो भन्ने विश्वास गर्दछ । पूर्वजन्ममा नराम्रो कर्म गरेपछि त्यसको फलस्वरूप अहिले दण्ड भोग्नुपर्ने हुन्छ र त्यसैले आफूले अहिले भोग्दै छु भन्ने विश्वास सोमदत्तमा हुन्छ । सोमदत्तलाई पूर्वजन्मको दोष मृत्युदान दिएपछि मात्र मोचन हुन्छ भन्ने विश्वास हुन्छ । पूर्वजन्मको दोष मृत्युदान दिएपछि मात्र मोचन हुन्छ भन्ने सोमदत्तको विश्वासको सन्दर्भमा उपन्यासकार कोइरालाले उपन्यासमा यसो भनेका छन् :

> के गर्ने ? त्रुटि के भयो ?' कहीँ पनि कुनै त्रुटि भएको छैन भन्ने सोमदत्तलाई निश्चित थियो 'धार्मिक अनुष्ठानका कुनै नियममा सानो लेशमात्र पनि त्रुटि भएको छैन । यदि पूर्वजन्मको पापको फलस्वरूप यसले यो दण्ड भोग्नुपरेको हो भने अब सोमदत्त के नै गर्न सक्थ्यो र ? त्यसो भए, हे भगवान् ! चाँडै मृत्युदान दिएर पापमोचन गर (४२) ।'

माथिको उदाहरणमा पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास आएको छ । मानिस पूर्वजन्ममा विश्वास राख्दछ । सोमदत्तले सधैँ ध्यान, तपस्या, जापमा गर्नु, कहिले, कहीँ कत्तै कसैको नराम्रो नगर्नु तर पनि उसलाई पुत्र प्राप्ति नहुनुलाई सोमदत्तले आफूले आफ्नो पूर्वजन्मको फलस्वरूप यो डण्ड भोग्नु परेकोले हो भन्ने कुरामा विश्वास राख्दछ । पूर्वजन्ममा गरेको कर्मको फल अहिले भोग्नुपर्ने हुन्छ र त्यसैले आफूले अहिले भोग्दै छु भन्ने लोकविश्वास सोमदत्तमा रहेको छ । अतः पूजापाठ, जाप-ध्यान सबथोक गर्दा पनि सोमदत्तले पुत्र प्राप्त गर्न नसक्नु, आफूले सोचेजस्तो नभएपछि उसले आफ्नो पूर्वजन्ममा विश्वास गर्न थाल्नु, यो पूर्वजन्मको दोषको कारणले नै यस्तो भएको हो भन्नु पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास हो ।

**बाबु, आमा र छोरा** उपन्यासमा रहेका पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास तथा तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

बस्नेतकी जेठी श्रीमती पश्चिम पहाडकी विष्टकी छोरी हुन्छे । ऊ पढेलेखेकी त हुन्न, तर गृहकार्य र कुराकानीमा सिपालु हुन्छे । उसमा विवाह अघि प्रेमसम्बन्ध हुँदैन, तर बस्नेतसँग विवाहपछि उनीहरू यौवन र यौनको रसायनले जोडिएका हुन्छन् । उनीहरू एकअर्कालाई अङ्कमाल गर्छन्, चुम्मन गर्छन् अनि एकअर्काप्रतिको आलिङ्गनले उनीहरूको

प्रेम यौवनको उन्मादमा जन्मिएको जस्तो लाग्छ । उसकी श्रीमतीलाई यस्तो प्रेम, सुख तथा खुसी ` दिने पति पाउनु पूर्वजन्मको आर्जन हो भन्ने कुरामा विश्वास लाग्दछ । आफूले पूर्वजन्ममा राम्रो कर्म गरेकोले नै यति राम्रो पति पाएको हो भन्ने बस्नेतकी जेठी श्रीमती लाग्दछ । यस सन्दर्भलाई थप पुष्टि गर्दै उपन्यासमा जेठीले यसो भनेकी छे :

> त्यसैले लाग्थ्यो, हाम्रो प्रेम यौवनको उन्मादमा जन्मिएको थियो । तर एक दिन उसले भनी - पति पूर्वजन्मको आर्जन हो (३) ।

प्रस्तुत उदाहरणमा पुनर्जन्मसम्बन्धी लोकविश्वास आएको छ । बस्नेतकी जेठी पत्नीलाई आफूले पूर्वजन्ममा राम्रो कर्म गरेकोले नै यति राम्रो पति पाएको हो भन्ने विश्वास लाग्दछ । मानिसले पूर्वजन्ममा जस्तो कर्म गऱ्यो यस जन्ममा त्यस्तै फल पाउँछ, त्यही भएर आफूले यस्तो माया गर्ने पति पाएको, आफू जस्ती पढलेख नगरेकी र गाउँकी एउटी सामान्य केटीले यस्तो पति पाउनु पूर्वजन्मको फल हो भन्ने विश्वास उसकी श्रीमतीमा रहेको पाइन्छ जुन पूर्वजन्मसम्बन्धी लोकविश्वास हो । अतः आफूले सोचेभन्दा  बढी प्रेम, सुख तथा खुसी दिने पति पाउनुलाई बस्नेतकी जेठी श्रीमतीले पूर्वजन्मको आर्जन हो भन्नु पुनर्जन्मसम्बन्धी लोकविश्वास हो ।

आफू दुईचोटी जन्मिएको कुरा उमा स्वयम् आफैँ भन्छे । एकचोटी आमाको गर्भबाट आजभन्दा २० वर्ष पहिले जन्मिएकी हुन्छे भने अर्कोचोटी हिन्दू युनिवर्सिटीमा पढ्दाखेरि आफ्नै सहपाठी एक युवकको प्रेममा परेपछि उसको नयाँ जन्म हुन्छ । उसको नयाँ जन्मले पूर्वजन्मको स्मृति नै लोप पारिदिन्छ । बीस वर्षको उसको जीवनका यावत् कुराहरू त्यस एक घटनाले धुन्छ, पुछ्छ, सफा गरिदिन्छ । उमा यस अघिका सबै कुरा बिर्सिएर त्यस युवकलाई प्रेम गर्न थाल्छे र आफूले नयाँ जन्म पाएको विश्वास गर्छे भन्ने सन्दर्भलाई उपन्यासमा यसरी भनिएको छ :

> उमालाई आफ्नो जीवनमा अरू कुनै कुरा घटेकै छैनन् जस्तो लाग्छ । यो दोस्रो जन्मले मेरो पूर्वजन्मको स्मृति नै लोप गरिदियो (२४) ।

माथिको उदाहरणमा पूर्वजन्मसम्बन्धी लोकविश्वास आएको छ । उमाले बीस वर्षको अन्तरमा दुईवटा जीवनको अनुभव गर्न पाएको विश्वास गर्नु, उसले आफ्नो बीस वर्ष अघिको जीवनलाई पूर्वजन्म हो भन्नु, अहिलेको जीवनमा अनुभूत गरेका कुराहरू र

पूर्वजन्मका कुराहरूसँग फरक छन् भन्नु पूर्वजन्मसम्बन्धी लोकविश्वास हो । उमालाई पुर्वजन्ममा विश्वास रहेकोले नै उसले आफ्नो जीवनमा पूर्वजन्मको स्मृति लोप भइसकेको छ भन्ने कुराको अनुभूत गर्छे । अतः उमाले बीस वर्ष अघिको जीवनलाई पूर्वजन्म भन्नु, दोस्रो जन्मले पूर्वजन्मको स्मुति लोप भईसकेको ठान्नु, अहिलेको जीवन र पहिलेको जीवनमा फरक छुट्याउनु र फरकपनको अनुभूत गर्नु उमामा रहेको पूर्वजन्मसम्बन्धी लोकविश्वास हो ।

एकदिन शिवप्रसादले उमालाई 'म तिमीलाई माया गर्छु, (२५)' बुझ्यौ भन्छ । शिवप्रसादको मुखबाट यस्तो कुरा सुनेपछि उमाले रिक्सामा चढेर घर पुगेको पत्तै पाउँदिन । उसको मुखमा नजानिदो मायाको सुगन्ध आउँछ, शरीर बीचबीचमा फुरुङ्ग हुन थाल्छ, घर पुग्दानपुग्दै आनन्दको उन्मादमा रमाउँदै किताबलाई भूँइमा फालेर बिछ्यौनमा पछारिन्छे, रात परिसकेको पनि थाहै पाउँदिन, नोकरनीले भनेपछि बल्ल उसलाई रात परेको थाहा हुन्छ, जतिबेला पनि उसको दिमाखमा त्यही कुरा खेलिरहन्छ । यसरी पतिले माया गर्छु भनेपछि पहिलेका अरू सबै कुरा बिर्सिएर उमालाई आफ्नो पूर्वजन्म भएको विश्वास लागेको बारे थप पुष्टि गर्दै उपन्यासमा उमाले यसो भनेकी छे :

> त्यसपछि म अर्की भएँ । पहिलेका सबै कुरा बिर्सिएजस्तो भयो । मलाई लाग्यो मेरो पुर्नजन्म भयो (२६) ।

प्रस्तुत उदाहरणमा पूर्नजन्मसम्बन्धी लोकविश्वास आएको छ । शिवप्रसादले आफूलाई माया गर्ने कुरा थाहा पाएपछि उमाले यस अघिका सबै कुराहरू बिर्सिनु, उमा शिवप्रसादको मायामा एकोहोरिनु, आफूले पूर्नजन्म पाएको अनुभूत गर्नु, यसरी उमामा एकाएक परिवर्तन आउनु पूर्नजन्मसम्बन्धी लोकविश्वास हो । लोकसमाजमा विभिन्न प्रकारका विश्वासहरू रहेका हुन्छन् । मानिसले आफ्नो जीवनकालमा जेजस्ता कार्य गर्दछ, त्यसैका आधारमा अर्को जन्म लिन्छ र अघिल्लो जन्मको धर्मअनुसारको फल प्राप्त गर्दछ । अतः उमालाई पूर्वजन्ममा विश्वास भएर नै उसले यी सब कुरा भएका हुन् भनेकी छे । यो पूर्वजन्मसम्बन्धी लोकविश्वास हो ।

हिन्दू युनिवर्सिटीमा अध्ययन गर्दा आफ्नै सहपाठी शिवप्रसाद र उमा एकअर्काको प्रेममा रमाएका हुनछन् । उमाले पहिलो चोटी देख्दाखेरि नै युवकलाई प्रेम गर्न थालेकी हुन्छे । आफू जन्मनुभन्दा अघिदेखि नै युवकलाई प्रेम गरेको र अनादिकालसम्म गरिरहने प्रण

उमाले गरेकी हुन्छे । आफ्नो प्रेमले बडो सुस्तरी र रहस्यमय सृष्टिको सन्तुलन नखल्बलियोस् भनेर उनीहरू चिन्तित् हुन्छन् । म जस्तो बदमासलाई किन मन पराएको भनेर शिवप्रसादले ठट्टा गरेर सोध्दा बदमास भएको भए पो त्यस्तो लाग्थ्यो भनेर उमा जवाफ दिन्छे । आफू जन्मनुभन्दा अघिदेखि नै युवकलाई प्रेम गरेको र अनादिकालसम्म पनि प्रेम गरिरहने प्रण गरेकी उमाले शिवप्रसादलाई भनेको सन्दर्भलाई उपन्यासमा यसरी भनिएको छ :

> मैले सुस्तरी भनैं- त्यो त मलाई सम्भना छैन । आज त लाग्छ, मैले सदादेखि तिमीलाई नै प्रेम गर्दै आइरहेकी थिएँ, पूर्वजन्मदेखि नै-अनादिकालदेखि ! साँच्चै साँच्चै (२९) ।

माथिको उदाहरणमा पूर्वजन्मसम्बन्धी लोकविश्वास आएको छ । उमाले प्रथम दृष्टिमै शिवप्रसादलाई प्रेम गर्न थाल्नु, शिवप्रसादसँग उमाको प्रथम दृष्टिको प्रेम हुनु, उमा सदादेखि नै शिवप्रसादलाई प्रेम गर्दै आइरहेकी अनुभूत हुनु, उमाले पूर्वजन्मदेखि नै उसैलाई प्रेम गर्दै आएकी र अनादिकालसम्म पनि प्रेम गरिरहन्छु भन्नुले उमामा रहेका पूर्वजन्म सम्बन्धी लोकविश्वासलाई बुझाउँछ । अतः उमाले पहिलो भेटमै शिवप्रसादलाई प्रेम गर्न थाल्नु, शिवप्रसादसँग उमाको प्रथम दृष्टिको प्रेम हुनु, पूर्वजन्मदेखि नै उसैलाई प्रेम गर्दै आएकी र अनादिकालसम्म पनि प्रेम गरिरहन्छु भन्नु उमामा रहेको पूर्वजन्मसम्बन्धी लोकविश्वास हो ।

**नरेन्द्र दाइ** उपन्यासमा रहेका पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

म पात्र र कप्तानी आमाकी कान्छी छोरी सान्नानी असाध्यै मिलेर बस्छन् । यो देखेर उनीहरूलाई कप्तानी आमा तिमीहरूको सम्बन्ध नङ र मासुजस्तै मिलेको छ भन्छिन् । पुर्वजन्ममा तिमीहरू यस्तै माया गथ्र्यौ त्यसैले नअघाएर यस जन्ममा पनि सँग-सँगै हुन पुगेका भनेर कप्तानी आमाले भन्छिन् । उनीहरू कप्तानी आमाको काखमा टाउको राखेर पुराणका कथाहरू सुन्छन् । यसरी म पात्र र सान्नानी नङ र मासुजस्तै असाध्यै मिलेर बसेको देखेपछि पुर्वजन्ममा तिमीहरू यस्तै माया गथ्र्यौ त्यसैले नअघाएर यस जन्ममा पनि सँग-सँगै हुन पुगेका भनेर कप्तानी आमाले उपन्यासमा भनेको उदाहरण तल आएको छ :

> वहाँ भन्नुहुन्थ्यो- तिमीहरू नङ-मासुजस्तै मिलेका छौ , "पूर्वजन्ममा नअघाएर यस जन्ममा पनि सँगसँगै हुन पुगेका हौ ।"
>
> सान्नानीले लाडे लागेर सोधिन्- "पूर्वजन्म के, आमा ?"
>
> कप्तान्नी आमा त्यस्तो नरम भएको बेला हामी उहाँको काँखमा टाउका राखेर सुतीसुती उहाँबाट पुराणका कथाहरू सुन्थ्यौं । उहाँ भन्नुहुन्थ्यो- "सबै पूर्व जन्मको भोग  हो ।" अनि त्यसै उदास भएको जस्तो गरेर सुस्केरा हाल्नुहुन्थ्यो- "नत्र एउटा छोरो आशा लिएर हुर्काए, यसरी बाउँठिन्थ्यो त (१८) ।"

प्रस्तुत उदाहरणमा पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास आएको छ । नङ र मासु जहिल्यै मिलेर बसेका हुन्छन्, यो पूर्वजन्मको सम्बन्ध हो । म पात्र र कप्तानी आमाकी कान्छी छोरी सान्नानी असाध्यै मिलेर बस्नु, उनीहरूलाई कप्तानी आमाले तिमीहरूको सम्बन्ध नङ र मासुजस्तै मिलेको छ भन्नु कप्तानी आमामा रहेको पूर्नजन्मसम्बन्धी लोकविश्वास हो । यो सबै पूर्व जन्मको खेल हो । मानिसले पूर्व जन्ममा जे गर्छ त्यसको फल यस जन्ममा भोग्छ भन्ने कुरामा कप्तानी आमा विश्वास गर्छिन । कप्तानी आमाको पूर्व जन्ममा विश्वास रहेको पाइन्छ । अतः पूर्वजन्ममा कर्म नगरी यस जन्ममा फल प्राप्त गर्न नसकिने भएकोले नै सानी र म पात्र यसरी मिल्नुमा पूर्व जन्मको फल हो भन्नु कप्तानी आमामा रहेको पुर्नजन्मसम्बन्धी लोकविश्वास हो ।

## ३.६ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास

समाजमा भूत, राक्षस, ख्याक, लाखे बोक्सी आदिप्रति पनि विश्वास रहेको हुन्छ । यिनीहरूलाई अर्द्धदैविक शक्ति भनिन्छ । अर्द्धदैविक शक्तिसम्बन्धी विभिन्न लोकविश्वास रहेका हुन्छन् । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पनि अर्द्धदैविक शक्तिसम्बन्धी विभिन्न लोकविश्वास पाइन्छन् ।

**सुम्निमा** उपन्यासमा रहेका अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

सोमदत्त तपस्या गरिरहेको हुन्छ, त्यस ठाँउमा सुम्निमा पुग्छे, उसको नग्न र सुन्दर शरीरलाई सोमदत्तले आफ्नो तपस्यामा बाधक ठान्छ, सोमदत्तले आफ्नो नग्न शरीरलाई

तपस्याको बाधक भनेपछि सुम्निमा मलिन अनुहार लिएर घर फर्किन्छे । उसका आँखाभरि टिलपिल आँशु हुन्छन् । छोरीको आँखामा आशु देखेपछि सुम्निमकी आमालाई साँझको बेला वायु लागेर यस्तो भएको हो भन्ने लाग्छ । यसरी साँझको बेला घरबाहिर घुमेर आएकी तरुनी छोरीको आँखामा आँसु देखेपछि सुम्निमकी आमाले वायुदेव लागेर यस्तो भएको हो भनेर थप पुष्टि गर्दै उपन्यासमा यसो भनेकी छे :

> सुम्निमालाई आमाले भनी,-'तेरो यो उमेरमा वन-जङ्गल त्यसै एक्लै चर्हादा वायुदेव लाग्छ भनेर त तँलाई भन्दै थिएँ म । झन् कोशीको किनारतिर त एक्लै जानै हुन्न तरुनीले (२७) ।'

प्रस्तुत उदाहरणमा भूतप्रेत तथा वायुसम्बन्धी लोकविश्वास आएको छ । सुम्निमाका आँखामा आँसु देखेर आमाले यस्तो उमेरकी तरुनी छोरी एक्लै कोशीको किनारमा गएपछि वायुदेव लागेर यस्तो भएको हो भन्ने कुरामा विश्वास गर्दछे । उसलाई सोमदत्तका कारणले छोरीको अनुहार मलिन भएको हो भन्ने कुरामा भन्दा पनि साँझ परेकोले वायुदेव लागेको हो भन्ने कुरामा विश्वास छ । त्यसैले त्यहाँ जानुहुदैंनथ्यो । त्यहाँ वायुदेव लागेको हुन सक्छ भन्ने विश्वास सुम्निमाकी आमामा रहेको पाइन्छ । वनजङ्गल तथा कोशीको किनारमा भुतप्रेत लाग्छ भन्ने विश्वास परम्परादेखि रही आएको छ । त्यसैले त्यस ठाँउमा एक्लै जानुहुँदैन, बेलुकीपख त झनै डर हुन्छ । केटाकेटी तथा जवान उमेरका मानिसहरूलाई भुतप्रेतले समाउँछ भन्ने विश्वास गरिन्छ । यहाँ पनि वनजङ्गलमा त्यसै एक्लै हिड्डुल गर्दा वायुदेव लाग्छ भन्ने सन्दर्भ आएको छ । अतः सुम्निमा साँझपख कोशी किनारमा जानु, कोशीको किनारमा भुतप्रेत लाग्छ भन्ने विश्वास परम्परादेखि रहनु, सुम्निमा केटाकेटी नै हुनु, केटाकेटीलाई भुतप्रेत लाग्छ भन्ने विश्वास हुनु भुतप्रेत तथा वायुजस्ता अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास हो ।

**नरेन्द्र दाइ** उपन्यासमा रहेका अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

नरेन्द्र केटाकेटीहरूलाई जम्मा पारेर खेल्न खुब मन पराउँछ । एकपटक उसले फुटबल ल्याएर केटाकेटीहरूलाई खेल्न बोलाउँछन् । सान्नानीलाई पनि नरेन्द्रले कति अबेर गरेकी चाँडै आउँ भनेर कोठाबाटै बोलाउँछ । उसले एकलासको फुलकाहा चउरमा खेल्ने ठाँउ रोज्छ जुन कोशीको किनारको एउटा चिसो बाँझो जग्गामा प्रशस्त फैलिएको हुन्छ ।

त्यसको पूर्वपट्टि फुल्काहा बाबूहरूको ठूलो क्याम्प शुरू हुन्छ : ठूलो आँपको बगैंचा, त्यसपछि हात्तीसार र अस्तबल, पोखरीनिरको डिलमा एउटा चिटिक्कको रामको मन्दिर हुन्छ । चउर एकलासको हुन्छ । ठाउँ-ठाउँमा गाईवस्तुहरूका हाडका टुक्राहरू छरिएका हुन्छन् र सिमल र शमीका रूखहरू र तिनका तलतिर खर र बैरका झ्याङहरू हुन्छन् । कोशीको किनारका रहेको एकलासको फुलकाहा चउरमा भूत आउँछ भनेर सान्नानीले भटनालाई भनेको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

"यो भुत्यहा चौर हो । होइन त भटना (६) ।"

प्रस्तुत उदाहरणमा भूतसम्बन्धी लोकविश्वास आएको छ । नरेन्द्रले खेल्ने फुलकाहा चउरमा एकलासको हुन्छ जुन कोशीको किनारको एउटा चिसो बाँझो जग्गामा प्रशस्त फैलिएका छ । एकलासको सुनसान ठाँउमा भूत लाग्छ त्यसैले त्यहाँ जानु हुन्न भन्ने विश्वास सान्नानीलाई हुन्छ । सान्नानीले यो भुत्याहा चौर हो त्यसैले जान नहुने कुरा बताएकी छे । अतः कोशीको किनार, एकलास ठाउँ, गाई-वस्तुका हाडखोर भिटिनुले त्यहाँ भुत रहेको कुरामा सान्नानीको विश्वास रहेको छ । यो अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास हो ।

**हिटलर र यहूदी** उपन्यासमा रहेका अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

म पात्रलाई हिटलरको बन्दी शिविरको भ्रमण गर्ने इच्छा हुन्छ । उसको यस्तो इच्छालाई इज्लेले सम्भव बनाइदिन्छे । म पात्रलाई त्यहाँसम्म जनाको लागि इज्लेले एउटा रसद पुऱ्याउने मिलिट्री ट्रकमा मिलाइदिन्छे । म पात्रले ट्रकमा लियोनार्डलाई भेटाउँछ । ऊ युद्धमा घाइते भएर खोरोण्डो भएको हुन्छ । ऊ आफूलाई हिटलरको साथी भनेर परिचय दिन्छ । उसले म पात्रलाई हिटलरको शिविरको बारेमा थुप्रै कुराहरू बताउँछ, आफू खोरेन्डे भएकोले बाहिरको काम गर्ने गरेको पनि भन्छ । जर्मन राष्ट्रका उपर सङ्कट परेको बेला महान् ऐतिहासिक नेताको मातहतमा तमाम जाति एक भएर सङ्कटको मुकाबिला गरेको बताउँछ । त्यसबेला किसानले खेतमा, ज्यामीहरूले कारखानमा, पल्टनले मैदानमा, स्वास्नीमानिसहरूले चुल्हा-चौकामा र खोरन्डले क्याम्पको बाहिर काममा सहयोग गरेको वृतान्त लियोनार्डले म पात्रलाई सुनाउँछ । लियोनार्डले हिटलरको शिविरमा जान्ने-सुन्ने कोही नभएको, कला सङ्गीत र साहित्य केही पनि नभएको, सभ्यता र समाज हराएको

ख्याकले बास गर्ने ठाउँ भएको छ भनेर म पात्रलाई जानकारी दिने क्रममा उपन्यासमा तलको उदाहरण आएको छ :

> मैले केही बोलिनँ । ऊ मनिर आएर उभियो र मेरो हात आफ्नो हातमा लिएर भन्यो-भनुँ साँच्चै, तिमी के सोचिरहेका छौ ? नढाँटे है केटी, होइन त घरमा छोडेर आएको ? पोडे यो ठाँउ नै यस्तो छ । त्यस्तै कुरा जगाउँछ यहाँ, देख्ने-सुन्ने केही कुरा छैन । कलाका कुरा, सङ्गीतका, साहित्यका, हाहा-हिही गर्ने मित्र समुदाय छैन । सभ्यता छैन, समाज छैन । यस नियास्रो ठाउँमा, ख्याकले बास गरेको ठाउँमा जाग्छ त्यस्तै कुरा, तिम्रो मनमा जागेको जस्तै (१००) ।

माथिको उदाहरणमा अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास आएको छ । 'ख्याक' नेवारी भाषामा भूत हो । यो अर्द्धदैविक शक्तिमा पर्दछ । हिटलरको शिविरमा हजारौँ मानिसको जिउँदैमा हत्या गरिएको छ । अल्पआयुमा धेरै मानिसहरूले ज्यान गुमाएका छन् । अल्पआयुमा मृत्यु हँदा उसको आत्मले शान्तिले पाउँदैन, आत्म भट्किरहन्छ भन्ने विश्वास छ । उनीहरूको आत्माले ख्याक बनेर अरूलाई दुःख दिन्छ भन्ने लोकविश्वास छ । हिटलरले पनि हजारौँ मानिसलाई अकालमा मारेको छ । त्यसैले उनीहरू ख्याकको रूपमा रहेका छन् भन्ने विश्वास लियोनार्डलाई छ । अतः लियोनार्डले शिविरमा त्यहाँ जान्ने-सुन्ने कोही नभएको, कला सङ्गीत र साहित्य केही पनि नभएको, सभ्यता र समाज हराएको र ख्याकले बास गर्ने ठाउँ भएको छ भनेर भन्नु ख्याकसम्बन्धी लोकविश्वास हो जुन यो अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास हो ।

## ३.७ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा यज्ञादिसम्बन्धी लोकविश्वास

देवताहरूको प्रसन्नताका लागि वैदिक विधिले गरिने हवन, पूजन, जप, पाठ जस्ता धार्मिक कार्यलाई यज्ञ भनिन्छ । यज्ञ दान, धर्म, लोकोपकार प्राप्तिका उद्देश्यले गरिने शुभकार्यहरू हुन् । यस्ता शुभकार्यहरू गरियो भने आफूले चिताएको फल प्राप्त गर्न सकिन्छ भन्ने विश्वास रहेको पाइन्छ । यस अन्तर्गत यज्ञ, दान, व्रत, वेद, पुराण र धर्मशास्त्रसँग सम्बन्धी लोकविश्वास पर्दछन् ।

### ३.७.१ यज्ञ, दान, व्रत र पर्वसम्बन्धी लोकविश्वास

लोकसमाजमा विभिन्न प्रकारका यज्ञ, दान, व्रत र पर्वसम्बन्धी लोकविश्वास पाइन्छन् । यस्तै लोकविश्वासले लोकसमाज अभिप्ररित भएको पाइन्छ । यज्ञ गर्दा, दान दिँदा, व्रत बस्दा, पर्व मनाउँदा आफूले चिताएको कुरा पाइन्छ भन्ने लोकविश्वास रहिआएको पाइन्छ ।

**तीनघुम्ती** उपन्यासमा रहेका यज्ञ, दान, व्रत र पर्वसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

पीताम्बर जेल गएपछि इन्द्रमायाको जीवनमा रमेशको उपस्थिति हुन्छ । रमेशको उपस्थितिले इन्द्रमायाको पीताम्बरप्रतिको मायामा खोट ल्याएको स्वयंम इन्द्रमायाले महसुस गर्छे । उसले तटस्थ भएर निर्णय गर्छे, यस्तो निर्णाय गर्दा उसको हृदयमा पीताम्बरको प्रेम अपूर्ण नै रहेको स्वयंम् ऊ आफैले अनुभुत गर्छे । केही हदसम्म पीताम्बरले उसप्रति गरेको ईर्ष्याको अग्निबीज इन्द्रमायाले नै उसलाई दिन पुगेकी स्वयंम् इन्द्रमायालाई अनुभूत हुन्छ । मनको इच्छा, वाचा र कर्मणाले एकसाथ प्रणयव्रतलाई पूरा गर्नुपर्ने हो भने पनि आफू व्रतमा एकनिष्ठ हुन तयार रहेको इन्द्रमायाको तर्क छ । आफू पीताम्बरप्रति एकनिष्ठ हुनुपर्थ्यो तर रमेशको आशक्तिमा लिप्त हुनपुग्नु नराम्रो हो भन्ने कुरा इन्द्रमायाले महसुस गर्छे । आफ्नो पति पीताम्बरप्रति एकनिष्ठ हुन नसकी रमेशसँग लागेर नराम्रो कर्म गरेपछि व्रत बसेर दोषमुक्त भइन्छ भन्ने सन्दर्भमा ईन्द्रमायाले उपन्यासमा यसो भनेकी छे :

> हे भगवान् ! वाचा र कर्मणाले म व्रतमा एकनिष्ट छु, केवल मनसाको एउटा क्षुद्र कुना मात्र धूमिल भएको छ । उसले गर्दा म स्वयं आफूलाई दण्डित भइरहेकी पाउँछु । दण्ड बेहोरेपछि दोषमुक्त हुनुपर्ने, मनसाको निरन्तरताको अपराधलाई निरन्तरको दण्ड सहेर म अकलुषित भइरहेकी छु (१७) ।

प्रस्तुत उदाहरणमा व्रतसम्बन्धी लोकविश्वास आएको छ । लोकसमाजमा विभिन्न प्रकारका यज्ञ, दान, व्रत र पर्वसम्बन्धी लोकविश्वास पाइन्छन् । इन्द्रमाया रमेशको मायामा आशक्त भएपछि आफू पीताम्बरप्रति अपूर्ण रहेको महसुस गर्छे । आफूले पतिप्रति गर्नुपर्ने भक्तिमा अपूर्णता भएकोले त्यसलाई व्रत लिएर गर्न सकिन्छ भन्ने विश्वास इन्द्रमाया पाइन्छ । यज्ञ गऱ्यो भने चिताएको पाइन्छ भन्ने लोकविश्वास रहिआएको पाइन्छ । दान

गऱ्यो भने अब आउँने जन्ममा सम्पन्नता हासिल गर्न सकिन्छ । व्रत बस्यो भने देवीदेवतालाई खुसी पारी मनले चिताएको फल प्राप्त गर्न सकिन्छ । अतः इन्द्रमाया पतिप्रति एकानिष्ठ भएर व्रत बस्नु, रमेशको आगमनले मनको सानो कुनामा उसको व्रतमा अपूर्णताको आभाष हुनु, व्रतमा वाचा र कर्मले एकानिष्ठ भएपछि फल पाइन्छ र मनको सानो कुनामा शंका भए पनि सफा मन लिएर बाँच्न सकिन्छ भन्ने इन्द्रमायाको विश्वास व्रतसम्बन्धी लोकविश्वास हो ।

## ३.७.२ वेद, पुराण र धर्मशास्त्रसम्बन्धी लोकविश्वास

लोकसमामा आ-आफ्नै प्रकारका धर्महरूप्रति विश्वास गरिन्छ । लोकसमाजले वेद, पुराण र धर्मशास्त्रलाई पवित्र ठानेर श्रवण गर्दछ । यसो गर्नले आफ्नो जीवन धनधान्य भएको ठान्दछ । वेदलाई आदिग्रन्थ र औपरुषेय ग्रन्थ मान्ने नेपाली लोकसमाजले पुराण तथा धर्मशास्त्रलाई देववाणीलाई ठान्दछ । यसरी वेद, पुराण तथा धर्मशास्त्रद्वारा निर्देशित नेपाली समाज तिनै ग्रन्थप्रति गहिरो विश्वास एवम् श्रद्धाभाव राख्दछ ।

**तीनघुम्ती** उपन्यासमा रहेका वेद, पुराण र धर्मशास्त्रसम्बन्धी लोकविश्वास तथा तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

इन्द्रमाया देवतामा विश्वास गर्छे, ऊ देवताको अर्को रूप पतिमा देख्छे । पतिको रूप देवता हो जो आत्मीयताले भरिपूर्ण भएको हुन्छ भन्ने विश्वास इन्द्रमायामा रहेको पाइन्छ । लोकसमाजमा आ-आफ्नै प्रकारका धर्महरूप्रति विश्वास गरिन्छ । हिन्दू धर्मशास्त्रमा पतिलाई देवताको रूपमा लिइन्छ । हिन्दूनारी पतिव्रत हुन्छन् । उनीहरू पतिमा देवताका भिन्न-भिन्न रूप देख्छन् । आफ्नो खराब दिनहरूमा सहायता गरेर करुणावन बनाउने पनि देवता हुन, उनीहरू तटस्थ हुन्छन् । यहाँ आफ्ना नराम्रा दिनहरूमा देवताले सहयोग दिन्छन् र उनीहरू पक्षपात गर्दैनन् भन्ने विश्वास इन्द्रमायामा छ । यसरी पतिको रूप देवता हो जो आत्मीयताले भरिपूर्ण हुन्छ भन्ने ईन्द्रमायाको पतिप्रतिको विचारलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

> मैले पनि पछिसम्म तर्क दिइरहेँ, रमेश ! हिन्दूनारी देवताको दुई भिन्न रूप देख्छे । एउटा त्यस्तो वाह्य अवस्थित शक्तिको रूप जो दुर्दिनमा उसको सहायतार्थ करुणावान् भएर आउँछ । त्यस्तो देवता तटस्थ रहन्छ, त्यो करुणामय

भएर पनि हुँदैन । अर्को हो, पतिको रूपको देवता जो आत्मीयताले ओतप्रोत भएको हुन्छ (३१) ।

माथिको उदाहरणमा धर्मशास्त्रसम्बन्धी लोकविश्वास आएको छ । पति देवता हुन् र ऊप्रति पतिभक्ति देखाउनुपर्छ भन्ने विश्वास इन्द्रमायामा हुन्छ त्यसैले ऊ देवताको अर्को रूप पतिमा देख्छे । आत्माको देवता पति नै हुने भन्ने विश्वास इन्द्रमायामा रहेको छ । यसरी इन्द्रमायाले पतिलाई देवताको रूपमा देख्नु अनि उनीहरू पत्नीप्रति आत्मादेखि नै प्रेमले ओतप्रोत हुन्छन् भन्नु वेद, पुराण, धर्मशास्त्र र व्रतकथासम्बन्धी लाकविश्वास हो ।

## ३.८ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा जातीय प्रथासम्बन्धी लोकविश्वास

विभिन्न धर्ममा थरी-थरीका प्रथा र विश्वासहरू रहेका हुन्छन् । देवीदेवतालाई खुसी पार्न पशुलाई बली दिने चलन पनि रहेको पाइन्छ । धर्म प्राप्तिको लागि पशुको बलि दिने चलनलाई बलि प्रथा भनिन्छ । धर्ममा रहेको प्रथाप्रतिको लोकविश्वास हो । अझै पनि समाजमा बलि प्रथाप्रतिका विभिन्न विश्वासहरू कायमै छन् ।

**तीनघुम्ती** उपन्यासमा रहेका जातीय प्रथासम्बन्धी लोकविश्वास र तिनीहरूको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

पीताम्बर र इन्द्रमायाबीच असाध्यै प्रेम हुन्छ । रमेशको उपस्थितिले उनीहरूको प्रेममा पीताम्बरलाई तीतो पोख्ने मौका दिन्छ । 'म कहाँ छु नि, सम्बन्धको कुन स्तरमा (पृ :१६)' भन्ने रमेशको जिज्ञासले इन्द्रमाया र पीताम्बरबीचको दाम्पत्य जीवनको पूर्णाङ्ग सुन्दरतामा खोट ल्याउँछ । इन्द्रमायाको हृदयले रमेशलाई कुनै निश्चित सम्बन्धको सूत्रमा उन्ना सकेको हुँदैन जसको कारण रमेश ऊप्रति बढी नै आशक्ति भएको इन्द्रमायाले पनि महसुस गर्छे । आफ्नो हृदयभित्र स्वेच्छाले रमेशलाई आउनेजाने छुट दिएकोले नै यदि पतिमा ईर्ष्याको भाव जागृत भएको हो भने त्यो सिमासम्म यो कुराले उसको आत्मसमर्पणमा पनि बाधा ल्याउन सक्दछ भन्ने विचार इन्द्रमायामा रहन्छ । उसले आफूलाई पीताम्बरप्रति पवित्र तथा स्वच्छ नभएको पाउँछे अनि उसलाई आफू खोट लागेको बलिजस्तै लाग्छ । खोट लागेको बलिलाई  देवीले ग्रहण गर्दिनन् भन्ने विश्वास रहेको र आफू पनि दोषरहित हुन नसकेको कुरासँग इन्द्रमाया सहमत हुन्छे र यसलाई थप पुष्टि गर्दै उपन्यासमा ईन्द्रमायाले यसो भनेकी छे :

भन्दछन् खोट लागेको बलिलाई देवीले ग्रहण गर्दिनन् रे (१६) ।

माथिको उदाहरणमा देवता खुसी पार्नको लागि बलि दिनुपर्छ भन्ने लोकविश्वास आएको छ । पीताम्बर र इन्द्रमायाबीचको गाढा प्रेमलाई रमेशको उपस्थितिले धमिलो बनाइदिन्छ । उनीहरूको दाम्पत्य जीवनको पूर्णाङ्ग सुन्दरतामा खोट ल्याउँछ । इन्द्रमायाले कुनै सम्बन्धबिना नै आफ्नो हृदयभित्र स्वेच्छाले रमेशलाई आउनेजाने छुट दिन्छे । एउटी हिन्दू नारी पतिभक्त हुनुपर्ने हो तर इन्द्रमाया आफूलाई पीताम्बरप्रति पवित्र तथा स्वच्छ नभएको पाउँछे अनि उसलाई आफू खोट लागेको बलिजस्तै लाग्छ । देवीलाई बलि दिएपछि आफ्ना इच्छा पूरा हुन्छन् भन्ने लोकविश्वास रहेको पाइन्छ । देवीलाई समर्णप गर्नुपर्ने भएकोले बलि चोखो हुनुपर्छ । इन्द्रमायालाई बलिमा चढाइने वस्तु जस्तै पीताम्बरप्रतिको आफ्नो माया पनि चोखो हुनुपर्ने तर आफ्नो माया दोषरहित हुन नसकेको भन्ने कुरामा विश्वास छ । इन्द्रमायालाई बलि प्रथामा विश्वास रहेको ऊ स्वयंम् आफूले स्वीकार गरेकी छे । रमेशप्रतिको आफ्नो माया दोषरहित हुन् नसक्नुले यसलाई पुष्टि गर्छ । अतः इन्द्रमायाले आफ्नो पति पीताम्बर हुँदा-हुदै रमेशसँग शारीरिक सम्बन्ध राख्नु, यस्तो सम्बन्धले आफू खोटो भएको महसुस इन्द्रमायाले आफैं गर्नु अनि खोट लागेको पशु बलिको लागि अयोग्य हुन्छ भन्नु पशु बलिसम्बन्धी लोकविश्वास हो ।

**बाबु, आमा र छोरा** उपन्यासमा पनि विभिन्न प्रकारका लोकविश्वासहरू रहेका छन् । यस उपन्यासमा रहेका जातीय प्रथासम्बन्धी लोकविश्वास तथा तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

बस्नेतकी जेठी पत्नीलाई रोगले च्याप्दै लान्छ । ऊ झन्-झन् कम्जोर बन्दै जान्छे । पतिलाई कुनै अप्ठयारो नमानी दोस्रो विवाह गर्न आग्रह गर्छे । ऊ बिछयौनामा परेर पनि आफ्ना माइततिरका विवाहयोग्य कन्याको खोजी गरिरहन्छे । ऊ आफूलाई सघाउने बहनामा आफ्ना काकाकी छोरी, मामा वा फुपूकी छोरीलाई घरमा बोलाएर यिनै मध्ये कोहीसँग विवाह गर भनेर पतिलाई बारम्बार भनिरहन्छे । दोस्रो विवाहका लागि नानाभाँती उपाय ननिकाला भनेर पतिले सम्झाइरहन्छन् । पतिसँगै पतिको चितामा सती गएका कथाहरू जेठीले सुनेकी हुन्छे । नारीलाई सती हुन सजिलो छ तर पुरुषलाई पत्नीप्रेममा सेलाउन गाह्रो छ भन्ने कुरामा उसलाई विश्वास हुन्छ, त्यसैले पत्नीको रोगको चिसो चितामा क्षण-

क्षण गरेर आफूलाई नसेलाउ भनेर जेठीले पतिलाई सम्भाएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> ऊ हाँसी, र कमीजको बाहुलाको खुलेको टाँक लगाइदिदै भनी- स्त्रीले पतिको चितामा सती भएका कथाहरू त मैले सुनेकी थिएँ । तिमी मात्र यस्तो पति भयौ, जो पत्नीप्रेममा आफूलाई सेलाईरहेका छौ । सती हुन सजिलो छ नारीलाई, पुरुषले यसरी स्वास्नीको रोगको चिसो चितामा क्षण-क्षण गरेर आफूलाई सेलाएको चाहिँ असाध्यै कुरो हो (५) ।

माथिको उदाहरणमा पतिको मृत्यु पछि पत्नी पनि पतिसँगै एकै चितामा जलेर प्राण त्याग्ने सती प्रथासम्बन्धी लोकविश्वास आएको छ । बस्नेतकी जेठी पत्नीलाई रोगले च्याप्दै लगेपछि उसलाई बाँच्ने आशा हराउँदै जानु अनि आफ्नो मृत्यु पश्चात् पतिलाई अप्ठयारो नमानी दोस्रो विवाह गर्न आग्रह गर्नु पतिले फेरि विवाह गर्न पाउँछन भन्ने विश्वास भएकोले हो । पतिसँगै पतिको चितामा सती गएका कथाहरूमा जेठीलाई विश्वास हुन्छ । नारीलाई सती हुन सजिलो छ तर पुरुषलाई पत्नीप्रेममा भुलाउँन कठिन छ भन्ने कुरामा जेठीलाई विश्वास हुन्छ त्यसैले ऊ पतिलाई पत्नीको प्रेममा सेलाएर आफूलाई पनि रोगी नबनाऊ भनेर सम्भाइरहन्छे । अतः आफू बिरामीले थलापरेपछि जेठीलाई आफू चाँडै परालोक गइन्छ भन्ने लाग्नु, पतिको चितामा पत्नीहरू सजिलै जल्न सक्छन् र आफू पनि सजिलै जल्न सक्ने तर पत्नीप्रेममा पतिहरू जल्न सक्दैनन् किनाकि उनीहरूलाई गाह्रो हुन्छ भन्नु जेठीमा रहेको सतिप्रथासम्बन्धी लोकविश्वासले नै हो ।

## ३.९ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास

कुनै पनि धर्मसँग सम्बन्धित विभिन्न व्यक्तिहरूलाई धार्मिक व्यक्तित्व भनिन्छ । यस्ता व्यक्तिहरूप्रति लोकमा विश्वास रहेको हुन्छ जसलाई धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास भनिन्छ । कृष्ण, राम, हरि, विष्णु, बुद्ध, अल्लाह, युधिष्टिर आदि यस्तै प्रकारका धार्मिक व्यक्तित्वका रूपमा पर्दछन् । यस्ता धार्मिक व्यक्तित्वको अगाध विश्वास लोकसमाजमा पाउन सकिन्छ यस्तै पुजारी धार्मिक विधिसहित देवीदेवताको पूजा गर्ने व्यक्तिका रूपमा रहन्छन् । धामी, विजुवा, झाक्री पनि पुजारीकै विशेषता भएका अर्द्धदैविक शक्तियुक्त पुरुष मानिन्छन् ।

**तीनघुम्ती** उपन्यासमा रहेका धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास तथा तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

४५ वर्ष पार गरिसक्दा इन्द्रमाया भुक्तभोगी, शान्त र परिपक्वता भइसकेकी हुन्छे । तर पनि उसलाई आफ्नो सोह्र वर्षीय सम्झनाले सताउन छोडेको हुदैन । ऊ त्यतिबेला सुन्दर र चञ्चल हुन्छे तर पनि उसमा चिन्तनशीलताको अभाव हुदैन । त्यतिबेला उसका अगाडि दुईवटा बाटाहरू हुन्छन् । आफ्नो जीवनको यात्रा कुन बाटोबाट गर्ने भन्ने कुरा विचरणीय हुन्छ । एकातिर बाबुआमा र त्यो समाज, जसको एउटी समस्या भएर ऊ यति ठूली हुन्छे जुन समाजको भूमिमा उसका सारा सम्बन्धका जराहरू फैलिएका हुन्छन् र अर्कोतिर एउटा झुटो व्यक्ति पीताम्बर समाजभन्दा बाहिरको प्राणी हुन्छ । समाज परिवर्तनको सपना बोकेर हिडेको पीताम्बर समाजको नायक हो भन्ने विश्वास इन्द्रमायामा हुन्छ । इन्द्रमायाले पीताम्बरलाई भगवान कृष्णको रूपमा आफ्नो आदर्श पुरुष ठानेको सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> उसको पक्षमा एउटा अकिञ्चन व्यक्ति मात्र थियो, अर्कोतिर चाँहि दलबलसहितको बृहत समाज । कसलाई रोज्ने इन्द्रमायाले ? एक्लो कृष्णलाई कि अक्षौहिणी सेनालाई (३) ?'

प्रस्तुत उदाहरणमा धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास आएको छ । इन्द्रमायाले घरपरिवारलाई त्यागेर, दलबलसहितको बुहत् समाजलाई छोडेर समाज र संस्कृतिको नायक पीताम्बरलाई रोज्नु अनि पीताम्बरलाई भगवान कृष्णसँग दाँज्नु सांस्कृतिक नायकसँग सम्बन्धित लोकविश्वास हो । मानव समाजले आफ्नो सभ्यतालाई बोकेर हिँडने क्रममा आफ्नो विशेष धार्मिक प्रभावले व्यक्ति, समाज, राष्ट्र र सिङ्गो विश्वलाई नेतृत्वदायी भूमिका दिन सक्ने महान् व्यक्तिलाई धार्मिक नायक मानेको पाइन्छ । मानव समाजमा आफ्नो विशेष भूमिकाले गर्दा उनीहरूले भगवानकै दर्जा पाएका हुन्छन् । कृष्ण, राम, हरि, विष्णु, बुद्ध, अल्लाह, युधिष्टिर आदि यस्तै प्रकारका नायकका रूपमा पर्दछन् । यस्ता धार्मिक नायकप्रतिको अगाध विश्वास लोकसमाजमा पाउन सकिन्छ । अतः घरपरिवार सबैलाई छोडेर इन्द्रमायाले समाज र संस्कृतिको नायक पीताम्बरलाई रोज्नु धार्मिक नायकसम्बन्धी लोकविश्वास हो ।

**हिटलर र यहुदी** उपन्यासमा रहेका धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास तथा तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

म पात्रको एघार दिनको पानीजाहजको यात्राको क्रममा मद्रासी ब्राह्मण नारायणको नेतृत्वमा पाँच जनाको एउटा दल नै बन्छ, उनीहरू एक-आपसमा कुरा गर्छन, खानेबेलामा उनीहरूबीच तर्क-वितर्क हुन्छ । ती पाँच जनामध्ये रेवा पनि एक हुन्छे । उसको पूरा नाम रेवा देसाई हुन्छ । ऊ परिहासप्रिय हुन्छे, सुन्दर सुगठित शरीरले वैवाहिक हो भन्ने कुराको कुनै सङ्केत दिदैन । आज भरखरै यही क्षण, यही जहाजमा रेवा आफ्नो किशोरत्वको वयःसन्धीलाई नाघेर यौवनको घडी बिताइरहेकी छे जस्तो लाग्छ । एकपटक खाना खानेबेलामा रेवाले लगाएको लुगा आफूलाई मन नपरेको नारायणनले बताउँछन् । एउटा हिन्दू नारीले स्कर्ट लगाउँनु भारतीय हिन्दू संस्कृतिको विरुद्ध हो । संस्कृतिको विरुद्धमा जानु आमाको विरुद्धमा जानु हो भन्ने नारायणनको विचारको सन्दर्भमा उपन्यासमा यसरी भनिएको छ :

> जब केही उत्तेजनामा आएर रेवाले केही भनेकी मात्र थिई कि नारायणले भन्यो- रेवाजी, तपाईंले कदापी बिर्सनु हुन्न कि तपाईं हिन्दू नारी हो । भारतीय संस्कृतिमा नारीको रूप जहिले पनि आमाको छ । आमाको प्रतीकको हो, थाहा छैन ? पृथ्वी । चञ्चलताको आग्रह के पृथ्वीलाई सुहाउँछ (२७) ?

माथिको उदाहरणमा धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास आएको छ । संस्कृतिले नै मानिसलाई सभ्य हुने गुण सिकाउँछ । आफ्नो परम्परा छोडेर अरूको परम्पराको सिको गर्नु संस्कृति हैन । रेवा भारतीय हिन्दू नारी हो, एउटा हिन्दू नारीको संस्कृति भनेको सारी लगाउने हो, पश्चिमको नक्कल गरेर रेवाले स्कर्ट लगाउनु आफ्नो संस्कृति हैन भन्ने विश्वास नारायणमा छ । भारतीय संस्कृतिमा नारीको रूप जहिले पनि आमाको जस्तै छ, नारी आमा भएकोले आमा जस्तै हुनुपर्छ भन्ने विश्वास नारायणनमा रहेको छ । तसर्थ रेवा जस्ती एउटा हिन्दू नारीले पश्चिमको नक्कल गर्दै स्कर्ट लगाउँनु, हिन्दू नारीको पहिचान भनेको सारी लगाउँने हो र यसलाई बिर्सानु हुन्न भन्नु धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास हो ।

## ३.१० विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धामीसम्बन्धी लोकविश्वास

झारफुक गर्दा प्रयोग हुने मन्त्रलाई तन्त्रको रूपमा बुझिन्छ । तन्त्र प्रयोग गर्ने विद्यालाई तन्त्रमन्त्र भनिन्छ । यसलाई जादुटुना वा झारफुक पनि भन्ने गरिन्छ । झारफुक औषधोपचार गर्ने एक विधि हो । तन्त्र भनेको विशेष पद्धति हो भने मन्त्र एकनिष्ठ भावनाले कुनै कार्यको सिद्धिका निम्ति गरिने साधना हो । तन्त्रमन्त्रले आफ्नो सूक्ष्म विधिद्वारा कुनै क्रिया गरिरहेको हुन्छ भन्ने लोकविश्वास रहेको हुन्छ । तन्त्रमन्त्र र झारफुकमा पनि वैज्ञानिकता रहेको विश्वास गरिन्छ । यसलाई आधुनिक चिकित्सा पद्धतिको रूपमा पनि लिइएको पाइन्छ ।

**सुम्निमा** उपन्यासमा तन्त्रमन्त्र तथा झारफुकसम्बन्धी लोकविश्वास रहेका छन् । यस उपन्यासमा रहेका तन्त्रमन्त्र तथा झारफुकसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

सोमदत्त ब्राह्मण हो उसले आफ्नो धर्मअनुसार व्रत, पूजापाठ सबै गर्छ तर पनि पुत्र प्राप्ति हुँदैन पुत्र भएन भने मृत्युपछि तर्पण दिने कोही हुँदैनन् र स्वर्ग जान पाइदैन भन्ने विश्वास सोमदत्तमा हुन्छ । त्यसैले जसरी पनि उसलाई पुत्र चाहिएको हुन्छ । आफ्नो धर्म अनुसारको व्रत, पूजापाठ सबै गर्दा पनि नभएपछि अन्तिम आशाको रूपमा सोमदत्तले किराँतीहरूका धर्मगुरु बिजुवालाई सम्झन्छ, उसबाट केही भई हाल्छ कि भन्ने विश्वास सोमदत्तमा रहेको पाइन्छ । यसरी पुत्र प्राप्तिको लागि अन्तिम आशाको रूपमा सोमदत्तले बिजुवालाई सम्झिएको सन्दर्भलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

> सोमदत्तलाई थाहा थियो, बिजुवा किराँतीहरूको धर्मगुरु हो - धामी, जसले उनीहरूका सबै देवीदेवतालाई साधेको छ । चारैतिरबाट निराश भएर डुब्न लागेको मानिसले तृणको सहारा प्राप्त गरेजस्तै उसले पनि समाउँने कुरा पाएँ भन्ने सम्झी बिजुवाको घरतिर आफ्नो पद निर्देशित गऱ्यो (४४) ।

माथिको उदाहरणमा धामीसम्बन्धी लोकविश्वास आएको छ । समाजमा धामी सम्बन्धी विभिन्न विश्वासहरू रहेका हुन्छन्, जस अन्तर्गत बिजुवा पनि पर्दछन् । बिजुवा किराँतीहरूका धर्मगुरू हुन्, उनी धामी पनि हुन् । उनले किराँतीहरूका सबै देवीदेवतालाई साधेका हुन्छन् । आफ्नो धर्म अनुसार व्रत, पूजापाठ सबै गर्दा पनि पुत्र प्राप्ति नभएपछि

अन्तिम आशाको रूपमा सोमदत्तले किराँतीहरूका धर्मगुरु बिजुवालाई सम्भिन्छ र उसबाट पुत्र प्राप्ति हुन्छ भन्ने विश्वास लिएर बिजुवाकोमा पुग्छ । चारैतिरबाट निराश भएर डुब्न लागेको मानिसले तृणको सहारा प्राप्त गरेजस्तै सोमदत्तमा पनि केही समाउने कुरा पाएँ भन्ने विश्वास जागेको हुन्छ । तसर्थ सोमदत्तले आफ्नो धर्मअनुसार व्रत, पूजापाठ गर्नु तर पुत्र नहुनु, अन्तिम आशाको रूपमा बिजुवालाई सम्भनु, बिजुवाकोमा गएपछि पुत्र हुन्छ भन्नु धामीसम्बन्धी लोकविश्वास हो ।

## ३.११ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा तन्त्रसम्बन्धी लोकविश्वास

तन्त्रमन्त्र टुनामुना कै एक रूप हो । तन्त्र भनेको विशेष पद्धति हो भने मन्त्र एकनिष्ठ भावनाले कुनै कार्यको सिद्धिका निम्ति गरिने साधना हो । तन्त्रमन्त्रले आफ्नो सूक्ष्म विधिद्वारा कुनै क्रिया गरिरहेको हुन्छ भन्ने लोकविश्वास रहेको हुन्छ । तन्त्रमन्त्रमा वैज्ञानिक विश्वास पनि रहेको हुन्छ ।

**मेदिआइन** उपन्यासमा तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास रहेका छन् । यस उपन्यासमा रहेका तन्त्रसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

मोदीआइनले म पात्रलाई पोखरीको बारेमा धेरै कुरा बताउँछे । त्यस तलाउको नाम कसरी हडाहा पोखरी रह्यो भन्ने बारेमा रहस्यमय कुरा भन्छे । त्यस तलाउको नजिक एउटा सानो वापी हुन्छ, त्यहाँ एउटा मछुवारिन बस्छे र ऊ माछा बेच्छे । एक पटक ऊ डालामा ठुलो रोहु माछा लिएर बसेकी हुन्छे । त्यसै बखतमा दरभङ्गा राजाको एउटा नामी तान्त्रिक तलाउमा नुहाएर दुर्गाकवाच पाठ गर्दै आइरहेको हुन्छ । तान्त्रिकले मछुवारिनलाई तिमी को हौ भनेर धेरै पटक सोध्छन् तर ऊ आफ्नो बारेमा केही नभनी बाटोमा नै हराउछे, तान्त्रिक भन आश्चार्यमा पर्छ । त्यसपछि सोभै राजदरबारमा गएर सबै कुरा राजालाई बताउछ, तान्त्रिककै सल्लाहमा वापीलाई पाँच हजार ज्यामीले रात-दिन लगाएर खन्छन् त्यहाँ धेरै हाडखोर भेटिन्छन्, त्यसलाई गङ्गाजीमा लगेर अनुष्ठानपूर्वक सेलाउछन्, त्यसपछि त्यस सानो वापीलाई खनेर ठूलो पोखरी बनाउँछन्, त्यहाँ हाड पाइएको हुनाले त्यस पोखरीको नाम हडाहा पोखरी राखिन्छ । यी सम्पूर्ण घटनाक्रमहरूको पछाडि तान्त्रिकको विश्वास रहेको हुन्छ । यसरी मछुवारिन तथा तान्त्रिकको बारेमा मोदिआइनले म पात्रलाई भनेको सन्दर्भलाई थप पुष्टि गर्दै उपन्यासमा यसो भनिएको छ :

> एक दिन ऊ सधैँको जस्तो माछा लिएर तलाउको किनारमा आफ्नो कुनामा आएर बसी । त्यस दिन एउटा ठूलो रोहू माछा थियो उसको डालामा । त्यसै बखतमा दरभङ्गा राजाको एउटा नामी तान्त्रिक तलाउमा नुहाएर दुर्गाकवच पाठ गर्दै आइरहेको छ (१४) ।

> तान्त्रिककै सल्लाहले वापीलाई खन्ने निर्णय भयो महाभारतको योद्धाको शरीरको हाड केही फेला पर्छ कि भनेर । पाँच हजार ज्यामीले छ महिना रात-दिन गरेर यसलाई खने । धेरै हाडखोड पाइयो । तिनलाई गङ्गाजीमा लगेर अनुष्ठानपूर्वक सेलाए । त्यहाँको यो सानो वापी खनिएर यत्रो ठूलो पोखरी भयो र यहाँबाट हाड पाइया हुनाले यसलाई हडाहा पोखरी भन्दछन् (१५) ।

माथिका उदाहरणमा तन्त्रसम्बन्धी लोकविश्वास आएको छ । राजाकोमा पूजापाठ गर्ने नामी तान्त्रिक हुनु, पोखरीको नाम हडाहा रहनुको कारण त्यस पोखरी खन्दाखेरि मानिसका हाडहरू निस्किएकोले भन्नु तन्त्रसम्बन्धी लोकविश्वास हो । तान्त्रिकले मछुरानीलाई तिमी को हौ भनेर सोध्दा ऊ नै गायव हुनु तन्त्र विद्याकै कारण हो भन्ने विश्वास रहेको छ । अतः राजाको दरवारमा एक तान्त्रिक हुनु, उनले मछुवारिनलाई नाम सोध्नु तर मछुवारिन नै गायव हुनु, पाँच हजार ज्यामी लगाएर पोखरी खन्दा हाडखोरहरू भटिनु, त्यसलाई गङ्गाजीमा लगेर बगाउँनु, हाड पाइएको हुनाले पोखरीको नाम हडावा राख्नु तन्त्रसम्बन्धी विश्वासले नै हो । तसर्थ यो तन्त्रसम्बन्धी लोकविश्वास हो ।

## ३.१२ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा तीर्थयात्रासम्बन्धी लोकविश्वास

परापूर्वकालदेखि लोकसमाजमा तीर्थयात्रामा पनि विश्वास गर्ने चलन रहिआएको छ । तीर्थयात्राबाट धर्म प्राप्त हुन्छ र यसले मृत्युपछि मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने लोकविश्वास लोकसमाजमा रहेको छ । निश्चित उमेर पार गरेका व्यक्तिहरू तीर्थटनमा घुमी आफूलाई पवित्र पार्नुपर्छ भन्ने लोकविश्वास रहिआएको छ ।

**हिटलर र यहूदी** उपन्यासमा तीर्थयात्रासम्बन्धी लोकविश्वास पाइन्छ । यस उपन्यासमा रहेका तीर्थयात्रासम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

म पात्र आफ्नो शरीरमा लागेको क्यान्सार जस्तो रोगको उपचार गर्न लण्डनतिर प्रस्थान गर्छ । उसलाई आफ्नी श्रीमती लक्ष्मीले हवाइजाहजबाट जान निकै कर गर्छे तर अन्त्यमा ऊ पानी जाहजको यात्रा तय गर्छ । भारतबाट एघार दिनसम्म पानी जाहज भएर ऊ लण्डन पुग्नको लागि जाहजमा चढ्छ, त्यहाँ उसको भेट नारायणन नाम गरेको एक मद्रासी ब्राह्मणसँग हुन्छ । म पात्र आफ्नी पत्नी लक्ष्मीलाई सम्झिरहेको हुन्छ । त्यसैबेला नारायणनले म पात्रलाई नमस्कार गर्छ । उनीहरूबीच परिचयको आदनप्रदान हुन्छ । परिचयको क्रममा नारायणनले आफू मद्रासी ब्राह्मण भएको परिचय दिन्छ र म पात्रलाई नेपालबाट आएको र नेपाल हिन्दूहरूको तीर्थस्थल हो भनेर परिचय गराउँछ । नेपालबाट आएको म पात्र र मद्रासबाट आएको नारायणनले एकआपसमा परिचय आदनप्रदान गर्दाको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> उसको वाणीमा सुन्दर भाषाको यस्तो प्रवाह थियो कि लाग्थ्यो, अब शायद थामिदैन तर म उसको भाषाले बडो प्रभावित हुँदै गएको थिएँ । हठात् थामिएर उसले भन्यो- म नारायणन हुँ, मद्रासी ब्राह्मण, तपाईं त ...(१८) ?
>
> मैले आफ्नो परिचय दिएँ । उसले भन्यो-नेपालः त्यो पनि हिन्दूको तीर्थस्थल हो, देवेश्वर पशुपतिनाथको पुण्यभूमि (१८) ।

माथिको उदाहरणमा तीर्थस्थलसम्बन्धी लोकविश्वास आएको छ । पशुपतिनाथ हिन्दूहरूका आराध्यदेव हुन्, हिन्दूको तीर्थस्थल हो । पशुपतिनाथको दर्शन गऱ्यो भने हिन्दूहरूको आराध्यदेवता महादेवको दर्शन पाइन्छ भन्ने लोकविश्वास रहेको छ । नारायणन भारतको मद्रासमा बस्ने ब्राह्मण हो । उसलाई तीर्थस्थलमा विश्वास छ, त्यसैले ऊ पशुपतिनाथको तीर्थ गरेर भगवानको दर्शन गरेपछि पुण्यप्राप्त हुन्छ भन्ने विश्वासमा छ । तीर्थ भनेको भ्रमाण हो, नारायणनको अनुसार मद्रास नेपालभन्दा टाढा छ, पशुपतिनाथसम्म आउँनको लागि भ्रमाण गर्नुपर्छ जुन तीर्थस्थल हो । अतः म पात्रसँग परिचय गर्ने क्रममा नारायणनले नेपाललाई हिन्दूको तीर्थस्थल र देवेश्वर पशुपतिनाथको पुण्यभूमि भन्नु तीर्थस्थलसम्बन्धी लोकविश्वास हो ।

### ३.१३ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अतृप्त आत्मासम्बन्धी लोकविश्वास

समाजमा प्रेतलाई आत्माको रूपमा विश्वास गरिन्छ । विभिन्न कारणले अल्पआयुमा मरेका र मरेपछि विधिपूर्वक काजक्रिया सम्पन्न नभएका मानव जीवत्माको सूक्ष्म रूपलाई प्रेत भनिन्छ । मुर्दा पोल्ने वा गाड्ने निश्चित ठाउँलाई मसान भनेर बुझिन्छ । यस्ता ठाउँमा अगति परेका मृतात्माहरू घुमिरहन्छन् । परापूर्वकालदेखि नै मसान मानिसमा लागेर दुःख दिन्छ भन्ने लोकमा विश्वास रहेको पाइन्छ ।

**बाबु, आमा र छोरा** उपन्यासमा रहेका अतृप्ता आत्मासम्बन्धी लोकविश्वासहरू र तिनको विश्लेषण तल निम्नानुसार गरिएको छ ।

बस्नेतकी जेठी श्रीमतीको अल्पआयुमा नै मृत्यु हुन्छ । उसको मृत्युको खबर छोरासम्म पुग्छ, आमाको मृत्युको खबर पाउनसाथ छोरो घर आउँछ । छोराले आमाको काजक्रिया गर्छ । छोराले आमाको काजक्रिया गरेको उसका बुबा हेरिरहन्छन् । उसको सुकुमार दुब्लो शरीरमा सेतो वस्त्र र उसको मुण्डान गरेको शिरलाई देखेर उनको निरीहतमा बडो करुणा आउँछ । विधिपूर्वक काजक्रिया सम्पन्न हुन्छ । यसरी जेठीको अल्पआयुमा मृत्यु भएपछि छोराले विधिपूर्वक काजक्रिया गरेपछि मात्र प्रेतआत्माबाट मुक्त पाइन्छ भन्ने सन्दर्भमा बस्नेत बूढाले उपन्यासमा यसो भनेका छन् :

> जेठी मरेको एक वर्षपछि छोराको श्राद्धक्रियाको लागि घर आएको थियो (पृ.९) ।
>
> छोराले आमाको काजक्रिया गरेको हेरिरहन्थें, उसको सुकुमार दुब्लो शरीरमा सेतो वस्त्र र उसको मुण्डन गरेको शिरलाई देखेर मलाई उसको निरीहतामा बडो करुणा आये (७) ।

प्रस्तुत उदाहरणमा प्रेतआत्मासम्बन्धी लोकविश्वास आएको छ । बस्नेतकी जेठी श्रीमतीको अल्पआयुमा नै मृत्यु हुन्छ । मृत्युपछि काजक्रिया गर्नुपर्छ, राम्रोसँग काजक्रिया गरेन भने उसको आत्माले शान्ति पाउँदैन भन्ने विश्वास बस्नेतमा रहेको छ । आमाको काजक्रिया छोराले गर्नुपर्छ भन्ने विश्वास भएकोले मृत्युको खबर छोरासम्म पुग्छ । आमाको मृत्युको खबर पाउनसाथ छोरो घर आउँनु अनि आमाको काजक्रिया गर्नु प्रेतप्रति रहेको विश्वास हो । अल्पआयुमा मृत्यु भयो भने त्यो प्रेत बन्छ त्यसलाई मुक्ति दिन काजक्रिया गर्नुपर्छ भन्ने विश्वास भएकोले नै छोराले आमाको काजक्रिया गर्छ । छोराले शरीरमा सेतो

वस्त्र र कपाल मुण्डान गरेरे  विधिपूर्वक आमाको काजक्रिया गर्छ । अतः जेठीको अल्पआयुमा मृत्यु हुनु, मृत्युपछि छोराले काजक्रिया गर्नु, विधिपूर्वक काजक्रिया गरेपछि मात्र प्रेतआत्माबाट मुक्त पाइन्छ भन्ने कुरामा उनीहरूको विश्वास रहनु प्रेत आत्मासम्बन्धी लोकविश्वास हो ।

## ३.१४ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाकाले धर्मसँग सम्बन्धित विभिन्न उपन्यासहरू लेखेका छन् । उनका उपन्यासहरूमा समाजमा धर्मसँग जोडिएका विभिन्न लोकविश्वासहरू पाइन्छन् । मानवमा परापूर्वकालदेखि रहिआएको विश्वास धर्म हो । असल र हितकारी कर्म नै धर्म हो भन्ने कुरालाई लोकले पनि विश्वास गरेको छ । लोकले जे धारण गर्छ त्यो नै धर्म हो । यस्ता धार्मिक आस्थाप्रति लोकसमाजको अगाध विश्वास रहेको हुन्छ । **सुम्निमा** उपन्यास आर्य संस्कृति र किराँती संस्कृतिको पृष्ठभूमिमा लेखिएको सांस्कृतिक उपन्यास हो । यस उपन्यासमा धर्मसम्बन्धी लोकविश्वास, दैवीशक्तिसम्बन्धी लोकविश्वास तथा पाप र पुण्यसम्बन्धी लोकविश्वास धेरै रहेको छन् । यस उपन्यासमा धामीसम्बन्धी, धार्मिक व्यक्तित्वसम्बन्धी तथा तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास रहेको पाइन्छ । **बाबु, आमा र छोरा** उपन्यासमा धर्मप्रतिका, पाप र पुण्यसम्बन्धी, यज्ञ, दान, व्रत र पर्वसम्बन्धी, अतृप्त आत्मासम्बन्धी तथा पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास धेरै मात्रमा रहेका छन् । **तीन घुम्ती** उपन्यासमा धर्मसम्बन्धी लोकविश्वास सङ्ख्याका हिसाबले कम रहेको छ । यसै उपन्यासमा धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास पनि आएको छ । **मोदीआइन** तथा **हिटलर र याहुदी** उपन्यासमा धर्मसम्बन्धी लोकविश्वास, दैवीशक्तिसम्बन्धी लोकविश्वास, पाप र पुण्यसम्बन्धी लोकविश्वास, वेद, पुराण, धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास, धर्मशास्त्र र व्रतकथासम्बन्धी लोकविश्वास रहेका छन् । **नरेन्द्र दाइ** उपन्यासमा भने वनस्पतिसम्बन्धी लोकविश्वास रहेको छ । धर्मसम्बन्धी लोकविश्वासका कोणबाट अध्ययन गर्दा **सुम्निमा** उपन्यास अगाडि पर्दछ ।

# चौथो परिच्छेद

# विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा आध्यात्मिक लोकविश्वास

## ४.१ विषयप्रवेश

विश्वेश्वरप्रसाद कोइरालाकाले आध्यात्मिक उपन्यास लेखेका छन् । उनका उपन्यासमा अध्यात्मसँग जोडिएका विभिन्न लोकविश्वास पाइन्छन् । अध्यात्मसँग लोकविश्वासको सम्बन्ध रहेको हुन्छ । अध्यात्म भनेको आफूभित्रको चेतन तत्त्वको अनुभूत गर्नु हो । यो अनुभव गरिने कुरा हो । लोकले परापूर्वकालदेखि नै विश्वास गर्दै आएका र अध्यात्मसँग जोडिएका लोकविश्वासहरूलाई आध्यात्मिक लोकविश्वास भनिन्छ । यसअन्तर्गत भाग्यसम्बन्धी लोकविश्वास, वहुलोकसम्बन्धी लोकविश्वास, आशीर्वादसम्बन्धी लोकविश्वास, श्रापसम्बन्धी लोकविश्वास, शकुनसम्बन्धी लोकविश्वास, भविष्यवाणीसम्बन्धी लोकविश्वास पर्दछन् । विश्वेश्वरप्रसाद कोइरालाका **सुम्निमा**, **मोदीआइन**, **तीन घुम्ती**, **बाबु आमा र छोरा**, **नरेन्द्र दाइ**, **हिटलर र याहुदी** उपन्यासमा रहेका आध्यात्मिक लोकविश्वासको विश्लेषण यस परिच्छेदमा गरिएको छ र अन्त्यमा निष्कर्ष समेत समेटिएको छ ।

## ४.२ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा भाग्यसम्बन्धी लोकविश्वास

लोकमा धेरै पहिलदेखि भाग्यमा विश्वास रहदै आएको छ । मनुष्यले आफ्नो कर्मलाई पूर्वनियोजित योजनाको फलका रूपमा स्विकारेको दैवी विधानलाई भाग्य भनिन्छ । लोकमा भाग्यलाई पूर्वजन्मका आधारमा विश्वास गरिन्छ । लोकमा जन्मदेखि मृत्युपर्यन्त घटित हुने राम्रा-नराम्रा, सुखद-दुखद घटनाहरूलाई भाग्यको लेखा वा कर्मको फल ठान्ने विश्वास रहेको छ । भाग्यकै आधारमा मानिस गरिब-धनी, सुन्दर-कुरूप, रोगी-निरोगी हुन्छ भन्ने लोकविश्वास रहेको छ ।

**तीनघुम्ती** उपन्यासमा रहेका भाग्यसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

आफ्नो उमेरको ४५ औँ वशन्त पार गरेपछि इन्द्रमायालाई आफ्नो जीवनको यात्रा यत्तिमै टुङ्गिए जस्तो लाग्छ । जीवनको सन्ध्या अझै केही घडी बाँकी नै हुँदो हो तर यात्रा

भने यहीँ अन्त्य हुनलागेको आभास इन्द्रमायालाई हुन्छ । जीवनको यो लामो यात्रालाई फर्किएर हेर्दा उसलाई तितो अनुभव हुदैंन । कोमल तर किञ्चित र उदास स्मृतिले इन्द्रमायाको हृदयलाई कारुणिक बनाउँछ । उसले आफ्नो जीवनको यात्रालाई भाग्यसँग जोडेर हेर्छे । भाग्य भएको भए जीवन शीतले भिजेको पृथ्वी जस्तै करुणर्द्र हुन्थ्यो । जसरी रुखो र सुख्खा जमिनमा शीतको थोपा परेपछि त्यसले नयाँ जीवन पाएर हराभरा हुन्छ त्यसरी नै मानिसको जीवनमा पनि भाग्यले साथ दियो भने जीवन सोचे जस्तै हुन्छ भन्ने सन्दर्भलाई थप पुष्टि गर्दै उपन्यासमा स्वयम् उपन्यासकार कोइरालाले यसो भनेका छन् :

> नारी भाग्यमानी भई भने शीतले भिजाएको पृथ्वीखण्डजस्तो करुणर्द्र हुन जान्छ (२) ।

माथिको उदाहरणमा भाग्यसम्बन्धी लोकविश्वास आएको छ । इन्द्रमायाले आफ्नो जीवनलाई भाग्यसँग जोडेर हेरेकी छे । जीवनमा सुख र दृःख, मिलन-विछोड, हर्ष-विष्मत, आरोह-अवरोह सबै कुरा भाग्यसँग जोडिएर आएका हुन्छन् भन्ने कुरामा इन्द्रमायाको दृढ विश्वास रहेको पाइन्छ । नारी भाग्यमानी भई भने शीतले भिजेको पृथ्वी जस्तो करुणाले भरिएको हुन्छ तर भाग्य भएन भने रुखो र सुख्खा धरती जस्तो हुन्छ । तसर्थ कुनै नारी करुणाले भरिएकी हुनु र नहुनुमा भाग्यको हात रहेको हुन्छ भन्ने विश्वास इन्द्रमायामा पाइन्छ । अतः इन्द्रमायाले आफ्नो ४५ वर्षको जीवनलाई फर्केर हर्नु, आफू नारी भएको र नारीको जीवन भाग्यसँग जोडिएकोले नै कोही नारी करुणाकी खानी हुनु र कोही नहुने भन्नु इन्द्रमायामा रहेको भाग्यसम्बन्धी लोकविश्वास हो ।

**बाबु, आमा र छोरा** उपन्यासमा रहेका भाग्यसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

बस्नेत र उनकी जेठी पत्नीबीच प्रगाढ प्रणय सम्बन्ध हुन्छ । उनीहरूको तन दुई भए मन एक हुन्छ । उनीहरूको दुई तनलाई यौवन र यौनको रसायनले जोडेको हुन्छ । उनीहरूको जीवन हाँसीखुसी बितेको हुन्छ । आफूले सोचे जस्तै पति पाएकोले पत्नी पनि साहै खुसी हुन्छे । विवाह भएको एक वर्षभित्र बस्नेतकी पत्नीले छोरो जन्माउँछे । उनीहरूको गृहस्थीमा सुखको योग अनि सन्तान सुख पनि पुगेको हुन्छ । उनीहरूको परिवारलाई कुनै पनि कुराको अभाव हुँदैन । पारिवारिक प्रेम तथा सन्तान प्राप्तिको सुख अनि सबैको प्रिय भएकोले सबैले उनीहरूलाई भाग्यमानी भन्थे । उनीहरूलाई सबैले असाध्यै भाग्यमानी

दम्पत्ती भन्थे । पारिवारिक प्रेम तथा सन्तान प्राप्तिको सुख अनि सबैको प्रिय भएकोले सबैले बस्तेत दम्पत्तीलाई भाग्यमानी भन्थे भन्ने सन्दर्भलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

> हामीलाई केही कुराको अभाव थिएन । सबैले भन्थे-भाग्यमानी दम्पती रहेछन् (३) ।
>
> शिवको प्रसादलाई शिव प्रसाद नभनेर के भन्ने त (४) ?

प्रस्तुत उदाहरणमा भाग्यसम्बन्धी लोकविश्वास आएको छ । बस्नेतका पतिपत्नी पारिवारिक प्रेम, सन्तान सुख तथा सबैका प्रिय भएर बस्न पाउनुलाई आफ्नो भाग्यसँग जोडेर हेर्थे । आफ्नो भाग्यमा भएकोले नै यस्तो सुख पाएको हो भनेर उनीहरूलाई कुनै कुराको कमी नभएको महसुस हुन्थ्यो । उनीहरूले पाएको यस्तो सुख र खुसीलाई सबैले उनीहरूको भाग्यमा भएकोले पाएको भनेर भाग्यमाथि विश्वास गर्थे । तसर्थ कुनै पनि परिवारमा पारिवारिक मेल, सन्तान सुख तथा सबैको प्रिय हुने रहर हुनु तर सबैले यो अवसर प्राप्त गर्न नसक्नु, जसको भाग्यमा हुन्छ उसले मात्र प्राप्त गर्न सक्ने भएकोले बस्नेतको परिवारले प्राप्त गर्नु भाग्यसम्बन्धी लोकविश्वास हो ।

लामो समयसम्म बिरामीले ओछ्यान परेकी बस्नेतकी जेठी श्रीमती मृत्युको नजिक पुगिसकेकी हुन्छे । ऊ जस्तै माया गर्ने आफ्नो जीवनमा अरू कोही आउँदैनन् भनेर पतिले जेठीलाई बारम्बार सम्झाउँछन् । जेठीले ढाडस दिदै पतिलाई जो आए पनि म जस्तै मायालु पत्नी आउनेछे भन्छे । पत्नीको सौभाग्य आफ्नो पति हुन्छ । आफ्नो पति रहुन्जेल पत्नीको सौभाग्य जीवितै रहन्छ भन्ने विश्वास जेठीमा हुन्छ । यसरी पतिको काखमा मृत्यवरण गर्न पाउँनु पत्नीको लागि भाग्यको कुरा हो जुन आफूले प्राप्त गर्न लागेकोमा जेठी आफूलाई भाग्यमानी सम्झन्छे र उसले पतिलाई सम्झाउदै उपन्यासमा यसो भनेकी छे :

> तिम्रो भाग्यले तिम्री पत्नीको सौभाग्य छ । जाँदाजाँदै यति भनेर जान्छु- म सौभाग्यवती भएर गइरहेकी छु । सन्तोषका साथ (७) ।

माथिको उदाहरणमा भाग्यसम्बन्धी लोकविश्वास आएको छ । बस्नेतकी जेठी पत्नी बिरामी परेर मृत्युको मुखमा पुगिसकेकी हुन्छे । जन्म पछि मृत्यु निश्चित हुन्छ तर एउटी विवाहित नारी पतिको काखमा मृत्यु वरण गर्न चाहन्छे कारण पतिको काखमा मृत्युवरण गर्न पाइयो भने सौभाग्यवती भइन्छ भन्ने लोकविश्वास रहेको छ । अतः जेठीले पतिलाई

सौभाग्यको प्रतिक ठान्नु, उसको काखमा मर्न पाउँदा सन्तोष मिल्नु, जेठीले आफ्नो पति र उसको भाग्यमाथि विश्वास गर्नु भाग्यसम्बन्धी लोकविश्वास हो ।

जेठीको मृत्युपछि सबैको सल्लाहमा बस्नेत बूढाले उमासँग दोस्रो विवाह गर्छन् । कहिलेकाही उनी जेठी र कान्छीको व्यवहारमा तुलना गर्छन् । उनको बुझाइमा जेठी धार्मिक स्वभावकी हुन्छे । आफूले  पूर्वजन्मको तपस्याले गर्दा नै बस्नेत जस्तो पति प्राप्ति भएको हो भन्ने विश्वास जेठीमा हुन्छ । कान्छी उमा भने आफ्नो भाग्यमा विश्वास गर्छे । आफ्नो भाग्य बलियो भएकोले नै बस्नेत जस्तो पति भएको भनेर खुसी हुन्छे । नारीले आफ्नो भाग्यमा जस्तो छ त्यस्तै पति पाउँछन्, त्यसैले जस्तो पति पाए पनि त्यसैमा खुसी हुनुपर्छ भन्ने विश्वास उमामा हुन्छ । पतिले एकचोटी तिमीले सुख पाएकी छौ त कान्छी भनेर सोध्दा उमाले त्यस्तो कुरा पनि सोध्ने हो र भन्दै पतिलाई आफू भाग्यमानी भएकोले सुख पाएकी छु भन्छे र उसले पतिलाई सम्झाउदै उपन्यासमा यसो भनेकी छे :

> कान्छी देवताको कुरा त गर्दिन थिई, तर अर्को भाषामा त्यस्तै कुरा गर्थी- आफ्नो भाग्यअनुसार पति पाइन्छ । त्यसैले हामी नारीले जस्तो पति पाए पनि त्यसैमा सुख पाउनुपर्छ (१७)  ।
>
> मैले सोधेथेँ- तिमीले सुख पाएकी छौ कि छैनौ त, कान्छी (१७) ?
>
> उसले भनेकी थिई- त्यो पनि सोध्ने कुरा हो ? म भाग्यमानी छु, नाथ (१७)  !

प्रस्तुत उदाहरणमा जीवनमा राम्रो पति र सुख पाउँन भाग्यमा हुनुपर्छ भन्ने भाग्यसम्बन्धी लोकविश्वास आएको छ । जेठीको मृत्युपछि बस्नेतसँग विवाह गरेकी उमाले आफूलाई भाग्यमानी सम्झन्छे । आफ्नो भाग्य भएकोले नै बस्नेतसँग विवाह गर्न पाएको हो भन्ने उमालाई भाग्यमा पूर्ण विश्वास रहेको छ । प्रत्येक नारीले जीवनमा राम्रो पति पाउँन भाग्यमा लिएर आउँनुपर्छ । नारीको भाग्यमा भए मात्र राम्रो पति र जीवनमा सुख पाइन्छ भन्ने विश्वास उमामा पाइन्छ  । अतः उमाले नारीले भाग्यअनुसार पति पाउँछन भन्नु, आफू दोस्री श्रीमतीको रूपमा भित्रिदा पनि भाग्यले नै हो भन्नु, आफू भाग्यमानी भएको आफैले स्वीकार गर्नु भाग्यसम्बन्धी लोकविश्वास हो ।

उमाले जीवनमा शिवप्रसाद र बस्नेत दुबैजना पुरुषको प्रेम पाउँछे तर उसलाई प्रेम सबथोक हो भन्ने लागेको छैन । २२-२३ वर्षको सानो उमेरमा, यौवनको प्रथम प्रहारमै उमा

दुईजना पुरुषको प्रेमले ओतप्रोत हुन्छे तर नारीको जीवनमा प्रेम मात्र यथेष्ट भएर पुग्दो रहेनछ भन्ने कुराको अनुभव उसलाई हुन्छ । नारीको जीवनरस प्रेम हो तर यसलाई सार्थक बनाउँन प्रेमले मात्र सक्दैन । आफ्नो कर्म मात्र गरेर पुग्दैन त्यसको सम्बन्ध भाग्यसँग जोडिएको हुन्छ त्यसैले नारीले आफ्नो कर्मलाई सफल बनाउँन भाग्यमा भर पर्नुपर्छ भन्ने विश्वास उमामा हुन्छ । सक्रियता स्त्रीको गुण हैन, ऊ कर्ता हुन सक्दिन, सृष्टिले उसलाई कर्मको स्थितिमा राखेको छ, सक्रियता हुने काम त पुरुषको हो, यस्ती नारी प्रकृति भएकोले असह्यताकी जीव हुन्छे, कर्ता हुन नसकेकोले ऊ अबला भएकी छे, कर्म हुनुपरेकोले उसको सम्बन्ध भाग्यसँग जोडिएको छ भन्ने विश्वास उमामा रहेको पाइन्छ । नारीत्वमा कर्म र भाग्यको स्थायी सम्बन्ध प्रकट हुन्छ । कर्म गर्नु नारीको मूलतत्त्व हो र भाग्य त्यसबाट पोषण प्राप्त गर्ने परजीवी हो । त्यसैले नारीले आफ्नो कर्म पूरा गर्न भाग्यको आधार लिनुपर्छ भन्ने विश्वास आफूमा रहेको छ भन्ने सन्दर्भमा उमाले उपन्यासमा यसो भनेकी छे :

> नारीत्वमा कर्म र भाग्यको स्थायी सम्बन्ध प्रकट हुन्छ । कर्म उसको मूल तत्त्व हो, भाग्य त्यसबाट प्राप्त गर्ने परजीवी तत्त्व । मलाई लाग्छ, नारीलाई भाग्यको आधार नलिई हुन्न (२४) ।

माथिको उदाहरणमा भाग्यसम्बन्धी लोकविश्वास आएको छ । उमाले जीवनमा दुईजना पुरुषबाट प्रेम पाउँछे तर प्रेम नै सबथोक हो भन्ने कुरामा उसलाई विश्वास हुँदैन, उसलाई त आफ्नो भाग्यमा विश्वास हुन्छ । आफ्नो भाग्यमा भएकोले नै आफूले जीवनमा प्रेम र सुख पाएको हो भन्ने विश्वास उमामा रहनु भाग्यप्रतिको विश्वास हो । सृष्टीको सुरुदेखि नै नारी कर्मको स्थानमा रहेको र कर्ताको रूपमा पुरुष नै रहेको अनि कर्म हुनुपरेकोले नारीको सम्बन्ध भाग्यसँग जोडिएको हुन्छ भन्ने विश्वास उमामा रहेको छ । नारीले आफ्नो कर्म पूरा गर्न भाग्यको सहायता लिनै पर्छ, भाग्यले साथ दिएन भने नारीले गरेका कर्म अपुरै हुन्छन् भन्ने उमाको विश्वास भाग्यसँग जोडिएर आएको लोकविश्वास हो । जन्मदेखि मृत्युपर्यन्त घटित हुने राम्रा-नराम्रा, सुखद-दुखद घटनाहरूलाई भाग्यको लेखा वा कर्मको फल ठान्ने विश्वास रहेको छ । भाग्यकै आधारमा मानिस गरिब-धनी, सुन्दर-कुरूप, रोगी-निरोगी हुन्छ भन्ने विश्वास लोकमा पाइन्छ । अतः दुईजना प्रेमीबाट उमाले यथेष्ट प्रेम पाउँनु तर जीवनमा प्रेम नै सबथोक हो भन्ने नलाग्नु, नारीले जीवनमा सुख पाउँन कर्म गर्नुपर्ने तर भाग्य भएन भने कर्मले मात्र केही हुँदैन भन्ने उमाको विश्वास भाग्यसम्बन्धी लोकविश्वास हो ।

उमाले शिवप्रसादसँग शिवभगवानलाई साक्षी राखेर स्वयम्वर गरेर आफ्नो पति स्वीकार गर्छे । एउटी पत्नीलाई पतिको सुखमा भन्दा अरूमा सन्तुष्टि केही हुन्न भन्ने विश्वास उमामा हुन्छ । त्यसको केही दिनमा नै उसको दाजु आएर उमालाई बाआमाले बोलाउनुभएको छ भन्छ । उमाले परीक्षा आउन तीन महिना बाँकी छ म परीक्षा दिन्छु भन्दा पनि स्वास्नी मानिसले धेरै किन पढ्नु पर्‍यो भनेर घर फर्किन कर गर्न थाल्छ । बाआमाले किन बोलाउनुभएको हो उहीँ गएर सोध्नु भनेर कर गरेपछि उमा बाध्य भएर दाजुसँग घर फर्कन्छे । उमालाई परीक्षा दिएर मात्र आउँने इच्छा हुन्छ तर ऊ घर आउँनु पर्ने हुन्छ । उमालाई नारीको सृष्टि भाग्यले भएको हो भन्ने कुरामा विश्वास हुन्छ । आफ्नो इच्छाले, रहरले केही पनि हुन्न बरू भाग्यमा जे छ त्यही हुन्छ भन्ने कुरामा उमालाई विश्वास हुन्छ जसलाई पुष्टि गर्दै उपन्यासमा उमाले यसो भनेकी छे :

> यहीं आएर लाग्छ : नारी सृष्टि भाग्यको- नियतिको अधीन, एउटा सृष्ट जीव । पुरुष- त्यस्तो सम्पूर्ण भावले नियतिको अधीन हुन्छ कि हुन्न, त्यो मलाई थाहा छैन (४३) ।

प्रस्तुत उदाहरणमा भाग्यसम्बन्धी लोकविश्वास आएको । उमालाई अझै पढ्ने इच्छा हुन्छ, ऊ आफूलाई लिन गएको दाजुसँग परीक्षा दिएर मात्र फर्किने इच्छा व्यक्त गर्छे तर दाजुको अघि उसका इच्छाहरूले केही गर्न सक्दैनन् । आफ्ना रहर र इच्छा मात्र भएर हुँदैनन् त्यसलाई पूरा गर्न भाग्यको सहायता लिनुपर्छ । भाग्य भए मात्र आफूले सोचेका कुराहरू पूरा हुन्छन् भन्ने विश्वास उमामा रहेको छ । अतः नारीहरू शरीर र मन दुबैबाट कम्जोर, नरम र लल्याकलुलुक हुन्छन्, जिद्दी र हटी भएर पनि केही गर्न सक्दैनन्, दृढता नारी स्वभाव हैन त्यसैले नारीको सृष्टि भाग्यमा भर पर्दछ, भाग्यमा जे छ जति छ त्यस्तै हुन्छ भन्नु भाग्यसम्बन्धी लोकविश्वास हो ।

**मोदिआइन** उपन्यासमा रहेका भाग्यसम्बन्धी लोकविश्वास तथा तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

मोदिआइन क्षेत्रीय परिवारकी सदस्य हुन्छे । उसका बुबा इन्द्रप्रस्थको पाण्डवको दरबारमा रक्षकदलमा काम गर्दछन् । पाण्डवहरू वनवास गएपछि उनीहरूको परिवार हस्तिनापुर पुग्छ । त्यहाँ एक अश्वारोही युवकसँग उसको विवाह हुन्छ । त्यसबेलाको चलनअनुसार जङ्गलमै उनीहरूको स्वयंवर हुन्छ । त्यसपछि उनीहरू मोदिआइनकी आमालाई

भेटन जान्छन् । आफू एउटा कौरवपक्षीय क्षेत्रीयसैनिक भएर पनि पाण्डव पक्षीय कन्यासँग विवाह गर्न पाएकोमा उसले आफूलाई बडो भाग्यमानी ठान्छ । मोदिआइनसँग विवाह हुन्छ भनेर त्यस युवकले कहिले सोचेको हुँदैन तर उसले नसोचेको कुरा पूरा भएको छ । यसलाई त्यस युवकले आफ्नो भाग्यले गर्दा यस्तो भएको हो भनेर आफ्नो भाग्यमा विश्वास गरेको छ जसलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

> उसले त्यही रात मलाई आफूसँगै घोडामा चढाएर आफ्नो घर लिएर आयो । आमाले रोएर, बाले आशीर्वादका साथ र भाइले म पछिपछि आउँला तिमीलाई भेट्न भनेर बिदा दिए (२६) ।

माथिको उदाहरणमा भाग्यसम्बन्धी लोकविश्वास आएको छ । मोदिआइनसँग विवाह हुन्छ भनेर नसोच्नु तर विवाह हुनुलाई त्यस युवकले आफ्नो भाग्यसँग जोडेर विश्वास गरेको छ । यो युवकले आफ्नो भाग्यमाथि गरेको विश्वास नै हो । मानिसले आफूले नचिताएको कुरा पूरा भयो भने त्यसलाई भाग्यसँग जोडेर विश्वास गरेको पाइन्छ । अतः युवकले मोदिआइनसँग विवाह हुने सपना कहिल्यै नदेखेको तर पछि साँच्चिकै पूरा भएको र यस्तो हुनुलाई युवकले आफ्नो भाग्यले हो भन्नु भाग्यसम्बन्धी लोकविश्वास हो ।

**नरेन्द्र दाइ** उपन्यासमा भाग्यसम्बन्धी लोकविश्वास रहेका छन् । यस उपन्यासमा रहेका भाग्यसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

हिन्दु धर्ममा अविवाहित नारीले शिव भगवान जस्तै पति पाउँ भन्ने मनोकामना व्यक्त गर्दछन् । आफ्नो इच्छा अनुसारको वर पाइयो भने उनीहरू त्यसलाई आफ्नो भाग्यसँग दाँज्दछन् र आफूलाई भाग्यवती भएको महसुस गर्दछन् । गौरी नरेन्द्रको घरमा दुलही भएर पहिलो चोटी प्रवेश गर्दा ऊ सुखको सपनामा रमाउँदै आनन्दित भावमा हुन्छे । उसले आफू पहाडकी अशिक्षित बालिका भएको अनि नरेन्द्र जस्तो पुरुषकी पत्नी हुन पाउँदा आफूलाई भाग्यमानी ठान्छे । विवाहको मण्डपमा लाजका आँखाले नरेन्द्रलाई हेर्दै गौरीलाई मनमनमा आफू धेरै भाग्यमानी भएकोले नै शिव भगवानजस्तो पति पाएको अनुभूत गर्छे । गौरीले आफूलाई एउटा क्षुद्र बालिका सम्भिन्छे । जगन्माता पार्वतीले धेरै तपस्यापछि मात्र भगवान शिवलाई प्राप्त गरेकी थिइन् तर आफू जगन्माता पार्वती जस्तो राम्री नभएर पनि नरेन्द्र जस्तो पति पाउनु भाग्याले नै भएको हो भन्ने विश्वास गौरीमा हुन्छ जसलाई पुष्टि गर्दै उपन्यासमा गौरीले यसो भनेकी छे :

> विवाहको मण्डपमा जब लाजको आँखाले हजुरलाई चोरेर मैले हेरेकी थिएँ, त्यस बेला मैले हजुरको शिरमा सेटो सिल्कको फेटा र निधारमा उज्याला टीका देखेर नै मैले आँखा चिम्लिँद मनमनमा भनेकी थिएँ- म कति भाग्यवती छु, शिवप्राप्तिको मेरो सुख ईर्ष्यालु देवतालाई सह्य भएनछ । म एउटा छुद्र बालिकाले जगन्माता पार्वतीको स्पर्धा गर्न चाहनु मेरो दुष्परिणामदायी गर्व थियो (३५) ।

माथिको उदाहरणमा भाग्यमा भयो भने श्रीमहादेव जस्तै पति पाइन्छ भन्ने भाग्यसम्बन्धी लोकविश्वास आएको छ । पार्वती राम्री थिइन्, उनले तपस्या गरिन् र त्यसैको कारण श्रीमहादेव पति पाइन भन्ने विश्वास गौरीमा रहेको छ । गौरीलाई आफू पार्वती जस्तै राम्री नभएकी तर पनि श्रीमहादेव जस्तै पतिका रूपमा नरेन्द्रलाई प्राप्त गर्नु आफ्नो भाग्यकै कारणले हो भन्ने विश्वास लागेको छ । यहाँ गौरीले आफूभन्दा नरेन्द्र राम्रो भएको, ऊ जस्ती पहाडकी अक्षिशित गरीब बालिकाले किमार्थ नरेन्द्र जस्तो पुरुष पति पाउन सक्दिन्थी । तर आफ्नो भाग्यमा भएकोले नै गौरीले नरेन्द्र जस्तो पति पाएको विश्वास गरेकी छे । यो भाग्यसम्बन्धी लोकविश्वास हो ।

मुनरिया आफ्नो भविष्यको बारेमा केही नसाचेरै नरेन्द्रसँग प्रेमको अज्ञात बाटोमा लाग्छे । आफ्नो बाबुको बारेमा केही सोच्दिन । मुनरियाको विवाह गर्नको लागि अरू नै केटासँग चुमौन भइसकेको हुन्छ । चुमौन भएका पतिको बारेमा समेत ऊ सोच्न भ्याउँदिन । अनि आफ्नो लोकलाजको विषयमा समेत नसोचेर प्रेममा होमिएर अहिले काशीमा पुग्छे । काशीमा म पात्रलाई भेटेपछि विगतदेखि वर्तमानसम्मको सबै गुनासो सुनाउँछे । आफूले नरेन्द्रलाई कहिले पनि आधा-आधा प्रेम नगरेको, आफूहरूको प्रेम समाजको मर्यादाभन्दा बाहिर रहेको, लुकीलुकी प्रेम गरेको भए त्यो जमीनदारकुमार र दासीको यौन-व्यभिचार जस्तो हुने थियो तर आफूले सम्पूर्ण रूपले प्रेम गर्दा पनि भाग्य खोटो भएकोले आफू जङ्गलकी हरिणीजस्ती व्याधाको वाणबाट जोगिदै-जोगिदै अँध्यारो-अँध्यारामा लुकी-लुकी हिड्नुपर्ने जसरी सबैबाट लखेटिएकी छु भन्ने गुनासो म पात्रको अघि मुनरियाले पोख्छे जसलाई उपन्यासमा आएको तलको उदाहरणले पुष्टि गर्छ :

> गौरीको चोरेको होइन मैले- यो किन बुझ्दैनौ तिमी, सानोबाबू, मेरो नानी ? गौरी त कति भाग्यमानी, साराका सारा सहनुभूति, संवेदना कुनै

> महिमामण्डित महिषीजस्ती उनको चरणमा न्यौछावर भैरह्यो । उनी देवी भएर बसिन् समाजको उच्च स्थानमा-फोसामा पाएको अपुतालीजस्तो । मैले भनें जङ्गलकी हरिणीजस्ती व्याधाको वाणबाट जोगिँदै अँध्यारोअँध्यारोमा लुकीलुकी हिँड्नुपर्ने । नरेन्द्र र मेरो प्रेमले उनलाई मानवीबाट देवी बनायो, मलाई चाहिँ मानवीबाट पशु (४७) ।

माथिको उदाहरणमा भाग्यसम्बन्धी लोकविश्वास आएको छ । मुनरियाले गौरीलाई भाग्यमानी ठानेकी छे । सबैको सहनुभूति र समवेदनाले गौरीलाई देवीको भैँ समाजले उच्च स्थानमा राखेको हुन्छ । मुनरिया र नरेन्द्रको प्रेमले उसलाई मानवीबाट देवी बनाइन्छ तर मुनरियालाई चाहिँ मानवीबाट पशु बनाइनुमा मुनरियाले गौरीको भाग्यले गर्दा भएको हो भनेकी छे । अतः नरेन्द्रलाई माया गर्ने गौरीलाई समाजले मानवबाट देवी बनाउनु, गौरीले भन्दा अझ धेरै माया नरेन्द्रलाई गर्छु भन्ने मुनरियालाई चाहिँ मानवबाट दानव बनाउनु गौरीको भाग्य बलियो भएकोले नै हो भन्नु भाग्यसम्बन्धी लोकविश्वास हो ।

नरेन्द्र यस संन्सारबाट विदा भएपछि पनि गौरीलाई उनी सदाका लागि आफूलाई प्रेम दिएर गएको विश्वास लाग्छ । नरेन्द्रको मृत्यु गौरीलाई विश्वास लाग्दैन । उनी मरेनन् बरू आफूमा आई बसेर सौभाग्यवती बनाएको अनुभूत गौरीलाई हुन्छ । नारी आफ्नो लोग्ने आफूमा भएको भएको हेर्न चहान्छन् । मृत्यु पश्चातः लोग्ने सदाको निम्ति आफ्नो भएकोमा गौरी आफूलाई सौभाग्यवती ठान्छे । नरेन्द्रको प्रेम मृत्यु अघि गौरी र मुनरियासँग बाँडिएको हुन्छ तर मृत्युपछि भने नरेन्द्र आफ्नो मात्र भएको विश्वास गौरीलाई हुन्छ । पतिको मृत्यु पश्चात्: पत्नीले हातका चुरा फुटाउने अनि सिँउदोको सिन्दुर पखाल्ने चलन रहेको छ तर आफ्नो पतिको मृत्यु नभएको त्यसैले अरूले भन्दा पनि हातका चुरा फोरिनँ अनि सिउँदाको सिन्दुर पुछिनँ भन्ने विश्वासमा गौरी अडिग देखिन्छे र यसलाई थप पुष्टि गर्दै उपन्यासमा गौरीले यसो भनेकी छे :

> गौरीलाई भने केही वास्ता थिएन । उनी मलाई भन्दै गइन्,- 'सानोबाबू, अरूले भनेर हुन्छ ? म आफ्नो पतिको कुरा बुझ्दिनँ र ? मेरो विवाह स्वर्गमा भएको हो जुन अमरस्थलमा म परिणत भएँ त्यस्तै अक्षुण्ण मेरो सौभाग्य पनि छ । अरूहरू यस मर्मलाई के बुझ्छन् र ? नरेन्द्र मरेका छैनन्, ममा छन् । मलाई कहिले पनि नछाडने गरी अँठाएर बसेका छन् । तिमी बुझ्दैनौ सानोबाबू (६२) !'

माथिको उदाहरणमा भाग्यसम्बन्धी लोकविश्वास आएको छ । भाग्य अध्यात्मसँग जोडिएको लोकविश्वास हो । आफ्नो विवाह स्वर्गमा भएको हो जुन अमरस्थलमा रहेको छ त्यसैले आफ्नो सौभाग्य क्षण हुन सक्दैन भन्ने विश्वास गौरीमा हुन्छ । आफ्नो पति नरेन्द्र मरेका छैनन् बरू ऊ त मभित्र आएर समाहित भएका छन् त्यसैले ऊ कहिल्यै मर्दैनन् भन्ने विश्वास गौरीमा छ । मेरा पति मेरो सौभाग्य भएर बसेका छन् भन्ने दृढ विश्वास गौरीमा हुन्छ । अतः पति नरेन्द्रको मृत्यु हुनु, पतिको मृत्युलाई गौरीले स्वीकार नगर्नु, आफ्नो पति आफूभित्र आएर समाहित भएकोले आफू अमरस्थलमा परिणत भएको र यो सबै आफ्नो सौभाग्यले भएको हो भन्नु भाग्यसम्बन्धी लोकविश्वास हो ।

**हिटलर र यहूदी** उपन्यासमा भाग्यसम्बन्धी लोकविश्वास रहेका छन् । यस उपन्यासमा रहेका भाग्यसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

म पात्र थियोडोराको घरमा बसेको हुन्छ । हिटलरले यहूदीहरूको नरसंहार गरेको वृतान्त खोरन्डेले भनेपछि म पात्रको हृदयमा कुनै कालो विषमता उसको निष्ठुर मस्तिष्कबाट प्रवाहित भइरहेको हुन्छ । अँध्यारोमा म पात्र आत्माविश्वासको लागि आफूले आफैलाई छुन्छ, आफू यस संसारमा छु कि, बाह्यजगतमा छु ? म पात्रको मनले खोरन्डेलाई मानिस हो कि भूत हो भनेर शंका गर्न थाल्छ । आफू कत्तै भूत्याहा घरमा त बसिरहेको छैन भन्ने डरले म पात्र आतङ्कित हुन्छ । म पात्रको शरीर महान् भय र त्रासले शिथिल भएको हुन्छ । त्यसैबेला खोरन्डे हातमा बत्ती र खानेकुराको सानो पोको बोकेर कोठामा छिर्छ । आफ्नो कोठामा विदेशी पाहुना आएका छन् भनेर उसले क्याम्प कमान्डरबाट खानेकुरा मागेर ल्याएको हुन्छ । ऊ टिनको माछा, सुँगुरको मासु, दूध, पाउरोटी र कफी लिएर आएको हुन्छ । डर र त्रासले म पात्रको निधारमा आएका पसिना थियोडोराले पुछिदिन्छ । धेरै समयपछि आफ्नो कोठामा पाहूना आएको र उसलाई स्वागत गर्न पाउँदा म पात्र खुसी ले गदगद भएको छ । यसरी तिमी कहाँको म कहाँको भाग्यले गर्दा हाम्रो भेट भएको भनेर थियोडोराले म पात्रसँग भेट हुनाको कारण भाग्य नै हो भन्दै उपन्यासमो यसो भनेको छ :

> मायालु स्वरमा उसले भन्यो-हेर हेर के गति भएको तिम्रो, फेरि थप्यो कृतज्ञताको स्वरमा, साँच्चै पत्याउन, धेरै दिनवाद साथी-भाइजस्तो तिमीसँग कुरा गर्न पाउँदा मेरो मन हलुको भयो । तिमी, तिमी कहाँको, म कहाँको,

आज भाग्यले-मेरो भाग्यले साँच्चै, तिमी म कहाँ अतिथि भएर आयौ र मलाई कृतज्ञ बनायौ । एउटा परिवारजस्तै भयो, मेरो यो टुहुरा घर (१०७) ।

माथिको उदाहरणमा भाग्यसम्बन्धी लोकविश्वास आएको छ । हिटलरको नरसंहारमा रुसी सैनिकसँगको युद्धमा आफ्नो खुट्टा गुमाएको थियोडोरा म पात्रको आगमनले खुसी भएको छ । म पात्र र उसको भेट संयोगले नभई भाग्यले भएको भन्ने कुरामा थियोडोरा विश्वास गर्छ । म पात्र कहाँको, ऊ कहाँको आखिरमा भेट भएर छोड्यो । यसरी भेट हुनको कारण थियोडोराको भाग्यले गर्दा भएको हो भन्ने विश्वास थियोडोरालाई हुन्छ । अतः म पात्र कहाँको, थियोडोरा कहाँको तर पनि उनीहरूको भेट हुनु, थियोडोराले म पात्रलाई अतिथि बनाउँनु, उसको सत्कार गर्नु, भाग्यले गर्दा नै हाम्रो भेट भएको हो भनेर स्वयंम थियोडोराले भन्नु भाग्यसम्बन्धी लोकविश्वास हो ।

## ४.३ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा वहुलोकसम्बन्धी लोकविश्वास

परापूर्वकालदेखि नै वहुलोकमा विश्वास रहदै आएको पाइन्छ । विभिन्न धर्मग्रन्थ तथा पुराणहरूमा यमलोक, देवलोक, गर्न्धवलोक, ब्रम्हलोक, पितृलोक, विष्णुलोक, स्वर्गलोक-नर्कलोक आदि लोकहरूको उल्लेख पाइन्छ । नैतिक, धार्मिक, सत तथा सामाजिक कार्य गर्ने मानिस मृत्युपछि स्वर्गलोकमा जान्छन् । असामाजिक, अनैतिक, असत तथा धर्म विपरित काम गर्ने मानिसहरू मृत्युपछि नर्कलोकमा जान्छन् र असल कार्य गर्ने मानिस स्वर्गलोकमा जान्छन् भन्ने लोकविश्वास रहेको छ । लोकमा धर्म गर्ने मानिसले वैकुण्ठको बास र पापीले यामलोकमा हुने दण्ड पाउँछन् भन्ने विश्वास वहुलोकसम्बन्धी लोकविश्वास हो ।

**सुम्निमा** उपन्यासमा वहुलोकसम्बन्धी लोकविश्वास रहेका छन् । यस उपन्यासमा रहेका वहुलोकसम्बन्धी लोकविश्वास तथा तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

आश्रमबाट निस्किएपछि सोमदत्तले अतिकठिन जीवनयापन गर्न थाल्यो । निराहर तथा निर्जला भएर व्रत बस्नु, वाजपेयी भएर बस्नु, शीतकालमा कैलाशतीर्थको मार्गमा हिमाच्छादित मनोसरोवरको जलमा डुब्नु, ग्रीष्मको दिनमा हिङ्गलाज तीर्थको मरुभूमिमा पञ्चाग्नि बालेर ताप्नु, सूर्यको आतपमा देहपाक गर्नु, कहिले जलकुण्डमा डुबेर नुहाउनु, कहिले समुद्रको उपर पद्मासन लाएर तपस्या गर्नु सोमदत्तको दैनिकी हुन्छ । सोमदत्त

तपस्या गरेर ज्ञान प्राप्त गर्न विभिन्न शक्ति र विश्वासको आधार लिन्छ । सोमदत्तलाई यस्तो कठोर तपस्या गरेपछि आफूले चिताएको कुरा प्राप्त हुन्छ भन्ने विश्वास हुन्छ । सोमदत्तले आफू तपस्याबाट इन्द्रियउपर पूरा विजय प्राप्त गरेर फर्केको छु भन्ने सन्दर्भलाई उपन्यासमा यसरी भनिएको छ :

> सोमदत्तले भन्यो,-'तात ! तपस्याबाट इन्द्रियजयी भएर आएको छु । इन्द्रियउपर पूरा विजय प्राप्त गरेर म फर्केको छु (३३) ।'

प्रस्तुत उदाहरणमा व्रतसम्बन्धी लोकविश्वास रहेको पाइन्छ । सोमदत्तले आफ्नो तपस्या सार्थक भई जितेन्द्रिय भएर फर्किएपछि आफूले ईन्द्रउपर पनि विजय प्राप्त गरेको बताएको छ । कठोर तपस्या गऱ्यो भने देवताका राजा इन्द्रलाई पनि जित्न सकिन्छ भन्ने धार्मिक विश्वास यहाँ पाइन्छ । इन्द्रलाई जित्ने कुराले इन्द्रलोक अथार्त सृष्टि सम्बन्धी तथा कठोर तपस्या गरेपछि वर पाइने सन्दर्भले वरदान सम्बन्धी लोकविश्वासलाई बुझाउँछ ।

**मोदिआइन** उपन्यासमा वहुलोकसम्बन्धी लोकविश्वास पाइन्छन् । यस उपन्यासमा रहेका बहुलोकसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

मोदिआइनलाई एउटा कौरवपक्षीय सैनिकले विवाह गरेर घरमा ल्याउँछ । कौरवपक्षीय सैनिककी पत्नीको रूपमा भित्राएपछि मोदिआइनले आफूलाई भाग्यमानी सम्झन्छे । छोरीले एउटा योग्य क्षत्रिय कुमारलाई आफ्नो पति बनाउँन पाई भनेर मोदिआइनका आमाबाबा पनि खुसी हुन्छन् । मोदिआइनलाई साक्षत् लक्ष्मीको रूपमा आफ्नो घरभित्र भित्राउँन पाएँ भनेर उसकी सासू खुसीले गद्गद हुन्छे । बुहारी बनेर आएकी आमोदिआइनलाई बुहारीको बडो कदर गर्नु किनकि यी लक्ष्मीस्वरूप मेरी बुहारी हुन् भनेर सासूले भन्छे । लक्ष्मीस्वरूप भएर मोदिआइन बुहारीका रूपमा भित्रिएपछि मोदिआइनको परिवारमा सबैजना साह्रै खुसी हुन्छन् । मोदिआइनका दम्पती, सासू र देवारका साथमा पतिपत्नीको प्रणय तथा पारस्परिक मायाले मोदिआइनलाई स्वर्गको भन्दा बढी सुख प्राप्त भएको महसुस हुन्छ । आफ्नो घरमा स्वर्गको जस्तो खुसी आएको छ भन्ने कुरामा उनीहरूलाई विश्वास हुन्छ । स्वर्गमा रहेकी लक्ष्मीमाता जस्तै बुहारी आफ्नो घरमा भित्रिएकोमा मोदिआइनकी सासूले खुसी व्यक्त गर्दै छोरालाई बुहारीको बडो कदर गर्नु भनेर सम्झाएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> त्यसपछि वहाँले आफ्नो छोरालाई भन्नुभयो- साक्षत् लक्ष्मीलाई आफ्नो घरभित्र हुल्न थालेको छस् । यिनको बडो कदर गर्नू, लक्ष्मीस्वरूप बहू हुन् यिनी मेरी (२६) ।

हाम्रो घर सानो थियो, चार जनाको- सासू, देवर र हामी दम्पती, तर पारस्परिक माया र हाम्रो पतिपत्नीको प्रणयले मलाई लाग्यो कि स्वर्गमा पनि योभन्दा सुख प्राप्त हुन्न (पृ.२६) ।

माथिका उदाहरणमा वहुलोकसम्बन्धी लोकविश्वास आएको छ । मोदिआइनलाई बुहारीको रूपमा विवाह गरेर ल्याएपछि सासूले यी त मेरी बुहारी हैनन् साक्षत् लक्ष्मी हुन् भनेर उनको बयान गर्नु माता लक्ष्मीसम्बन्धी लोकविश्वास हो । मोदिआइन आएपछि घरमा सबैजना खुसी  छन् र घरमा स्वर्गको जस्तो खुसी  छ भन्नु स्वर्गमा विश्वास गर्नु हो । यस संसारमा पृथ्वी मात्र हैन स्वर्ग पनि छ है भन्ने कुराप्रति लोकमा रहेको विश्वास हो । मोदिआइन बुहारी भएर आएपछि परिवारमा धेरै सुख र खुसी हुन्छ जुन स्वर्गमा मात्र प्राप्त पाइन्छ भन्ने कुरामा उनीहरूको विश्वास रहेको छ । उनीहरूमा पृथ्वी बाहेक अर्को लोक स्वर्गलोक पनि छ भन्ने कुरामा विश्वास पाइन्छ । अतः मोदिआइनलाई बुहारीको रूपमा विवाह गरेर भित्रिए पनि सासूले साक्षत लक्ष्मी आइन् भन्नु अनि सासू, देवर र मोदिआइनको परिवारमा रहेको पारस्परिक माया पतिपत्नीको प्रणयले स्वर्गमा भन्दा बढी सुख प्राप्त भएको छ भन्नु बहुलोकसम्बन्धी लोकविश्वास हो ।

पाण्डव र कौरवको बीचमा युद्ध भैरहेको बेला भगवान कृष्ण अर्जुनको साथमा रथमा आउँछन् । रथ पल भरमा समरको प्राङ्गणको मध्य भागमा पुग्छ । अर्जुन युद्ध गरेर आफ्नै स्वजन समुदायलाई मारेर विजय हासिल गर्न चाहादैनन् । उनलाई न विजय प्राप्त गर्नुछ, न त विजय प्राप्त गरेर राज्य लिनुनै छ । न कुनै प्रकारको सुख आफूलाई प्राप्त गर्नु परेको छ । त्यसैले बरू यिनीहरूले मलाई मार्ने भए मारून् म यिनीहरूको बीचमा गाण्डीव उठाउँदिन भन्छन् । अर्जुनको यस्तो विचार कृष्णलाई मन पर्दैन । अजुर्न कृष्णलाई मोहले आक्रान्त गरेको छ त्यसैले तिमी यसबाट मुक्त हुनुपर्छ भन्छन् । कृष्णले अर्जुनलाई आफ्नो गाण्डीव उठाएर युद्धमा सामेल हुन आग्रह गर्छन् । महाभारतको युद्धमा विजय प्राप्त गऱ्यौ भने पृथ्वीको भोग गर्छौ कथङ्कदाचित मारियौ भने स्वर्गको भोग गरौला भन्दै कृष्णले अर्जुनलाई सम्झाएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> उनले भने- "हे पार्थ, तिमीलाई मोहले आक्रान्त गरेको छ । उठाऊ गाण्डीव र प्रविष्ट होऊ युद्धमा । यसमा विजय भयौ भने पृथ्वीको भोग गरौला, र कथङ्कदाचित मारियौ भने स्वर्गको भोग गर्न पुगौला (३७) ।"

माथिको उदाहरणमा वहुलोकसम्बन्धी लोकविश्वास आएको छ । महाभारतको युद्धमा अर्जुनलाई युद्ध गरेर आफ्नै स्वजनलाई मारेर आफूले राज्य हासिल गर्नु परेको हुँदैन । आफ्न्तालाई युद्धमा मारेर आफूले खुसी प्राप्त गर्नु परेको छैन भन्ने अर्जुनको इच्छा विपरित कृष्णले उनलाई युद्ध गर्न उक्साइदिन्छन् । यस युद्धमा जित हासिल गऱ्यौ भने राज्यको भोग गर्न पाउँनेछौ, राज्य तिम्रो हुनेछ र यस पृथ्वीलोकमा सबैले तिम्रो जयजयकार गर्नेछन् यदि मृत्यु नै भए पनि स्वर्गको भोग गर्न पाउँनेछौ भनेर कृष्णले अर्जुनलाई सम्झाएको सन्दर्भले मृत्युपछि स्वर्गलोक जाने कुरालाई थप पुष्टि गर्छ । कृष्णले अर्जुनलाई युद्धमा जिते पृथ्वीलोक र हारेमा स्वर्गलोको भोग गर्न पाइने भन्नुले उनलाई वहुलोकमा विश्वास रहेको प्रष्ट हुन्छ । अतः युद्धमा विजय भए पृथ्वीलोकमा राज गर्न पाइने अनि मृत्यु भए स्वर्गलोकमा भोग गर्न पाइने विश्वास बहुलोकसम्बन्धी लोकविश्वास हो ।

आफ्नै स्वजनको विरद्ध युद्ध नगर्ने अडानमा रहेका अर्जुनलाई कृष्णले युद्ध गर्न प्रेरित गर्छन् जसका कारण अठार दिनसम्म कौरव र पाण्डवबीचमा युद्ध चलिरहन्छ । अन्त्यमा मृत्युको यन्त्र थामिन्छ । युद्धमा लाखौं पुरुष मारिन्छन्, केवल सात जना मात्र बाँकी रहन्छन् । पृथ्वीलोक पुरुषबाट शुन्य हुन्छ । पुरुषहरूको मृत्यपछि विधवा नारी र उनीहरूका सन्तान मात्र बाँकी रहन्छन् । उनीहरू आफ्ना बाल सन्तानलाई छातीमा टासेर बाँचिरहन्छन् । पुरुषहरूको मृत्यपछि यसलोकबाट पुरुष शून्य भए भन्ने प्रसङ्गले यो बाहेक अरू पनि लोक रहेको कुरालाई थप पुष्टि गर्दै उपन्यासकार कोइरालाले उपन्यासमा यसो भनेका छन् :

> अठार दिनसम्म महाभारत मच्चिरह्यो । अन्त्यमा मृत्युको यन्त्र थामियो, छेदित हुने ग्रीवाको अभावामा । युद्धमा केवल सातजना बाँकी रहे, लाखौं पुरुष मारिए । पृथ्वी पुरुषबाट शून्य भयो । केवल विधवा नारी आफ्नो पागल छातीमा टाँसेर बाँचिरहे यस लोकमा (४०) ।

माथिको उदाहरणमा वहुलोकसम्बन्धी लोकविश्वास आएको छ । महाभारतको युद्ध अठार दिनसम्म चल्यो । यस युद्धमा पुरुषहरू कोही पनि बाँचेनन् । यसलोकमा पुरुषहरू

शून्य भए भन्नुले यस पृथ्वीलोकभन्दा बाहेक पनि अर्को लोक छ भन्ने कुरालाई पुष्टि गर्नु हो । अतः अठार दिनसम्म महाभारतको युद्ध हुनु, युद्धमा धेरै मानिसको मृत्यु हुनु, पृथ्वीलोक पुरुषबाट शुन्य हुनु भन्ने सन्दर्भले बाचुन्जेल पृथ्वी लोक र त्यसपछि अन्य लोक भन्ने कुरालाई प्राष्ट गर्छ । यो बहुलोकसम्बन्धी लोकविश्वास हो ।

**नरेन्द्र दाइ** उपन्यासमा वहुलोकसँग सम्बन्धित लोकविश्वास छन् । यस उपन्यासमा रहेका वहुलोकसम्बन्धी लोकविश्वास तथा तिनको विश्लेषण तल दिइएको छ ।

नरेन्द्रले नै आफूलाई प्रेमको आराध्या बनाएर नारीत्वको मर्मसँग साक्षात्कार गराएको विश्वास मुनरियामा हुन्छ । मुनरिया आफूले पनि उसलाई प्रेम दिएर सुक्न लागेको पुरुषत्वलाई हरियो पारेको अनुभूत गर्छे । गौरीको प्रतिकूल हावापानीमा हुर्कन नपाएको प्रेमलाई मुनरियाले नै मलजल गरेर हुर्काएकी हुन्छे । त्यसैले उसलाई थाहा थियो कि नरेन्द्र दासीसँग आफ्नो यौनपिपास शान्त गरेर पुग्ने एउटा व्यभिचारी युवक होइन । नरेन्द्र त प्रेम चाहन्थे जुन मुनरियाले मात्र दिन सक्छे । यसलोकमा नरेन्द्रलाई आफूले जति प्रेम अरू कसैले गर्न सक्दैनन् भन्ने विश्वास मुनरियामा हुन्छ । यस पृथ्वीलोकमा मात्र हैन मुत्युलोकमा पनि आफूले नै नरेन्द्रलाई प्रेमले भरिपूर्ण पार्नसक्ने कुरामा मुनरियालाई विश्वास छ जसलाई पुष्टि गर्दै उपन्यासमा मुनरियाले यसो भनेकी छे :

> नरेन्द्र दासीसँग आफ्नो यौनपिपासा शान्त गरेर पुग्ने व्यभिचारी युवक कदापि थिएनन् । ती चाहन्थे प्रेम र मृत्युलोकमा म मात्र तिनलाई दिन सक्थैँ त्यो । समाजले खटाएको प्रेम उनलाई ग्राह्य भएन (४८) ।

माथिको उदाहरणमा वहुलोकसम्बन्धी लोकविश्वास आएको छ । आफूले नरेन्द्रलाई धेरै माया गरेको मुनरिया स्वीकार्छे । नरेन्द्रलाई आफूले जति अरू कसैले माया गर्दैनन् भन्ने कुरामा मुनरियालाई विश्वास छ । यसलोकमा मात्र हैन मृत्युलोकमा गएपछि पनि आफूले नरेन्द्रलाई नै माया गरिरहने छु भन्ने दृढ विश्वास मुनरियामा पाइन्छ । मानिसको जन्म पछि मृत्यु निश्चित छ भन्ने कुरालाई यहाँ आएको मुत्युलोकले बुझाउँछ । मृत्युलोकमा पनि नरेन्द्रलाई म नै प्रेम गरिरहन्छु भन्ने मुनरियाको भनाइले ऊ मुत्युलोकमा विश्वास गदर्छे भन्ने प्रष्ट हुन्छ । अतः यसलोकमा रहुन्जेल नरेन्द्रलाई प्रेम गरिरहने अनि मृत्युलोकमा गएर पनि नरेन्द्रलाई  प्रेम गर्ने मुनरियाको विश्वासले पृथ्वीलोक र मृत्युलोकलाई स्वीकार गरेको

पुष्टि हुन्छ । मानिस जीवनभर पृथ्वीलोकमा रहन्छ र जीवनपरान्त मृत्युलोकमा जान्छ भन्नु बहुलोकसम्बन्धी लोकविश्वास हो ।

**हिटलर र यहूदी** उपन्यासमा वहुलोकसम्बन्धी लोकविश्वास पाइन्छन् । यस उपन्यासमा रहेका बहुलोकसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

लियोनार्डले म पात्रलाई अतिथिको रूपमा सत्कार गर्न पाउँदा आफूलाई भाग्यमानी सम्झन्छ । टिनको माछा, सुँगुरको मासु, पाउरोटी, दूध, कफी जस्ता खानेकुराहरू ल्याएर लियोनार्डले म पात्रलाई सत्कार गर्छ । उसले आफूलाई एउटा टुहुरो सम्झन्छ अनि यो सत्कारलाई टुहुरोको सत्कार सम्झेर स्वीकार्न म पात्रलाई अनुरोध गर्छ । खाना खाइसकेपछि लियोनार्डले म पात्रलाई सुत्नको लागि माथि टावरको एउटा कोठामा टाउको सम्म लुकाउँन मिल्ने ठाउँमा व्यवस्था गर्छ । म पात्र पनि सुत्नको लागि काठको मक्किएको सागुँरो भऱ्याङ भएर त्यहाँ जान्छ । अप्ठ्यारो, धुलै-धुलो भएको कोठामा ऊ निदाउने कोशिसमा हुन्छ । बीच-बीचमा ऱ्याप्प निदाउन खोजे पनि ऊ भुसुक्क निदाउन सकेन । उसका आँखा अगाडि क्याप्प कमाण्डार, बूढी मेयरनी, मासु पोलेको र बोसोको गन्ध, जुत्ताको पहाड अनि हिटलरको तस्वीर मस्तिष्कमा आइरहन्छ । उसले स्वर्गको द्वारका अगाडि हिटलरले जिउँदै जलाएको यहूदी र हिटलर उभिएर आफूहरू धर्मात्मा भएकोले स्वर्ग जान पाउँनु पर्ने अनुनय विनय गर्दै गरेको देख्छ । हिटलरले आफूलाई जिउँदै जलाएकोले आफू स्वर्ग जान योग्य भएको प्रमाण त्यस यहूदीले दिइरहेको हुन्छ । हिटलरले भने हिन्दू धर्मग्रन्थ गीतामा कृष्णले कौरवहरूको नरसंहार गरेर स्वर्गलोक प्राप्त गरेझैं आफूले पनि स्वर्गलोक प्राप्त गर्नुपर्ने प्रमाण दिइरहेको हुन्छ भन्ने सन्दर्भ स्वयम् उपन्यासकार कोइरालाको हो जसलाई उपन्यासमा आएको तलको उदाहरणले थप पुष्टि गर्छ :

> यहूदी बारबार कराउँथ्यो नाके स्वरमा-म हिटलरको बन्दी शिविरमा जिउँदै पोलिएको व्यक्ति हुँ, स्वर्ग प्राप्तिको अधिकारी (११०) ।
>
> म निष्ठुर होइन कदापि । निष्ठुरता एउटा भावावेग हो-उत्तेजनापूर्ण क्रिया जसबाट म मुक्त भन्ठान्छु आफूलाई । यथार्थमा, म दयाबाट पनि मुक्त छु, किनभने दया पनि भावनाप्रदान तत्त्व भएकोले मैले त्यसलाई विषजस्तो त्यागेको छु । गीता सर्वश्रेष्ठ ग्रन्थ हो । देवत्वविहीनको धर्म प्रतिपादित छ

> त्यसमा-सांसारिक कर्म गीताको कर्म हो । त्यो एउटा त्यस्तो महान् आध्यात्मिक ग्रन्थ छ जसलाई आ-आफ्नो अखण्डनीयताका लागि धर्मशास्त्रीहरूले ईश्वरको भर पर्नु पर्दैन । कृष्ण र अर्जुनको कथा एउटा रूपक मात्र हो-सोद्दश्य लेखिएको नीतिकथा-एउटा आख्यान हो । ईश्वर भनेको उत्तेजनरहित मानव हो-लिप्सामुक्त, स्पृहाबाट मुक्त व्यक्ति (१११) ।

माथिका उदाहरणमा बहुलोकसम्बन्धी लोकविश्वास आएको छ । म पात्रले ऊयाप्प निदाउन नसकेको आवस्थामा स्वर्गलोक देख्छ जहाँ एउटा यहूदी र हिटलर स्वर्गको द्वारमा बसेर स्वर्गलोक प्रवेशको लागि अनुनय विनय गरिरहेका हुन्छन् । यस सन्दर्भले म पात्रलाई स्वर्गलोकमा विश्वास रहेको थप प्रष्ट पार्छ । म पात्र पृथ्वीलोकमा छ तर उसले मृत्युपछि हिटलर र यहूदी स्वर्गलोकको द्वारमा देख्नुले उसमा स्वर्गलोकप्रति विश्वास रहेको पाइन्छ । पृथ्वीभन्दा पनि माथि अर्को लोक छ जुन स्वर्गलोक हो भनेर म पात्रले विश्वास गर्नु बहुलोकसम्बन्धी लोकविश्वास हो । अत : हिटलरले बन्दी शिविरमा जिउँदै जलाएकोले मृत्यु पछि यहूदीले स्वर्गको द्वारमा उभिएर स्वर्गलोक जान पाऊँ भन्नु अनि हिटलरले गीताको कृष्णको उदाहरण दिएर आफूले गरेको नरसंहार अधर्म नभएकोले स्वर्ग जान पाऊँ भन्नु बहुलोकसम्बन्धी लोकविश्वास हो ।

## ४.४ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा आशीर्वादसम्बन्धी लोकविश्वास

मान्यजनहरूले आफूभन्दा सानालाई सफलता तथा कल्याणको कामना गरेर दिइने शुभेच्छालाई आशीर्वाद भनिन्छ । आशीर्वाद दिँदा मन्यजनद्वारा आशीर्वाद थाप्नेहरूको मङ्गलकामना गरिन्छ । घरदेखि टाढाको निम्ति यात्रामा निस्किदा, कुनै शुभकार्यको थालनी गर्दा, कुनै कार्य समाप्त भएपछि कार्यसिद्धि होस् भन्ने कामना गर्दा तथा कुनै कामबाट मान्यजनहरू खुसी भएमा आशीर्वाद दिने लोकविश्वास रहेको छ । आशीर्वाद कहिले पूरा हुन्छ भने कहिले पूरा नहुन पनि सक्छ । यो अध्यात्ममा आधारित आध्यात्मिक लोकविश्वास हो ।

**सुम्निमा** उपन्यासमा रहेका आशीर्वादसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

सोमदत्त ध्यानमा मग्न हुँदा सुम्निमाको उपस्थितिले ऊ आफूलाई ध्यानमा एकात्रित गर्न सक्दैन । सुम्निमाको नग्न शरीर आफ्नो अगाडि देखेपछि सोमदत्तलाई पापको भारीको अघि आफू उभिएजस्तो लाग्छ । सुम्निमालाई नग्न शरीर ढाकेर पापको संसारबाट मुक्ति पाउँन सोमदत्त अनुरोध गर्छ तर सुम्निमा खै आफूले त कत्तै पनि पाप नदेखेको भनेर सोमदत्तलाई जवाफ फर्काउछे । यसै विषयमा उनीहरूबीच मनमुटाव हुन्छ । अबदेखि कहिले नभेट्ने भनेर सुम्निमा र सोमदत्त आ-आफ्नो आश्रमतिर लाग्छन् । सोमदत्त कपिला माताका साथ शिथिल शरीर लिएर मातापिताको समिप पुग्छ । रोगीको जस्तो जीर्ण र शिथिल लिएर आफू अगाडि सोमदत्त उभिएको देखेर मातालाई चिन्ता पर्छ र चिन्ताको कारण सोध्छिन् । सुम्निमाको नग्न र सुन्दर शरीरका कारणले आफ्नो तपस्य पूर्ण हुन नसकेको हो भन्ने विश्वास सोमदत्तमा हुन्छ । त्यसैले सोमदत्त आफ्नो अपूर्ण तपस्यलाई पूरा गर्न मातापिता तथा आश्रमलाई त्यागी कठोरतम व्रतमा लाग्न चहान्छ । यसरी आफ्नो यस्तो इच्छा पूरा हुनको लागि मातापितासँग आशीर्वाद लिनुपर्छ र मातापिताबाट प्राप्त गरेको आशीर्वादले आफ्नो तपस्या पूरा हुन्छ भन्ने विश्वास सोमदत्तमा हुन्छ जसलाई पुष्टि गर्दै उपन्यासमा सोमदत्तले यसो भनेको छ :

> मातापिताको समीप पुगेर दीन वाणीमा सोमदत्तले भन्यो,-'मेरो तपस्या अझै अपूर्ण छ । म यही क्षण यस आश्रमलाई त्यागेर कठोरतम व्रतमा लाग्छु । मातापितासँग आशीर्वाद र बिदा लिनका लागि मात्र अहिले म यहाँ उपस्थित भएको हुँ (२७) ।'

प्रस्तुत उदाहरणमा आफूभन्दा ठूला मान्यजनबाट प्राप्त आशीर्वादले आफ्नो इच्छा पूरा हुन्छ भन्ने आशीर्वादसम्बन्धी लोकविश्वास आएको छ । परापूर्वकालदेखि आफूभन्दा अग्रजबाट आशीर्वाद लिने परम्परा रहिआएको छ । यस्तो आशीर्वादले आफ्ना मनोकामना पूरा हुन्छन् भन्ने लोकविश्वास रहेको छ । सुम्निमाको नग्न शरीरले आफ्नो ध्यानमा बाधा उत्पन्न गरेको र यसले पाप लाग्ने विश्वास सोमदत्तमा रहेको छ । त्यसैले सोमदत्त मातापिताको आशीर्वाद लिएर तपस्या गर्न जादैं छ । आशीर्वाद प्राप्त भएमा आफ्नो इच्छा पूरा गर्न सकिन्छ भन्ने विश्वास सोमदत्तमा रहेको छ । यहाँ तपस्या पूरा गर्नको लागि व्रत लिनुपर्ने अनि त्यसको लागि मातापितासँग आशीर्वाद थाप्नुपर्छ भन्ने विश्वास सोमदत्तमा रहेको छ । यो आशीर्वादसम्बन्धी लोकविश्वास हो ।

**तीनघुम्ती** उपन्यासमा रहेका आशीर्वादसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

एकजोर लाउने लुगाको पोकाको साथमा छोरी रमालाई लिएर इन्द्रमायाले पीताम्बरको रित्तो कोठा छोडेको पनि अठार वर्ष भइसक्छ । एउटा विद्यालयकी शिक्षिका भएर धेरै दुःख र कष्ट सहेर पीताम्बरको सहयोगबिना नै छोरीलाई हुर्काएका क्षणहरू इन्द्रमायाका आँखा अगाडि झल्झली आउँछन् । पीताम्बर पनि नेता भएर आफ्नै कार्यकर्तासँग विवाह गरेर पदमा आसिन भएको तथा रमेश बाबुसँग झगडा गरेर छुट्टिएर बसेको कुराहरू सबै इन्द्रमायाको अघि एकाएक आउँछन् । यही नै जीवन रहेछ भनेर सुस्ताउँदा-सुस्ताउँदै इन्द्रमायाले तल सिँढीमा छोरी रमाको हाँसोले भरिएको आवाज सुन्छे । नयाँ जीवनको सुरुवात गरी छोरी रमा एउटा राम्रो र स्वस्थ युवकका साथमा हामी आमाको आशीर्वाद लिन आएका हौँ भनेर कोठामा प्रवेश गर्छे । नयाँ जीवनको सुरुवात गरेपछि ईन्द्रमायाकी छोरी रमा र उसको साथमा आएको युवक ईन्द्रमायाकोमा आशीर्वाद लिन आएको सन्दर्भलाई थप पुष्टि गर्दै उपन्यासमा यसरी भनिएको छ :

> युवकले मुस्कुराएर भन्यो, "आमा हामी आशीर्वाद लिन आएका (७४) ।"
>
> इन्द्रमायालाई लाग्यो, यसको फरासिलो स्वभाव रहेछ : रमेशकै जस्तो ।
>
> उसले भनी- "भाग्यमानी भए (७४) ।"

माथि उदाहरणमा नयाँ जीवनको सुरुवात गर्दा आफूभन्दा ठूला मान्यजनबाट आशीर्वाद लिनुपर्छ भन्ने आशीर्वादसम्बन्धी लोकविश्वास आएको छ । रमा र युवकले नयाँ जीवनको सुरुवात गरेका छन् । उनीहरूका लागि आफूभन्दा ठूला मान्यजन भनेकै रमाकी आमा इन्द्रमाया हुन्छे । आफ्नी आमा इन्द्रमायासँग लिएको आशीर्वादले आफूहरूको जीवनका हर इच्छा र मनोकामना पूरा हुन्छन् भन्ने विश्वास रमा र युवकमा हुन्छ । मानिसले जीवनमा राम्रो कामको सुरुवात गर्दा आफ्ना मान्यजनबाट आशीर्वाद लिने चलन रहिआएको छ । इन्द्रमायाकी छोरी रमाले विवाह गरेपछि आफ्नो दुलहाको साथ आशीर्वाद लिन आमाकोमा आउँछे । विवाह गरेपछि आफूभन्दा ठूलाबडाबाट आशीर्वाद लिनुपर्छ र यसले जीवनका पूरा नभएका इच्छा र मनोकामनाहरू चाडै पूरा हुन्छन् भन्ने लोकविश्वास रमामा हुन्छ । इन्द्रमायाले पनि छोरी जुवाइँको मन फरासिलो रहेछ भनेर भाग्यामानी भएस भनी आशीर्वाद दिन्छे । अतः रमा र युवकले नयाँ जीवनको सुरुवात गर्नु, नयाँ कामको सुरुवात

गर्दा आफूभन्दा ठूलाबडाबाट आशीर्वाद लिनुपर्छ अनिमात्र आफूले गरेको काम सिद्ध हुन्छ भन्ने विश्वास हुनु, यसैलाई पूरा गर्न इन्द्रमायासँग आशीर्वाद लिन आउनु, इन्द्रमायाले भाग्यमानी भए भनेर छोरी ज्वाइँलाई आशीर्वाद दिनु आशीर्वादसम्बन्धी लोकविश्वास हो ।

**बाबु, आमा र छोरा** उपन्यासमा आशीर्वाद सम्बन्धी लोकविश्वास रहेका छन् । यस उपन्यासमा रहेका आशीर्वादसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल दिइएको छ ।

बस्नेतको परिवारमा पहिलो सन्तान छोरा जन्मिएको बेला उनीहरू धेरै खुसी हुन्छन् । दोस्रो सन्तान छोरी जन्माउँदा जेठीलाई निकै गाह्रो हुन्छ । नौ महिना नबित्दै छोरीको मृत्युले उनीहरूको खुसी  खोसिन्छ । पहिलो छोरीको मृत्युपछि जेठीलाई तङ्ग्रिन धेरै समय लाग्छ । त्यसपछि अरू जेठीका अरू तीनवटा सन्तान हुन्छन् तर कुनै पनि बाँच्दैनन् । धेरै सन्तानकी आमा भएकीले जेठीलाई रोगले च्याप्दै लान्छ । उसलाई बिछ्यौनाले समातेको समातेकै हुन्छ । त्यसैबेला छोरा बनारस पढ्न जाने दिन आँउछ । सबैतिर हल्लीखल्ली हुन्छ । जाने बेलामा छोरो कोठाभित्र पस्छ । जेठीले झ्याल उघार्न लगाउँछे अनि उसले बिहानैदेखि यही क्षणको लागि रातो अक्षता, फलफूल पलङछेउको सानो टेबलमा राख्न लगाएकी हुन्छे । पतिले उसको हातमा अक्षता दिएपछि रातो अक्षताको टीका लगाएर दूबोको माला लगाउँदै उसले चिरञ्जीवी भए भनेर छोरालाई आशीर्वाद दिन्छे । यसरी छोराको यात्रा सफल तथा कार्य सिद्ध होस भनेर आमाले रातो अक्षताको टीका र दुबोको माला लगाइदिएर शिवप्रसादलाई आशीर्वाद दिएको सन्दर्भलाई यहाँ तल प्रस्तुत गरिन्छ :

> सुतीसुती पुत्रको निधारमा रातो अक्षताको टीका लगाएर दूबोको माला लगाउँदै उसले भनी- चिरञ्जवी भए (६) ।

माथिको उदाहरणमा आशीर्वादसम्बन्धी लोकविश्वास आएको छ । आफ्नो छोरो अध्ययनको लागि घरबाट पहिलो चोटी लामो यात्रामा निस्किन लागेको छ । रातो अक्षताको टीका र दूबोको माला लगाएर आशीर्वाद दिएपछि छोराको यात्रा शुभ र सफल हुन्छ भन्ने विश्वास आमामा रहेको छ । आशीर्वादमा विश्वास भएकोले नै आफू बिरामी हुँदा पनि आमाले छोरालाई आशीर्वाद दिएर विदा गर्छिन् । अतः छोरो पहिलो चोटी घरबाट लामो यात्रामा निस्किन लाग्नु, छोराको यात्रा सफल अनि कार्य सिद्ध होस भनेर आमाले रातो अक्षताको टीका र दुबोको माला लगाइदिएर उसलाई आशीर्वाद दिनु रातो अक्षता र दुबोको माला लगाएर आशीर्वाद दिनु आशीर्वादसम्बन्धी लोकविश्वास हो ।

रोगले च्याप्दै लगेपछि जेठीको मृत्यु हुन्छ । जेठीको मृत्युको एक वर्षपछि छोरा आमाको वर्ष दिनको श्राद्धक्रियाका लागि घर आउँछ । जेठीको प्रेममा ओतप्रोत भएको बस्नेतलाई आफूलाई रोगले च्याप्दै लगेपछि पतिको विवाह गर्नको लागि कन्याको खोजी गर्छे । उसको इच्छा पतिको पूनः विवाह गर्ने हुन्छ तर जेठीको मृत्युअघि पतिको विवाह हुन सक्दैन । आमाको मृत्युपछि छोराको इच्छा पनि बुबाको विवाह हुनुपर्छ भन्ने नै हुन्छ । छोरो अध्ययनको लागि काशी जानु अघि कोही बढेकी केटी पाइयो भने विवाह गर्नेछु भनेर बुबाले छोरालाई भनेको हुन्छ । बुबालाई घरलाई सुहाउँने कोही पाइयो भने खबर पठाउनुहोला म पनि विवाहमा आउनेछु भनेर छोरो काशीतिर लाग्छ । त्यसैले छोरा शिवप्रसादले आशीर्वाद लिनको लागि बुबासँग आउँने कुरा गरेको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> उसले काशी जानुभन्दा पहिले भनेको थियो- यस घरलाई सुहाउने कसैलाई पाएँ भने खबर पठाउँला- आशीर्वादको लागि (९) ।

माथिको उदाहरणमा आशीर्वादसम्बन्धी लोकविश्वास आएको छ । आफ्नी आमाको मृत्युपछि पनि बुबालाई छोराले अर्की आमा विवाह गर्न आग्रह गर्छ । कोही बढेकी कन्या पाइयो भने विवाह गर्नुपर्छ । विवाहमा मलाई पनि खबर पठाउँनु आमासँग आशीर्वाद लिनको लागि आउँने छु भन्ने छोराको इच्छामा आमाले दिने आशीर्वादमा विश्वास रहेको पाइन्छ । अतः आफ्नी आमाको मृत्युपछि पनि बुबालाई विवाह गर्न आग्रह गर्नु, आमासँग आशीर्वाद लिन आउँछु भन्नु आफूभन्दा ठुला मान्यजनबाट आशीर्वाद लिनुपर्छ भन्ने कुरामा विश्वास राख्नु हो । यो आशीर्वादसम्बन्धी लोकविश्वास हो ।

## ४.५ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा श्रापसम्बन्धी लोकविश्वास

कसैको बारेमा कुभलो चिताएर बोलिने वचनलाई श्राप भनिन्छ । काम गर्ने कर्ताले जानेर वा नजानेर अनुचित कार्य गरेबापत देवता, ऋषि, गुरु, अप्सरा, बाबुआमाद्वारा दिइने अनिष्टकारक वचनलाई श्राप भनिन्छ । श्राप एक किसिमको दण्ड हो । यो अध्यात्ममा आधारित हुन्छ । श्राप आध्यात्मिक दण्ड भएकोले मानसिक, भौतिक र जैविक सबै तहमा लागु हुन्छ भन्ने विश्वास गरिन्छ । देवता, कुलदेवता, पितृहरू तथा सिद्धि प्राप्त गरेका मानिसहरूले दिएको श्राप प्रत्यक्ष लागू हुन्छ तर जोसुकै मानिसहरूले दिदैमा श्राप क्रियाशील हुदैंनन् भन्ने लोकविश्वास रहिआएको छ ।

**बाबु, छोरा र आमा** उपन्यासमा श्रापसम्बन्धी लोकविश्वास पाइन्छन् । यस उपन्यासमा रहेका श्रापसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल दिइएको छ ।

उमाले शिवप्रसादसँग सम्पूर्ण रूपमा प्रेम गर्छे । उनीहरू एकअर्काबाट नछुट्टिने हुन्छन्, विवाह पनि गर्छन । उमाको गर्भमा शिवप्रसादको बच्चा समेत रहेको अवस्थामा बाध्यताबस उसको दोस्रो विवाह बस्नेत बूढासँग हुन्छ । ऊ बस्नेत बूढाकी दोस्री श्रीमतीको रूपमा भित्रिएकी हुन्छे । शिवप्रसादलाई प्रेममा सम्पूर्ण रूपले पाएर पनि अपूर्णताको महसुस भएको हुन्छ । उसलाई जीवनको बनोटमा प्रेम स्वयम्सिद्ध हुँदैन भन्ने लाग्छ । जीवनमा सबथोक भएर पनि प्रेममा असफल हुँदा अमरसुख हुन सक्दैन किनकि जीवनले एउटा श्राप बोकी हिडेको हुन्छ, श्रापले कुनै पनि कुरालाई असफल बनाउँछ, श्रापले त बिरुवालाई किराले भित्रभित्रै काटेझैँ काट्छ भन्ने विश्वास शिवप्रसादमा हुन्छ । यसरी श्रापले कुनै पनि कुरालाई असफल बनाउँछ त्यसैले शिवप्रसादको प्रेम पनि अपूर्ण भयो भन्ने सन्दर्भलाई बस्नेत बूढाले थप पुष्टि गर्दै उपन्यासमा यसो भनेका छन् :

> जीवनले यौटा श्राप बोकी हिँडेको हुन्छ मृत्युको । प्रेम पनि, त्यसैले अमर सुख हुन सक्दैन । जीवनको श्रापले, बिरुवालाई कीराले जस्तै भित्रभित्रै काटिसकेको हुन्छ । नत्र किन उमाको प्रेम त्यस्तरी एकचोटि पाएर पनि फेरि पाउने स्थितिमा रहेन ? बाबुले गर्दा ? मेरा पिताजीको यसमा के दोष (११) ।

माथिको उदाहरणमा श्रापले गर्दा जीवनमा प्रेम गरेर पनि सफल हुन नसकेको श्रापसम्बन्धी लोकविश्वास आएको छ । श्रापकै कारण उमाको प्रेम एकचोटि पाएर फेरि पाउँन नसकेको विश्वास शिवप्रसादमा रहेको छ । मृत्य जीवनको श्राप हो, मृत्यु कसैले चाहदैन तर हुन्छ, शिवप्रसादले पनि उमासँगको बिछोड चाहेको हुँदैन तर भएरै छोड्छ । यसमा न शिवप्रसादको दोष हुन्छ, न त उसको बुबाको नै । तसर्थ जीवनको बनोट नै कम्जोर छ, जसमा अड्याएन खाज्दा प्रेम पनि बालुवाले बनेको ताजमहल जस्तै धस्छ, बाङ्गिन्छ यसको कारण जीवनले बोकी हिँडेको श्राप नै हो भन्ने विश्वास शिवप्रसादमा रहेको छ जुन श्रापसम्बन्धी लोकविश्वास हो ।

## ४.६ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा शकुनसम्बन्धी लोकविश्वास

परापूर्वकालदेखि लोकमा कुनै कार्यको सुरू गर्दा, शुभ साइत गर्दा वा विशेष काम गर्दा त्यसको बारेमा सुरू नै लक्षण विचार गर्ने लोकप्रचलन रहेको पाइन्छ । शकुन भनेको कुनै वस्तु, व्यक्ति र वातावरण देख्दा राम्रो हुन्छ भन्ने विश्वास हो । यस्तो विश्वासले समाजमा परमपरादेखि गहिरो प्रभाव पारेको हुन्छ । अक्षता, कलश, पञ्चैबाजा, सिँदूर-पोते, रातो डोलीजस्ता वस्तुहरू शुभसङ्केत वा शकुनका रूपमा विश्वास गरिन्छ । 'रातो डोली' ले शुभ-शकुनलाई बुझाउँछ, विवाह गरेर घर ल्याउँदा दुलही चढ्नको लागि रातो डोलीको प्रयोग हुन्छ भन्ने लोकविश्वास रहेको छ ।

**नरेन्द्र दाइ** उपन्यासमा शकुनसम्बन्धी लोकविश्वास रहेका छन् । यस उपन्यासमा रहेका शकुनसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण निम्नानुसार गरिएको छ ।

घरमा गौरीको बारेमा सबैले प्रंशसा गर्छन् । गौरी राम्री भएकी सर्वसम्मत रूपमा सबैले स्वीकार गर्छन्, गौरी उज्याली छन्, लोग्ने मानिसको जस्तो चौडा निधार छ, आँखा धेरै ठूला तर उनको सानो अनुहारलाई नसुहाउँने, अनुहार डल्लो खालको सबैकी प्रिय हुन्छे । गौरीको यस्तो सुन्दरताले नरेन्द्रको भने आर्कषण गर्न सक्दैन । म पात्रको नजरमा भने ऊ सुन्दर नारीको चित्र हुन्छे । गौरी एउटी पतिव्रत हिन्दु नारी हुन्छे । कपाल चिल्लो पारेर कोर्ने, सिँउदोमा सिन्दुर लगाउने, निधारमा पीत-चन्दनको टीका लगाउने, हरियो सारी, गोडामा कल्ली र छातीमा सानो तिलहरी लगाउने गौरीमा यी सबैप्रति विश्वास रहेको हुन्छ । सिन्दुरलाई शुभ-शकुनको रूपमा विश्वास गरिन्छ । गौरी सधैँ सिँउदोमा सिन्दुर लगाएर राम्री भएर बस्ने गर्थिन् भन्ने सन्दर्भमा नरेन्द्रले भनेको कुरा उपन्यासमा यसरी आएको छ :

> उनी सधैँ सिँगार गरेर बस्थिन, कपाल चिल्लो पारेर टम्म कोरेकी, सिँउदोमा सिन्दूरको गाढा रेखा, स्निग्धा गोरो फराकिलो निधारमा एउटा ठूलो पीतचन्दनको टीका (१५) ।

माथिको उदाहरणमा शुभ-शकुनसम्बन्धी लोकविश्वास आएको छ । गौरी पतिव्रत हिन्दू नारी भएकोले ऊ सिँउदोमा सिन्दुर लगाउँछे । यसलाई हिन्दू धर्ममा शुभ-शकुनको रूपमा लिइन्छ । निधारमा पीत चन्दनको टीका लगाउँनुलाई पनि शुभ-शकुनको रूपमा

विश्वास गरिन्छ । सिन्दूर सौभाग्यको प्रतिक हो त्यसैले सिन्दूरलाई सौभाग्यवती नारीले शोभाको निम्ति निधारमा लगाउँने गर्छन । गौरीलाई पनि यस्तो विश्वास छ । अतः गौरी पतिव्रत हुनु, सौभाग्यवाती नारीले सौभाग्यको प्रतिक सिन्दूरलाई सिउँदोमा लाउँनु, सिन्दूरलाई शुभ-शकुनको रूपमा गरिएको विश्वास हो । यो शुभ-शकुनसम्बन्धी लोकविश्वास हो ।

कप्तानी आमा औँसी र पूर्णिमाको दिनमा कन्य केटीलाई निधारमा अक्षताको टीका लगाइदिन्छिन । औँसी र पूर्णिमाको दिन कन्य केटीलाई टीका लगाएर दक्षिणा दिनुपर्छ भन्ने लोकविश्वास रहेको छ । अक्षता निधारमा लगाउँनुलाई शुभ-सङ्केतको रूपमा लिइन्छ । औँसी र पुर्णिमा जस्ता तिथिमा कन्यकेटीलाई टीका लगाइदिनुपर्छ भन्ने लोकविश्वास रहिआएको आएकोले कप्तानी आमाले पनि सान्नानीलाई अक्षताको टीका लगाइदिन्छिन् । उसलाई दक्षिणा दिन्छिन् अनि उसको गोडा ढोग्छिन् । कप्तानी आमा औँसी र पूर्णिमामा सान्नानी कन्य केटी भएकोले देवताको रूपमा सान्नानीलाई अक्षताको टीका लगाइदिन्थिन् भन्ने सन्दर्भ स्वयम् उपन्यासकार कोइरालाको हो जसलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> त्यसदिन बिहानै कप्तान्नी आमाले सान्नानीलाई अक्षताको टीका लगाइदिनुभएको थियो । औँसी, पूर्णिमा कुन्नि के तिथि पर्थ्यो । जब सान्नानीको कालो निधारमा सेतो अक्षता टाँसिन्थे र दक्षिणमा एक-दुई पैसा पनि पाउँथिन् उनी । कप्तान्नी आमा भन्नुहुन्थ्यो- "कन्नेकेटी तँ होस् !" अनि उनको गोडा पनि ढोग्नुहुन्थ्यो (२०) ।

प्रस्तुत उदाहरणमा शुभ-शकुनसम्बन्धी लोकविश्वास आएको छ । औँसी र पूर्णिमाको दिन देवताको पूजा गर्नुपर्छ । घरका देवता भनेका कन्य केटी हुन् । कन्य केटीलाई देवताको रूपमा पूजा गर्ने लोकविश्वास रहेको छ । कन्य केटी देवताको रूप भएकोले कप्तानी आमाले पनि सान्नानीलाई निधारमा टीका लगाएर दक्षिण समेत दिएकी छिन् । यहाँ निधारको टीका शुभ-शकुनको रूपमा आएको छ । अतः औँसी र पूर्णिमामा देवताको पूजा गर्नु, सान्नानी कन्य केटी भएकोले देवताको रूपमा उसैलाई कप्तानी आमाले निधारमा अक्षताको टीका लगाइदिनु अक्षतालाई शुभ-शकुनको रूपमा विश्वास गर्नु हो । यो शुभ-शकुनसम्बन्धी लोकविश्वास हो ।

## ४.७ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा भविष्यवाणीसम्बन्धी लोकविश्वास

भविष्यमा हुने कामको बारेमा पहिले नै अवगत हुनुलाई भविष्यवाणी भनिन्छ । लोकले भविष्यवाणीप्रति पनि विश्वास गर्दछ । लोकसमाजमा देवीदेवता तथा सिद्धहरूले गर्ने भविष्यवाणीमा धेरै विश्वास रहेको पाइन्छ । उनीहरूले बताएका भविष्यवाणी अकाट्य हुन्छन् भन्ने लोकविश्वास समाजमा रहदै आएको पाइन्छ । आकाशवाणीलाई पनि भविष्यवाणीकै रूपमा लिइन्छ । यसको बारेमा हाम्रा पुराण तथा धर्मशास्त्रमा पनि उल्लेख गरिएको पाइन्छ ।

**बाबु, छोरा र आमा** उपन्यासमा भविष्यवाणीसम्बन्धी लोकविश्वास पाइन्छन् । यस उपन्यासमा रहेका भविष्यवाणीसम्बन्धी लोकविश्वास र तिनको विश्लेषण तल दिइएको छ ।

बस्नेतकी जेठी श्रीमतीले आफ्नो मृत्यु हुनु अघि नै भविष्यमा आफू यस संसार छोडेर जाने कुराको भविष्यवाणी गरेकी हुन्छे । प्रेम अमर रहिरहन्छ त्यसैले यसलाई स्मारक बनाएर यसलाई सम्झाई रहनुपर्दैन, जीवनको केही भरोसा हुन्न, आज छ भोलि नहुन सक्छ, जीवन क्षणभङ्गुर छ तर प्रेम भने अमर रहिरहन्छ भन्ने कुरामा जेठीको विश्वास हुन्छ । जेठीलाई बिस्तारै रोगले च्याप्दै लग्छ, ऊ कम्जोर हुँदै जान्छे र अन्त्यमा उसको मृत्यु हुन्छ । आफ्नो मृत्यु अघि जेठीले जे भनेकी हुन्छे अन्त्यमा त्यही हुन्छ । जेठीको मृत्युपछि बस्तेतलाई उसले आफू मर्दैछु भनेर गरेको भविष्यवाणीमा पूर्ण विश्वास हुन्छ जसलाई थप पुष्टि गर्दै बस्नेत बूढाले उपन्यासमा यसो भनेका छन् :

> उसले त्यसै भनेकी होली, नसोचेर- जीवनको के भरोसा छ र ? आज छ भोलि छैन (४) ।
>
> भन्न त उसले त्यति मात्र भनेर मनलाई आश्वस्त पारिदिएकी थिई, तर जब पछि ऊ रोगी हुँदै गई, म आशङ्काले उसका कुरा सम्झिरहन थालेँ , उसको मृत्युपछि लाग्यो, त्यो देवभक्त मात्र रहिनछ, देवप्रिय पनि रहिछ, त्यसैले त उसको भविष्यवाणीपूर्ण उक्ति दैवप्रेरित भएको थियो उसको वाणीमा त्यस दिन (४) ।

माथिको उदाहरणमा भविष्यवाणीसम्बन्धी लोकविश्वास आएको छ । बस्नेतकी जेठी पत्नीले मृत्यु अघि आफ्नो मृत्युको भविष्यवाणी गरेकी अनि पछि उसको भविष्यवाणी सबै पुगेको छ । जेठी देवभक्त र देवप्रिय रहिछे, त्यसबेला उसको वाणीमा दैवीशक्तिको वास

भएको रहेछ भन्ने कुरामा बस्नेतलाई अब पूर्ण विश्वास हुन्छ । भविष्यमा हुने कामको बारेमा पहिले नै थाहा हुनुलाई भविष्यवाणी भनिन्छ । नेपाली समाजमा देवीदेवता तथा सिद्धहरूले गर्ने भविष्यवाणीमा धेरै विश्वास रहेको पाइन्छ । उनीहरूले बताएका भविष्यवाणी अकाट्य हुन्छन् भन्ने लोकविश्वास समाजमा रहदै आएको पाइन्छ । अतः जेठीले आफ्नो मृत्यु अघि नै आफू मर्दैछु भनेर भविष्यवाणी गर्नु, पछि जेठीको मृत्यु हुनु, जेठी देवप्रिय र देवभक्त भएकोले उसको वाणीमा दैवीशक्ति बसेका हुन् भनेर बस्नेतले भन्नु भविष्यवाणीसम्बन्धी लोकविश्वास हो ।

## ४.८ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाकाले अध्यात्मसँग सम्बन्धित विभिन्न उपन्यास लेखेका छन् । अध्यात्मसँग लोकविश्वासको सम्बन्ध हुन्छ । लोकविश्वास आत्मासँग जोडिएको हुन्छ । लोकले परापूर्वकालदेखि नै विश्वास गर्दै आएका र आत्मसँग जोडिएका विश्वासलाई आध्यात्मिक लोकविश्वास भनिन्छ । कोइरालाका उपन्यासमा विभिन्न प्रकारका आध्यात्मिक लोकविश्वास पाइन्छन् । **सुम्निमा** उपन्यास आर्य संस्कृति र किराँती संस्कृतिको पृष्ठभूमिमा लेखिएको सांस्कृतिक उपन्यास हो । आध्यात्मिक लोकविश्वास अन्तर्गत भाग्यसम्बन्धी लोकविश्वास कोइरालाका उपन्यासमा अधिक मात्रमा रहेका छन् । **तीनघुन्ती**, **बाबु आमा र छोरा**, **मोदिआइन** तथा **नरेन्द्रदाइ** उपन्यासमा भाग्यसम्बन्धी लोकविश्वास अधिक मात्रमा रहेका छन् । **सुम्निमा**, **मोदिआइन** र **नरेन्द्र दाइ** उपन्यासमा वहुलोकसम्बन्धी लोकविश्वास पाइन्छन् । आशीर्वादसम्बन्धी लोकविश्वास **सुम्निमा**, **तीनघुम्ती** तथा **बाबु आमा र छोरा** उपन्यासमा मात्र रहेका छन् । त्यस्तै श्रापसम्बन्धी लोकविश्वास **सुम्निमा** तथा **बाबु, आमा र छोरा** गरी दुईवटा उपन्यासमा मात्र रहेका छन् । उनका उपन्यासमा शकुनसम्बन्धी लोकविश्वासको सङ्ख्या निकै कम रहेको पाइन्छ । यस्ता लोकविश्वास **बाबु आमा र छोरा** तथा **नरेन्द्र दाइ** उपन्यासमा मात्र रहेका छन् । कोइरालाका उपन्यासमा आध्यात्मिक लोकविश्वास अन्तर्गत पर्ने भविष्यवाणीसम्बन्धी लोकविश्वास सबैभन्दा कम मात्रमा रहेका छन् । यस्ता लोकविश्वास **बाबु आमा र छोरा** उपन्यासमा मात्र रहेका छन् ।

# पाँचौं परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लोकविश्वास** शोधको पहिलो परिच्छेदमा शोधशीर्षकलाई विषयपरिचयमा परिभाषित गरी शीर्षक र पूर्वकार्यको अध्ययनको आधारमा शोध्य समस्याको पहिचान गरिएको छ । यही समस्यासँग सम्बन्धित रहेर **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लोकविश्वास** भन्ने मूल प्राज्ञिक समस्या लिइएको छ । यो मूल समस्याको समाधान गर्न १. विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा केकस्ता धार्मिक लोकविश्वास केकसरी अभिव्यक्त भएका छन् ? २.कोइरालाका उपन्यासमा केकस्ता आध्यात्मिक लोकविश्वास केकसरी अभिव्यक्त भएका छन् भन्ने प्रश्न निर्माण गरिएको छ । यिनै शोध प्रश्नको समाधान गर्न शोध उद्देश्य निर्धारण गरिएको छ । शोधकार्य गर्दा यसभन्दा अगाडि विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूका बारेमा गरेका अध्ययनलाई कालक्रमिक रूपमा प्रस्तुत गरी समीक्षा पनि गरिएको छ । पूर्वकार्यको अध्ययनबाट कोइरालाका उपन्यासहरूमा लोकविश्वासको कोणबाट अध्ययन गर्न बाँकी रहेको तथ्य पत्ता लगाइएको छ । त्यसैले पूर्वकार्यको अध्ययनबाट प्रमाणित शोध्य समस्याको महत्त्वलाई प्रस्तुत गरी यस शोधकार्यको औचित्य र महत्त्व स्थापित गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाका सबै उपन्यास लोकविश्वास अध्ययनका दृष्ट्रिले उपयुक्त भएकाले उपन्यासमा निहित लोकविश्वाससम्बन्धी अध्ययनमा मात्र यो शोध केन्द्रित रहेको छ जुन शोधको सीमाको रूपमा रहेको छ । प्रस्तुत शोध पुस्तकालयीय सामग्री सङ्कलन कार्यबाट सामग्री सङ्कलन गरी लोकविश्वासका सिद्धान्तलाई आधार मानी अध्ययन तथा विश्लेषण गरिएको छ । यसरी निर्माण गरिएको शोधप्रबन्धको रूपरेखा समेत पहिलो अनुच्छेदमा निर्धारण गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा लोकविश्वासको सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको छ । यस परिच्छेदमा लोकविश्वासको उत्पत्ति र विकास, लोकविश्वासको अर्थ, लोकविश्वासको परिभाषा तथा लोकविश्वासका प्रकारको बारेमा विभिन्न विद्वान्हरूका मतहरू प्रस्तुत गरिएको छ । विभिन्न समयमा विभिन्न विद्वान्हरूले लोकविश्वासलाई कुनकुन आधारबाट वर्गीकरण गरे र ती केके हुन् भन्ने बारेमा पनि यसै परिच्छेदमा चर्चा

गरिएको छ । लोकविश्वासलाई धार्मिक र आध्यात्मिक गरी मूलतः दुई भागमा वर्गीकरण गररे त्यस अन्तर्गत विभिन्न उपशीर्षकहरू राखी निष्कर्ष समेत यसै परिच्छेदमा निकालिएको छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा रहेका धार्मिक लोकविश्वासको निर्क्योल गरी तिनलाई लोकविश्वासका सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ । यसै परिच्छेदमा कोइरालाका उपन्यासमा रहेका धार्मिक लोकविश्वासलाई धर्मसम्बन्धी लोकविश्वास, दैवीशक्तिसम्बन्धी लोकविश्वास, पाप र पुण्यसम्बन्धी लोकविश्वास, पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास, अर्द्धदैविक शक्तिसम्बन्धी लोकविश्वास, यज्ञादिसम्बन्धी लोकविश्वास, जातीय प्रथासम्बन्धी लोकविश्वास, तीर्थस्थलसम्बन्धी लोकविश्वास, धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास, धामीसम्बन्धी लोकविश्वास, तन्त्रसम्बन्धी लोकविश्वास तथा अतृप्त आत्मासम्बन्धी लोकविश्वास उपशीर्षक अन्तर्गत विश्लेषण गरी निष्कर्ष समेत यसै परिच्छेदमा निकालिएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेदमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा रहेका आध्यात्मिक लोकविश्वासको निर्क्योल गरी तिनलाई लोकविश्वासका सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ । यसै परिच्छेदमा कोइरालाका उपन्यासमा आध्यात्मिक शीर्षक अन्तर्गत भाग्यसम्बन्धी लोकविश्वास, वहुलोकसम्बन्धी लोकविश्वास, आशीर्वादसम्बन्धी लोकविश्वास, श्रापसम्बन्धी लोकविश्वास, शकुनसम्बन्धी लोकविश्वास र भविष्यवाणीसम्बन्धी लोकविश्वास उपशीर्षक अन्तर्गत विश्लेषण गरी निष्कर्ष समेत निकालिएको छ ।

प्रस्तुत शोधप्रबन्धको पाँचौं परिच्छेदमा सबै परिच्छेदको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

### ५.२ निष्कर्ष

प्रस्तुत शोधप्रबन्धमा शोध समस्यामा उल्लिखित दुईवटा प्रश्नहरूका उत्तर नै विश्लेषणका क्रममा समेटिएका छन् । ती विश्लेषण प्राप्त उत्तरहरूलाई नै यहाँ निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाका **सुम्निमा**, **मोदीआइन**, **तीन घुम्ती**, **बाबु आमा र छोरा**, **नरेन्द्र दाइ**, **हिटलर र याहुदी** उपन्यासमा धार्मिक लोकविश्वास पाइएका छन् । **सुम्निमा** उपन्यासमा धर्मसम्बन्धी लोकविश्वास, दैवीशक्तिसम्बन्धी लोकविश्वास तथा पाप र पुण्यसम्बन्धी लोकविश्वास धेरै पाइएको छ । आफ्ना बा बिजुवा भएको र वहाँले भनेअनुसार सुँगुरका पाठाहरू चढाएपछि देवता खुसी हुन्छन् भन्नु सुम्निमामा रहेको धर्मसम्बन्धी लोकविश्वास हो । गाई काटेर आफ्ना भगवानलाई चढाउँनु किराँती धर्मसम्बन्धी लोकविश्वास हो भने राजकुमारहरूले शिकार खेल्नु, गाई लक्ष्मीको स्वरूप भएकोले पूजा गर्नु, पुराण तथा महाभारत जस्ता धर्मग्रन्थमा विश्वास हुनु आर्यसँग सम्बन्धित धार्मिक लोकविश्वास हुन् । मरेपछि पितृहरूले आफ्नो भाग खोज्नु, त्यसलाई तर्पण दिएर तार्न छोरा नै चाहिन्छ भन्नु, त्यसैले सोमदत्तले विवाह गर्नु धर्मसम्बन्धी लोकविश्वास हुन् । ब्राह्मणीहरू रजोदशर्न हुँदा तीन रातसम्म विधिपूर्वक गुप्तवास बस्नु, पुत्रप्राप्तिको लागि गुरुजनहरूको आज्ञा शिरोधार्य गर्नु, पुत्रप्राप्ति गर्न विशेष खाना खीर खानु हिन्दू धर्मसम्बन्धी लोकविश्वास हुन् । सोमदत्त वनभित्रको देवीस्थानको बाटो हुँदै मनुवादहमा नुहुवाउन जानु, नखाई नुहाउँदा देवता रिसाउँछन् भनेर सुम्निमाले सोमदत्तलाई खाना आग्रह गर्नु, सोमदत्तलाई सुम्निमाले खाना आफै लगिदिनु, धर्ममा असर पुग्ने काम गर्न हुन्न भन्ने कुरामा सुम्निमा सचेत हुनु, धेरैबेर बस्यो भने देवता रिसाउँछन् भनेर सुम्निमाले सोमदत्तलाई मनुवादहबाट फर्किन लगाउँनु देवतासम्बन्धी लोकविश्वास हुन् । सोमदत्त ध्यानमा बस्नु, त्यसबेला सुम्निमाको नग्न र सुन्दर शरीर सोमदत्तले आफ्नो अगाडि देख्नु, त्यसले आफ्नो ध्यान भङ्गा हुन्छ भन्ने विश्वास सोमदत्तमा हुनु, ध्यान भङ्गा भए पाप हुन्छ भन्नु पापसम्बन्धी लोकविश्वास हुन् । नराम्रो काम गरेकाले पुलोमालाई पाप लागेको र पापी भएपछि बाँधी भएर सन्तान नजन्मेको भन्ने कुरामा स्वयम् पुलोमालाई विश्वास रहनु पापसम्बन्धी लोकविश्वास हो । पुलोमाले सन्तान प्राप्तिको लागि पुजाआजा, जापताप, ध्यान सबै गर्नु तर सन्तान नहुनु, पूर्वजन्ममा आफूले नराम्रो गरेकोले त्यसको फलस्वरूप यस जन्ममा सन्तान प्राप्ति नभएको हो भनेर पुलोमाले भन्नु पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास हो ।

**सुम्निमा** उपन्यासमा सोमदत्तले आफ्नो धर्मअनुसार व्रत, पूजापाठ गर्नु तर पुत्र नहुनु, अन्तिम आशाको रूपमा बिजुवालाई सम्झनु, बिजुवाकोमा गएपछि पुत्र हुन्छ भन्ने विश्वास सोमदत्तमा हुनु धामीसम्बन्धी लोकविश्वास हो । **तीन घुम्ती** उपन्यासमा घरपरिवार सबैलाई छोडेर इन्द्रमायाले समाज र संस्कृतिको नायक पीताम्बरलाई रोज्नु धार्मिक व्यक्तित्वसम्बन्धी

लोकविश्वास हो । **मोदिआइन** उपन्यासमा राजाको दरवारमा एक तान्त्रिक हुनु, उनले मछुवारिनलाई नाम सोध्नु तर मछुवारिन नै गायव हुनु, पाँच हजार ज्यामी लगाएर पोखरी खन्दा हाडखोरहरू भेटिनु, त्यसलाई गङ्गाजीमा लगेर बगाउँनु, हाड पाइएको हुनाले पोखरीको नाम हडावा राख्नु तन्त्रसम्बन्धी लोकविश्वास हो । **नरेन्द्र दाइ** उपन्यासमा सान्नानीले गौरी भाउजूलाई देवी ठान्नु, गौरी भाउजू तुलसीको मठजस्तै सफा ठाउँमा बस्छे भन्नु वनस्पतिसम्बन्धी लोकविश्वास हो । **बाबु, आमा र छोरा** उपन्यासमा बस्नेतकी पहिली पत्नी जेठीको अल्पआयुमा मृत्यु हुनु, अल्पआयुमा मृत्यु भएमा प्रेतआत्मा हुन्छ भन्नु, मृत्युपछि छोराले विधिपूर्वक काजक्रिया गर्नु, विधिपूर्वक काजक्रिया गरेपछि मात्र प्रेतआत्माबाट मुक्त पाइन्छ भन्नु प्रेत आत्मासम्बन्धी लोकविश्वास हो । **हिटलर र यहूदी** उपन्यासमा म पात्रसँग परिचय गर्ने क्रममा नारायणनले नेपाललाई हिन्दूको तीर्थस्थल र देवेश्वर पशुपतिनाथको पुण्यभूमि भन्नु तीर्थस्थलसम्बन्धी लोकविश्वास हो । नेपाललाई हिन्दूको तीर्थस्थल र देवेश्वर पशुपतिनाथको पुण्यभूमि भनेर चिनाउनको लागि उपन्यासमा प्रस्तुत तीर्थस्थलसम्बन्धी लोकविश्वास आएको छ ।

**बाबु, आमा र छोरा** उपन्यासमा जेठीले सानै उमेरदेखि पूजाआजा गरेर शिवसँग असल वर माग्नु अनि आफूले सोचे जस्तै पतिको रूपमा बस्नेतलाई पाउँनु, व्रत बसेपछि चिताएको कुरा भगवानले दिनुहुन्छ भन्ने विश्वास जेठीमा हुनु देवतासम्बन्धी लोकविश्वास हो । उमाले बीस वर्ष अघिको जीवनलाई पूर्वजन्म भन्नु, दोस्रो जन्मले पूर्वजन्मको स्मृति लोप भईसकेको ठान्नु, अहिलेको जीवन र पहिलेको जीवनमा फरक छुट्याउनु र फरकपनको अनुभूत रहेको पूर्वजन्मसम्बन्धी लोकविश्वास हो । **मोदिआइन** उपन्यासमा तलाउमा देवताको वास हुन्छ त्यसैले त्यहाँ जानुहुदैंन, गएमा देवता रिसाएर मृत्युसम्म हुन सक्छ भनेर मोदिआइनले म पात्रलाई सम्झाउँनु देवतासम्बन्धी लोकविश्वास हो । **तीन घुम्ती** उपन्यासमा परापुरुषसँगको सहबासलाई पाप कर्म हो भनेर स्वयम् इन्द्रमायाले महसुस गर्नु, पाप कर्मबाट मुक्ति पाउँनको लागि ईन्द्रमाया पशुपतिमा गएर भगवानको दर्शन गर्नु पापसम्बन्धी लोकविश्वास हो । इन्द्रमाया पतिप्रति एकानिष्ठ भएर व्रत बस्नु, रमेशको आगमनले मनको सानो कुनामा उसको व्रतमा अपूर्णताको आभाष हुनु, व्रतमा वाचा र कर्मले एकानिष्ठ भएपछि फल पाइन्छ र मनको सानो कुनामा शंका भए पनि सफा मन लिएर बाँच्न सकिन्छ भन्ने इन्द्रमायाको विश्वास व्रतसम्बन्धी लोकविश्वास हो ।

**नरेन्द्र दाइ** उपन्यासमा सान्नानीले सेमलवन बजारमा साहुनीकी छोरीलाई देवी चढेको देख्नु, दोलतपुरकी बुहारी लोप हुनु, खोज्दै जाँदा उनको सुनको काइयो जङ्गलमा भेटिनु, देवी चढेका आइमाई बाझी हुनु, उनीहरूलाई डाक्टर र वैद्यको औषधीले नछुनु, सन्तान हुनको लागि देवीदेवताको भाकल गर्नु देवतासम्बन्धी लोकविश्वास हो । सान्नानी र म पात्र असाध्यै मिल्नु पूर्वजन्ममा गरेको कर्मको फल हो भन्ने कप्तानी आमामा रहेको विश्वास पुर्नजन्मसम्बन्धी लोकविश्वास हो । कोशीको किनार, एकलास ठाउँ, गाई-वस्तुका हाडखोर भेटिनु अनि त्यहाँ भुत रहेको कुरामा सान्नानीले विश्वास गर्नु भुतप्रेतसम्बन्धी लोकविश्वास हो ।

**हिटलर र यहूदी** उपन्यासमा हिन्दूधर्मलम्बी भएकोले म पात्रले गाईको मासु नखानु अनि याहुदी भएकोले गोल्डवर्गले सुँगुरको मासु नखानु आ-आफ्नो धर्मका देवतासम्बन्धी लोकविश्वास हो । नेपालमा भूकम्प जाँदा घर नष्ट हुनु, मानिसहरू मारिनु तर पशुपतिनाथको मन्दिर जस्ताको तस्तै रहनु दैवीशक्तिकै कारणले हो भन्ने विश्वास म पात्रमा हुनु दैविशक्तिसम्बन्धी लोकविश्वास हो ।लियोनार्डले हिटलरको शिविरमा १.त्यहाँ जान्ने-सुन्ने कोही नभएको २.कला सङ्गीत र साहित्य केही पनि नभएको ३.सभ्यता र समाज हराएको ४.ख्याकले बास गर्ने ठाउँ भएको छ भनेर भन्नु ख्याकसम्बन्धी लोकविश्वास हो ।

विश्वेश्वरप्रसाद कोइरालाका **मोदीआइन**, **तीन घुम्ती**, **बाबु आमा र छोरा**, **नरेन्द्र दाइ**, **हिटलर र याहुदी** गरी पाँचवटा उपन्यासमा मात्र आध्यात्मिक लोकविश्वास पाइएका छन् । **मोदिआइन** उपन्यासमा युवकले मोदिआइनसँग विवाह हुने सपना कहिल्यै नदेखेको तर पछि साँच्चिकै पूरा भएको र यस्तो हुनुलाई युवकले आफ्नो भाग्यले हो भन्नु भाग्यसम्बन्धी लोकविश्वास हो । मोदिआइन बुहारीको रूपमा विवाह गरेर भित्रिए पनि सासूले साक्षत लक्ष्मी आइन् भन्नु अनि सासू, देवर र मोदिआइनको परिवारमा रहेको पारस्परिक माया पतिपत्नीको प्रणयले स्वर्गमा भन्दा बढी सुख प्राप्त भएको छ भन्नु, कृष्णले अर्जुनलाई युद्धमा विजय भए पृथ्वीलोकमा राज गर्न पाइने अनि मृत्यु भए स्वर्गलोकमा भोग गर्न पाइने भन्नु बहुलोकसम्बन्धी लोकविश्वास हुन् । **तीन घुम्ती** उपन्यासमा इन्द्रमायाले आफ्नो ४५ वर्षको जीवनलाई फर्केर हेर्नु, आफू नारी भएको र नारीको जीवन भाग्यसँग जोडिएकोले नै कोही नारी करुणाकी खानी हुनु र कोही नहुनु भन्नु भाग्यसम्बन्धी लोकविश्वास हो । इन्द्रमायाकी छोरी रमा र रमाको प्रेमीले नयाँ जीवनको सुरुवात गर्नु, नयाँ कामको सुरुवात गर्दा

आफूभन्दा ठूलाबडाबाट आशीर्वाद लिनुपर्छ अनिमात्र आफूले गरेको काम सिद्ध हुन्छ भन्ने विश्वास हुनु, यसैलाई पूरा गर्न रमा र उसको प्रेमी इन्द्रमायासँग आशीर्वाद लिन आउँनु, इन्द्रमायाले भाग्यमानी भए भनेर छोरी ज्वाँइलाई आशीर्वाद दिनु आशीर्वादसम्बन्धी लोकविश्वास हो ।

**नरेन्द्र दाइ** उपन्यासमा एउटै व्यक्ति नरेन्द्रलाई प्रेम गर्ने गौरी मानवबाट देवी बनाइनु तर मुनरिया चाहिँ मानवबाट पशु बनाइनुलाई मुनरियाले गौरीको भाग्य बलियो भएकोले हो भन्नु भाग्यसम्बन्धी लोकविश्वास हो । यसलोकमा रहुन्जेल नरेन्द्रलाई प्रेम गरिरहन्छु अनि मृत्युलोकमा गएर पनि नरेन्द्रलाई नै प्रेम गर्छु भन्ने मुनरियाले पृथ्वीलोक र मृत्युलोकलाई विश्वास गर्नु बहुलोकसम्बन्धी लोकविश्वास हो । गौरी पतिव्रत हुनु, सौभाग्यवाती नारीले सौभाग्यको प्रतिक सिन्दूरलाई सिउँदोमा लाउँनु, सिन्दूरलाई शुभ-शकुनको रूपमा विश्वास गर्नु, औंसी र पूर्णिमामा देवताको पूजा गर्नु, सान्नानी कन्या केटी भएकीले देवताको रूपमा उसैलाई कप्तानी आमाले निधारमा अक्षताको टीका लगाइदिनु शुभ-शकुनसम्बन्धी लोकविश्वास हो ।

**बाबु, आमा र छोरा** उपन्यासमा जेठीले आफ्नो पति बस्नेतलाई सौभाग्यको प्रतिक ठान्नु, उसको काखमा मर्न पाउँदा सन्तोष मिल्नु, जेठीले आफ्नो पति र उसको भाग्यमा गरिएको भाग्यसम्बन्धी लोकविश्वास हो । उमाले नारीले भाग्यअनुसार पति पाउँछन भन्नु, आफू बस्नेतकी दोस्री श्रीमतीको रूपमा भित्रिदा पनि भाग्यले नै हो भन्नु, आफू भाग्यमानी भएको आफैले स्वीकार गर्नु, दुईजना प्रेमीबाट उमाले यथेष्ट प्रेम पाउँनु तर जीवनमा प्रेम नै सबथोक हो भन्ने नलाग्नु, नारीले जीवनमा सुख पाउँन कर्म गर्नुपर्ने तर भाग्य भएन भने कर्मले मात्र केही हुँदैन भन्ने विश्वास उमामा हुनु भाग्यसम्बन्धी लोकविश्वास हो । बस्नेतको छोरो शिवप्रसाद अध्ययनको लागि पहिलो चोटी घरबाट लामो यात्रामा निस्किन लाग्नु, छोराको यात्रा सफल अनि कार्य सिद्ध होस भनेर आमाले रातो अक्षताको टीका र दुबोको माला लगाइदिएर उसलाई आशीर्वाद दिनु आशीर्वादसम्बन्धी लोकविश्वास हो । लामो समयसम्म बिरामीले थला परेकी जेठीले आफ्नो मृत्यु अघि नै आफू मर्दैछु भनेर भविष्यवाणी गर्नु, पछि जेठीको साँच्चिकै मृत्यु हुनु, जेठी देवप्रिय र देवभक्त भएकोले उसको वाणीमा दैवीशक्ति बसेका हुन् भन्नु भविष्यवाणीसम्बन्धी लोकविश्वास हो । **हिटलर र यहूदी** उपन्यासमा हिटलरले बन्दी शिविरमा जिउँदै जलाएकोले मृत्यु पछि यहूदीले स्वर्गको द्वारमा

उभिएर स्वर्गलोक जान पाऊँ भन्नु अनि हिटलरले गीताको कृष्णको उदाहरण दिएर आफूले गरेको नरसंहार अधर्म नभएकोले स्वर्ग जान पाऊँ भन्नु बहुलोकसम्बन्धी लोकविश्वास हो । अतः कोइरालाका **मोदिआइन**, **तीन घुम्ती**, **नरेन्द्र दाइ**, **बाबु आमा र छोरा** तथा **हिटलर र यहूदी** गरी पाँचवटा उपन्यासमा मात्र आध्यात्मिक लोकविश्वास पाइएका छन् ।

**सुम्निमा**, **मोदिआइन**, **तीन घुम्ती** र **हिटलर र यहूदी** उपन्यासमा आएको तलका लोकविश्वास उपन्यासकार कोइराला स्वयम्का हुन् । **सुम्निमा** उपन्यासमा सोमदत्तको परिवार ब्राहमण हुनु, ब्राहमण भएकोले तपस्या गर्नु, तपस्याको लागि गोबार र कोशीको लेसिलो माटोले लिपेको प्राङ्गण नजिकैको यज्ञवेदीसमिप कुशासनमा बस्नु, यसरी तपस्या गर्दा तपस्या पूर्ण भएर धर्म प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास धर्मसम्बन्धी लोकविश्वास हुन् । **मोदिआइन** उपन्यासमा नुहाउनलाई तलाउ नजिक पुगेपछि मोदिआइनका कुरा सम्झिनु, तलाउभित्र पस्न डर लाग्नु, आकाशमा बादल देखेपछि तलाउको पानी कालो हुनु, त्यसपछि डर लागेर किनारमै बसेर छिटो-छिटो नुहाएर म पात्र फर्किनु दैवीशक्तिसम्बन्धी लोकविश्वास हो । अठार दिनसम्म महाभारतको युद्ध हुनु, युद्धमा धेरै मानिसको मृत्यु हुनु, पृथ्वीलोक पुरुषबाट शुन्य हुनु बहुलोकसम्बन्धी लोकविश्वास हो । **तीन घुम्ती** उपन्यासमा इन्द्रमायाले आफ्नो ४५ वर्षको जीवनलाई फर्केर हर्नु, आफू नारी भएको र नारीको जीवन भाग्यसँग जोडिएकोले नै कोही नारी करुणाकी खानी हुनु र कोही नहुने भन्नु भाग्यसम्बन्धी लोकविश्वास हो । **हिटलर र यहूदी** उपन्यासमा सँगै सुतेकी लक्ष्मीको शरीरको गन्धले म पात्रलाई मादक हुनु, श्रीमहादेवले सतीदेवीलाई असाध्यै माया गर्नु, म पात्रले पनि लक्ष्मीलाई महादेवले सतीदेवीलाई गरेको जस्तै माया गर्छु भन्नु श्रीमहादेव र सतीदेवीजस्ता देवीदेवतासम्बन्धी लोकविश्वास हो । हिटलरले बन्दी शिविरमा जिउँदै जलाएकोले मृत्यु पछि यहूदीले स्वर्गको द्वारमा उभिएर स्वर्गलोक जान पाऊँ भन्नु अनि हिटलरले गीताको कृष्णको उदाहरण दिएर आफूले गरेको नरसंहार अधर्म नभएकोले स्वर्ग जान पाऊँ भन्नु बहुलोकसम्बन्धी लोकविश्वास हो । उपन्यासमा आएको प्रस्तुत सन्दर्भहरू उपन्यासकार कोइराला स्वयम्का हुन् ।

विश्वेश्वरप्रसाद कोइरालाका **तीन घुम्ती**, **सुम्निमा** र **नरेन्द्र दाइ** तीन सामाजिक-सांस्कृतिक पृष्ठभूमि भएका उपन्यासहरू हुन् । यसै गरी **मोदीआइन** तथा **हिटलर र यहुदी**मा गीतादर्शनको पृष्ठभूमि रहेको छ । त्यसैगरी **बाबु, आमा र छोरा** उपन्यासमा सामाजिक

पृष्ठभूमि रहेको छ । कोइरालका उपन्यासमा धार्मिक, सांस्कृतिक तथा सामाजिक विषयवस्तुहरू समेटिएका छन् । धार्मिक, सांस्कृतिक तथा सामाजिक विषयवस्तुमा धर्म, संस्कुति तथा समाजसँग जोडिएका चरित्रहरू आएका हुन्छन्, तिनीहरूको सम्बन्ध लोकविश्वाससँग गाँसिएको हुन्छ । कोइरालाका उपन्यासमा लोकविश्वासको प्रयोजन मूलतः उपन्यासको विषयवस्तु तथा ती विषयवस्तुसँग जोडिएका चरित्रहरूलाई जीवन्त रूपमा प्रस्तुत गर्नको लागि प्रयोग भएको पाइन्छ । कुनैकुनै ठाउँमा कोइरालाले समाज र स्थान चिनाउनको लागि पनि लोकविश्वासको प्रयोग गरेका छन् । उपन्यासका धेरै ठाउँमा कोइरालाले उपन्यासका चरित्रको माध्यमबाट लोकविश्वासको प्रयोग गरेका छन् । केही सीमित ठाउँमा कोइराला स्वयम्ले लोकविश्वासको प्रयोग गरेको पाइन्छ । कोइरालाका उपन्यासमा लोकविश्वासको प्रयोगले नै उपन्यासका चरित्रहरूले आफ्नो भूमिकालाई सशक्त बनाउन सफल भएका छन् । उनका सबै उपन्यासमा लोकविश्वासको प्रयोग भएको पाइन्छ । लोकविश्वासको प्रयोगबिना कोइरालाले आफ्ना उपन्यासमा धार्मिक, सांस्कृतिक तथा सामाजिक विषयवस्तुहरूभित्र रहेर उपन्यासलाई यो उचाइमा पुऱ्याउन सक्दैन्थे ।

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास लोकविश्वासका कोणबाट सशक्त रहेका छन् । कोइरालाका उपन्यासमा धार्मिक तथा आध्यात्मिक लोकविश्वास पाइएका छन् । यो कोइरालाको औपन्यासिक विशेषता हो । त्यसैले कोइराला लोकविश्वासको प्रयोग गर्ने सफल उपन्यासकारका रूपमा देखापर्छन् भन्ने निष्कर्ष प्राप्त भएको छ ।

# सन्दर्भसामग्री सूची


आचार्य, गोविन्द, **लोकगीतको विश्लेषण,** काठमाडौँ : पैरवी प्रकाशन, २०६२ ।

आचार्य, सत्येन्द्र डी लिट : **लोक साहित्य विज्ञान**, जयपुर : शिवलाल अग्रवाल एण्ड कम्पनी, सन् १९७१ ।

ए के, विन्दु : **रामचरितमानस एवं अध्यात्मरामायण् किलिप्पाट्टु मे लोकतत्त्व एक विश्लेषणात्मक अध्ययन**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, हिन्दी विभाग, कोचिन विज्ञान तथा प्रविधि विश्वविद्यालय, २००५ ।

उपाध्याय, कृष्णदेव, **लोक साहित्य की भूमिका (स.सं)**, इलाहवाद : साहित्य भवन प्रा.लि, सन् १९९८ ।

उपाध्याय, कृष्णदेव, **भारतीय लोक-विश्वास**, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

कुरियन, सीना, **समाकालीन हिन्दी कविता मैं लोक तत्त्व**, अप्रकाशित विद्यावारिधि शोधपत्र, हिन्दी विभाग, कोचिन विज्ञान तथा प्रविधि विश्वविद्यालय, २०१३ ।

कोइराला, विश्वेश्वरप्रसाद, **तीन घुम्ती**, ललितपुर : साझा प्रकाशन , २०२५ ।

---, **नरेन्द्र दाइ**, ललितपुर : साझा प्रकाशन, २०२६ ।

---, **सुम्निमा**, ललितपुर : साझा प्रकाशन, २०२७ ।

---, **मोदि आइन**, ललितपुर : साझा प्रकाशन, २०३६ ।

---, **हिटलर र यहूदी**, ललितपुर : साझा प्रकाशन, २०४० ।

---, **बाबु आमा र छोरा**, ललितपुर : साझा प्रकाशन, २०४५ ।

गहलोत, कृष्णा, **कथागीतों में लोकविश्वास**, राजस्थान, राजस्थान साहित्य अकादमी, सेक्टर-४, सन् २०१२ ।

गुप्ता, नर्मदाप्रसाद, **चिन्तानः लोकविश्वास,** नयाँ दिल्ली, इंदिरा गांधी राष्ट्रीय कला केन्द्र, सन् १९९५ ।

चालिसे, नारायण, **पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास,** दाङ, वी.पी.चिन्तन केन्द्र, २०६९ ।

छेत्री, राजकुमार, **भारतमा लेखिएका नेपाली कथामा लोक-सांस्कृतिक सन्दर्भ**, दार्जिलिङ, साहित्य सङ्ग्रहालय, २०१६ ।

ढुङ्गाना, शारदा, **गण्डकी अञ्चलका लोककथाको लोकतात्त्विक अध्ययन**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०७३ ।

त्रिपाठी, आद्याप्रसाद, **सूर-साहित्य में लोक-संस्कृति**, प्रयाग : हिन्दी साहित्य सम्मेलन, सन् १८८९ ।

पंत, प्रभा : **आसमान झुक रहा है उपन्यासमा मैं कुमाऊँ के लोकविश्वास**, नैनीताल (उत्तराखण्ड) हिंदी समय : महात्मा गांधी अंतराष्ट्रीय हिंदी विश्वविद्यालय, सन् १९९८ ।

पराजुली, मोतीलाल, **नेपाली लोककथा : सिद्धान्त र विश्लेषण**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि, २०७१ ।

पुमा, प्रवीण : **किरात धर्म र धार्मिक सम्प्रदायहरूको उदय**, काठमाडौँ : इन्डिजिनिएस भ्वाईस २०७५ ।

पौडेल, द्रोणकुमार, **लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०७४ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**, ललितपुर : साझा प्रकाशन, २०४३ ।

भण्डारी, कृष्ण : "भानुभक्तीय रामायणको बहुआयमिक सन्दर्भ", काठमाण्डौँ : न्यूजपोलार (२०७६ असार २८ गते) ।

मिश्र, श्रीधर, **भोजपुरी लोकसाहित्य : सांस्कृतिक अध्ययन**, इलाहाबाद : हिन्दुस्थानी एकेडेमी, सन् १९७१ ।

लुइटेल, खगेन्द्रप्रसाद, **लोकसाहित्यको परिचय**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६८ ।

लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली उपन्यासको इतिहास**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

शर्मा, हरिप्रसाद, **बी.पी. का उपान्यास**, ललितपुर : साझा प्रकाशन, २०६८ ।

श्रेष्ठ, तुलसीमान, **नेपाली लोकगीत : परिचय र विश्लेषण**, काठमाडौँ : नवकला पब्लिकेसन, २०७१ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृति**, वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

सुवेदी, हंसपुरे, **नेपाली लोकजीवन : लोकविश्वास,** ललितपुर : साझाप्रकाशन, २०५५ ।